# नरेन्द्रराज प्रसाईकृत
# एकल जीवनीको विश्लेषण

(समालोचनासङ्ग्रह)

नई प्रकाशन

नई प्रकाशन

२०५२

नरेन्द्रराज प्रसाईकृत

# एकल जीवनीको विश्लेषण

प्रा.राजेन्द्र सुवेदी

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : गोपाल पराजुली
आवरण चित्र : केके कर्माचार्य
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
© सुरक्षित, २०७३ साल (2016)

---

Narendra Raj Prasaikrit Ekal Jiwaniko Bishleshan
(A Collection of Critisism by Prof. Rajendra Subedi)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

प्रा.राजेन्द्र सुवेदी नेपाली समालोचनाका क्षेत्रमा सुपरिचित नाउँ हो । ४० पुस्तकका लेखक तथा सम्पादक सुवेदी निबन्ध, समालोचना, महाकाव्य, उपन्यासका स्रष्टा तथा समालोचकका रूपमा सिद्धहस्त मानिनुहुन्छ । यति हुँदाहुँदै पनि उहाँले समालोचकका रूपमा चाहिं ख्याति आर्जन गर्नुभएको छ । उहाँका समालोचना वैज्ञानिक ढाँचाका र बौद्धिक चेतनादायी साथै न्यायिक विवेचनामा पनि दृष्टिविन्दुबाट समेत हेरिएका हुन्छन् । यसै क्रममा उहाँले नरेन्द्रराज प्रसाईद्वारा लिखित साहित्यिक कृतिहरूमध्ये खडेरी परिसकेको जीवनीविधाको समीक्षा लेखनमा जोड दिनुभएको छ । साथै प्रा.सुवेदीले प्रसाईका जीवनीकृतिहरूमध्ये एकल जीवनीहरूका बारे मात्र यस ग्रन्थमा समालोचना प्रविष्ट गराउनुभएको छ ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सृजनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सृजनात्मक समीक्षा लेखन कार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित छ दर्जन कृतिमध्ये दुई दर्जन जीवनीकृति प्रकाशित भइसकेका छन् भने ७०० वटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् । जीवनी लेखन र प्रकाशनको इतिहासमा मोतीराम भट्टद्वारा **भानुभक्तको जीवन चरित्र** लेखिएको १२५ वर्ष पुरा भएको अवसरमा प्रा.राजेन्द्र सुवेदीद्वारा एकल जीवनी ग्रन्थ मात्रको विश्लेषण, समीक्षण र मूल्याङ्कनसमेत भएर प्रकाशनमा आउनु भनेको आफैँमा छुट्टै उपलब्धि हुने विश्वास गरिएको छ । प्रसाईका जीवनीकृतिबारे प्रा.सुवेदीको विश्लेषण र समीक्षणले प्रसाईउपर निक्कै न्याय गरेको हामीलाई अनुभूत भएको छ ।

**नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **लेखकको कलमबाट • ९**

१. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी • १७
२. भानुभक्त आचार्यको जीवनवृत्त • २९
३. आदिगायक सेतुराम • ४८
४. देवकोटाको जीवनशैली • ५७
५. शताब्दी पुरुष, सत्यमोहन जोशी • ८३
६. बाङ्देलको जीवनयात्रा • १०८
७. दौलतविक्रम विष्टको परिक्रमा • १३६
८. कीर्तिबाबु • १५३
९. कोइलीदेवीको जिन्दगानी • १८३
१०. पारिजातको जीवनकथा • १९६
११. रोहितको आकृति • २०८
१२. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी • २३६

# लेखकको कलमबाट

जीवनी लेखनको परम्परा नेपाली साहित्यमा मोतीराम भट्टको नाम राम गर्वका साथ लिने गरिन्छ । त्यसो त जुनसुकै व्यक्तिको इतिवृत्त पनि जीवनीकै सिद्धान्तमा लेखिने विषय हो । यस दृष्टिले 'रामशाहको जीवनी' पाइएसम्मको नेपालीमा लेखिएको पहिलो उदाहरण हो । तैपनि यसको लेखन चाहिँ रामशाहकै जीवनकालमा नभई पछि मात्र आएर भएको हो भन्ने अठोट **पाँच सय वर्ष** कृतिका अनुसन्धाता बालकृष्ण पोखरेलले गरेका छन् । यसको लेखन रामशाह कालमा नभएर भीमसेन थापा कालमा भएको हुन सक्ने अनुमान पनि उनको रहेको छ ।

त्यस्तै जीवनी लेखनको अर्को उदाहरण 'पृथ्वीनारायण शाहको जीवनी' हो । यो पनि पोखरेलको उक्त ग्रन्थमा समावेश भएको छ । उक्त जीवनीका लेखकको पनि खुट लाग्न नसकेको कुरा पनि यसै ग्रन्थमा उल्लेख भएको छ । यसरी समय र लेखक अज्ञात रहँदा रहँदै पनि जीवनी लेखनको परम्परा भने नेपालीमा पुरानै समयदेखि मौलाउँदै आएको स्थिति छ ।

जीवनी समाजका विभिन्न चरित्रका मान्छेलाई प्रेरणा प्रदान गर्ने भूमिका खेलोस् भनेर लेखिने विधाविशेष हो । साहित्यकार, वैज्ञानिक, राजनीतिक, समाजको उद्धारक, खेलकूद, नयाँ विषयका आविष्कार कलाकारिता लगायतका क्षेत्रमा प्रभावशाली र प्रेरक भूमिका खेल्ने प्रतिभाको चरित्रमा केन्द्रित गरेर लेख्ने गरिन्छ । साहित्यकारको

जीवनी लेखनका हकमा भने मोतीराम भट्टले भानुभक्तको समीक्षात्मक जीवनी लेखेपछि मात्र आरम्भ भएको स्थिति छ । नेपाली साहित्यको इतिहास तथा राजनीतिको इतिहासका पात्रहरू, विज्ञानका र राजनीति शास्त्रका प्रणेताहरूको परिचय प्रस्तुत गर्ने क्रममा आधुनिक साहित्य र शिक्षाको परम्परा आरम्भ भएपछि लेखिन लागेको सन्दर्भ अभिलेखरूबाट पुष्टि हुन आउँछ ।

इतिहासको परिधिमा पर्ने सामग्रीको लेखन गर्ने काममा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, बालचन्द्र शर्मा, ढुण्डीराज भण्डारी, नयराज पन्त, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, दिनेशराज पन्त, लगायतका साधकहरूले गरेका प्रयासका आधारमा इतिहासका पात्रहरूको जीवनचर्यालाई प्रस्तुत गर्ने क्रममा जीवनी लेखनले गति प्राप्त गरेको छ । यस्ता सन्दर्भहरू विषयका रूपमा अनेकानेक प्रस्तुत भएका छन् ।

साहित्यिक तथा अर्द्धसाहित्यिक लेखनका क्रममा जीवनी मूलकताका समीक्षात्मक कृतिहरू समालोचना कार्यमा समाहित भएर जीवनीका सन्दर्भहरू धेरथोर उल्लेख भएका छन् । त्यस्ता लेखनले पनि जीवनीलेखन प्रवर्द्धनका निम्ति उत्प्रेरणा प्रदान गरेका छन् । साहित्यको इतिहास लेखनका क्रममा बाबुराम आचार्य, यज्ञराज सत्याल, डिल्लीराम तिमसिना र माधव भँडारी, रत्नध्वज जोशी, तारानाथ शर्मा, केशवप्रसाद उपाध्याय, पूर्णप्रकाश नेपाल यात्री, घनश्याम नेपाल, दयाराम श्रेष्ठ र मोहनराज शर्मा, राजनारायण प्रधान जस्ता साहित्यको इतिहासका लेखकहरूले जीवनीमूलक समीक्षा लेखनलाई गति दिएका प्रसङ्गहरू विशेष विषय बनेर पाठक जगत्मा आएका छन् ।

साहित्यको समालोचना लेखनका क्रममा पनि स्रष्टाका जीवनीका आयामहरूलाई समेट्ने काम भएको हुन्छ । यस्तो वैशिष्टच साधना गर्ने क्रममा समालोचक पारसमणि प्रधान, बालचन्द्र शर्मा, रामकृष्ण शर्मा, ईश्वर बराल, शरद्चन्द्र शर्मा, बालकृष्ण पोखरेल, तारानाथ

शर्मा, कृष्णप्रसाद पराजुली, घटराज भट्टराई, वासुदेव त्रिपाठी, अभि सुवेदी, राजेन्द्र सुवेदी, गोपाल पराजुली, रविलाल अधिकारी, रामप्रसाद दाहाल, प्रमोद प्रधान, विनय शर्मा नेपाल, महादेव अवस्थी नरेन्द्रराज प्रसाई, रमेश शुभेच्छु लगायतका समीक्षकहरूले साहित्यका अनेक विधा र तिनमा आएका मोड उपमोडहरू, त्यस्ता मोडले ल्याएका प्रवृत्तिलाई आकलन गर्ने क्रममा व्यक्ति स्रष्टाको जीवनवृत्त पनि प्रस्तुत गरेका छन् । तिनले जीवनीका सन्दर्भलाई उपस्थापन गर्ने गरेका छन् ।

योगदानको निरूपण गर्दा जीवनी र त्यसमा प्रस्तुत हुने प्रतिभाका आयामहरू पनि यहाँ विशेष विषय बनेर आएका हुन्छन् । त्यस्तो स्थितिमा जीवनीका तत्त्वहरू प्रस्तुत भएका सन्दर्भहरू व्याख्या हुन सक्छन् । समालोचकहरूबाट यस्ता काम प्रशस्त भएका छन् । तिनले पनि जीवनी लेखनका क्षेत्रमा अप्रत्यक्ष ढङ्गले सहयोग पुऱ्याइरहेका हुन्छन् । यस्ता विषयहरूका परिधिमा पर्ने सामग्रीहरू मध्ये यस अध्ययनमा नरेन्द्रराज प्रसाईको समीक्षात्मक जीवनी लेखनका सीमामा रहेर यस कृतिको निर्माण गरिएको छ । जीवनीका सन्दर्भहरूलाई विषय बनाउने प्रसाईको लेखनलाई उनका कृतिहरूले साक्ष्य गरेका छन् । त्यस्ता कृतिहरूको सूचना निम्न विवरणहरू प्रस्तुत भएका छन् ।

त्यसो त पछिल्लो चरणमा विश्वविद्यायको पाठ्यक्रमले सङ्केत गरेका विषयमा पर्ने व्यक्तित्व र कृतित्वको योगदानको निरूपण गर्ने क्रम पनि चलेको छ । प्रमाणपत्र प्राप्त गर्ने प्रयासमा स्नातक, स्नातकोत्तर र विद्यावारिधिको स्तरमा पनि अध्ययन, लेखन र अनुसन्धानको क्रममा जीवनी लेखन कार्यले निकै गति पाएको छ । विभिन्न सरकारी तथा गैरसरकारी निकायको प्रायोजनमा, प्रज्ञाप्रतिष्ठान र विश्वविद्यालयको प्रायोजित परियोजना सम्पन्न गर्ने क्रममा यस्ता जीवनी लेखन कार्य निकै हुन लागेका छन् । तिनको आधार र उत्प्रेरणा तयार गर्न प्रसाईका जीवनी लेखनले गहन भूमिका खेलेको छ ।

प्रसाईका जीवनीसम्बन्धी कृतिहरू २०४० को दशकपछि प्रकाशनमा आउन लागेका हुन् । उनका त्यस्ता कृतिहरूमा **अठतीस अनौठा अनुहारहरू** (२०४१), **केही चर्चित अनुहारहरू** (२०४२), **समाजका केही चिन्तक** (२०४७), **नेपाली भाषाका प्रमुख समालोचक** (२०५४), **पारिजातको जीवनकथा** (२०५७), **नेपाली सङ्गीतका शिखर** (२०५९), **बाङ्देलको जीवनयात्रा** (२०५९), **The Glory of Nepal** (2003), **The Legend of Literature** (2003), **आदिगायक सेतुराम** (२०६०), **दौलतविक्रम बिष्टको परिक्रमा** (२०६०), **कोइलीदेवीको जिन्दगानी** (२०६१), **नारीचुली** (२०६३), **प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी** (२०६४), **कीर्तिबाबु** (२०६६), **देवकोटाको जीवनशैली** (२०६६), **महाकवि देवकोटा** (२०६६), **त्रिमूर्ति** (२०६९), **रोहितको आकृति** (२०६९), **नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी** (२०७०), **त्रिनारी रत्न** (२०७१), **विश्व नारी नेपाली स्रष्टाकोश** (२०७१), **भानुभक्त आचार्यको जीवनवृत्त** (२०७१), **शताब्दी पुरुष : सत्यमोहन जोशी** (२०७२) र **सूधपा** (२०७३) सम्मका नेपालीमा लेखिएका जीवनीहरूको हिसाब गर्दा प्रसाई सर्वाधिक जीवनीकारका रूपमा स्थापित बनेका छन् । यहाँ रहेका २५ ओटा जीवनीकृति मध्ये १२ ओटा कृतिहरू एकल जीवनीका रूपमा प्रस्तुत भएका छन् । जीवनी साहित्य लेखेन, जीवनी समीक्षा लेखन, जीवनचर्याको विषयको स्थापना नेपाली साहित्यमा निकै अभाव रहेका बेला प्रसाईको समीक्षात्मक जीवनी लेखन कार्य निकै उर्वर बनेर प्रस्तुत भएको छ । यसरी जीवनी साहित्यलाई खास सन्दर्भमा अन्य प्रयोजनका सिलसिलामा सहउत्पादनको विषय बनाएर लेखन गर्ने नेपाली सन्दर्भमा प्रसाईले झन्डै तेस्रो दर्जनको लेखनलाई तय गर्न लागेका बेला उनको जीवनी लेखन निश्चय नै सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले एउटा शिखर आरोहण गरिसकेको छ । यसै आरोहणका क्रममा आएका एकल जीवनी कृतिमाथि प्रक्षेपण भएको समीक्षा दृष्टिमा प्रस्तुत

लेखन सम्पन्न भएको छ र तिनै एकल जीवनी मात्र यस ग्रन्थमा समीक्षा भएका छन् ।

यस ग्रन्थमा मबाट विभिन्न अवसरमा र विभिन्न मनस्थितिका क्षणमा लेखिएका र कतिपय प्रकाशनमा आइसकेका रचनाहरू समावेश भएका छन् । अनि कतिपय रचनाहरू चाहिँ पहिलोपल्ट यसै ग्रन्थमा समवेश भएका छन् । ती प्रकाशनमा आएका रचनाहरू पनि पाठकहरूले कतै पत्रपत्रिकमा समालोचनाका रूपमा पढिसकेकै हुन् र कतिपय समालोचना त सम्बन्धित कृतिका भूमिकाका रूपमा पनि प्रकाशन भएका छन् । त्यस कारण यी कुनै रचना कुनै मनस्थिति र कुनै शैली तथा शिल्पविधानमा तयार भएका छन् र कुनै अन्य त्यस्तै विशेषतामा प्रस्तुत भएका छन् । यिनमा कतिपय सन्दर्भमा लेखन प्रवाह प्रवाहित छ र कतिपय सन्दर्भमा त्यही प्रवाह अवरुद्ध पनि बनेको छ । तैपनि प्रसाईका एकल जीवनीमा केन्द्रित बारओटा ग्रन्थ यहाँ समीक्षित बनेका छन् । प्रसाईको जीवनी लेखनका विशेषताहरू नै यहाँ निरूपित भएका छन् ।

जीवनी लेखन आफैमा समीक्षात्मक हुन्छ । ती समीक्षात्मक जीवनीमाथि भएका यी समीक्षाहरू आफैमा अधिसमीक्षा बनेर प्रस्तुत भएका छन् । तर ती कस्ता छन् कस्ता हुनु पर्थ्यो, त्यो चाहिँ यहाँ पाठकको पठन स्वतन्त्रतामा हस्तक्षेप नगरी मात्र प्रभाव जन्माएर आफ्नो लेखकीय दायित्व पुरा गर्ने काम गरेको छु । पाठकमाथि अन्याय गर्नु अनधिकार धृष्टता हुने ठानेर मैले आफ्नो मात्र अभिमत प्रस्तुत गरेको छु । समालोचना मार्फत पाठकले ती कृतिहरू पढेर निकाल्नु पर्ने निष्कर्षमा मैले हस्तक्षेप गर्नु हुन्न भन्ने बुझेको छु । त्यस कारण सहृदयी पाठकहरू आफ्नो आफ्नो दृष्टिबाट निष्कर्ष दिन स्वतन्त्र हुनुहुन्छ । म त यहाँ लेखकका नाताले सहजकर्ताको भूमिकामा मात्र यो गन्थन गरिरहेको छु । यहाँ भाषिक तथा व्याकरणिक पद्धतिलाई केही शिथिलीकरण गरिएको छ । यसमा अन्यथा मानिने छैन ।

लेखक र पाठकहरूका बिचमा म यो ग्रन्थ लिएर उपस्थित भइरहँदा पाठक र ग्रन्थकारका बिचमा रहेर एउटा सहजकर्ताको भूमिका मात्र निर्वाह गर्नु पर्छ भन्ने विषयमा सचेत र सतर्क छु। पाठक र लेखकको समदूरीमा मेरो उपस्थिति रहेको छ जसको परिणाम यहाँहरूका हातमा आएको छ। यसपल्ट यो यस्तै आउन सक्यो र यस्तै भयो। यस्तै भए पनि प्रकाशनमा ल्याउने कार्यमा मैले धृष्टता गरेको छु। प्रकाशकप्रति साधुवाद र पाठकप्रति आभार। अरू सबै क्षमा रहोस्।

**• प्रा.राजेन्द्र सुवेदी**

**विजया दशमी**
२०७३


नरेन्द्रराज प्रसाईंकृत

# एकल जीवनीको विश्लेषण

# प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी

**१. विषय प्रवेश**

व्यक्तिको जीवनगत आयाम जन्मबाट आरम्भ भएर मृत्युको सीमासम्म फैलिएको हुन्छ । तर उसका संस्कारगत व्यवहार तथा क्रियाक्लाप र आचार व्यवहारले उसको अस्तित्वलाई जन्मपूर्वकै समाजको संस्कारदेखि र मृत्युपश्चात्को अनन्तकालसम्म पनि गति प्रदान गरेर जीवन्त बनाइराखेको हुन्छ । नेपाली साहित्यका प्राथमिक कालका प्रतिभाहरूमध्ये प्रसाईले ललितत्रिपुरसुन्दरी र भानुभक्त आचार्यको जीवनीलाई निबन्धीकृत गरेर समीक्षाको स्वरूप प्रदान गरेको अवस्था छ । कालक्रमका आधारमा पहिलो बिन्दुमा पर्ने स्रष्टा ललितत्रिपुरसुन्दरीको जीवनवृत्त र सृजनकर्ममा केन्द्रित गरेर लेखिएको कृति प्रथम **नारीस्रष्टा ललितत्रिपुरसुन्दरी** (२०६४) विषयक प्रस्तुत समीक्षा यहाँ प्रस्तुत गरिएको छ । यो कृति परकीय जीवनीमा केन्द्रित छ र यसले नेपाली साहित्यको जीवनी लेखनको कर्मलाई थप प्रतिष्ठा प्रदान गरेको छ । आख्यान र



निबन्धको सम्मिश्रणमा समीक्षा दृष्टि सम्प्रेषित गरिएको लेखनकर्म जीवनी हो भन्ने सन्दर्भ यस कृतिले प्रस्तुत गरेको छ । यसै विषयलाई केन्द्रमा राखेर यो समीक्षा कार्य सम्पन्न गरिएको छ ।

**ललितत्रिपुरसुन्दरी** लघु आकृतिको जीवनी कृति हो । यसमा जीवनीको विषय बनाइएका स्रष्टाको जीवनयात्रा, सृजनकर्म र सृजनादृष्टिलाई प्रमुख विषय बनाइएको छ । नेपाली भाषासाहित्यको सन्दर्भमा पहिलो नारीस्रष्टाका रूपमा अभ्युदित बनेकी र शाहवंशीय साहित्य स्रष्टामा पनि स्थान लिन पुगेकी प्रतिभा नेपाली साहित्यको प्राथमिक कालकी स्रष्टाका रूपमा स्थापित बनेकी ललितत्रिपुरसुन्दरीको उपस्थापन भएको देखिन्छ । वि.सं. १८५० तिर जन्मेकी ललितत्रिपुरसुन्दरीको जीवन लगभग चालिस वर्ष कायम रहेको र यसबिचमा उनले गरेका विशिष्ट कार्यहरूको अभिलेखन गर्ने काम पनि यसै जीवनी ग्रन्थसँग जोडिएको छ । ललितत्रिपुरसुन्दरीको जीवनकालमा नेपालको राजनीतिक तथा कूटनीतिक क्षेत्रमा अनेक स्थितिहरू आइपरेका छन् र सिङ्गो मुलुकमा अनेक उतारचढाउहरू पनि आएका छन् । ती सबै यहाँ विषयका रूपमा प्रयोग हुन आएका छन् । राजा रणबहादुर शाहकी कनिष्ठ पत्नीको रूपमा राज्यको वागडोर हातमा लिन पुगेका बेला मुलुकमा आएका अनेक नकारात्मक मोडहरू ललितत्रिपुरसुन्दरीको क्रियाकलापका कारण सकारात्मक मोड लिन पुगेका छन् । नेपालको इतिहासमा आएका यी अनेक सकारात्मक स्थितिहरू पनि यस ग्रन्थमा वर्णित विषय बनेका छन् । रणबहादुर शाहको शासनकाल १९५० पछिका वर्षहरूमा रहेको र उनको अस्थिर राज्यसञ्चालनको आचरणका कारण देशमा आएको अस्थिरताको समयमै ललितत्रिपुरसुन्दरीसँग राजाको बिहा भएको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

ललितत्रिपुरसुन्दरीको विवाह तेह्र वर्षको कैशोर्यकालमा १९६१ सालतिर राजा रणबहादुर शाहसँग भएको सन्दर्भ विभिन्न तथ्यहरूबाट

पुष्टि हुन्छ । राजराजेश्वरी, सुवर्णप्रभा, कान्तवती र चन्द्रावती पछि पाँचौ पत्नीका रूपमा पाणिगृहीत ललितत्रिपुरसुन्दरीको विवाह गरेको २ वर्ष पछि नै शाहको निधन भएका कारण दरबारको अस्थिरता पनि निकै बढेका देखिएको छ । यिनै विशेषताका कारण केटाकेटीमै उनमा निकै गहन जिम्मेदारी आएको सन्दर्भ पनि यहाँ प्रकटमा आएको देखिन्छ । रणबहादुर शाहकी कान्छी पत्नीका रूपमा स्थापित बनेकी ललितत्रिपुरसुन्दरीले नाबालक सौतेनी छोरा गीर्वाणयुद्ध वीरविक्रम शाहलाई निर्देशन गरेर राज्यको परिचालन गर्ने जिम्मा आफ्ना काँधमा आएको र त्यसलाई निर्वाह गरेको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । नेपाल–अङ्ग्रेज बिचको युद्ध, सुगौलीको सन्धि, भीमसेन थापाको उदय, नेपालमा फ्रान्सेली शैलीको सैनिक प्रशिक्षणको आरम्भ ललितत्रिपुरसुन्दरीकै राज्य निर्देशन कालमा भएको देखिन्छ । यी अनेक किसिमका अस्थिरता र उहापोहका बिचमा उनको जीवनयात्रा गुज्रेको स्थिति यस समयको विशेषता विशेषता बनेर रहेको देखिन्छ । राज्य परिचालनको अनुशासन निर्देश गर्ने ध्येयले ललितत्रिपुरसुन्दरीले **महाभारत**को शान्ति पर्वलाई नेपाली गद्यमा अनुवाद गर्ने र त्यसलाई कतिपय सन्दर्भमा नेपाली पद्यमा पनि प्रस्तुत गर्ने काम भएका कारण यस जीवनीको महत्त्व साहित्य र समाज विज्ञानका सन्दर्भमा समान रूपमा विस्तारित बनेको छ ।

## २. ललितत्रिपुरसुन्दरी जीवन कालको साहित्यिक पर्यावरण

१८५५ वि.सं.को **हास्यकदम्ब**मा देखिएका शक्तिवल्लभ अर्यालले नेपालको तत्कालीन राजनीतिक तथा सामाजिक पर्यावरणले नेपाली साहित्यमा जन्माएको व्यङ्ग्य चेतना, काव्यात्मक तथा नाटचचेतनाको आविर्भाव भएको संवेदनाका स्थितिहरू नेपाली साहित्यले आत्मसात् गर्दै गएको विषय पनि यस समयको विशिष्टता बनेको छ । उदयानन्द अर्याल, यदुनाथ पोखेल, रघुनाथ पोखरेल आदिको सृजनकर्म फस्टाउँदै गरेका समयमा नेपालको राज्य विस्तारको

अभियानमा कुठाराघात गर्ने परिस्थिति सुगौलीको सन्धिले जन्माइदियो । भौतिक सन्दर्भका नायकहरूको आचरणले राज्यको महत्तामा पुऱ्याएका कुठाराघातका कारण भौतिक नायकप्रति अविश्वास, वितृष्णा र दैवी नायकप्रति विश्वास बढ्दै गयो । नेपाली साहित्यको प्राथमिक कालका काव्य नायक भानुभक्त आचार्यको जन्म पनि यसै समयमा भएको हो । सामाजिक, राजनीतिक र विश्वराजनीतिक पर्यावरणको प्रभाव भानुभक्तलाई बाल्यकालमै पर्न लागेको र लौकिक वीरको उपेक्षा तथा अलौकिक वीरको प्रशंसा पनि यस समयको पर्यावरणमा व्याप्त बन्दै गएको थियो भन्ने कुरा वसन्त शर्माको **कृष्णचरित्र** जस्ता कृतिले स्थापना गरेको सन्दर्भ पनि यहाँ व्यापक अवस्था प्रकट भएको छ । भावानीदत्त पाण्डेको **तत्त्वबोध र मुद्राराक्षस** जस्ता कृतिले पनि तत्कालीन साहित्य र सांस्कृतिक पर्यावरणको आकृतिलाई विषयको स्वरूप प्रदान गरेको स्थिति देखिन्छ ।

सुन्दरानन्द बाँडाले **अध्यात्म रामायण**जस्तो विशाल कायको ग्रन्थ पनि नेपालीकरण गरे । यसले जन्माएको साहित्यिक तथा सांस्कृतिक पर्यावरणमा भानुभक्त आचार्यले सिङ्गो **रामायण**लाई नेपाली महाकाव्यको स्वरूप प्रदान गर्ने ऊर्जा प्राप्त गरे । यस किसिमको विशेष पर्यावरणमा लौकिक वीरहरूप्रतिको आकर्षण हट्नु हुन्न भन्ने विश्वास जागृत गराउन प्रत्नशील स्रष्टाहरूमा यदुनाथ पोखेलको विशेषताको उत्कर्ष धुरीमा ललितत्रिपुरसुन्दरीले **राजधर्म** शीर्षक दिएर **महाभारत**लाई बृहत् कायको ग्रन्थ नेपालीमा सृजनात्मक रूपान्तरण गरिएका प्रश्नहरू यहाँ विशेष विचारणीय विषय बनेर प्रकटमा आएका छन् । सुन्दरानन्द बाँडाको सृजनाको समय र ललितत्रिपुरसुन्दरीको सृजनाको समय एउटै भएका कारण कतिपय विद्वान्हरूले शङ्काको विषय बनाएर पनि विवेचना गर्ने गरेका छन् । नेपालको संस्कृति, साहित्य, राजनीति र सामाजिक मूल्यमा

आएका अनेक उतार चढाउको स्थिति र राज्यको प्रतिष्ठामा बढी अभ्यास भएको समय पनि यही नै रहेको सन्दर्भ हो भन्ने कुरा पनि यहाँ प्रतिष्ठित बनेको स्थिति देखिन्छ । यिनै संवेदनाको परिधिमा स्रष्टा ललितत्रिपुरसुन्दरीको अभ्युदय भएको र सृजनात्मक ऊर्जा प्राप्त भएको सन्दर्भ प्रस्तुत जीवनीले स्थापित गरेको छ ।

### ३. जीवनी ग्रन्थको विषय स्थापना

राजधर्म प्रणयनका सन्दर्भ ललितत्रिपुरसुन्दरीद्वारा १३० अध्यायमा तयार गरिएको ग्रन्थ **राजधर्म**को पुन: संस्करण प्रकाशन गर्ने र सम्पादन गर्ने क्रममा नरेन्द्रराज प्रसाईले जीवनी लेखेर समावेश गर्ने काम गरेका छन् । यस ग्रन्थमा स्रष्टा ललितत्रिपुरसुन्दरीले सृजना गरेका अनुवादको साहित्यिक प्राप्ति र काव्य सृजनाको प्राप्ति सङ्केतको समीक्षण गर्ने क्रममा यस ग्रन्थका विभिन्न अध्यायको अन्तमा रहेका पद्यका आधारमा उनमा काव्यायनको चेतना पनि प्रबल थियो भन्ने कुरा ग्रन्थमा समाविष्ट पद्यहरूले प्रकट गरेका छन् । साहित्यिक चेतना र भावसंवेको सम्भावना पनि उनमा थियो भन्ने कुरा यी तथ्यहरूले पुष्टि गर्दछन् । ग्रन्थका आयतन भित्रका निश्चित स्थानमा रहेका १३७ वटा पद्यको निर्माणमा प्रकट भएको कवित्वका आधारमा समीक्षण गर्दा ललितत्रिपुरसुन्दरीको सृजना एक लघुकाव्यको आयाम बराबर उपलब्धि आर्जन गर्ने किसिमको स्थितिमा देखिएको छ । यसै ग्रन्थको धरातलमा टेकेर प्रसाईले जीवनीको विषय निर्धारण गरेका छन् ।

प्रसाईले तयार गरेको जीवनी खण्ड पनि यसै राजधर्म नामक ग्रन्थमा समावेश भएको छ । मूल ग्रन्थको एक खण्डका रूपमा तयार गरिएको प्रस्तुत कृति जम्मा तिनओटा खण्डमा व्यवस्थित भएको छ । यसको पहिलो खण्ड प्रकाशकीय र भूमिकाजस्ता केही औपचारिक विषयमा खर्च भएको छ । यस खण्डमा नई प्रकाशनको प्रकाशकीय मन्तव्य, गोविन्द भट्टद्वारा लिखत भूमिका, ग्रन्थकर्ताको आत्मस्वीकृति पनि यस ग्रन्थको पूर्वसन्दर्भ लगायतका विषय यहाँ

समावेश भएका देखिन्छन् । प्रमुख भाग दोस्रो खण्ड हो र यसमा जम्मा सात प्रकरण व्यवस्थित गरिएका छन् । ग्रन्थको अन्तिम खण्डमा सन्दर्भ सामग्री र लेखक प्रसाईको परिचय प्रस्तुत गरिएको छ । कृतिको पछिल्लो आवरण पृष्ठमा इन्दिरा राणाको परिचय पनि प्रस्तुत गरिएको छ । लघुकायको हुँदाहुँदै पनि प्रस्तुत ग्रन्थ आवश्यक अङ्ग समायोजन भएको एक पूर्ण ग्रन्थ तयार भएको छ । यसरी प्रस्तुत ग्रन्थको आकृतिको स्थापना गर्न सकिने अवस्था पनि यहाँ प्रस्तुत भएको छ ।

**४. ग्रन्थको विषय व्यवस्थापन**

प्रस्तुत ग्रन्थको मूल अङ्ग जम्मा सातओटा प्रकरणमा विभाजित भएको छ । ती प्रकरणहरूमा ललितत्रिपुरसुन्दरीको जन्म, व्यक्तित्व, कृतित्व, राजकाज र सामाजिक तथा सांस्कृतिक योगदानको समीक्षामा केन्द्रित रहेर निरूपण गर्ने काम भएको छ । तिनमा क्रमश: 'ललितत्रिपुरसुन्दरीको जीवनीको झलक', 'ललितत्रिपुरसुन्दरीको लेखन यात्रा', 'ललितत्रिपुरसुन्दरीको लेखन शैली', 'ललितत्रिपुरसुन्दरीको राजधर्मको विवाद', 'ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत', 'ललितत्रिपुरसुन्दरीको राजकाज', 'ललितत्रिपुरसुन्दरीको समाजसेवा' समावेश भएका छन् । यी सातओटा प्रकरणहरूमा यस ग्रन्थले आफ्नो आकार प्राप्त गरेको छ । यसमा 'ललितत्रिपुरसुन्दरीको जीवन कालमा भएका राजकीय तथा भाषासाहित्य र समाज सेवाका कामहरू, सामाजिक व्यवस्थामा गरिएका योगदानहरू उल्लेख भएका प्रकरणहरूमध्ये धेरैमा विषयको औचित्य हेरेर उपप्रकरणको पनि व्यवस्था गरिएको छ । ती प्रकरण र उपप्रकरणमा प्रयुक्त विषयलाई निम्नानुसार निरूपण गर्नु सान्दर्भिक ठहर्छ :

**(क)** '**ललितत्रिपुरसुन्दरीको जीवनीको झलक**' : यस पहिलो प्रकरणलाई पाँचओटा उपप्रकरणमा व्यवस्था गरिएको छ । पहिलो उपप्रकरणमा ललितत्रिपुरसुन्दरीको पैत्रिक पृष्ठभूमि, जन्म, बाल्यकाल,

कैशोर्यको प्रवेश र विवाहको सन्दर्भ अङ्कन गरिने सन्दर्भ सूचित गरिएको छ । उनका बाबु आमा थापा कुलका भएको र तिनको परिचयको अस्पष्टतालाई स्पष्टचाउने, उनको विवाह भएको सन्दर्भ र उनका अन्य सौताहरूको परिचय अनि तिनको हैसियतको व्याख्या, ललितत्रिपुरसुन्दरीको नामका विविधताका बारेमा भएका बहस, उनको राष्ट्रिय भावधारामा समर्पित हुने आचरणको स्थापना र नेपाली भाषा, साहित्य तथा संस्कृतिप्रतिको समर्पण भाव आविर्भाव भएको सन्दर्भ यस प्रथम प्रकरणको विषय बनेको छ । तत्कालीन समयमा नारीमा शिक्षाको चेतना प्रकट हुनु, संस्कृत भाषाको ज्ञान हुनु र संस्कृतिका सामग्रीलाई नेपालीकरण गर्ने ऊर्जा पनि प्राप्त हुनु यस प्रकरणको विशेष उपलब्धि बनेको छ ।

(ख) '**ललितत्रिपुरसुन्दरीको लेखनयात्रा** : ग्रन्थको दोस्रो शीर्षक 'ललितत्रिपुरसुन्दरीको लेखन यात्रा' रहेको छ । यस प्रकरणमा कार्यको आरम्भ र त्यसको विकास तथा प्राप्तिको तहसम्म पनि व्यवस्थित गर्ने प्रयत्नमा तयार भएको छ । एउटै प्रकरणमा टुङ्गिएका यस अध्यायमा प्रसाईले ललितत्रिपुरसुन्दरीमा लेखन चेतनाका आविर्भाव तथा लेखन यात्राको चर्चा गरिएको छ । राज्यको नायवी पद वहन गर्नु परेको हुँदा राज्य सञ्चालनलाई व्यवस्थित र अनुशासित बनाउने सोचले उनलाई सृजनशीलतातर्फ उत्प्रेरित गरेको सन्दर्भ पनि यहाँ विषयका रूपमा व्यवस्थित गरिएको छ । देशभक्तीय चिन्तनले प्रेरित बनेकी राजमहिषीको चिन्तनधाराका सीमामा चरित्र निर्माण भएको सन्दर्भ लेखनको प्रेरकभूमि बनेको प्रसङ्ग यहाँ सृजनाको विषय बनेको छ । रूप सौन्दर्य र सृजनदृष्टिसमेतको सङ्गम बनेकी ललितत्रिपुरसुन्दरीको लेखनको आरम्भसमेत भएको सन्दर्भ पनि यहाँ प्रकट भएको देखिन्छ । यसमा राजमहिषीको भाषा तथा साहित्यप्रतिको समर्पण भावलाई संवेदनाको तह प्रदान गरेर जीवनीको सृजना गरिएको छ ।

(ग) '**ललितत्रिपुरसुन्दरीको लेखन शैली**' : कृतिको तेस्रो प्रकरण 'ललितत्रिपुरसुन्दरीको लेखन शैली' शीर्षकमा तयार गरिएको छ । यो प्रकरण लघु आकृतिका जम्मा तेह्रओटा उपप्रकरणहरूमा तयार गरिएको छ र यसमा उनको लेखन शैली र त्यसमा प्रयुक्त चेतना एवं चिन्तनको विवेचना गरिएको छ । **महाभारत**को शान्ति पर्वभित्र रहेका राजकाज, व्यवहार, लेनदेन र मानवीय सांस्कृतिक आचरणका विविध विषयहरू संवेदनाका आयाम बनेर प्रकटमा आएका छन् । त्यस्ता सन्दर्भहरू यहाँ रचनाको विषय बनेर प्रस्तुत भएका छन् । घर व्यवहार, परिवार, समाज र राज्य परिचालनका विषय बारेका मर्यादाहरू जीवनमा कसरी व्यवस्थित गर्न सकिन्छ ? तिनले समाजलाई के कस्तो प्रभाव प्रक्षेपण गर्न सक्छन् र तिनको मर्यादा कसरी सन्तुलित बनाउनु पर्छ भन्नेजस्ता पक्षलाई यस प्रकरणले व्यवस्थित गरेर प्रकाशमा ल्याएको छ । **महाभारत**ले प्रस्तुत गरेका आशयलाई नेपाली भाषाको सशक्त गद्यका आवरणमा प्रतिष्ठापन गर्ने कला ललितत्रिपुरसुन्दरीका सृजनधर्ममा प्रवृत्त बनेको छ भन्ने तथ्य पनि यस सन्दर्भले प्रतिपादन गरेको अवस्था देखिन्छ ।

(घ) '**ललितत्रिपुरसुन्दरीको राजधर्मको विवाद**' : **राजधर्म** नामक विशाल र सशक्त चिन्तन प्रक्षेपण गर्ने ग्रन्थ ललितत्रिपुरसुन्दरीबाट सृजना हुनुलाई विशेष चमत्कारकै विषय मानिन्छ । छओटा उपप्रकरण खर्च गरेर तयार गरिएको प्रस्तुत प्रकरण समीक्षा चेतनाका आधारमा व्याख्या हुन सक्ने देखिन्छ । अनुसन्धान शिल्प प्रयोगका आधारमा तयार भएका यस प्रकरणमा तुलनात्मक चेतना पनि प्रयोग भएको छ । **राजधर्म**को लेखन ललितत्रिपुरसुन्दरीबाट सम्भव हुने वा नहुने चेतनाका पक्षहरू नेपाली भाषाका विशिष्ट व्यक्तित्व बालकृष्ण पोखरेल, इतिहासका विद्वान् बाबुराम आचार्य, धनवज्र वज्राचार्य लगायतका व्यक्तित्वबाट भएको समीक्षात्मक टिप्पणीका आधारमा ग्रन्थको स्रष्टा विषयक आधिकारिकताका

सन्दर्भहरू प्रकाशमा आएका छन् । निष्कर्षमा ललितत्रिपुरसुन्दरीको सृजना चेतको प्राप्तिलाई केन्द्रमा राखेर समीक्षा गर्ने काममा यो प्रकरण भित्रका प्रत्येक उपप्रकरणहरूले पुष्टि गरेका छन् । यसले ललितत्रिपुरसुन्दरीको सृजनाका विषयमा आएका मतमतान्तरहरूको प्राप्तिका निम्ति निकै सहयोग पुऱ्याएको छ ।

(ङ) '**ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत**' : ललितत्रिपुरसुन्दरीको शैक्षिक तह र विद्वत्ताको विषयमा उठेका विभिन्न प्रश्नहरूले ललितत्रिपुरसुन्दरीको प्रज्ञा चेतनाका हकमा निकै संवेदनशील समस्याहरू अगिल्तिर ल्याएका छन् । यस प्रकरणलाई एउटैमात्र उपप्रकरणमा व्यवस्थापन गरिएको छ । इतिहास, भाषा र साहित्यका विद्वान्हरूले ललितत्रिपुरसुन्दरीको उपस्थितिका विषयमा निकै विश्लेषण र व्यख्या गर्ने काम गरेका छन् । उनको साहित्य सेवा, राजनीतिक तथा सामाजिक र सांस्कृतिक विषयका चिन्तनलाई सहज र संवेद्य ढङ्गले प्रस्तुत गर्दै ललितत्रिपुरसुन्दरीको अस्तित्व र योगदनाका विषयमा चर्चा गरेका छन् । यस दृष्टिले नेपाली गद्य साहित्यमा प्राथमिक कालमा भएको उनको योगदानका विषयमा पनि सहज र संवेद्य ढङ्गले चर्चा गरेका छन् । नेपाली साहित्यका विशिष्ट प्रतिभाहरूका बिचमा र नेपालका राजनीतिक चिन्तकहरूका बिचमा आएका उहापोह र सामाजिक सद्भाव कायम गर्ने विषयमा समर्पित बनेको ललितत्रिपुरसुन्दरीको व्यक्तित्वलाई सहज र सरल ढङ्गले प्रतिपादन गर्ने काम भएको छ । यिनै विषयहरू प्रतिपादन गर्ने काममा प्रस्तुत प्रकरण खर्च भएको छ ।

**(च)** '**ललितत्रिपुरसुन्दरीको राजकाज**' : ग्रन्थको छैठौँ प्रकरणको शीर्षक 'ललितत्रिपुरसुन्दरीको राजकाज' रहेको छ । यस प्रकरणमा दशओटा उपप्रकरणहरूको व्यवस्था गरिएको छ । प्रस्तुत सन्दर्भमा ललितत्रिपुरसुन्दरीले राज्य परिचालन गर्दा अवलम्बन गरेको नीति र त्यसबाट राज्यका निम्ति भएको सहयोग यहाँ वर्णनको विषय बनेको

छ । रूप र सौन्दर्यका कारण ललितत्रिपुरसुन्दरीप्रति आकर्षित बनेका रणबहादुरसँग भएको विवाह र छिटै वैधव्य बेहोर्न विवश बनेका कारण रानीले भाइ भारदारहरूसँग मिलेर राज्यको वाग्डोर आफैँले सञ्चालन गर्नु परेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । लामो समयसम्म नायबीको पद जिम्मा लिएर राज्य चलाएको, पति रणबहादुरको सहायक बनेर काम गरेको, छोरा गीर्वाणको निर्देशक बनेर राज्यको परिचालन गरेको र नाति राजेन्द्रलाई समेत संरक्षण गरेको तथा राज्य परिचालनसमेतको काम गरेका सन्दर्भहरू यहाँका अनेक उपप्रकरणहरूमा चर्चा भएका छन् । ललितत्रिपुरसुन्दरीको नायबी कालभरि भीमसेन थापाले राज्य सञ्चालनको काम गरेको प्रमाण यथेष्ट पाइन्छ । यस आधारमा ललितत्रिपुरसुन्दरीले नेपालको राष्ट्रियताका निम्ति आफूलाई समर्पित गरेकी थिइन् भन्ने कुरा पनि सहज ग्राह्य हुन सक्ने कुरा यस प्रकरणको स्थितिमा सार्थक रहने कुरा सान्दर्भिक ठहर्छ ।

(छ) '**ललितत्रिपुरसुन्दरीको समाजसेवा**' : ग्रन्थको सातौँ प्रकरणको शीर्षक 'ललितत्रिपुरसुन्दरीको समाजसेवा' रहेको छ । यसमा नेपाली समाजको तत्कालीन समाज विकारग्रस्त रहेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस प्रकरणमा समाजमा धर्म, समाज सेवा, सांस्कृतिक उदात्तता र ईश्वरप्रतिको निष्ठा तथा समर्पणको भावजस्ता परिस्थिति र सदाशयता पनि विशेष ढङ्गले प्रतिपादन गरिएका छन् । नेपाल वैदिक सनातनता र ईश्वरीय आस्थामा समर्पित राष्ट्र हो भन्ने कुरा ललितत्रिपुरसुन्दरीका आचरणमा अभिव्यक्त विश्वासले प्रकट गरेको छ । देवताप्रतिको विश्वास र सेवाभाव प्रकट गर्न उनले त्रिपुरेश्वर भगवान्को मन्दिर निर्माण गराएको, मानव समाजको सेवाका निम्ति वाग्मती नदीमा पुल निर्माण गराएको, सुनधाराको निर्माण गराएको कीर्तिप्रवर्द्धनका निम्ति धरहरा निर्माण गराएको जस्ता समाज हितका काम पनि यहाँ विषयका रूपमा स्थापित बनेका

छन् । यस्ता विषयका स्थितिलाई जीवनीका अङ्गमा संयोजन गरेर प्रस्तुत गरिएका सन्दर्भहरू पनि यहाँ प्रस्तुत भएका छन् । जीवनीमा व्यक्तिको व्यक्तिगत जीवन चर्यालाई साधारणीकरण गर्न प्रयत्न गरिएको हुन्छ र त्यसलाई सबै मानवका निम्ति प्रेरक रूप प्रदान गरिएको हुन्छ । यहाँ पनि ललितत्रिपुरसुन्दरीको जीवन चरित्रका माध्यमबाट सामान्य मान्छेमा प्रेरणाको भाव जन्माउने काम गरेको छ । ग्रन्थका यस अन्तिम प्रकरणले समाजका क्षेत्रमा र राज्यका क्षेत्रमा रहेर मानव हितमा समर्पित रहने व्यक्ति आदर्श र प्रेरणाको स्रोत बन्दछ भन्ने कुरा समग्र लेखनको निष्कर्ष बनेको छ ।

**(५) उपसंहार**


सामाजिक जीवनमा मान्छेको चरित्र निर्माणमा समग्र परिवृत्तको सहयोग हुन्छ । परिवारको प्रेरक भूमिका रहन्छ । समग्र पर्यावरणको सहयोग र सद्भावमा उसको चरित्र निर्माणको कारण हुन्छ । यिनै चरित्र निर्माणका आधारमा जीवन तथा आचार व्यवहारका अनेक अनेक आयामहरू तयार भएका हुन्छन् र ती आयामहरूमा व्यक्तिमा परेको सांस्कृतिक, धार्मिक र नैष्ठिक प्रभाव प्रतिबिम्बित हुन्छ । यस सन्दर्भमा ललितत्रिपुरसुन्दरीको जीवन निर्माण यसै समाजको पर्यावरणमा भएको र उनका आचार, व्यवहार यसै समाजका संस्कार र संवेदनाका धरातलमा निर्माण भएको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ । राज्यको सर्वोच्च स्थानको हैसियत निर्वाह गर्नु पर्दा र मानव हितमा शासनभार सम्हाल्नु पर्दा एउटा शासकले निर्वाह गर्नु पर्ने चरित्रको सन्देश राज्य र अन्तर्राष्ट्रमा कस्तो जानु पर्ने हो अनि त्यस चरित्रले समाजमा गर्नु पर्ने मार्गनिर्देशको सन्दर्भ कस्तो हो भन्ने पनि यहाँ प्रस्तुत भएको छ । सामान्य व्यक्तिको प्रभाव त समाजको प्रेरणाको स्रोत बन्दछ भने राज्यको शासन सत्तामा आरोहित व्यक्तिको आचरण त सिङ्गै राष्ट्रको प्रेरक र नियन्ता पनि बन्दछ भन्ने कुरा पनि यस ग्रन्थ मार्फत प्रतिपादन भएको छ ।

ललितत्रिपुरसुन्दरीको व्यक्तिगत जीवन समाजका निम्ति वैधव्य बेहोरेर पनि आदर्शको मार्गमा नियमन गर्ने साधन बनेको छ । परिवार परिचालनमा पनि प्रेरक र स्नेहिल साधन बनेको छ । उनको जीवन व्यक्तिगत नरहेर राज्यको समेत प्रेरक बनेको कारण शासन सत्ताको समेत नियमन गर्ने उपायको अन्वेषण गर्नमा पनि संलग्न र समर्पणरत छ । यसका निम्ति आवश्यक पर्ने प्रेरक विषय र स्रोतको खोजीमा **महाभारत**को शान्ति पर्वसमेत अनूदित बन्न पुगेको र यसै कार्यले उनलाई भाषा, साहित्य र संस्कृतिको मर्मज्ञसमेत बनाएको कुरा पनि यस ग्रन्थको निष्कर्ष रहेको छ । अझ उनको समाज सेवाका भावले राज्यका सर्वोच्च शासक बनेको व्यक्तित्व विशिष्ट ढङ्गको प्रेरक व्यक्तित्वको बिम्ब बन्नु पर्छ भन्ने तथ्य यस ग्रन्थको निष्कर्ष रहेको छ ।

# भानुभक्त आचार्यको जीवनवृत्त

### १. प्रवेश सन्दर्भ

नेपाली जीवनी साहित्यका प्रणेताहरूमा वर्तमान समयमा नरेन्द्रराज प्रसाईको कलम प्रखर बनेर आएको छ । प्रसाईद्वारा लिखित र भानुभक्तको द्विशतवार्षिकी समारोहका क्रममा प्रकाशित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा केन्द्रित प्रस्तुत अध्ययन जीवनी समीक्षामाथिको समीक्षामा केन्द्रित रहेको छ । नेपाल सरकारको तर्फबाट मनाइएको नेपालभित्रका सबैजसो जिल्लामा र नेपालबाहिरका विभिन्न मुलुकमा समेत भानुद्विशतवार्षिकी कार्यक्रमको उत्प्रेरक रहेका प्रसाईको भानुभक्तप्रतिको सद्भाव र भानुअर्चनाको प्रतिफलनका रूपमा सार्वजनिक भएको कृति पनि हो– 'भानुभक्त आचार्यको जीवनवृत्त' । यस कृतिमा रहेका विभिन्न प्रकरणहरूले आआफ्नै किसिमको भूमिका निर्वाह गरेका छन् । नेपाली भाषा र साहित्यका आर्ष व्यक्तित्व भानुभक्तको जीवनयात्राबाट आरम्भ भएको



साहित्यसाधनाको विशिष्ट आरोहण यात्रा आजको चरणमा आइपुग्दा उनले आरम्भ गरेको साहित्य सृजनयात्राले विश्वमा एउटा अलगै धुरी कायम गरिसकेको छ । यस धुरीका केही मूल्यहरू विशिष्ट प्राप्तिमा आकलन गरिनुपर्ने स्थिति देखिएको छ ।

भानुभक्त नेपाली साहित्यका प्रथम र भक्ति साहित्यका आदि तथा आधिकारिक स्रष्टा हुन् । आज भूमण्डलीकरणको स्थितिमा पुगेको नेपाली जाति र यस जातिका वक्ताले बोल्ने भाषा विश्वस्तरमा नै विस्तारित बनिसकेको अवस्थामा भानुभक्तको आध्यात्मिक दृष्टिले र वेदान्त चिन्तनका दृष्टिले शङ्कराचार्य स्तरको दर्शन प्रस्तुत गर्ने स्रष्टा आचार्यको सृजनाको तहलाई विश्वस्तरको क्षमतासमेतको स्थिति प्रस्तुत गरेका कारण भानुभक्तलाई विशेषत: वेदान्त दर्शनका परिधिमा, नेपाली भाषामा, महाकाव्यात्मक आयाम र कवित्वको उत्कर्ष पनि प्रदान गर्ने क्षमताका आधारमा भानुभक्त विश्वकविको हैसियत राख्ने व्यक्तित्व वहन गर्न सक्ने प्रतिभा बनेका छन् । सृजनकला र सामाजिक, पौराणिक तथा दार्शनिक विषयगत गरिमा भानुभक्तमा निहित छ । यस शक्तिका साधक भानुभक्तलाई विश्वकविका रूपमा प्रस्तुत गर्नमा हाम्रो हीनताबोध प्रमुख अवरोधको कारण बनिरहेको स्थिति पनि हामीले स्विकार्नै पर्ने अवस्था छ । हामीहरू बोल्न नसक्ने स्थितिमै रहन विवश बनेका कारण हाम्रो बाउन्ने चिन्तकको प्रतिफल भानुभक्तको सिर्जनात्मक उचाइ, दार्शनिक गहिराइ र कलात्मक मौलिकतालगायतका स्थितिहरूको संवेदना निकै गहन र व्यापक रहेको अवस्थालाई पनि हामीले गर्वका साथ लागि ल्याउन सकिरहेका छैनौँ । भानुभक्तलाई अनुवादक मात्र देख्ने र उनको सृजनात्मक स्थितिलाई परीक्षण गर्न नसक्ने समालोचकहरूको भीडमा उनको सृजनात्मक उच्चता कहिले ओझेलमा र कहिले प्रकाशमा पर्दै आएको छ । तर 'भानुभक्त आचार्यको जीवनवृत्त' यस नामक कृतिमा भानुभक्तको सृजनात्मक

गरिमालाई उच्चता प्रदान गर्ने ऊर्जा नै प्रक्षेपण भएको छ । यस्ता स्थितिहरूलाई केन्द्रमा राखेर हेरिनुपर्ने प्रतिभाका बारेमा लेखिएको प्रस्तुत जीवनी नै यस अध्ययनको केन्द्रीय विषय बनेको छ ।

## २. प्रस्तुत कृतिका प्रकरणका सन्दर्भहरू

नेपाली जीवनी साहित्यका सर्जक नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त'नामक कृति जम्मा प्रकरणहरूमा पहिलो खण्डमा यसै कृतिको भूमिका रहेको छ । यसमा जम्मा तीनओटा उपप्रकरणहरू व्यवस्थित गरिएका छन् । तीमध्ये पहिलो उपप्रकरण 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : सन्दर्भ र अभिमत' शीर्षकको भूमिका प्रा.डा.वासुदेव त्रिपाठीबाट लेखिएको छ । 'सर्वाधिक गहकिलो र विश्वसनीय कृति' शीर्षकमा प्रा.डा.महादेव अवस्थीले लेखेको सामग्री पनि यहाँ समावेश भएको छ । प्रा.केशव सुवेदीले लेखेको तेस्रो उपप्रकरण 'भानुभक्तमाथि ऐतिह्य तथ्यहरू' शीर्षकको सामग्री समावेश भएको छ । यी तीन ओटै उपप्रकरणहरू भूमिकाका तहमा रहेका सन्दर्भहरू हुन् र भानुभक्त तथा प्रस्तुत कृतिको प्राप्तिकै विषयमा केन्द्रित छन् । यी तीन ओटै उपप्रकरणमा उठाइएका प्रश्नहरू यहाँ निकै सचेत र सतर्कतासाथ उपस्थित बनेका छन् । यहाँ भानुभक्तको सृजनात्मक गहिराइ र प्रस्तुत कृतिले आधार बनाएर निष्कर्ष दिएका कृतिका विषयहरूमाथि भएका समीक्षा पनि आफैँमा एक उच्चता कायम गर्ने किसिमका बनेका छन् । एक सफल जीवनी कृतिका स्रष्टा प्रसाईको कृतिका प्राप्तिमाथि सबल र सार्थक दृष्टि प्रक्षेपण भएको देखिन्छ ।

ग्रन्थको प्राप्तिका दृष्टिले दोस्रो उपप्रकरण जीवनीकारकै मन्तव्य 'लेखकीय' शीर्षकमा समावेश भएको छ । चौध पृष्ठ लामो मन्तव्यमा लेखकले कवि लेखनाथ पौडचालका कविताका चार ओटा पङ्क्तिबाट आरम्भ भएको अभिकथनमा भानु द्विशतवार्षिकी महोत्सवको कार्यक्रमका पूर्वतयारीका सन्दर्भमा विनियोजन भएका कार्यहरू, अथाह व्यवस्थापनका

विषयमा भएका प्रयत्नहरू र तिनको बाँडफाँटका प्रश्नहरू यहाँ उल्लेख भएका छन् । विभिन्न जिल्लामा गरिने कार्यक्रमको नियमन र निर्देशन, तिनका निम्ति सरकारी खर्चको नियोजन आदिका सन्दर्भहरू, यहाँ जीवनी लेखनको सन्दर्भ र प्रेरक परिस्थितिलाई आधार मानेर प्रसाईले आफ्ना तर्फबाट आत्मविश्वासका साथ प्रस्तुत गरेका छन् । नेपाल सरकारबाट गठित भानुभक्त द्विशतवार्षिकी समारोह समितिमा नेपाल सरकारका संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सचिव नै अध्यक्ष रहने र इन्दिरा प्रसाई तथा प्रा.डा.महादेव अवस्थी उपाध्यक्षसमेत रहने समितिमा सदस्यसचिवमा संस्कृति मन्त्रालयका सहसचिव भरतमणि सुवेदी रहेको समितिको गठन भएको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस महोत्सवको कार्य सुसम्पन्न गर्ने क्रममा आएका व्यवधान र त्यस्ता अवरोध सृजना गरिने स्थितिहरूको अन्वीक्षण गरिएको छ । यस स्थितिमा जीवनीकार प्रसाईलाई कतै बाधाव्यवधानले संवेदित तुल्याएको छ र कतै त्यस्ता व्यवधानलाई चिर्ने हौसला पनि थपिएको छ । यस्तो विषयको अभिलेखन गरिरहँदाको अवस्थामा प्रसाईको लेखन कार्य र महोत्सवको तयारीको व्यस्थापन गर्नुपर्ने स्थितिको जिम्मेदारी पनि वहन गरेको छ । यस प्रकरणका कतिपय तथ्यहरू भावनामा प्रभावित भएर वा अन्य कुनै कारणबाट हो केही छुटेका पनि छन् र कतैकतै सानातिना विषय पनि परेका छन् । यो लेखकको वैयक्तिक तथा भावसंवेगबाट प्रभावित भएका कारणबाट निर्मित हुने कथ्य भएकाले यस्तो स्थिति हुनु अर्घेल्याइँ पनि होइन र अक्षम्य त मानिँदै मानिँदैन ।

भानुभक्तको जीवनवृत्त तयार हुनका निम्ति तयार भएका आदिभूमिहरूको सन्दर्भ यही द्विशतवार्षिकी कार्यक्रम हो । प्रस्तुत कार्यक्रमको आयोजनाका माध्यमबाट तयार भएको वातावरणमा सीमित खर्चको सदुपयोगमा विभिन्न ग्रन्थको प्रकाशन र तिनको सार्वजनीकरणको मीतव्ययी तथा भव्य कार्यक्रम सम्पन्न गर्न नइ

प्रकाशन तथा त्रिमूर्ति निकेतनसमेतको योगदानबाट सम्भव भएको कुरा पनि आफैँमा स्तुत्य रहेको छ । यसरी भानुभक्तको द्विशतवार्षिकी समारोहको सिलसिलामा तयार भएका योजना र यी योजनाहरूलाई पूर्वाधारका रूपमा अनुसरण गरिएका सन्दर्भस्रोतका सामग्री, सहयात्रीका रूपमा आकलन गरिएका स्रोतव्यक्ति, अभिलेख ग्रन्थ सामग्री, लोककथन र लोकसंस्कारले स्विकारेका विषयहरूबाट प्राप्त अवधारणासमेतको उपादेयताका कारण यस द्विशतवार्षिकी महोत्सवबाट नै जीवनी लेखक प्रसाईका निम्ति आधार सामग्री र उत्प्रेरक वातावरण तयार भयो । यसै वातावरण र परिस्थितिको प्रतिफलन 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिले आफ्नो कलेवर प्राप्त गरेको छ ।

### ३. 'भानुभक्त आचार्यको जीवनवृत्त'का वैशिष्टच

नरेन्द्रराज प्रसाईद्वारा लिखित साहित्य स्रष्टाको दर्जनको शृङ्खला जीवनीको शृङ्खलामा पर्ने लेखनको यस शृङ्खलामा रहेका कृतिहरूमा उत्कृष्ट जीवनी लेखनको सामग्री यहाँ प्रस्तुत भएको छ । जीवनी लेखन प्रेरक र प्रतिभावान् व्यक्तित्वको जीवनको सामग्री सार्वजनिक भएमा त्यस्तो जीवनी लेखनको उपादेयता सार्थक हुन्छ । जीवनी लेखन विधागत चिन्तनका आधारमा आख्यानेतर गद्यको प्रबन्ध प्रधान विधा हो र यसले परकीय जीवनवृत्तको सृजनात्मक लेखन हो भन्ने तथ्यलाई सिद्ध गर्ने काम गर्दछ । जीवनीमा विषयको योजना कुनै आदर्श तथा उत्कर्ष पुरुषको जीवनवृत्त नै आवश्यक पर्छ भन्ने होइन, के चाहिँ सत्य हो भने जीवनी अध्येताका निमित्त प्रेरक र अनुसरण योग्य भने हुनै पर्ने विषय हो । यसमा आख्यानात्मक तत्त्व प्रबल र निबन्ध तत्त्व क्षीण अवस्थामा उपयोग भएको हुन्छ । आख्यानात्मक प्रबन्ध विधानमा सिर्जना हुने हुनाले यहाँ चरित्रको विन्यास भएको हुन्छ र चरित्रका तहमा जसको जीवनमा केन्द्रित रहेर समग्र सृजना गरिँदै छ त्यही रचनानायक नै यस प्रविधाको चरित्र मुख्य पात्रका रूपमा उपस्थापन भएको हुन्छ । आख्यानमा जस्तै बाह्य परिवेशको

पनि योजना विधान गरिएको हुन्छ र चरित्रका संवेदनालाई अनुकूल हुने गरी नियमन गरी चरित्रको निर्माण गरिएको हुन्छ । विषय अन्वितिको स्थिति उपन्यासमा झैँ प्रस्तुत हुने र प्रस्तुतीकरणको स्थिति चाहिँ निबन्धवत् हुने भएकाले यस किसिमको रचनात्मक पक्ष आख्यान र निबन्धको मध्यबिन्दुमा तयार हुने विधा विशेष हो र प्रबन्ध विधा हो ।

जीवनी लेखनका निम्ति आवश्यक पर्ने तत्त्वहरूलाई आन्तरिक र बाह्य तहमा व्यवस्थापन गरिन्छ । जीवनी नायकको पात्रतामा आँच नआउने गरी लेखन कार्य गरिनु तथा आन्तरिक द्वन्द्वका पक्षहरू पनि साहित्यका अन्य विधाहरूमा जस्तै यहाँ पनि प्रयोगमा आउनु जीवनी लेखनका विशेषता हुन् । कुतूहलता पनि यहाँ विशिष्ट संवेदनाको विषय बनेर रहन्छ । विचार र उद्देश्य साहित्यका अरू विषयमा जस्तो स्थिति लिएर प्रकटमा आउने पक्ष हुन् यहाँ पनि सोहीअनुसार प्रकटमा आउने विषय बनेर प्रस्तुत हुने गर्दछन् । त्यस्तै दृष्टिबिन्दु पनि यहाँ आख्यानमा झैँ तृतीय पुरुषका तहमा प्रयोग भएको हुन्छ अर्थात् तृतीय पुरुषको तहमा मात्र प्रकट हुने गर्दछ । भाषाशैलीको स्थितिको पनि उपयोग निबन्धको सापेक्षतामा निकै वस्तुगत र परपुरुष प्रस्तुतिका आधारमा मात्र प्रयोग गरिने विषयका रूपमा प्रकट भएको हुन्छ । यसरी निरूपण गर्दा जीवनी आत्मजीवनीभन्दा आख्यानको निकटतम र आख्यान सदृश, कतिपय सन्दर्भमा नाटकीय र कवितात्मक संवेग पनि प्रतिपादन गर्ने किसिमको विधाका रूपमा प्रकट हुन्छ भन्ने कुरा पनि यहाँ रचनाको आन्तरिक तत्त्व बनेर रहेको हुन्छ । त्यसरी नै न्यून कल्पना र अधिक तथ्यमा आश्रित लेखनको विधाका रूपमा जीवनी सृजनात्मक विधा बनेर प्रकटमा आउने विधा विशेष हो भन्ने कुरा सिद्ध हुन्छ ।

प्रस्तुत सृजना आलोचनात्मक पनि हुन्छ । प्रथम लेखनका रूपमा मात्र लेखिँदै गरेको अवस्थामा यो लेखन भइरहेको छ भने

जीवनी नायकका कार्य र योगदानको सकारात्मक वा नकारात्मक पक्षको विषयमा केन्द्रित रहेर यसलाई लेखन गरिन्छ । लेखकीय इमानदारी पनि आवश्यक पर्ने सृजन कार्य हो– जीवनी लेखन । जीवनीको नायक व्यक्ति नै हुन्छ– प्रधानतामा र कल्पना र कलात्मकताको पोषणका निम्ति मात्र कल्पनाका कारण जीवनी नायकको पात्रतामा आँच नआउने गरी लेखन कार्य गरिनुपर्छ । जीवनी प्रेरणा प्रदानका निम्ति र ऐतिहासिक सत्यको संरक्षणका निम्ति पनि लेखिने विषय भएका कारण तथा कहिलेकहीँ त जीवन्त पात्रको पनि जीवनी लेखिनुपर्ने भएका कारण पनि यहाँ काव्यिक शिल्प र लेखकीय इमानदारी तथा तटस्थताको त्रिवेणी हुन वाञ्छनीय ठहर्छ । भानुभक्तको जीवनी लेखनमा दुई सय वर्षपहिले जन्मेका प्रेरणास्पद र आदर्श तथा ऋषितुल्य आप्त पुरुषको जीवनी लेखन कार्य भएकाले र नेपाली साहित्यका धरातलमा टेकेर विश्वकविको दाबेदार बन्न सक्ने प्रतिभाको सृजन कार्य र स्रष्टाको जीवनवृत्तमा केन्द्रित लेखन भएका कारण प्रसाईको प्रस्तुत लेखन निकै जिम्मेदारीपूर्ण विषयका रूपमा प्रतिष्ठापित बनेको देखिन्छ । यिनै आधारभूत तथ्यमा आधारित बनेर जीवनीकार प्रसाईले भानुभक्तको जीवनवृत्त लेखन गरेका छन् र भानुभक्तका बारेमा मोतीरामदेखि वर्तमानसम्म भएका विभिन्न तथ्यहरू समीकरण गर्दै र अतथ्यका जन्जालहरू पन्छ्याउँदै भानुभक्त जीवनीलाई पुन: लेखन, पुन: सन्धान र पुनर्मूल्याङ्कनसमेतको कार्य सम्पन्न गरेका छन् ।

मोतीराम भट्टद्वारा लिखित मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) बाट नेपालीमा साहित्यकारको जीवनी लेखनको कार्य आरम्भ भएको हो । साहित्यिक व्यक्तितत्वको केन्द्रमा रहेर लेखिएको हालसम्मको सबभन्दा पछिल्ला जीवनी कृति 'भानुभक्त आचार्यको जीवनवृत्त'सम्म आइपुग्दा चार ओटा त ग्रन्थस्तरका कृति नै तयार भइसकेका छन् । यो पछिल्लो 'भानुभक्त आचार्यको जीवनवृत्त'

जम्मा लामा छोटा आयतनमा तयार गरिएका बाह्र ओटा प्रकरणमा तयार गरिएको जीवनीमूलक कृति हो । यसमा १.'भानुभक्त आचार्यको जन्मसन्दर्भ', २. 'भानुभक्तको शिक्षादीक्षा', ३. 'भानुभक्तसँग गिरिधारीको झगडा', ४. भानुभक्तको जागिर र कुमारीचोकमा थुना, ५. भानुभक्तको सम्मान', ६. 'भानुभक्तको जीवनमा घाँसी', ७. 'भानुभक्तलाई मोतीरामको खाँचो', ८. 'भानुभक्तको कान्तिपुर प्रवेश', ९. 'भानुभक्तको देहावसान', १०. 'भानुभक्तका कृति', ११. 'भानुभक्तको जन्मकुण्डली', १२. 'भानुभक्तको वंशावली' समेत जम्मा बाह्रओटा अध्यायमा ग्रन्थको काय निर्माण भएको छ । ग्रन्थनिर्माणको योजना व्यक्तिको जीवनवृत्त र जीवनचर्याका विषयहरूमा रहेका उतारचढाव र आएका अनेक मोडका सन्दर्भहरू यहाँ जीवनी लेखनका विषय बनेका छन् । माथि उल्लेख गरिएअनुसार व्यक्तिको यथार्थ जीवनलाई सिर्जनात्मक आवरण प्रदान गरेर संरचनाको आयतन दिने काममा सफल बनेका जीवनीकार प्रसाईको साहित्य संवेदनाका आयाम ग्रहण गर्न सफल भएको प्रस्तुत कृति निकै विशिष्ट प्राप्तिको विषय बनेर पाठकसमक्ष प्रस्तुत भएको छ ।

भानुभक्तलाई केन्द्र बनाएर लेखिएको जीवनी कृति पहिलोपल्ट मोतीराम भट्टबाटै लेखिएको हो । मोतीराम भट्टको लेखनदेखि वर्तमानसम्मका अवधिमा लेखिएका विष्णुमाया आचार्यद्वारा लिखित **भानुभक्त मणिमाला** (१९९८), नरनाथ शर्मा आचार्यद्वारा लिखित **आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र** (२०१७), व्रतराज आचार्यद्वारा लिखित **आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण** (२०५८) समेत चारओटा जीवनी ग्रन्थहरूको उपस्थित भएका छन् । यिनै तथ्यहरूमा केन्द्रित रहेर लेखिएका घोषित जीवनीकै ग्रन्थहरू प्रकाशमा आएका छन् । भानुभक्तलाई विद्यावारिधिको अध्ययनकै विषय बनाएर शोधकार्य गर्ने कविता लामा, भद्रवीर अधिकारी र भानुभक्तका काव्यकविता र कवितामा प्रयुक्त भाषा, भाव तथा शिल्पमा केन्द्रित रहेर लेखिएका

स्नातकोत्तर तहका अनेक शोधार्थीका शोधपत्रहरूले सङ्केत गरेका विषयको परिवृत्तमा तयार भएका सामग्रीले पनि नेपाली साहित्यका आदिकविका रूपमा भानुभक्त एक मिथक र किंवदन्तीको तहमा समेत उपस्थित बनिसकेका विषय र व्यक्तित्व हुन् । देशभित्र र देशबाहिर जहाँजहाँ नेपालीहरू पुगेर बसोबास गरेका छन् ती ठाउँहरूमा भानुभक्त रामभक्ति काव्यका प्रणेता मात्र होइन, स्वयम् रामकै देवतुल्य रूपमा प्रतिष्ठितसमेत बनेका छन् भन्ने कुरा उनका सम्मानमा निर्माण भएका प्रतिमा, खुलेका संस्था, स्थापना भएका विद्यालय र विभिन्न अनुष्ठानसमेतले प्राप्त गरेका भानु नामको संज्ञाले सिद्ध गरेका छन् । यस किसिमको प्रतिष्ठामा स्थापत्य बनिसकेका भानुभक्तका विषयमा जीवनी ग्रन्थमा मोतीरामले स्थापना गरेका विषयहरूमा आँच नआउने गरी जीवनी लेखनको पुन: प्रयत्न भएको स्थिति सार्थक रूपमा देखिन्छ ।

(१) **भानुभक्त आचार्यको जन्मसन्दर्भ** : शीर्षकको प्रकरणमा भानुभक्तको पितामह र मातापिता, उनको जन्मस्थान र जन्ममितिको प्रस्तुतिमा केन्द्रित रहेको छ । मोतीराम भट्टले लेखेको जीवनीमा रहेको भानुभक्तको जन्म १८६९, भानुभक्तकै सन्ततिहरूले उल्लेख गरेको १८७१ वि.सं. को मिति र तिनका बारेका बहसलाई केन्द्र बनाएर विवेचना गर्दा पनि मोतीरामले उल्लेख गरेको मिति नै वैज्ञानिक मानिएको छ । मोतीरामले लेखेको जीवनीमाथि प्रश्न उठ्ने गरी भानुभक्तकै नातिनी विष्णुमायाले लेखेको **भानुभक्त मणिमाला** नामक ग्रन्थले उठाएका समस्यामूलक प्रश्नहरू खडा गरिदियो । भानुभक्तकै कवितात्मक पत्रको बेहोराले पनि १८६९ वि.सं. नै सिद्ध हुने सन्दर्भ प्रस्तुत भए पनि नरनाथ शर्मा आचार्यद्वारा लिखित जीवनीमा मोतीराम भट्टले स्थापना गरेका मतहरूमा प्रश्न खडा भएका छन् । यसरी भानुभक्तका जन्मसमय र मितिका विषयमा अनेक प्रश्नहरू उठेका भए पनि प्रसाईले यस कृतिमा मोतीराम भट्ट भानुभक्तको

जीवनी लेखनका सिलसिलामा अनिषेध्य साधक हुन् भन्ने कुरा सिद्ध गरेका छन् ।

(२) **भानुभक्तको शिक्षादीक्षा** : शीर्षक दिइएको दोस्रो प्रकरणमा भानुभक्तको व्यक्तित्व निर्माणको विषयलाई केन्द्रमा राखेको स्थिति वर्णित छ । यस प्रकरणमा भानुभक्तले बनारसको पर्यावरणमा प्राप्त गरेको शिक्षा र संस्कार, पितामह श्रीकृष्ण आचार्यको संस्कार र प्रभाव ग्रहण गर्ने अवसर पाएका भानुभक्तको शैक्षिक र संस्कारगत व्यक्तित्वको निर्माण भएको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । विद्याको पर्यावरण बनेको काशीमा रहेर बाल्य र किशोर जीवन बिताएका कवि भानुभक्तलाई आध्यात्मिक संस्कार प्रदान गर्ने अनुकूल परिवेश बन्यो । यसका निम्ति प्रेरक र आदर्श बिम्ब श्रीकृष्ण आचार्य नै रहे भन्ने कुरा ६/७ वर्षको कलिलो र मायालाग्दो बालक भानुभक्त हजुरबाबाको हात समातेर उहीँ आफ्नो व्यक्तित्व निर्माण गरेको सन्दर्भ पनि यस दोस्रो प्रकरणले प्रस्तुत गरेको छ । नेपाली समाजमा विकसित बन्दै आएको आध्यात्मिक स्रोतको प्रेरक वातावरणमा भानुभक्तको व्यक्तित्व निर्माण भएको सन्दर्भ पनि यस प्रकरणले सिद्ध गरेको छ ।

(३) **भानुभक्तसँग गिरिधारीको झगडा** : प्रस्तुत कृतिको तेस्रो अध्याय भानुभक्त आचार्यको व्यावहारिक जीवन र खेतीपाती तथा इष्टमित्रसँगको व्यवहारको विषयमा केन्द्रित छ । यस अध्यायमा प्रयुक्त विषय भानुभक्तको भावसंवेगलाई तरङ्गित बनाउने किसिमको छ । त्यो प्रसङ्ग हो– गिरिधारी रानाभाटसँग परेको खेतमा सिचाइको कुलो निर्माण गर्ने विषय । व्यक्तिका निम्ति होइन, समाजका धेरै कृषकहरूको खेत सिँचाइका निम्ति कुलो निकाल्न गरिएको प्रयासमा अरू सबै कृषकले आफ्नो जग्गा काटेर कुलो निकाल्न स्वीकृति दिए पनि गिरिधारी रानाभाटले भने आफ्नो जग्गाबाट कुलो खन्ने कामको घोर विरोधी थिए । भानुभक्त यस कार्यको अगुवा भएकाले उनलाई

मुख्य विपक्षी बनाई मुद्दा दिएर रोक्न प्रयत्न गरेकोमा भानुभक्तले पीडित बन्नु परेको स्थितिको चर्चा पनि यहाँ भएको छ । आफूलाई विपक्षी बनाएर दिएको मुद्दाको प्रत्युत्तर भानुभक्तले दिइसकेको र त्यस विषयमा पुनः कविताका रूपमा स्पष्ट गरेर दिएको जबाफको सन्दर्भ पनि यहाँ विषयवस्तु बनाइएको छ । भानुभक्तको कवित्वलाई यहाँ अझ उत्कर्षको विषयका रूपमा जीवनीकारले प्रस्तुत गर्दा यथार्थपरक विषयका उपन्यासकारझैँ बनेका छन् ।

(४) **भानुभक्तको जागिर र कुमारीचोकमा थुना** : भानुभक्तले जीवनमा जागिर खाएको सन्दर्भ र त्यसले जन्माएको विडम्बनापूर्ण स्थिति पनि यहाँ विषय बनेको छ । भानुभक्तले जागिर खाएको दुई वर्षभित्रै उनको जागिरमा अनेक समस्या पनि उपस्थित भएका छन् । जागिर अर्थसँग सम्बन्धित रहेको हुँदा हिसाबकिताब दुरुस्त रहनु पर्ने स्थिति त थियो नै । तर हिसाबकिताबको स्याहास्रेस्ता मिलाउन नसकेका कारण भानुभक्तले कुमारीचोकमा थुनिनु परेको थियो । यस स्थितिलाई विष्णुमायाको कृतिले भानुभक्तले जागिर खाए नखाएको र थुनिनु परे नपरेका बारेमा चर्चा नगरेको स्थितिलाई पनि प्रसाईले चर्चाको विषय बनाएका छन् र आचार्यको जीवनी लेखनमा उनका सन्ततिहरूले मोतीराम भट्टले स्थापित गरेका तथ्यलाई किन निषेध गर्नु परेको भन्ने प्रश्न पनि प्रस्तुत गरेका छन् । नेपाली समाजको तत्कालको स्थितिमा खरिदारको जागिर पाउन निकै कठिन स्थिति थियो । पाएको जागिर संरक्षण गर्न पनि धौधौ नै पर्थ्यो । यस आधारमा भानुभक्तले स्वयम् आर्जन गरेका प्रतिष्ठाबाट जागिर पाउनु र जागिरे जीवनकै क्रममा सरकारी उच्च संयन्त्रमा गहिरो पकड भएका कमान्डर कृष्णबहादुर थापासँग नजिकिनु पनि अस्वाभाविक देखिन्नँ ।

भानुभक्तको जागिरे जीवनको क्रममा नेपाली समाजको एकातर्फ साहित्यिक संवेदनाका पक्षहरू पनि प्रादुर्भाव बन्दै गएको र अर्कातर्फ उनको व्यावहारिक जीवनका पक्षहरू पनि संवेदित बन्दै गएका

स्थिति प्रकटमा आएका छन् । भानुभक्तको विनोदी स्वभाव, त्यसमाथि जागिर गएको र थुनामा पर्नु परेको क्षोक र आक्रामक स्वभावकै प्रतिफलन व्यङ्ग्यमिश्रित भावावेगका कविता लेखेको सन्दर्भ पनि यहाँ प्रसाईले प्रस्तुत गरेका छन् । आफू थुनामा परेको, त्यतिखेरै छोराको व्रतबन्धको समय आइसक्दा पनि मुद्दा नटुङ्गिएका कारण भोग्नु परेको पीडालाई संवेदना भरेर लेखेका कविताका पङ्क्तिहरूले पनि यहाँ उनलाई छुट्टी मिल्ने र सजाय पनि माफी हुने परिस्थिति सृजना भएको सन्दर्भ प्रसाईको जीवनीले प्रस्तुत गरेको छ । भानुभक्तका सन्ततिहरूले जीवनी लेख्ने क्रममा ओझेलमा राखेका विषयहरू यहाँ प्रकटमा आएका छन् । थुना पर्नुअगावै **रामायण** काव्य सृजनाको आरम्भ गरेका आचार्यले थुनामा रहेको अवधिमा अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्डसम्मको रचना सम्पन्न गरिसकेको र थुनाबाट छुटेपछि युद्धकाण्ड र उत्तरकाण्डको पनि लेखन गरेको सन्दर्भलाई यहाँ विषय बनाइएको छ । यसरी प्रसाईले भानुभक्तको **रामायण** सृजन र अन्य फुटकर कविता सृजन पनि यसै समयमा भएको सन्दर्भ उल्लेख गरेका छन् । यिनै तथ्यहरूको चर्चाका क्रममा प्रस्तुत प्रकरण समाप्त भएको छ ।

**(५) भानुभक्तको सम्मान** : भानुभक्तका सृजन कार्यको सम्मान मोतीरामको जीवनी लेखनपछि उच्च स्तरमा पुगेको कुरालाई नै प्रसाईले सम्मानको केन्द्रीय विषय मानेका छन् । नेपाली वर्णमात्रिक छन्दलाई कविताको रूप दिएर लोकजीवनका गलागलामा पुऱ्याउने काम भानुभक्तले गर्न सकेको सन्दर्भ नै भानुभक्तको कम सम्मानको विषय होइन भन्ने कुरा मोतीरामले प्रकट गरेका छन् । मोतीरामले प्रदान गरेको आदिकविको पगरी पाएका भानुभक्तले जुद्धशमशेरले प्रदान गरेको आदिकविको औपचारिक तथा सरकारी सम्मानको पदबारे पनि यहाँ चर्चा भएको छ । भानुभक्तले प्राप्त गरेको सम्मानका यस्ता विषयहरू प्रतिष्ठा र गरिमाका गौरव बनेको कुरा पनि प्रसाईले

प्रस्तुत गरेका छन् । भानुभक्तलाई नेपाल सरकारले राष्ट्रिय विभूतिको पदवीबाट सम्मान गरेको, नेपालबाहिर र नेपालभित्र पनि भानुभक्तका अनेक प्रतिमा निर्माण भएको तथा भानुभक्तका जन्मजयन्ती मनाउने प्रचलनले निरन्तरता पाएका जस्ता विषय पनि सम्मानका अङ्ग बनेको सन्दर्भ जीवनीमा प्रस्तुत भएको छ । भानुभक्तको नाममा स्थापित बनेका विद्यालय, पुस्तकालय, मार्ग, गाविसजस्ता अनेक पक्षहरू भानुभक्तको सम्मानका नाममा प्रस्तुत भएका विषय हुन् भन्ने कुरा पनि यहाँ प्रस्तुत भएका छन् । हाल नेपाल सरकारले भानुजन्मस्थल विकास समिति गठन गरेर उनीप्रति सम्मानको काम गरेको छ र २०७१ मा आएर नेपाल सरकारको तर्फबाट सम्पन्न भएको भानुभक्तको दुई सय वर्षको उपलक्ष्यमा आयोजित कार्यक्रम पनि भानुभक्तको सम्मानको सर्वाधिक प्राप्तिको विषय बनेको छ भन्ने कुरा यस प्रकरणमा प्रस्तुत भएको छ । भानुभक्तको सम्मानका यी व्यापक आयामहरू समायोजन भएको स्थिति पनि यस अध्यायमा प्रसाईले विषय बनाएका छन् ।

(६) **भानुभक्तको जीवनमा घाँसी** : भानुभक्तको सृजनाको प्रेरकशक्तिका रूपमा, कारक व्यक्तिका तहमा घाँसीको उपस्थिति भएको प्रश्न मोतीरामले प्रस्तुत गरेका छन् । घाँसी प्रेरणाको स्रोतव्यक्तिका रूपमा सृजना भएका पात्रका रूपमा प्रसाईले ठम्याएका छन् । भानुभक्तलाई सिर्जना र समाजको उपकारका निम्ति योगदान गर्न प्रेरित गर्ने काम घाँसीबाट सम्पन्न भएको स्थितिले निकै ठूलो भूमिका निर्वाह गरेको छ । मोतीराम भट्ट र भानुभक्त आचार्य दुवै बनारसको पर्यावरणमा आफ्नो जीवनचरित्र निर्माण गरेका व्यक्ति भएका कारणले र त्यहाँ घाँस पनि बिक्रीको वस्तु बनेको देखेकाले मोतीरामले घाँसको प्रसङ्ग क्षेपकका रूपमा मात्र थपेका हुन् भन्ने मत पनि प्रस्तुत हुने गरेका छन् भन्ने मत जीवनीकार प्रसाईको रहेको छ । तर भानुभक्तको सृजनात्मक प्रेरणाको स्रोतका रूपमा मोतीरामको

लेखनबाटै स्थापित बन्दै आएका घाँसीको उपस्थिति र प्रेरणा भानुभक्तको जीवनको अभिन्न तत्त्वका रूपमा स्थापित बनेको छ । यस सन्दर्भलाई पनि अब अनिषेध्य तत्त्वका रूपमा स्विकारिँदै आएको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । भानुभक्तका वंशज शर्वराज आचार्यको भानुभक्तसम्बन्धी अध्ययनमा भने तनहुँ र लमजुङतिर त्यतिखेरै पनि घाँस बिक्री हुने चलन रहेको थियो भन्ने प्रसङ्ग आएको छ । यस कुरालाई पनि प्रसाईले यस अध्यायमा चर्चाको विषय बनाएका छन् ।

(७) **भानुभक्तलाई मोतीरामको खाँचो** : भानुभक्तको स्वभावको वर्णन गर्ने क्रममा मोतीराम भट्टले कन्जुसीको व्यवहार नदेखाइकन भानुभक्तको चर्चा गरेका छन् भन्ने कुरा पनि यहाँ जीवनीकारले विषय बनाएका छन् । भावनाको संवेदनशीलताका आधारमा कठोर मान्छे पनि कोमल बन्दछ भन्ने कुरा भानुभक्तको पूर्वार्द्ध जीवनमा रहेको खरोपन बिस्तारै उत्तरार्द्धतिर प्रवेश गरेपछि कोमल र भावुक बन्दै गएको थियो भन्ने मोतीरामले अघि सारेको सन्दर्भलाई पनि प्रसाईले विशेष चर्चाको विषय बनाएका छन् । भानुभक्तले रचना गरेका तर लोकगर्भमा बिलाइसकेका सामग्रीलाई मोतीराम भट्टले सङ्कलन र संयोजन तथा सम्पादन गरेर सन्तुलनमा ल्याएका सन्दर्भहरूबाट जीवनलाई मूर्त रूप दिएको स्थिति र भानुभक्तको तस्बिर पनि स्केच गरेको प्रसङ्ग प्रसाईले प्रस्तुत गरेका छन् । भानुभक्तलाई देख्नेहरूले भनेका आधारमा स्केच तयार गरी भानुभक्तको तस्बिर तयार भएको स्थितिलाई पनि यहाँ प्रसाईले प्रस्तुत गरेका छन् ।

(८) **भानुभक्तको कान्तिपुर प्रवेश** : भानुभक्त पहिलोपल्ट काठमाडौँ आएको र काठमाडौँमै बसेका धर्मदत्त ज्ञवालीको निवासमा बसेर गिरिधारीसँगको मुद्दा धान्नु परेको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ । बाबु धनञ्जय आचार्यले काठमाडौँमा तत्कालीन सरकारबाट लालमोहर पाएको घरको सन्दर्भ पनि प्रसाईको जीवनीको यस प्रकरणमा वर्णित छ । काठमाडौँ अथवा आफ्नो देशको राजधानीलाई

कल्पनाको स्वर्गभन्दा पनि यथार्थ सुन्दर अलकापुरी ठहराएको सन्दर्भ पनि यहाँ वर्णनको विषय बनेको छ । भारतीय परिवेशका विभिन्न सहर देखिसकेका र तिनको विशेषता बुझिसकेका भानुभक्तले कान्तिपुरलाई ती सहरभन्दा कम नभएको सन्दर्भ कविताको कथ्य बनाएर वर्णन गरेका छन् । यी तथ्यलाई पनि जीवनी लेखनको प्रसङ्गमा प्रसाईले संयोजन गरेका छन् । राजधानीका सडक, गल्ली, भवन र उद्यानमा रहेको सुन्दरता स्वर्गीय सुन्दरताभन्दा पनि उच्च रहेको ठहऱ्याउने भानुभक्तको दृष्टिलाई प्रसाईले पनि जीवनी लेखनको यस प्रकरणमा चर्चा गरेका छन् । भानुभक्तको काठमाडौँ आगमन, मुद्दाको सन्दर्भ र कविताको स्फुरण तथा उनको कविता सृजनाको कलासमेतको वर्णन यस प्रकरणको विषय बनेको छ ।

(९) **भानुभक्तको देहावसान** : 'भानुभक्तको देहावसान' शीर्षकको नवौँ प्रकरण रहेको छ । रामायणको रचना स्थगित रहँदै र गतिशील बन्दै समाप्त भइसकेको र अनेक फुटकर कविता तथा काव्य पनि सृजना भइसकेको सन्दर्भमा भानुभक्तको स्वास्थ्य पनि गिर्दै गएको स्थितिमा 'रामगीता'को सृजन कार्य छोरा रामनाथसँगको सहायताबाट समापन गरेको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । भानुभक्तको इच्छाअनुसार नै बिरामीकै अवस्थामा बोकाएर मर्स्याङ्दी नदीको सतीघाटको गाईथुनेघाटमा लगी अर्द्धजलाशयको शय्यामा राखिएको र अन्ततः १९२५ वि.सं. असोज ६ गतेका दिन भानुभक्तको इहलीला समाप्त भएको सन्दर्भ पनि यहाँ वर्णित छ । यसरी भानुभक्त आचार्यको भौतिक चोला अन्त भएको सन्दर्भ यस प्रकरणमा प्रस्तुत गरिएको छ ।

(१०) **भानुभक्तका कृति** : भानुभक्तको सृजनात्मक कवितायात्राका विषयमा केन्द्रित रहेका यस दसौँ प्रकरणमा उनमा रहेको प्रतिभाको प्रारम्भिक प्रस्फुटनको क्षण युवा अवस्थामा प्रवेश गर्दागर्दै आरम्भ भएको स्थिति पनि काशीको विद्वत्सभामा आफ्नो

परिचय कवितामै दिएको स्थितिबाट पुष्टि हुन्छ । आफ्नो जीवनको सृजनात्मक सक्रियताको यात्राका झन्डै साढे तिन दशक समय नेपाली भाषाको श्रीवृद्धिका निम्ति नै लगानी गरेको र सिङ्गो **रामायण**लाई कथाबीज बनाएर प्रबन्ध काव्यको रूप दिएका सन्दर्भलाई जीवनीकार प्रसाईले कलात्मक रूपमा प्रस्तुत गरेका छन् । **रामायण**का प्रत्येक काण्डका प्रथम कविता प्रस्तुत गर्दै गएर भानुभक्तको प्राप्ति **रामायण** नेपाली भाषामा गेय काव्यको रूप लिएर नेपालीहरूको घरघर पुगेको सन्दर्भ पनि यसै प्रकरणको विषय बनाइएको छ । १८९५ सालमा सृजना गर्न आरम्भ गरेको **रामायण** काव्यको सृजन यात्रा १९१९ सम्मका जम्मा २४ वर्षको अवधिमा १४८४ पद्यको **रामायण** महाकाव्यको सृजना सम्पन्न भएको सन्दर्भ प्रसाईले जीवनी ग्रन्थमा उल्लेख गरेका छन् । भानुभक्तको काव्य सृजन यात्रा १८८४ मा आरम्भ भएर १९२५ सम्मको अवधिमा **रामायण**, **प्रश्नोत्तर**, **वधूशिक्षा**, **भक्तमाला** जस्ता लघु काव्य र थुप्रैथुप्रै मुक्तक स्तरका फुटकर कविता सृजना भएका प्रसङ्गलाई पनि यसै प्रकरणमा चर्चा गरेका छन् । यसरी भानुभक्तको सृजन यात्राको प्राप्तिको विवेचनायुक्त अभिमत पनि प्रसाईले यसै प्रकरणमा प्रस्तुत गरेका छन् ।

विविध जाति र भाषाको उद्यान बनेको नेपाली जगत्मा भानुभक्तले **रामायण**लाई र अन्य कवितालाई पनि सबै मान्छेका स्मृतिको विषय, सबै मान्छेको निष्ठाको विषय र सबै मान्छेको गायनको विषय बनाइदिए । संस्कृत वृत्तानुशासनको छन्द सौन्दर्यलाई पनि भानुभक्तले लोकलयकै तहमा गाइने गरी लोकप्रिय तुल्याइदिए भन्ने पनि जीवनीकार प्रसाईको ठहर छ । दर्शनका गहन विषयलाई सहज र बोध्य बनाएर लेखेको **रामगीता**ले शङ्कराचार्यद्वारा प्रस्तुत गरिएको दर्शनको जटिल प्रस्तुतिलाई भानुभक्तले सहज, सरस र हृदय ग्राह्य काव्यतत्त्वका रूपमा प्रतिपादन गरेका छन् भन्नेसम्मको सङ्केत पनि यस जीवनीमा पाइन्छ । वासुदेव त्रिपाठीले त अझ

भानुभक्तको दार्शनिक चिन्तन स्पष्ट र सहज ग्राह्य पनि छ भन्ने मत प्रस्तुत गरेका छन् । यसरी भानुभक्तलाई काव्य र दर्शनको समायोजनका उत्कर्ष स्रष्टा र श्रद्धाका आसनमा आरोहण गराएर पुज्नु पर्ने दैवी पुरुषको तह मोतीरामले प्रदान गरे भन्ने मत पनि यहाँ प्रस्तुत गरिएको छ । महाकवि देवकोटाले नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष ठाने । बालकृष्ण समले सशक्त नाटच विषय नै बनाए । भानुभक्तका कृतिहरू माथि अनेक किसिमका खेलबाड गर्ने काम पनि भएका छन् भन्ने मत प्रसाईको रहेको छ । भानुभक्तको **वधूशिक्षा**लाई व्याख्या गर्ने क्रममा अनेक विवादयुक्त पाठभेदहरू पनि प्रस्तुत भएका छन् । **वधूशिक्षा**को विवेचना गर्ने क्रममा अनेक अड्कलबाजीहरू पनि भएका छन् । अनेक पाठभेदका आधारमा अनेक अपव्याख्याहरू पनि भएका छन् । तिनको निरूपण गर्ने काम पनि जीवनीकार प्रसाईले प्रस्तुत कृतिमा गरेका छन् ।

भानुभक्तको सृजनामा रहेका त्रुटि निराकरण गर्ने दृष्टिले प्रस्तुत भएका पाठभेदमा झन् गम्भीर त्रुटिहरूले जन्म लिएका छन् भन्ने दिशातर्फ पनि प्रसाईको दृष्टि प्रक्षेपित बनेको छ । यसका निम्ति भानुभक्तको **वधूशिक्षा**को एकै पद्य पङ्क्ति मात्र पनि पर्याप्त हुन्छ :

**हाँस्नू छैन कदापि नारिहरूले वेश्या हुने हाँस्तछन् ।**
**वेश्या लौ नहउन् तथापि घरका काम् ती सबै नास्त छन् ।**

यस पद्यमा रहेको वेश्या शब्द आज केही हेय अर्थ प्रक्षेपण गर्ने र आज त यसै शब्दले यौनकर्मी नामबाट लिने गरिएको स्थितिका आधारमा भानुभक्त, मोतीराम, विष्णुमाया, नरनाथ आचार्य, शिवराज आचार्य, मुक्तिनाथ आचार्य, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, राजनारायण प्रधानसम्मको शृङ्खलाले निरन्तरता दिएको स्थितिलाई व्रतराज आचार्यले तलको पाठभेद प्रस्तुत गरेर झमेला निम्त्याएको कुरा पनि जीवनीकार प्रसाईले प्रस्तुत गरेका छन् । उनको पाठभेद यस्तो रहेको छ :

**हाँस्नू छैन कदापि नारिजनले वैश्या हुने हाँस्तछन् ।**
**वैश्या लौ नहउन् तथापि घरका काम् ती सबै नास्त छन् ।**

व्रतराज आचार्य लिखित जीवनीमा परेको यस उद्धरणमा वेश्याको स्थानमा हुन सक्ने पाठभेद 'वैश्या' प्रस्तुत गरिएको छ । वेश्या नै भनिएको भए पनि यो कथन एक व्यक्ति प्रवृत्तिको मात्र कमजोरी र बाध्यतालाई सम्बोधन गर्ने 'वेश्या' पदलाई सिङ्गै समुदायलाई आक्षेप हुने 'वैश्या' शब्द प्रयोग भएको वैश्यादि वर्गका वणिक् नारीले भने पनि उसले त आफ्नो वृत्ति हाँसेर चलाउनु पर्ने हुन्छ । यहाँ काम नाश हुने त कुरै आउँदैन । नहाँसी गुत्थ पर्ने हो भने त उसको व्यापार झन् चौपट हुन्छ । त्यस कारण पाठभेद प्रस्तुत गरेर एक त्रुटि निराकरण गर्न खोज्दा झन् अर्को गम्भीर त्रुटि जन्मिएको कुरा यहाँ प्रकट भएको छ । यस्ता विषयलाई जीवनीकार प्रसाईले सूक्ष्म समीक्षा दृष्टि दिएर निष्कर्ष निकालेका छन् ।

(११) **भानुभक्तको जन्मकुण्डली** : ग्रन्थको एघारौँ प्रकरणमा प्रसाईले भानुभक्तको ज्योतिषशास्त्रअनुसारको जन्मकुण्डली प्रस्तुत गरेका छन् । तर यस कुण्डलीका विषयमा पनि प्रश्न रहेका सन्दर्भमा भानुभक्त स्वयम्ले १९०९ वि.सं. मा आफू चालीस वर्षको भइसकेको सन्दर्भ उन्लेख भएको पद्यपत्र लेखेर बिन्तीपत्रका रूपमा तत्कालीन कमान्डर इन-चीफ कृष्णबहादुर थापालाई चढाएको सन्दर्भको हिसाब मिलाउँदा भानुभक्तको जन्म १८६९ नै सिद्ध हुनाले प्रस्तुत जन्मकुण्डली मिथ्या हुन सक्ने दिशातर्फ पनि प्रसाईले प्रश्न उठाएका छन् । मोतीरामले प्रस्तुत गरेको भानुभक्तको जन्म १८६९ नै सत्य सिद्ध हुन सक्ने स्थिति पनि अघि आउन सक्ने अवस्था छ । जन्मका क्रममा जसजसले जे जे भनिरहे पनि आज सरकारी तहबाट नै भानुभक्तको जन्म १८७१ मानेर सरकारले समेत मनाएको द्विशतवार्षिकी कार्यक्रम औपचारिक रूपमा प्रतिष्ठाको विषय बनेको छ । यसबाट कुण्डलीले जेजस्ता मत प्रस्तुत गरे पनि भानुभक्तको जन्म मितिका विषयमा

बहस गर्न मिल्ने स्थिति रहँदारहँदै पनि अब भानुभक्तको जन्मलाई १८७१ नै मानिनु पर्ने भएको कुरा जीवनीकार प्रसाईले प्रस्तुत गरेका छन् ।

ग्रन्थको अन्तिम प्रकरणमा भानुभक्त आचार्यको वंश वृत्तान्त प्रस्तुत भएको छ । यस प्रकरणमा भानुभक्तका पूर्वज तथा वंशजका विभिन्न स्थितिलाई प्रस्तुत गर्ने काम पनि यस प्रकरणमा आरेखका रूपमा प्रस्तुत भएको छ । भानुभक्तको हस्तलिपि र ग्रन्थको सन्दर्भस्रोतसमेत उल्लेख गरिएअनुसार प्रकटमा आउने स्थिति पनि यस प्रकरणमा प्रस्तुत भएको छ । यसरी भानुभक्तको जीवनीलाई प्रसाईले विश्वसनीय रूपमा प्रस्तुत गरी निष्कर्ष दिने काम गरेका छन् ।

### ४. निष्कर्ष

जीवनीको सिद्धान्तको स्वत: प्रयोक्ता र प्रेरक सन्देश प्रक्षेपण गर्ने कलाका धनी प्रसाईमा एक किसिमको निजी शैलीकै परम्परा बनिसकेको छ । यस जीवनीको लेखनमा भानु द्विशतवार्षिकी समारोहका क्रममा जन्मिएका ऊहापोह र सरकारी तहबाटै मनाइने जिम्मामा रहेका उक्त कार्यक्रमको सल्लाहकारको तहबाट विशिष्ट भूमिका निर्वाह गर्नु पर्दाका बाधा तथा व्यवधानका स्थितिहरूको पनि यहाँ चित्रण भएको छ । भानुभक्तको जीवनमा आएका विशेष स्थिति र तिनले प्राप्त गर्न लागेका मिथकीय बिम्ब र बन्न लागेका किंवदन्तीहरूको विश्लेषण गर्दै मिथ्याको बहिष्कृति र सत्यको स्वीकृतिका आधारमा प्रस्तुत ग्रन्थले जीवनीका रूप र सन्देशहरू दिनु नै प्राप्तिका विषय बनेका छन् । यिनै प्राप्तिको विवेचना गर्ने क्रममा तयार गरिएको यस समीक्षालाई पनि यहीँ अन्त गरिएको छ ।

# आदिगायक सेतुराम

**१. विषय प्रवेश**

एकल जीवनी सृजनको शृङ्खलामा प्रसाईले आठौँ ग्रन्थका सन्दर्भमा गायक सेतुरामको जीवनवृत्त प्रस्तुत गरेका छन् । प्रसाई जीवनी साहित्य लेखनको क्रममा निकै अथक र आफ्नो पहिचान बनाइसकेका व्यक्तित्व हुन् । प्रत्येक प्रतिभाले समाजमा केही न केही योगदान पुऱ्याएको हुन्छ भन्ने विषयमा प्रसाईको प्रगाढ विश्वास छ । यसै विश्वासका कारण नै उनी समीक्षात्मक जीवनी सृजनामा निरन्तर जुटिरहने साधक सिद्ध भएका छन् । प्रस्तुत कृति नेपाली गीत र सङ्गीतका साधक तथा स्रष्टा सेतुरामको योगदानको अनावरणमा केन्द्रित सामग्रीका रूपमा प्रकशमा आएको छ । यस कृतिले नेपाली गीत तथा सङ्गीत साधना तथा गायनका क्षेत्रमा योगदान गर्ने पहिलो प्रतिभाको पुरश्चरणको सम्मान गर्ने काम गरेको छ । भाषा, कला, साहित्य तथा संस्कृतिको मन्दिरमा ध्यानमग्न



बन्ने साधकहरूको योगदानलाई सार्वजनिक रूपमा प्रस्तुत गर्ने ध्येयले यो कृतिको निर्माण भएको छ ।

समाज र सभ्यता स्वनिर्मित वस्तु र दैवी वरदान होइन । यसको निर्माण, परिमार्जन र परिशोधनमा समाजै व्यक्तिहरूको पसिना खर्चिएको हुन्छ । भाषाको उपयोग र यसले दिने सौन्दर्यको गायन पक्ष गीत हो र यो भाषिक प्रकार्य हो । अझ गायन भाषा उच्चारण विधिको विशेष प्रकार्य हो । यसको सृजनात्मक संवेदना अनि गायनको कलात्मक गला र त्यसमा पनि प्रदान गरिने वाद्यवादनको तालमेलका आधारमा जीवन्तता पाउने विषय हो । पहिलो प्रहरमा नेपाली समाजले पाएको गीतकार तथा गायक र सङ्गीत साधकको नाम हो– सेतुराम । यिनै विशेषताका आधारमा प्रसाईले सेतुरामलाई आदि विशेषण थपिदिएका छन् । अर्को प्रतिभाले यो उपाधि नखोसेसम्म प्रसाईले दिएका यस उपाधिलाई अन्यथा भन्न सकिन्न । प्रसाईका यस कृतिलाई नै समीक्षा गर्ने ध्ययले प्रस्तुत रचना तयार गरिएको छ । यसै आधारमा कृतिको समीक्षातर्फ केन्द्रित रहनु सान्दर्भिक ठहर्छ ।

## २. विनियोजित विषय र समीक्षा

लघुआयतनको प्रस्तुत कृति जम्मा तिनओटा खण्डमा तयार भएको छ । यस कृतिको पहिलो खण्ड जीवनीकारकै भूमिकामा व्यवस्थित भएको छ । दोस्रो खण्ड चाहिँ गायक सेतुरामको जीवनवृत्त र त्यसमा सामाहित समग्र जीवनवृत्तका कोण र तिनले आत्मसात् गर्ने सन्दर्भहरू प्रस्तुत गर्ने काम भएको छ र सेतुरामको समग्र योगदानको समेत निरूपण गर्ने काम भएको छ । कृतिको अन्तिम खण्डमा कृतिकार नरेन्द्रराज प्रसाईका कृति सूची प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत कृतिमा विषयको विनियोजन गरेर लघुआकारकै भए पनि आवश्यक अङ्ग विन्यास गरेर **आदि गायक सेतुराम** शीर्षकको कृति तयार पारिएको छ । प्रस्तुत कृतिमा सेतुरामका जीवनका आयामहरू निम्न क्रमको आधारमा व्यवस्थित र समीक्षित भएका छन् :

व्यक्तिको जीवन आरम्भ भएदेखि समाप्त भएसम्मको स्थिति जीवनीमा समाहित हुन्छ । जीवनको यात्रा व्यक्तिले अनियोजित योजनाको भोगमै सम्पन्न गरेको हुन्छ । त्यस्तो अव्यवस्थित र अनियोजित जीवन यात्रालाई जीवनीकारले समुचित ढङ्गले सजाउने काम गरेको हुन्छ । यस ग्रन्थमा पनि पाएसम्मको तथ्य र सूचित समग्रीलाई यथोचित ढङ्गले सजाउने काम भएको छ । प्रस्तुत ग्रन्थमा विषयको व्यवस्थापन क्रम निम्नानुसार व्यवस्थापन भएको छ : १. सेतुरामको बाल्यकाल, २. सेतुरामको गायन यात्रा, ३. सेतुरामको राणादरबारमा प्रवेश, ४. सेतुरामको परिवार, ५. सेतुरामको व्यवसाय, ६. सेतुरामका गीतहरूको सूची, ७. सेतुरामद्वारा गाइएका केही गीत, ८. सेतुरामको चोला समाप्त । यसरी जीवनका समगग्र आयाम समेटिएका जम्मा आठओटा प्रकरणहरूमा विषयको वितरण भएको छ । यहाँ विनियोजित भएका विषयलाई सङ्क्षिप्त आधारमा प्रस्तुत गरी समीक्षा गर्ने काम भएको छ ।

### ३. जीवनीमा समाहित सामग्रीको समीक्षा

नेपाली जीवनी साहित्यको र सृजनात्मक कालका सन्दर्भमा सेतुराम प्रधानको समय माध्यमिक कालको उत्तरार्धको थियो । लेखनाथ पौडयाल, चक्रपाणि चालिसेकै समवयस्क रहेका सेतुरामको कैशोर्य मोतीरामको गीत गजल लेखनको समयमा आरम्भ भएको थियो । नेपाली गीत रचना, सङ्गीत साधना र गायनका सन्दर्भमा चाहिँ यो समय प्राथमिक काल नै थियो । भाषा, संस्कृति, कला र शिक्षा लगायतका विविध क्षेत्रमा भर्खर मात्र उषाकालीन प्रकाश अभ्युदय भएका स्थितिमा सेतुरामको आगमन भएको थियो । यसै समयमा उनको योगदानको सूत्रपात भएको सन्दर्भ यहाँ आएको छ । यसै समयमा आफ्नो योगदानको आरम्भ गरेका प्रतिभा सेतुरामको सृजनात्मक तथा गायन र सङ्गीत प्रदानको विवरण क्रमशः प्रस्तुत गर्ने काम भएको छ ।

१. **सेतुरामको बाल्यकाल** : असन निवासी कृष्णधर तथा हरिदेवी प्रधानको तेस्रो सन्तति बनेका सेतुरामको जन्म असनमा भएको सन्दर्भ यहाँ पहिलो उठानका रूपमा प्रस्तुत गरिएको छ । बाल्यकालदेखि नै गीतका धून गुनगुनाउने सेतुराम पढाइ लेखाइभन्दा ज्यादा गीत गाउने काममा लहसिएका थिए । ८/९ वर्षको उमेरमै बालगायकका रूपमा परिचित बनेका कलाकार सेतुराम सुन्दर, सुशील र नम्र स्वभावका कारण सबैका मनमा ठाउँ लिन सक्ने बनेका थिए । घरको वातावरणमा पनि रमाउने र राजदरबारतिर पनि लहसिने सेतुराम राणा दरबारतिर पनि पहुँच राख्ने बन्दै गए । कलाकारको परिचय बनाएका कारण र मध्यमवर्गीय आर्थिक स्तर भएका परिवारका सदस्य भएका कारण शीलस्वभावमा पनि राम्रो, शिष्ट र सौम्य प्रभाव परेको स्थिति सेतुरामका आचरणले साक्ष्य गरेको छ । व्यक्तिगत अनुशासनको सन्दर्भमा केन्द्रित यस प्रकरणले परिवारको कुलीन पृष्ठभूमि रहेको कुरा पनि यहाँ सिद्ध गरेको छ । रङ्ग गोरो र रूप पनि सुन्दर भएका कारण उनको नाम सेतुराम आफैमा सार्थक सिद्ध भएको छ ।

२. **सेतुरामको गायन यात्रा** : सेतुराममा स्वर मधुरता बालखैदेखि प्रकटमा आएको थियो । गीत गाउन त उनले शैशव कालमै थालेका हुन् । औपचारिक गायनको अभिलेख चाहिँ १९६५ सालमा मोतीराम भट्टद्वारा सृजना गरिएको 'यता हेऱ्यो यतै मेरा नजर्मा राम प्यारा छन्' बोलको गजलमा साङ्गीतिक धुन भरेर आफ्नो स्वर दिएपछि गीतमा सङ्गीत भर्ने सफलता प्राप्त गरेको सन्दर्भ यहाँ उल्लेख गरिएको छ । शास्त्रीय राग भर्न निपुण बनेका सेतुराम गायन र सङ्गीत प्रदानका आधारमा राणादरबारमा पनि प्रवेश गर्न पुगेको सन्दर्भले यहाँ विषयको स्थान लिएको छ । वि.सं.१९६५ सालमा साहू जनकलाल श्रेष्ठको सौजन्य र सद्प्रेरणाका आधारमा कोलकाता पुगेर आफ्नो स्वरमा गीत रेकर्ड गर्न सफल बनेका नेपाली पहिलो व्यक्तिका

रूपमा उनलाई लिने गरिएको छ । यसरी परिचित बनेका सेतुरामको सन्दर्भ मूल कथ्यका रूपमा यहाँ चर्चा भएको छ । सेतुराम घरको सम्पन्न व्यक्ति भएका कारण सौखिन र रमाइलोका निम्ति मात्र गायनमा प्रवृत्त बनेका थिए भन्ने पनि यहाँ उल्लेख भएको छ । ठट्टा, रमाइलो गरी गरी नाच्ने, रमाइलो गर्ने र सबैलाई मनोरञ्जन प्रदान गर्ने उनको स्वभाव नेपाली गीत गायन र कला विवर्द्धनका क्षेत्रमा एक शताब्दी भन्दा अघि नै विशिष्ट साधक बनेको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

३. **सेतुरामको राणादरबारमा प्रवेश** : महाराज चन्द्रसमसेरको शासन कालमा गायकको परिचय लिएर दरबार प्रवेश गरेका सेतुरामको गीतको स्वर मधुरताका कारण दरबारको वातावरणमा प्रिय बनेको थियो र उनको स्वरको मिठास पनि तरङ्गित बनेको थियो भन्ने सन्दर्भ यस प्रकरणको विषय बनेको छ । गीत र सङ्गीतका सौखिन चन्द्रसमसेरले दरबारको सम्पर्कमा रहेका सङ्गीत गुरु डा. ए. एम. पठानलाई स्वरलिपि तयार गर्न लगाएका र सेतुरामलाई पनि साधनामा प्रेरित बन्न उक्साएका थिए । दरबारमा यस किसिमको प्रशिक्षणसमेत पाएका सेतुरामले चन्द्रसमसेरको फर्माइसमा अनेक फुटकर गीत गाउने काम गरिहन्थे भन्ने विषय पनि यहाँ चर्चा भएको छ । दरबारमा सेतुरामलाई बारबार बोलावट भइरहने र उनले पनि गीत गाउनका निम्ति दरबार धाइरहने गरेको स्थिति थियो भन्ने कुरा पनि यहाँ वर्णित छ । दरबारको आकाङ्क्षा र नियत आफूप्रति कस्तो थियो र आफूले दरबारप्रति कस्तो व्यवहार गर्नु पर्छ त भन्ने कुरामा सेतुराम निपुण र सतर्क पनि थिए भन्ने सन्दर्भ यहाँ विषय बनेको छ । दरबारमा गएका दिन सेतुराम पैसा, भोजन, वस्त्र लगायतका अनेक उपहार बकस लिएर फर्किन्थे भन्ने विषयलाई यहाँ राम्ररी समीक्षा गरिएको छ ।

४. **सेतुरामको परिवार** : बाल्यगायक बनेका र किशोर तथा युवा बनेपछि स्थापित व्यक्तितत्व बनेका सेतुरामको पारिवारिक जीवन

पनि निकै रोम्यान्टिक रहेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । चारचारओटी पत्नी भित्र्याउन सफल सेतुरामका जेठी पत्नीबाट रामबहादुर छोरो जन्मिएको र रामबहादुर पनि गायनमै लहसिएको सन्दर्भ यहाँ आएको छ । बिहा भएको दुई वर्षमै विधुर बनेका रामबहादुर पुन: विवाह नगरी बाबुकै अनुयायी बनेर गीत गायन र व्यापार व्यवसायमै संलग्न भइरहे । उस्ताद रामबहादुर साहु रामबहादुरको रूपमा पनि परिचित थिए भन्ने कुरा पनि यहाँ विषय बनेको छ । सेतुरामकी माइली पत्नीतर्फबाट केदार र साइला प्रधान दुईजना जन्मेका थिए । यी दुवै छोरा गायनमा रुचि राख्दथे तर विडम्बना दुवै छोराले किशोर वयमै यस संसारलाई त्यागेको सन्दर्भ पनि यहाँ वर्णित बनेको छ । तेस्री पत्नीबाट भने उनका सन्तान थिएनन् । चौथी पत्नीबाट चार छोरा जन्मिए पनि तिन भाइ छोराहरू केटाकेटीमै मरे । उनका बाँचेका छोराछोरीबाट सन्तानको सञ्जाल कायम भएको छ । आज पनि उनका सन्ततिहरू गर्वका साथ आफ्ना पिता, पितामह र प्रपितामहको नाम लिने गर्दछन् भन्ने विषयलाई कृतिले आफ्नो कथ्य बनाएको सन्दर्भ यहाँ प्रस्तुत छ ।

५. **सेतुरामको व्यवसाय** : सेतुरामको पारिवारिक जनजीवन धान्ने व्यवसाय गायन होइन, बरु व्यापार वाणिज्य हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । मनोरञ्जन र उल्लासका निम्ति गायनलाई महत्त्व दिने सेतुरामको आजीविकाको बाटो भाँडाकुडा र किरानाको व्यापार नै मुख्य थियो । व्यापारकै आधारमा आर्थिक उन्नति गर्न सफल बनेका सेतुरामले असनमा त्यतिखेरको नेपाली शैलीको स्थापत्य कला उपयोग गरेर राम्रै घर बनाएका थिए । यो घरको निर्माण सम्पन्न भएको समय १९९० सालको भूकम्प आउनुभन्दा लगत्तै पूर्वको समय थियो र घर सम्पन्न हुनासाथ १९९० सालको भूकम्पले भूमिसात् गरिदिएको सन्दर्भ यहाँ निकै दारुण ढङ्गले प्रस्तुत गरिएको छ । उनलाई व्यापार र सङ्गीत तथा गीतले निकै सहयोग गरेको

थियो । गीत सङ्गीतले यश र लोकप्रियतामा ऊर्जा थपेको र व्यापारले आर्थिक स्थिति सबल बनाएको विषय यहाँ प्रस्तुत भएको छ । उनको शेषपछि भने सन्तानले यस व्यापारलाई महत्त्व नदिएका कारण बिस्तारै सेतुरामले अँगालेको गायन र व्यापारको काम विलय भएको सन्दर्भ पनि यहाँ प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत प्रकरणमा सेतुरामको जीवनचित्र उतार्ने काम भएको छ ।

६. **सेतुरामका गीतहरूको सूची** : सेतुराममा रहेको विशिष्ट प्रतिभा नेपाली जीवनका सन्दर्भमा गीत गायन र सङ्गीत साधनाको विषय नै केन्द्रीय कथ्य हो । यसो भएका कारण १९६५ वि.सं. देखि १९८६ सम्मका दुई दशक अवधिको समय सेतुरामले गायनमा आफूलाई समर्पण गरेको र ती गीतहरू रेकर्ड गरेर लोकप्रियता आर्जन गरेको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । मोतीरामको गजल शैलीको भजनलाई रेकर्ड गरेपछि चर्चामा आएका सेतुरामको योगदान निकै विस्तारित बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । उनले रेकर्ड गरेका गीत तथा भजनहरूको विवरण अनुसार लगभग अढाई दर्जन रचनाहरू अभिलेखबाट प्राप्त भएको सन्दर्भ यहाँ विषय बनेको छ । नेपाली भाषा र नेपाल भाषाका गीत, गजल र भजनहरूको विवरणमा सेतुराम स्वयं पनि सर्जक रहेको देखिन्छ । उनले स्वयं सृजना गरेका र अरू प्रतिभाले समेत सृजना गरेका रचनामा सङ्गीत र स्वर स्वयं दिएको विषय पनि यहाँ प्रस्तुत भएको छ । रचना सृजना र गायनको क्षेत्रमा योगदानको चर्चा गर्ने क्रममा जीवनीकारले आफ्नो समीक्षा चेतना पनि यहाँ प्रस्तुत गरेका छन् ।

७. **सेतुरामद्वारा गाइएका केही गीत** : यस प्रकरणमा सेतुरामले गाएका गीतको सङ्क्षिप्त विवरण प्रकट गरिएको छ । सेतुरामको स्वरमा रेकर्ड भएका २८ ओटा गीत, गजल र भजनको पाठ पनि जीवनीकारले नमुनाको रूपमा यसै प्रकरणमा प्रस्तुत गरेका छन् । उर्दू र हिन्दीमा विकास भएका शास्त्रीय तथा लोक लयका सङ्गीत

विधानलाई नेपालीमै उपयोग गरेर सङ्गीत बद्ध गरिएका गीतहरूको पाठ प्रस्तुत गर्ने काम भएको छ । यस्ता गीतहरू यहाँ नेपाली भाषाका जम्मा नौओटा प्रस्तुत गरिएका छन् र ती गीतहरू पनि केही लोक भाकामा सृजित छन् र केही सङ्कलित पनि छन् । सेतुराममा लोकचेतना र सृजनात्मक चेतना व्यापक थियो भन्ने कुरा यस प्रकरणमा प्रस्तुत गरिएका विवरणले सिद्ध गरेको छ । प्रसाईको जीवनी लेखन कला यहाँ अनुसन्धान, पाठालोचन, तुलनात्मक समीक्षाका सीमामा पनि वितरित बन्न पुगेको र जहाँ उनको दृष्टि गएको छ, त्यहाँ निकै जिम्मेदार बन्न पुगेको सन्दर्भ पनि यस प्रकरणमा पुष्टि भएको छ । यी गीतहरूमा सङ्गीत भर्दा अवलम्बन गरिएका सङ्गीत सूत्रहरूको विवरणात्मक सूचीसमेत यहाँ प्रस्तुत गरिएको छ । यसरी जीवनीकारले सेतुरामको गीत तथा सङ्गीत साधनालाई पनि यहाँ समीक्षाको विषय बनाएका छन् भन्ने कुरा सिद्ध हुन्छ ।

८. **सेतुरामको चोला समाप्त** : ग्रन्थको अन्तिम प्रकरणमा सेतुरामको इहलीलाको समापन भएको सन्दर्भ विषय बनेको छ । **आदिगायक सेतुराम** शीर्षकमा तयार भएको प्रस्तुत ग्रन्थको समापनलाई समायोजन गरिएको छ । गायन र सङ्गीत साधना तथा सृजनामा पनि सफल बनेका सेतुराम साँच्चै नेपाली गीत तथा सङ्गीतको इतिहासको प्रारम्भिक चरणमा उस्ताद बनेको इतिवृत्त यहाँ प्रस्तुत गरिएको छ । अशक्त उमेरमा पनि गायनलाई त्याग्न नसकेका सेतुराम लगभग चार दशक नेपाली गीत र सङ्गीतमा समर्पित रहेको सन्दर्भ यहाँ विषय बनेको छ । १९९७ सालमा आइपुग्दा उनको जिब्रामा घाउ निस्किएका कारण उनलाई गाउन निकै कठिन भयो । यसै बिरामीका कारण १९९८ साल चैत्र महिनामा आएर यिनको इहलीला समाप्त भएको र आफ्ना कृतिहरू मार्फत अमरत्व प्राप्त गरेको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । यहाँ आएर सेतुरामको समग्र योगदनको सन्दर्भ अङ्कन गरेर ग्रन्थ समापन भएको छ ।

नेपाली तथा नेपाल भाषाका गीत, गजल, भजन गायन, सृजन र सङ्गीत प्रदानका साधक सेतुरामको जीवन लगभग छ दशकको इतिहासमा योगदानको अमर इतिहास रचेर समाप्त भएको सन्दर्भ यस प्रकरणको कथ्यसमेत समग्र ग्रन्थको निष्कर्ष रहेको छ ।


### ४. निष्कर्ष

प्रसाईकृत प्रस्तुत ग्रन्थ गीत र सङ्गीत जस्तो छुट्टै विषयको सीमामा तयार भएको छ । प्रसाईको जीवनी लेखनका क्रममा कला, साहित्य, राजनीति, गीत–सङ्गीत अनेक साधना क्षेत्रका प्रतिभाहरू विषयका रूपमा ग्रहण भएका छन् । समाजको संस्कृति, सभ्यता, राजनीति र सङ्गठन जस्ता विषयका आरम्भ विकास र तिनको सुदृढीकरणमा अनेक किसिमका विषयको योगदान रहेको हुन्छ । यस्ता विषयलाई आत्मसात् गरेपछि प्रस्तुत ग्रन्थको केन्द्रमा रहेका प्रतिभा सेतुरामको योगदानबाट पनि नेपाली समाजको सांस्कृतिक चेतनाको विस्तार र सबलीकणमा व्यापक सहयोग पुगेको छ भन्ने सन्दर्भ पुष्टि हुन आउँछ । यिनै तथ्य र निष्कर्षहरूको अभिलेखन प्रस्तुत ग्रन्थ हो भन्ने कुरा पनि यहाँ सिद्ध भएको छ । समाज र जीवनलाई सकारात्मक गति दिने विषयप्रति श्रद्धा राख्नेले नै विशिष्ट ज्ञान आर्जन गर्न सक्छ भन्ने कुरा पनि यस ग्रन्थले सिद्ध गरेको छ– “श्रद्धावाँल्लभते ज्ञानं” इति ।

# देवकोटाको जीवनशैली

## १. समारम्भ

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनका विविध रूप, पूर्ववंशवृत्तका वस्तुसूचनाका पक्षहरू र देवकोटाको जीवनका प्रारम्भदेखिकै सूचनाहरू प्रकाशमा आइसक्दा पनि अझै प्रशस्त सूचना आउन बाँकी नै रहेछन् । तिनलाई र महाकवि देवकोटाका प्रकाशमा आएकै सूचनामा पनि अनेकौँ विचलनशीलताका पृष्ठभूमिमा अध्ययन र अनुशीलन गरिएको यो ग्रन्थ अरू नयाँनयाँ सूचना उद्घाटन गर्दै **देवकोटाको जीवनशैली** शीर्षकमा प्रकाशनमा आएको छ । त्यसैले नेपाली भाषासाहित्यको जीवनीविधामा प्रस्तुत कृति एउटा अर्को महत्त्वपूर्ण पाइलो बनेर उपस्थित भएको छ ।




**देवकोटाको जीवनशैली**का कृतिकार नरेन्द्रराज प्रसाई (२०१२) अनेकौँ रोचक तथ्यको आधार अवलम्बन गरेर जीवनी लेख्ने सृजनशील व्यक्तित्व हुन् । उनले जीवनीसाहित्यका विविध आयाम र आयतन समेटिएका सङ्क्षिप्तदेखि बृहदाकृतिसम्मका अनेकौँ कृतिहरू सार्वजनिक

गरिसकेका छन् । प्रसाईले **अठतीस अनौठा अनुहारहरूदेखि देवकोटाको जीवनशैली**सम्म आइपुग्दा जीवनीलेखनका फाँटमा निक्कै महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन् । उनका कतिपय जीवनीकृतिहरू अङ्ग्रेजी भाषामा समेत रूपान्तरण भइसकेका छन् । प्रसाईको सृजनशीलता जीवनीविधामा निरन्तर क्रियाशील र सबल बन्दै आएको छ र यही सृजनात्मक सक्रियताले नै उनलाई विशेषत: जीवनीसाहित्यमा स्थापित पनि गरेको छ ।

## २. जीवनी र यसको विधागत स्वरूप

जीवनी निबन्ध र आख्यानका दोभानमा तयार हुने आख्यानेतर गद्यका उपविधाअन्तर्गतको सृजनात्मक लेखन हो । जीवनी र आत्मकथनात्मक लेखनका बीचमा रहने भिन्नतालाई परकीय र स्वकीय जीवनभोगाइको अनुभूति र भोगगत भिन्नताले पुष्टि गर्दछ । जीवनीसाहित्य मूलत: परकीय जीवनका सन्दर्भहरू, घटना र त्यसका घटक तत्त्वहरूको अन्वितीकरण गरेर लेखिने रचना हो । त्यसरी नै स्वकीय जीवनका स्रष्टाले आफैँ भोगेका सन्दर्भहरू, घटना र तिनका एकाइ घटकहरूलाई अन्वितीकरण गरेर पनि जीवनी लेखिन्छ । नरेन्द्रराज प्रसाईले लेखेको **देवकोटाको जीवनशैली** चाहिँ परकीय जीवनीमा आधारित छ । वस्तुत: परकीय वा स्वकीय जीवनकथा लेखनले नै जीवनी र आत्मकथाको सीमारेखा कोरेको पनि देखिन्छ ।

संस्कृत साहित्यमा विधा वर्गीकरणका सन्दर्भमा छैटौँ शताब्दीतिरका भामहले प्रस्तुतिका आधारमा साहित्यलाई गद्य र पद्यमा विभाजन गर्न सकिने मत प्रस्तुत गरेका छन् । यसै अवधारणालाई अनुसरण गर्दै **काव्यादर्श**का रचयिता दण्डीले सौन्दर्ययुक्त भाषिक स्वरूपका आधारमा साहित्यलाई गद्य र पद्यमै वर्गीकरण गरी साहित्यका भेदहरूलाई पहिल्याउने प्रयत्न पनि गरेका छन् ।

आठौँ शताब्दीतिर **काव्यालङ्कारसूत्र**का लेखक आचार्य वामनले गद्य र पद्यका अतिरिक्त गद्यपद्य मिश्रित तेस्रो भेदको पहिचान गरेका

छन् । गद्यपद्य मिश्रित रचनालाई प्रबन्धात्मक र अभिनयात्मक रूपका आधारमा **चम्पू** र **नाटक**को संज्ञा दिने काम वामनले गरेका छन् । उपर्युक्त गद्य, पद्य, दुवै मिश्रित र नाटकसमेतलाई सम्बोधन गर्न मिल्ने पाठ्य र अभिनय दुई भेदका सबल दृष्टिहरू साहित्यशास्त्रमा स्थापित हुन आएका छन् । गद्यपद्य र मिश्रणकै आधारमा प्रस्तुत हुने काव्यिक स्वरूप पाठ्य र नाट्य दुवैतर्फ वितरित भएको देखिन्छ । यिनै भेदहरूमध्ये मूलत: गद्यमूलक पाठचसृजना आज जीवनीप्रविधाका नामले प्रचलित छ ।

पद्यमा सृजना गर्दै जाँदा रचना कविता, काव्य, महाकाव्य बन्दै एउटा छुट्टै उत्कर्षमा पुग्दछ । त्यस्तै गद्यपद्यको मिश्रणमा सृजना गर्दै गए रचना चम्पू काव्य बनेर उपस्थित हुन्छ । गद्यमा मात्र प्रवाहित भई व्यक्तिविशेषको जीवनकथामा आधारित हुन पुग्यो भने त्यस्तो काव्यिक आयाम प्राप्त गर्ने रचना जीवनी बन्दछ । जीवनी पनि स्वानुभूतिप्रधान भए आत्मजीवनी र परानुभूतिप्रधान भए जीवनी बन्दछ ।

आत्मजीवनी आत्मकथनपद्धतिको लेखनमा आधारित हुन्छ र त्यसमा प्रथम पुरुषात्मक प्रस्तुति रहेको हुन्छ भने परकथात्मक कथनपद्धतिको लेखनमा आधारित जीवनीमा तृतीय पुरुषात्मक प्रस्तुति रहेको हुन्छ । यी दुवै कथनपद्धतिमध्ये स्वकीय अनुभूतिगत आधारलाई अवलम्बन गरिने हुँदा आत्मजीवनी बढी निजात्मक हुन्छ र त्यसले निबन्धको सन्निकट मूल्य अवलम्बन गर्न पुग्दछ । तर परकीय अनुभूतिगत आधार अवलम्बन गर्ने हुनाले जीवनी चाहिँ वस्तुपरक प्रबन्धको सन्निकट मूल्य प्राप्त गर्न पुग्दछ । अझ आत्मजीवनीमा आत्मकथनात्मक प्रस्तुति हुने हुँदा त्यो आत्मसंस्मरणात्मक र आत्मइतिवृत्तात्मक मूल्यमै समाहित बन्न पुग्दछ । आत्मजीवनीमा निजात्मकता, हास्यव्यङ्ग्यात्मकता, ध्वन्यात्मकताका पक्षहरू सहजै प्रस्तुत हुन सक्दछन् । मूलत: आत्मपरक र वस्तुपरकमध्ये निजात्मक

र परात्मक कथनविधिको ढाँचाले स्वकीय र परकीय संवेदनाको सीमालाई निर्धारण गरिदिन्छ । आत्मकथात्मक प्रस्तुतिले रचनालाई निबन्धतिर र परकथात्मक प्रस्तुतिले जीवनीलाई आख्यानात्मक दिशातिर धकेलिरहेको हुन्छ ।

नवगद्यका सन्दर्भमा विभेदित प्रविधाका रूपमा विकसित भएका रचनाहरू कल्पनामूलक र निजात्मक भएमा निबन्धसन्निकट बन्दछन् । उदाहरणका निम्ति आत्मकथा, दैनिकी, पत्ररचना, रेखाचित्र, नियात्रा, संस्मरण निबन्धका रूपमा प्रकट हुन्छन् । त्यस्तै तथ्यात्मक र वस्तुपरक भएमा जीवनी, प्रतिवेदन, शोध तथा अन्तर्वार्ताको स्वरूप लिन पुग्दछन् । यसै सन्दर्भमा जीवनीको पहिचान प्रस्तुत गर्नुपर्दा अर्काको जीवनवृत्त, त्यस जीवनवृत्तमा सम्पृक्त बन्न पुगेका सत्यतथ्य र प्रमाणसम्मत घटनाहरूबाट नै जीवनी तयार हुन्छ । यिनै उपकरणलाई आधार बनाई कल्पनाको न्यून जलपमा घोलेर स्मृतिमा सञ्चित गरिएको वस्तु र कथनविधिको उपयुक्त समायोजन गर्दा अन्तत: त्यो जीवनी बन्न पुग्दछ ।

आत्मकथा र जीवनी निकटतम प्रविधा रहँदारहँदै पनि आत्मकथा कल्पनाको संयोजन र वस्तुको निजात्मक समायोजनद्वारा निर्माण गरिन्छ । जीवनीमा चाहिँ भोगाइका यथातथ्यगत पक्षहरू प्रामाणिक पुन:सृजनाका आधार बनेर उपस्थित हुन्छन् । जीवनव्यापी कल्पनायुक्त आत्मकथनात्मक पद्धतिले आकृति प्राप्त गर्दा आत्मकथा बन्दछ भने जीवनव्यापी तर न्यून कल्पनायुक्त परजीवनाख्यानपद्धतिले आकृति धारण गर्दा जीवनी बन्दछ । यी दुई भेदमध्ये जीवनीसाहित्य सृजना गर्ने स्रष्टाले आफूले लेखनको विषय बनाएका व्यक्तिको जीवनवृत्तसँग जोडिएका सत्य र तथ्य वस्तुहरूको संयोजन गर्दछ । जीवनीमा जीवनवृत्तका बुँदाहरूलाई प्रमाणित गर्ने ढङ्गले स्थापना गरिन्छ । साथै घटना, व्यक्तित्व, सर्जकत्व, जिम्मेदारी र योगदानका पक्षहरूलाई वस्तुगत रूपमा संयोजन गरेर जीवनीकारले

आफ्नो लेखनलाई पुष्टि गर्दछ । जीवनीलाई लघु आयतनमा प्रस्तुत गर्दा सङ्क्षिप्त जीवनी बन्दछ भने जीवनका इतिवृत्तलाई व्यापकतामा समेट्दा त्यस्तो जीवनी औपन्यासिक बन्न पुग्छ । यस बेला जीवनीका मूल पात्रसँग सम्बन्धित बन्न आउने अन्य पात्रहरूको सङ्ख्या, परिवेशको फराकिलोपन, विचार र द्वन्द्वका बहुल सम्भावना, कुतूहलता र दृष्टिबिन्दुगत परिधीय वैविध्य उपन्यासमा प्रयोग भएझैँ जीवनीमा पनि समेटिन सक्दछन् ।

जीवनीमा भाषाका विचलनशील र आलङ्कारिक गुणहरू उपन्याससरह प्रयोग हुन नसके पनि पूरै विपरीत भने मानिँदैनन् । कथोपकथन अर्थात् नाटकीयताका संवाहक कथन पनि जीवनीका अविरोधी तत्त्व बनेर नै उपस्थित भएका हुन्छन् । यिनै विशेषताका कारण जीवनी पनि पाठ्य काव्यको परिधिभित्र आबद्ध अल्पाख्यानात्मक औपन्यासिक वैशिष्टचयुक्त लेखन बनेर उपस्थित भएको हुन्छ ।

### ३. देवकोटाको जीवनशैली : आयाम र आकृति

नरेन्द्रराज प्रसाईद्वारा लिखित **देवकोटाको जीवनशैली** नेपाली साहित्यका जीवनीग्रन्थका परम्परामा अर्को एउटा नयाँ प्राप्ति बनेर उपस्थित भएको छ । नेपाली साहित्यमा यस कृतिले अर्को नयाँ र सफल प्रतिष्ठा आर्जन गरेको छ । सङ्गठनविधान र विषयवस्तुको समायोजनका दृष्टिले जम्माजम्मी बाईसवटा शीर्षक/परिच्छेदमा संरचित **देवकोटाको जीवनशैली** सम्भवत: नेपाली साहित्यकारका जीवनवृत्तमा केन्द्रित बृहत् आकृतिको तथ्यपरक जीवनी हो । व्यक्तिसम्बद्ध भएर लेखिएको हालसम्मको बृहत् आयामको जीवनीकृति बन्ने श्रेय पनि यसले प्राप्त गर्ने टड्कारो सम्भावना देखिन्छ ।

### ४. देवकोटाको जीवनशैली : सूचनाको समायोजन

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्तमा अनेक हल्लाहरू पनि जोडिन आएका छन् । त्यस्ता हल्ला र अफवाहका सन्दर्भहरू

उनको जीवनकालदेखि नै अध्ययन, अनुसन्धान र अनुशीलनका विषय बन्दै आएका छन् । देवकोटाका जीवनीका सन्दर्भमा, कृतिविश्लेषणका सन्दर्भमा, चिन्तन र दार्शनिक प्रस्तुतीकरणका सन्दर्भमा अनेक अध्ययन र अनुसन्धानका कोणहरू उद्घाटित हुँदै आएका छन् भने कतिपय नखोजिएका नयाँनयाँ सन्दर्भहरू रहस्यको गर्भमा बाँकी नै रहेका पनि छन् । यस दृष्टिबाट निरूपण गर्दा महाकवि देवकोटाको जीवनवृत्त निम्नलिखित तीनवटा आयाममा वितरित भएको देखिन्छ :

(१) जीवनीमूलक अध्ययन-लेखनमा समेटिएका प्रसङ्ग,
(२) समीक्षणमूलक अध्ययन र अनुसन्धानमा समेटिएका प्रसङ्ग र
(३) संस्मरण, वार्ता र चर्चा-परिचर्चामा समेटिएका प्रसङ्ग ।

लक्ष्मीप्रसाद देवकोटा सर्वप्रथम नित्यराज पाण्डेको **देवकोटा** (२०१७) मा उपस्थित भएका छन् । यसलाई सानो ठूलो गति प्रदान गर्दै परम्परा धान्ने क्रममा हरि श्रेष्ठले **देवकोटा सम्फेर** (२०२२) नामक लघुकृति प्रस्तुत गरे । यस कृतिले पनि देवकोटालाई मूलत: जीवनवृत्तकै परिधिमा समेट्ने प्रयत्न गरेको छ । जनकलाल शर्माद्वारा लेखिएको **महाकवि देवकोटाः एक व्यक्तित्व, दुई रचना** (२०३२) ले पनि देवकोटाको व्यक्तित्वलाई प्रकाश पार्ने काम गऱ्यो । चूडामणि बन्धुद्वारा तयार पारिएको **देवकोटा** (२०३६) शीर्षकको ग्रन्थ देवकोटाको जीवनी र सृजनाचेतलाई समन्वय गरेर प्रस्तुत गरिएको छ । घटराज भट्टराईको सङ्कलन र सम्पादनमा आएको **महाकवि देवकोटाका आनीबानी** (२०५५) मा देवकोटाका बारेमा विभिन्न व्यक्तिहरूबाट प्राप्त निक्कै सूचनाहरू सङ्कलन गरिएका छन् । यी कृतिहरूभित्र पसेर सघन ढङ्गले विवेचना गर्दा देवकोटाको जीवनवृत्तका कतिपय प्रसङ्गहरू छुटेको, केही तथ्यहरू अतिशयोक्तिमूलक ढङ्गले प्रस्तुत गरिएको र केही भने सतही रूपमा मात्र अङ्कन भएको कुराको पुष्टि हुन आउँछ । महाकवि देवकोटाका बारेमा अनुसन्धान गर्ने सन्दर्भमा चाहिँ हालसम्म आइपुग्दा

एक दर्जनजति विद्यावारिधि स्तरका, सय जति स्नातक र स्नातकोत्तर स्तरका शोधकार्य नै सम्पन्न भइसकेका छन् । पुस्तकाकार कृतिका रूपमा, सम्पादन र समीक्षणका रूपमा लेखिएका कतिपय कृतिहरू पनि देवकोटाको जीवनीको परिधिलाई आलोकित गर्ने सामग्री बनेर प्रकाशित भएका छन् । यिनका अतिरिक्त देवकोटाका बारेमा लेखिएका फुटकर रचना र चर्चामा नपरेका छरिएका सङ्केतहरू पनि उनको जीवनीको अध्ययनका आंशिक सूचना हुँदैहुन् । यसरी महाकवि देवकोटाको जीवनीलेखन कार्य हालसम्म जीवनीलेखनका सन्दर्भमा, अनुसन्धानकार्यका सन्दर्भमा, पाठ्यसामग्री निर्माणका सन्दर्भमा, संस्मरण एवं व्यक्तिवृत्तको चर्चाका सन्दर्भमा भएका अध्ययनकार्यबाट सम्पन्न हुँदै आएको छ ।

उपर्युक्त तीनवटा अध्ययनसन्दर्भको समन्वयका बीचमा पाइने सामग्रीलाई प्रस्तुत गरेको छ नरेन्द्रराज प्रसाईकृत **देवकोटाको जीवनशैली** नामक ग्रन्थले । यिनका अतिरिक्त देवकोटाको व्यक्तिवृत्तलाई आलोकित गर्न विविध सन्दर्भमा छरिएका सामग्रीहरू पनि यस कृतिमा समेटिएका छन् । देवकोटाको समग्र जीवनवृत्तलाई एउटै जीवनीग्रन्थमा समेट्ने क्रममा जीवनीकार प्रसाईले उल्लिखित तीन स्रोतका अतिरिक्त चौथो स्रोतको समेत उपयोग गरेका छन् । चौथो स्रोतको आधार अवलम्बन गर्दा महाकवि देवकोटा र देवकोटासम्बद्ध कृति अनि ती कृतिका रचनागर्भ, उनले यात्रा गरेका स्थान र ती स्थानमा सम्पर्कित बनेका व्यक्तिहरू पनि जीवनीकार प्रसाईका सूचक बनेका छन् । देवकोटाले आजीविकाका क्रममा अँगालेका कार्य, उनबाट देशविदेशमा भएका वैयक्तिक र संस्थागत कार्य, स्वास्थ्योपचारका क्रममा उनी पुगेका ठाउँहरू र त्यहाँ सम्पर्कमा आएका व्यक्तिहरू पनि यस कृतिका सूचक बनेका छन् । महाकवि देवकोटाका इष्टमित्र, स्वजन र उनका सङ्गतमा जोडिएका व्यक्तिहरूबाट पनि सूचनाहरू सङ्कलन गरेर यो जीवनी तयार

पारिएको छ । लेनदेन, सरसहयोग, मैत्री र आत्मीयता जस्ता व्यावहारिक जीवनका अनेक पक्षहरूको समीकरण बनेको देवकोटाको जीवनवृत्त यसमा प्रस्तुत गरिएको छ । माथिका समग्र पक्षहरूको समायोजनबाटै बन्दछ– प्रत्येक व्यक्तिको जीवनीकृति । जीवनका यस्तै गतिविधिबाट देवकोटाको जीवनको समग्र पुञ्जीभूत बिम्बाकृति बनेको छ नरेन्द्रराज प्रसाईको **देवकोटाको जीवनशैली** ।

महाकवि देवकोटालाई उनको जीवनका औपचारिक र अनौपचारिक सूचनासामग्रीको परिवृत्तमा राखेर हेर्ने प्रयास गरिएको **देवकोटाको जीवनशैली**को पाण्डुलिपि अध्ययनबाट प्राप्त भएका तथ्य, सूचना र आशयसमेतको संश्लेषित परिणामस्वरूप तयार भएको छ– प्रस्तुत भूमिका । एकातर्फ यो लेखन भूमिका हो र अर्कातर्फ प्रस्तुत कृतिका समग्र प्राप्तिलाई सङ्केत गर्ने उपसंहार पनि हो । साथै यो लेखन नरेन्द्रराज प्रसाईद्वारा लिखित **देवकोटाको जीवनशैली**को आडमा हुर्किएको एउटा परजीवी सृजना पनि हो ।

**५. देवकोटाको जीवनशैली : सङ्क्षिप्त अवलोकन**

**देवकोटाको जीवनशैली** नामको प्रस्तुत कृति मूलत: बीस परिच्छेदमा संरचित छ । यसका प्रत्येक परिच्छेदहरू एकएक विषयक्षेत्रसँग सम्बद्ध बनेर तयार भएका छन् । ती परिच्छेदहरूमा समेटिएका विषयसन्दर्भहरू स्वयम् देवकोटाले भोगेका भोगाइसँग सम्बद्ध बनेर रोचक र कुतूहलपूर्ण रूपमा प्रस्तुत भएका छन् । आवश्यकतानुसार प्रस्तुत गरिएका विभिन्न तथ्य र सूचनाहरू **देवकोटाको जीवनशैली**मा समाविष्ट छन् र तिनले देवकोटाको जीवनीलाई विस्तारमा आलोकित गरेका छन् ।

**देवकोटाको जीवनशैली**मा प्रथमत: 'देवकोटाका बुबाको चिनारी' 'शीर्षकको पहिलो परिच्छेदमा महाकवि देवकोटाका पूर्वजहरू जुम्लाबाट नुवाकोट हुँदै काठमाडौँ आइपुगेको सन्दर्भ प्रस्तुत गरिएको छ । विद्याधर देवकोटाका छोरा जगन्मणि र उनका छोरा चन्द्रदत्त अनि

चन्द्रदत्तका छोरा तिलमाधव देवकोटासम्म आइपुग्दा काठमाडौँ प्रवेश गरेको यस वंशका विविध पुस्ताको शृङ्खला बितिसकेको देखिन्छ । विद्याधर देवकोटाको चौथो पुस्ताका सन्तति तिलमाधव देवकोटा र उनका साहिँला छोराका रूपमा लक्ष्मीप्रसाद देवकोटा रहेको कुरा यस जीवनीले सम्प्रेषित गरेको छ । जङ्गबहादुर राणा प्रधानमन्त्री भएताका नै देवकोटाका पितामह चन्द्रदत्त देवकोटाको दरबारसम्म पहुँच भएको थप सूचना यहाँ प्रस्तुत गरिएको छ ।

तिलमाधव देवकोटाको विवाहको प्रसङ्ग, उनको ससुराली काभ्रेका नेपालहरू रहेको सूचना, तिलमाधव देवकोटाका सबै भाइ छोराको कायाकैरनलगायत तीर्थ जाने खर्चका रूपमा तिलमाधवले चन्द्रशमशेरबाट पाएको पाँच सय रुपियाँको प्रसङ्ग, क्षयरोगबाट तिलमाधव अस्वस्थ बनेको प्रसङ्ग र रोगी चन्द्रशमशेरले तिलमाधवलाई कालपुरुष तुलादान गरेको प्रसङ्गलगायत महाकवि देवकोटाले आफ्ना पितामाताको देहावसान भएका कारण लगातार दुई वर्षजति आशौच बारेको प्रसङ्ग यस परिच्छेदमा नयाँ सूचनाका रूपमा प्रस्तुत गरिएका छन् । यी बेहोराहरूले देवकोटा र उनका पुर्खाहरूको नालीबेलीलाई स्पष्ट पारेका छन् ।

प्रस्तुत ग्रन्थको 'देवकोटाको बाल्यकाल' शीर्षकको दोस्रो परिचछेदमा देवकोटाको जन्मको सन्दर्भ, बाल्यकालको स्थिति वर्णित छ । बाल्यकालमै रगतमासीको आक्रमणबाट सिकिस्त बनेका देवकोटाको बाल्यकालको इमानदार स्वभावको वर्णन पनि यस परिच्छेदमा नयाँ सूचनाका रूपमा प्रस्तुत भएको छ ।

प्रस्तुत ग्रन्थको 'देवकोटाको शिक्षा' शीर्षकको तेस्रो परिच्छेदमा अन्य अध्येताले सार्वजनिक गरेभन्दा नयाँ सूचना थपिएका छन् । लुगाफाटो लगाउने शैली, व्यवहारमा बेवास्ता र बेथिति गर्ने स्वभाव, बाल्यकालदेखि नै देवकोटामा देखा पर्न थालेको कुरा नयाँ सूचनाका रूपमा यस परिच्छेदमा प्रस्तुत भएका छन् । देवकोटाको

विद्यार्थीजीवनमा विकसित भएको अनौठो स्वभाव, त्यसै समयदेखिका सहभागिताका सन्दर्भहरू जस्तै– कलेजस्तरमा आयोजना गरिएका वादविवाद तथा गोष्ठीहरूमा प्रतियोगी बनी पदक-पुरस्कारसमेत प्राप्त गरेका थप सूचनाका साथै अध्ययनको यात्रा सकिन लाग्दा उनमा देखा परेको मानसिक कुण्ठाको प्रसङ्ग पनि नरेन्द्रराज प्रसाईले यस परिच्छेदमा थपेका छन् र यी तथ्य र सूचनाहरू पनि नितान्त नयाँ छन् ।

प्रस्तुत ग्रन्थको 'देवकोटाको पारिवारिक जीवन' शीर्षकको चौथो परिच्छेदमा देवकोटा बिहेपछि दुलही पुऱ्याउन ससुराली जाँदा नयाँ जुत्ता हराएकाले उनी ससुरालीबाटै खाली खुट्टा फर्किएको र हुस्सू भनेर आफ्ना बाबुबाट गाली खाएको रोचक प्रसङ्ग, देवकोटाको उदार स्वभावको नमुना तथा देवकोटाकी पत्नी मनदेवी अस्वस्थ बनेको प्रसङ्ग प्रस्तुत भएका छन् । देवकोटाको एकोहोरो र लहडी स्वभावले परिवारमा जन्माएको त्रासको प्रसङ्ग एवम् जेलबाट भागेका गणेशमान सिंहले देवकोटालाई फकाई-फुल्याई बनारस पुऱ्याएका प्रसङ्गहरू पनि यहाँ नयाँ सूचनाका रूपमा उपस्थित छन् ।

महाकवि देवकोटाको उदारतालाई उल्ल्याउने प्रसङ्गमा देवकोटासँग कसैले उनकी पत्नी नै माग्यो भने पनि दिन्छन् भनेर हाँसोमा उडाएका कथनहरू पनि यसभित्र समेटिएका छन् । गणेशमान सिंहसँग बनारस पुगेका देवकोटा ब्रह्मघाटको डेरामा बस्थे भन्ने सूचना, काठमाडौँबाट बनारस पुगेकी मनदेवी देवकोटा आर्थिक अभावका कारण भीख माग्न सडकमा समेत बसिन् भन्ने प्रसङ्ग यहाँ मार्मिक ढङ्गले प्रस्तुत भएका छन् । त्यस्तो सङ्कटापन्न अवस्थामा सुन्दरराज चालिसे अलौकिक सहायकका रूपमा त्यहाँ प्रकट भएर देवकोटा परिवारलाई आर्थिक सहयोग पुऱ्याएको प्रसङ्ग, देवकोटाका भाइ मधुसूदन देवकोटालाई राणाहरूले दाजुलाई फिर्ता

ल्याउन बनारस पठाएको र २००६ सालको दसैँताका देवकोटा काठमाडौँ आएको प्रसङ्ग पनि यहाँ केही नयाँ कथ्य बनेर उपस्थित छन् । देवकोटाको पतिपत्नी सम्बन्धलाई धमिल्याउन विदूषक बनेर उपस्थित हुन आएको पात्र लालबहादुरको कथा पनि यहाँ जोडिएको छ । पत्नीको विषम मानसिकताका कारण निकै क्षुब्ध बनेका देवकोटा एकदमै एकोहोरा र निराश देखिन पुगेको प्रसङ्ग पनि यहाँ प्रस्तुत भएको छ । पत्नीको निरन्तरको टोकसो, मनोव्यभिचार र उपेक्षाभाव पनि देवकोटाको अव्यवस्था र छिटै मृत्युको कारण हुन सक्छ भन्ने सम्भावनाको आकलनसमेत यसमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत ग्रन्थको 'देवकोटाको व्यक्तित्व' शीर्षकको पाँचौँ परिच्छेदमा बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र तानासर्माले अङ्कन गरेको महाकवि देवकोटाको आचरण, उनका जीवनका सफलता र विफलताका विविध पक्षलाई अझ स्पष्ट पारिएको छ । महाकवि देवकोटाबारे माधव घिमिरे र ईश्वर बरालले गरेका चर्चाहरू र देवकोटाले चियाखाजा खाने गरेका होटलविषयका मार्मिक टिप्पणी पनि यसमा उपस्थित भएका छन् ।

महाकवि देवकोटाकै भान्जाभान्जीहरूले दिएका सूचना, देवकोटाको कोठाको असरल्लपनको चित्र, रमेश विकल र पार्थिवेश्वरप्रसाद तिमिल्सिनाहरूले प्रस्तुत गरेका वाक्यचित्र, सल्लाहकारसभाबाट कोट हराउँदा नैतिकता हराएको देख्ने देवकोटाले प्रकट गरेको चिन्ता यस सन्दर्भमा समेटिएका छन् । देवकोटाले आफ्नै पाण्डुलिपिका खातबाट एउटा रचना तानेर सिङान पुछेको जस्ता घटनाहरू यस परिच्छेदभित्र अत्यन्त रोचक किसिमले प्रस्तुत गरिएका छन् । मञ्चमा उभिएर भाषण गरिरहेका बेला आफ्नो नाकबाट सिङान चुहेको पनि थाहा नपाएका देवकोटाको नाक धरणीधर कोइरालाले आफ्नो रुमाल झिकेर गई पुछिदिएको जस्ता

प्रसङ्गहरू स्वैरकल्पना जस्ता लाग्छन् । खसीका खुट्टाको रस र टाउकाको मासु स्वादिलो मानेर खाने देवकोटाको स्वभावबारे उनका निकटस्थ व्यक्तिहरूले दिएका नयाँ सूचनाहरू यस कृतिमा परेका छन् । शङ्कर लामिछाने, फणीन्द्रराज खेताला आदिका उपस्थितिमा देवकोटाका छोरा प्रकाशले तयार पारेको भनिएको चित्र र छोराको चित्रकारिताको प्रशंसाको सन्दर्भ पनि यहाँ नयाँ सूचनासामग्री बनेर आएका छन् ।

बारुलाले चिलेको पीडाको चोटमा 'बारुलालाई कारबाही गरिपाऊँ' भनेर महाकवि देवकोटा पुलिस चौकीमा उजुर गर्न पुगेको प्रसङ्ग, विश्वेश्वरप्रसाद कोइरालाले नेपालमा पुनर्जागरणको सूत्रपात गर्ने पहिलो व्यक्ति देवकोटा हुन् भनेका प्रसङ्गहरू पनि **देवकोटाको जीवनशैली**मा परेका नितान्त नयाँ विषय हुन् । देवकोटाले दुई माना भुटेको बकुल्ला, दसदस दाना लालमोहन र दसै आलुचप दस मिनेटभित्र खाइसकेका प्रसङ्गहरू पनि निकै रोचक देखिन्छन् । देवकोटा कविता फुरेपछि ब्रस गरेको मुख कुल्ला नगरी सेतै मुख र सेतै जुँगासमेत लिएर जुनसुकै ठाउँमा पनि पुग्दथे भन्ने बेहोरा, सल्लाहकार सभाका सदस्य भएताका देवकोटाले दलितसँग पानी मगाएर खाई तिमीहरू अब छूत भयौ भनेका प्रसङ्गहरू पनि यहाँ आएका छन् । चन्द्रबहादुर श्रेष्ठ र देवकोटाका बिचमा नुहाउने विषयमा भएको संवाद, नुहाउँदै गरेका श्रेष्ठको शरीरमा सत्र बाल्टी पुसको चिसो पानी खन्याएको प्रसङ्ग एकदमै नयाँ र रोचक ढङ्गले यहाँ प्रस्तुत भएको छ । यसै गरी रामहरि जोशी, श्यामप्रसाद शर्मा, गोपाल पाण्डे 'असीम' र छोरी मुना घिमिरेका तर्फबाट देवकोटाका सम्बन्धमा उपलब्ध भएका नयाँनयाँ सूचनाहरू पनि यहाँ प्रस्तुत गरिएका छन् ।

'देवकोटाका सोख र रुचि' शीर्षकको छैटौँ परिच्छेदमा महाकवि देवकोटा चुरोटको अदम्य इच्छा बोकेर भौँतारिएको प्रसङ्गलाई माधव

घिमिरेले केही रमाइलो पाराले सूचित गरेको देखिन्छ । चुरोटकै प्रसङ्गमा देवकोटा बनारसमा रहँदा एक दिन एउटा अपरिचित मान्छेसँग पनि चुरोट मागेर खाने आशामा रेलमा पसेका र उनी पत्तै नपाई बनारसबाट फैजावाद पुगेका र भोलिपल्ट तिनै अपरिचित महोदयले रेलको टिकट काटेर उनलाई फिर्ता पठाइदिएको जस्तो रमाइलो विषय पनि यस सन्दर्भमा समेटिएको छ । देवकोटा बनारसमा रहँदा कुनै कुनै बेला सार्वजनिक ठाउँमा उभिएर उनले चुरोटको भीख मागेको प्रसङ्गसमेत यहाँ उल्लिखित छ । चुरोट खाए जान्ने भइन्छ भन्ने प्रभाव उनका चेलाहरूमा समेत परेको बेहोरा पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ । पेपरमेन्ट र मिठाई खाने, माछामासु ल्याएर आफैँ पकाउने, खसीको टाउको ल्याएर आफैँ पकाउने, खसीको मासु सत्र प्लेट, पाँचवटा अण्डाको अम्लेट, तीन माना चिउरा एकै बसाइमा खाइसक्ने र मासुको मोहमा राँगाको मासु र गोरुको जुरो पनि खाइहेरेको जस्ता नयाँ सूचना पनि यस सन्दर्भमा उल्लिखित छन् । केशरमहलमा विशिष्ट पाहुनासँग बसेका बेला उनले रक्सी खाएको कुरा पनि उनको सोखसँग जोडिएको नयाँ प्रसङ्ग हो । देवकोटामा पासा खेल्ने सोख पनि थियो र खेल्दाखेल्दै टाट उल्टेपछि उनले कलम पनि दाउमा थापेको प्रसङ्गका साक्षी श्यामदास वैष्णव रहेको पाइन्छ । पौडी, पासा र सिनेमामा रुचि राख्ने, पैसा जितेपछि जिताउरी बाँड्दै रित्तो हात घर पुग्नेलगायतका देवकोटाको जीवनशैलीका अप्रकट प्रसङ्गहरूलाई पनि यस परिच्छेदमा समेटिएको छ । देवकोटाको थोत्रे साइकलसँगको मैत्रीको प्रसङ्ग र यात्रामा सारै रुचि रहेका कारण देवकोटा खड्गमान सिंहसँग पाल्पासम्म पुगेको प्रसङ्ग पनि यहाँ परेका छन् । गायनमा आफ्नो स्वरले साथ नदिए पनि देवकोटाले हार्मोनियममा शास्त्रीय राग अलाप्ने गरेका प्रसङ्गहरू पनि यहाँ समेटिएका छन् । यसरी देवकोटामा अन्तर्निहित उपर्युक्त रुचिको अस्वस्थकर अभ्यासले नै उनको ज्यानसमेत जोखिममा परेको निष्कर्ष यहाँ निकालिएको छ ।

'देवकोटाको आर्थिक अवस्था' शीर्षकको सातौँ परिच्छेदमा महाकविको आर्थिक अवस्थासँग सम्बन्धित कतिपय नयाँनयाँ तथ्यहरूलाई सार्वजनिक गरिएको छ । त्यस्ता तथ्यहरूले देवकोटाप्रति कतै सहानुभूति र कतै उपेक्षाभावसमेत प्रकट गराउँछन् । **देवकोटाको जीवनशैली**मा देवकोटाको दरिद्रतापूर्ण आर्थिक स्थितिको प्रस्ट चित्र प्रकट हुन आएको छ । आर्थिक सङ्कटका बेला नाङ्लोमा अड्किएका कनिका आफ्नी पत्नी मनदेवीले बटुलेका सन्दर्भबारे देवकोटा आफैँले टिप्पणी गरेका र उनको त्यस गरिबीको चित्र राजनारायण प्रधानले प्रस्तुत गरेको तथ्य एवम् देवकोटाको अव्यावहारिकताका कारण आर्जित धन जीवनसञ्चालनका क्रममा उनले यथोचित उपयोग गर्न नसकेको प्रसङ्ग कटु बनेर यस परिच्छेदमा उपस्थित भएको देखिन्छ ।

महाकवि देवकोटा डिल्लीबजारबाट मैतीदेवी सरेपछि उनले पैसा सापटी लिएर जथाभावी खर्च गरेको, कार्यालयबाट तलब लिएर आउँदा बाटैमा माग्नेहरूलाई बाँडेर तलब लिएको रकम स्वाहा पार्ने गरेको प्रसङ्गबाट देवकोटाको आर्थिक अव्यावहारिकताको पुष्टि भएको छ । पानी नहालेको दूध खाने अभिप्रायले किनेको लैनो भैँसी उचित संरक्षणको अभावमा हराएको प्रसङ्ग, देवकोटाका भानिज मामाघर आउँदा ओढ्नेओछ्याउने लुगा लिएरै आएको र उनी फर्किंदा आफूले ल्याएका लुगा मामालाई दिएर फर्किएका घटनाहरू देवकोटाका भानिज पद्मनाथ पौडयालका कथनले पुष्टि गरेका छन् । खास गरेर २००७ सालवरपरको मासिक दुई हजार आमदानी आजको मूल्यमा लाखौँ रुपियाँबराबरको व्यवहार धान्न सक्ने किसिमको देखिए पनि देवकोटाको कुनै पनि साँझबिहान सन्तोषजनक ढङ्गले बितेको थिएन । केटाकेटीलाई भातमा सितन जोर्न नसकेको मनदेवीको पीडा र चार दिनदेखि खानै नपाएको भन्ने देवकोटाको कथनले उनले जीवनमा भोगेबेहोरेको आर्थिक सङ्कटलाई पुष्टि गरेका छन् । कृष्णचन्द्रसिंह प्रधानसँग

भएको महाकवि देवकोटाको वार्ताले पनि देवकोटाको आर्थिक जीवनका अव्यवस्थालाई पुष्टि गरेको छ । आफ्ना छोराछोरी समाजलाई जिम्मा लगाई पतिपत्नी दुवै विषसेवन गरेर मर्ने भनी गरिएको सल्लाह अन्त्यमा पत्नीबाट समर्थन प्राप्त नभएका कारण उनीहरू नमरेको एउटा मार्मिक प्रसङ्ग पनि यहाँ आएको छ । एक दिन केदारमान व्यथित देवकोटाका घरमा आइपुग्दा देवकोटाले 'म मरिसकेको छु' भनेको सन्दर्भले पनि देवकोटाले खर्च गर्न र जीवनलाई व्यवस्थित गर्न नजानेका कारण उनको जीवन अस्तव्यस्त बन्न पुगेको कुरा सिद्ध गरेको छ ।

प्रस्तुत ग्रन्थको 'देवकोटाको जागिर र राजनीति' शीर्षकको आठौँ परिच्छेदमा महाकवि देवकोटाको जागिरे जीवनको चर्चा गरिएको छ । यसमा पनि कतिपय नयाँ र पुराना सूचना संयोजित छन् । यहाँ देवकोटाको जीवनको राजनीतिक सन्दर्भ पनि सार्वजनिक हुन आइपुगेको छ । नेपाली भाषानुवाद परिषद्मा देवकोटालाई नियुक्ति दिने कि नदिने भन्ने विषयको बहस, परिषद्मा नियुक्ति पाएपछि उनले देखाएको लेखाइको तीव्रताले सहकर्मीहरूमा पैदा भएको ईर्ष्या, देवकोटाको लेखनबाट परिषद्का अधिकारीहरूमा छाएको खुसी, भावुकतावश धेरथोर ढिलोचाँडो जेजस्तो अवस्थामा काम भए पनि उनको गुनलाई देखेर परिषद्मा गरिएको व्यवहारलगायतका अनेक प्रसङ्गहरू पनि यस परिच्छेदमा समेटिएका छन् । कुनै बेला देवकोटाकहाँ टचुसनको मारामार भएको र २०१२ सालतिर उनले कमर्स कलेजमा प्राध्यापन गर्न नियुक्ति प्राप्त गरेको प्रसङ्ग एवम् उनले शिक्षणकार्यमा इमानदारी देखाएको जस्ता विविध घटना र प्रसङ्गहरू पनि यहाँ नयाँ ढङ्गले प्रस्तुत भएका छन् ।

२००९ सालमा गठित सल्लाहकार समितिमा देवकोटालाई मनोनयन गरिएको र सो समितिमा एक्काइस जना सदस्य रहेको सूचना, तीमध्ये प्रखर वक्ता र तथ्यका आलोचकसमेत बनेका

देवकोटाको जीवनवृत्तसँग सम्बन्धित नयाँनयाँ आयामहरू यस परिच्छेदमा उद्घाटित छन् । सल्लाहकार सभाका सदस्यहरूले सदनमा हिन्दी बोलेको र त्यसलाई उचित नमानी देवकोटाले अङ्ग्रेजीमा भाषण गरेपछि सबैले नेपाली भाषामा नै छलफल गर्ने परम्परा कायम भएको प्रसङ्ग पनि यहाँ व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत भएको छ । देवकोटाको दृष्टिकोण सबल र मूर्त थियो भन्ने कुरा के.आई. सिंहको माफीका सन्दर्भबाट पुष्टि हुन्छ । वास्तवमा के.आई. सिंहको माफीको मूल कारण देवकोटाको आग्रह नै थियो । देवकोटाको आग्रहलाई आत्मसात् गरेर नै उनलाई मन्त्रिपरिषद्मा सामेल गरिएको तथ्य पनि यहाँ उद्घाटित छ । नेपाल एकेडेमीको सदस्य बनेपछि देवकोटालाई लेख्ने, पढ्ने र भ्रमण गर्ने छुट दिएको सन्दर्भसँग राजा महेन्द्र जोडिएको नयाँ तथ्य पनि यहाँ आएको छ । टङ्कप्रसाद आचार्यले देवकोटालाई मन्त्री बन्न गरेको अनुरोधसँग सम्बद्ध तथ्य पनि यहाँ नयाँ सूचनाका रूपमा समेटिएको छ । २०१४ सालमा भएको काङ्ग्रेसी आन्दोलनसँगको सम्बद्धता, सल्लाहकार समितिको गठन, देवकोटाको शिक्षामन्त्रीमा नियुक्ति, एकेडेमीको सदस्यमा नियुक्ति जस्ता उनको जीवनवृत्तसँग जोडिएका सन्दर्भ र अहिलेसम्म प्रकटमा आउन नसकेका उपर्युक्त थप सूचनाहरू यस परिच्छेदमा आएका छन् ।

'देवकोटाका सांस्कृतिक कार्य' शीर्षकको नवौँ परिच्छेदमा महाकवि देवकोटा लाइब्रेरी पर्वमा दण्डित बनेको र माफी पाएको प्रसङ्ग, सांस्कृतिक र साहित्यिक जागरणका निम्ति उनले गरेको प्रहसनको प्रस्तुतिको प्रसङ्ग, साहित्य परिषद्को गठन, नास्तिकद्वारा आयोजित कार्यक्रममा आस्तिक दर्शनको प्रवचन गरेर मक्ख पारेको प्रसङ्ग र देवकोटाकै आग्रहमा आयोजित नारायणप्रसाद अर्यालको पाखण्डविरोधी प्रवचनको सन्दर्भ पनि समेटिएका छन् । भारतको कोलकाताको हिमाञ्चल छात्रसङ्घ र नेपाल छात्रसङ्घको आयोजनामा सम्पन्न सभामा महाकवि देवकोटाले सम्बोधन गरेको अत्यन्त चर्चित

प्रसङ्ग, कोलकातामा प्रमुख अतिथि बनेर देवकोटाले दिएका प्रवचनका प्रसङ्गहरू पनि यस परिच्छेदका विषयवस्तु बनेका छन् । देवकोटाका वरिपरि गणेशमान सिंह, रामहरि जोशीजस्ता व्यक्तित्वहरू रहेका सन्दर्भहरू पनि यहाँ समेटिएका छन् । यसै गरी देवकोटाका सम्बन्धमा महापण्डित राहुल साङ्कृत्यायनका टिप्पणीहरू र देवकोटाका बारेमा भैरव अर्यालले गरेका चर्चाहरू एवम् लेखक सङ्घको स्थापनालगायतका सूचनाहरू पनि यहाँ नयाँ तथ्यका रूपमा उपस्थित छन् । त्यस्तै बालचन्द्र शर्माको सूचीमा सिफारिस नभएका लेखनाथ पौडयाल नेपाल एकेडेमीको सदस्यमा समावेश हुनै पर्ने भनेर देवकोटाले राजा महेन्द्रसँग अड्डी लिएको जस्ता सूचनाहरू पनि यहाँ निकै रोचक ढङ्गले प्रस्तुत गरिएका छन् ।

'देवकोटाका छोराछोरी' शीर्षकको दसौँ परिच्छेदमा महाकवि देवकोटाका जेठा छोरा प्रकाशको मार्मिक परिचय, आई.ए.को परीक्षा दिने तयारीमा रहँदा भएको प्रकाशको आकस्मिक निधनको प्रसङ्ग, देवकोटाका जीवनमा आइपरेको यो तेस्रो सन्ततिको शोक अत्यन्त पीडाप्रद बनेको र यसको शमनका लागि देवकोटा पाल्पामा गएर बसेको सन्दर्भ यहाँ नयाँ तथ्यका रूपमा प्रस्तुत भएका छन् । २००४ सालमा बनारस जाँदा "नजानुहोस् बुबा" भनेर माहिला छोरा कृष्णप्रसादले जुत्ता लुकाइदिएको र देवकोटा हिँडेको केही महिनाभित्र कृष्णको पनि निधन भएको मार्मिक प्रसङ्ग पनि यहाँ नयाँ सूचनाका रूपमा प्रस्तुत भएको छ । यसै परिच्छेदमा देवकोटाका छोराछोरीहरूको सविस्तार बयान गरिएको र उनकी सहधर्मिणी मनदेवी देवकोटाको स्वभाव अनि सबै छोराछोरीसँग सम्बद्ध अनेक रोचक र उत्प्रेरक प्रसङ्गले पनि यस परिच्छेदलाई जीवन्त पारेका छन् । साथै देवकोटाका ज्वाइँ, भान्जाभान्जी, नातिनातिनालगायतका सबै परिवारजनका स्वभाव, आचारव्यवहार, दु:खसुखलगायतका विषयसँग जोडिएका सूचनाहरू पनि यस परिच्छेदमा वर्णित छन् ।

यसरी हालसम्म चर्चामा आइनसकेका कतिपय नयाँ तथ्यहरूलाई प्रस्तुत परिच्छेदले अगाडि ल्याएको छ ।

'देवकोटाका प्रिय जन' शीर्षकको एघारौँ परिच्छेदमा देवकोटाको सम्पर्कमा आएका आफन्त, आत्मीय र हितैषी व्यक्तिहरूका बारेमा चर्चा गरिएको छ । देवकोटाको भलो चिताउने व्यक्तिहरू उनका अग्रजहरू पनि थिए, समान उमेरका पनि थिए र अनुज उमेरका पनि थिए । उनका अनुयायी मित्र जन पनि बन्थे र आशीषदाता प्रिय जन पनि बन्थे । यिनै कुराहरूको उपस्थापन गरेर लेखिएको प्रस्तुत परिच्छेदमा पनि अनेक नयाँनयाँ सूचना संयोजित छन् । सन्दर्भस्रोतकै अधिकार लिएर उपस्थित हुने व्यक्तित्वहरूमध्ये लेखनाथ पौडयाल, अनङ्गनाथ पौडयाल, मृगेन्द्रशमशेर राणा, ब्रह्मशमशेर राणा, बालकृष्ण सम, केदारमान व्यथित, गणेशमान सिंह, महेन्द्र वीरविक्रम शाह, माधव घिमिरे, ईश्वर बराल, जनकलाल शर्मा, रामहरि जोशी, श्यामदास वैष्णव, हरि श्रेष्ठलगायतका व्यक्तिहरूले देवकोटाको प्रियवर्यताको परिचय अगि सारेका छन् । देवकोटासँग अन्तरङ्ग मैत्री आर्जन गरेका प्रियजनहरू, आदरसत्कार र सम्मानबाट आराधित आदर्शजनहरू, देवकोटाका भाइबन्धुहरू, इष्टमित्र, विद्यार्थी, लेखक, कलाकर्मी, पत्रकारसमेतका हैसियतले प्रियता आर्जन गरेका जनहरू यस परिच्छेदमा उपस्थित छन् र उनीहरूमार्फत हालसम्म बाहिर नआएका नयाँ नयाँ सूचना र सोच एवम् सम्भावनाहरू यहाँ प्रस्तुत गरिएका छन् ।

'देवकोटाको नारीमोह' शीर्षकको बाह्रौँ परिच्छेदमा पनि देवकोटाको जीवनवृत्तका अनेक नयाँ सूचनाहरू समायोजित छन् । नारीलाई मातृरूपमा हेर्ने देवकोटाले भाउजूमाथि दाजुले सौता हालेपछिको पीडालाई दु:साध्य अनुभव गरेको प्रसङ्ग यसमा उपस्थित भएको छ । **मुनामदन**मा मुनालाई एवम् अन्य कतिपय कवितामा पनि वेश्यावृत्ति गर्न विवश बनाइएका महिलालाई, वियुक्त प्रेयसीलाई,

आमा, पत्नी, प्रिया, दिदी, बहिनी, छोरीलगायतका नारीहरूलाई समादरणीय दृष्टिकोणले हेर्ने महाकवि देवकोटाको आदरभाव यस परिच्छेदभित्र अत्यन्त महनीय बनेर प्रस्तुत भएको देखिन्छ । देवकोटाको जीवनीसँग जोडिएका यस्ता विविध सन्दर्भलाई उठाएर जीवनीकार नरेन्द्रराज प्रसाईले देवकोटालाई नारीवादी व्यक्तित्वको संज्ञा दिएका छन् । भारतको दार्जिलिङ पुग्दा देवकुमारी सिन्हालाई, घरमा रहँदा पत्नी मनदेवीलाई, रुसमा पुग्दा त्यहाँकी ल्यूदमिला आगानीनालाई हेर्ने देवकोटाको दृष्टिकोण पृथक् छ र नितान्त आफ्नै शैलीको रहेको छ । साथै पटना वा बनारसमा वेश्या बन्न विवश बनाइएका नारीलाई हेर्ने देवकोटाको दृष्टिकोण नारीवादी छ र 'एक सुन्दरी वेश्याप्रति' कविता उनमा अन्तर्निहित नारीमोहका रूपमा प्रस्तुत भएको छ ।

'देवकोटाको विदेशगमन' शीर्षकको तेह्रौँ परिच्छेदमा देवकोटाले नेपाललाई विदेशमा पनि परिचित तुल्याएका सन्दर्भहरू केही नयाँ र केही पुराना सूचनामा सम्पृक्त बनेर आएका छन् । देवकोटा खाली खुट्टा बनारस पुगेको र उनी काठमाडौँबाट हराएको हल्ला पिटिएको प्रसङ्ग यसमा उद्घाटित भएको छ । देवकोटाको बनारस निर्वासन, त्यहाँ उनले खाएको हन्डर, हिमाञ्चल छात्रसङ्घको निम्तोमा कोलकातामा अतिथि बनेर पुगेको र त्यहाँ उनले अङ्ग्रेजी, नेपाली, हिन्दी र बङ्गाली भाषामा भाषण दिएको अनि अल इन्डिया रेडियोमा कविता वाचन गर्न जाँदा त्यहाँ उनलाई होच्याएर पारिश्रमिक दिइएको हुन सक्ने सम्भावनाका कारण उनले सो पारिश्रमिक लिन अस्वीकार गरेको प्रसङ्ग पनि यहाँ उल्लेख्य बनेर आएका छन् ।

लेखनाथ पौडचाल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा दार्जिलिङ पुग्दा त्यहाँ उनीहरूलाई त्रिमूर्ति भनेर गरेको सम्मानको सन्दर्भ, सिक्किम पुग्दा देवकोटाले त्यहाँका राजालाई विषय बनाई अङ्ग्रेजीमा कविता लेखेर टक्र्याएको प्रसङ्ग पनि यसै परिच्छेदमा

समेटिएका छन् । एसिया र युरोपका विभिन्न देशहरूको भ्रमण गरेका बखत नेपालको बौद्धिक र प्राज्ञिक पहिचान गराउने अवसर पाएका देवकोटा सोभियत रूस र चीनको समाजवादी राजनीतिक संस्कृतिबाट राम्रै प्रभावित भएको सूचना यहाँ प्रस्तुत भएको छ । देवकोटा भारतको दिल्लीमा सम्पन्न एसियाली लेखक सम्मेलन र रूसको तासकन्दमा सम्पन्न लेखक सम्मेलनमा सहभागी हुँदा प्रक्षेपण भएको उनको प्रतिभाशाली प्राज्ञिक व्यक्तित्व पनि नयाँ सूचनाको पक्ष बनेर यहाँ प्रकट भएको छ । देवकोटा रूसमा जाँदा उपचारकै क्रममा सबै पैसा सकिएपछि उनले केही कविता र लेखहरू लेखेर त्यहाँको पत्रिकामा छपाएका थिए । यसबाट प्राप्त पारिश्रमिक जम्मा गरेर घर फर्किने खर्च जोडेको र बालबच्चालाई नाना, चाचा, पापा जोरजाम गरेको सन्दर्भ पनि यहाँ नयाँ सूचनाका रूपमा प्रस्तुत भएका छन् ।

'देवकोटाको अस्वस्थता' शीर्षकको चौधौँ परिच्छेदमा पनि कतिपय नयाँ सूचनाहरू आएका छन् । बाल्यकालदेखि नै अनेक खालका रोगसँग लड्दै आएका देवकोटा स्वभावका दृष्टिले पनि अनौठा थिए । पटनामा छात्रावासमा बसेताका नाकमा आफैँले औँला घुसाएर हल्लाएका कारण अधिक रक्तस्राव भई उनी थलिएका थिए । यसको उपचारबाट पनि बिसेक नभएपछि उनलाई काठमाडौँबाट लिन गएको प्रसङ्ग र यसै बेलादेखि उनको स्वभावमा असामान्य अवस्था उद्भासित भएका सन्दर्भहरू यस परिच्छेदभित्र नयाँ ढङ्गले प्रस्तुत भएका छन् । अस्वस्थताको उपचारका निम्ति कोलकाता पुगेका बेला देवकोटाकी पत्नी मनदेवीले पतिको स्वभाव असन्तुलित भएजस्तो लागेर कुरा गर्न खोज्दा देवकोटा रिसाएको र रोएको प्रसङ्ग यहाँ निकै मार्मिक रूपमा प्रकट भएको छ । देवकोटालाई सहयोग गर्ने उद्देश्यले कोलकाताको छात्रसङ्घले एक हजार रुपियाँ जुटाएको प्रसङ्ग एवम् बिरामी कुर्न बसेका आफ्नै स्वजनहरूले पैसा चोरेको टिठ लाग्दो प्रसङ्गसमेत यहाँ नयाँ सूचनाका रूपमा उपस्थित भएका छन् ।

देवकोटाले आफ्नो उपचारका निम्ति आर्थिक सहायता पाउन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासमक्ष अनुरोध गरेको र पैसा लिन धेरैपल्ट धाएपछि देवकोटाका हातमा जम्मा तिन सय रुपियाँ मात्र परेको दुःखद प्रसङ्ग पनि यस परिच्छेदमा चित्रित छ ।

'देवकोटाको राँचीबास' शीर्षकको पन्ध्रौँ परिच्छेदमा देवकोटाको त्यतिखेरको मनोदशालाई कथ्य बनाइएको छ र यसमा उनलाई राँची पुऱ्याइएका नयाँ र अनौठा प्रसङ्गहरूसमेत उद्घाटित भएका छन् । एकोहोरो भएर घरबाट बाहिर निस्केपछि घरीघरी हराएका देवकोटा प्रहरीको फन्दामा परेको प्रसङ्ग पनि यहाँ परेको छ । राँचीको औषधोपचारबाट स्वदेश फर्केपछि देवकोटाले केशवराज पिँडालीसँग आफू स्वस्थ भएर फर्केको र स्वस्थताको क्षणमा पनि आफूलाई पागल भन्नेहरू स्वयम् नै पागल हुन् भनेको बेहोरा पनि यहाँ निकै मार्मिक रूपमा व्यक्त भएको छ । देवकोटाको संवेगको हुङ्कारमा सिर्जित 'पागल' कवितामा उद्घाटन भएका प्रसङ्ग, २०१० सालमा 'आजकल' पत्रिकामा राहुल साङ्कृत्यायनले 'नेपाली महाकवि देवकोटा' भनेर चर्चा गरेका प्रसङ्गहरू पनि यहाँ उनको जीवनवृत्तका नयाँ साक्ष्य बनेर उपस्थित भएका छन् ।

'देवकोटाको प्राज्ञिक यात्रा' शीर्षकको सोह्रौँ परिच्छेदमा अध्ययन, चिन्तन र लेखन नै देवकोटाको समर्पणको विषय थियो भनी चर्चा गरिएको छ । उनमा नेपाली साहित्यको शैशव अवस्थालाई प्रौढता प्रदान गर्ने क्षमता रहेको कुरा पनि यहाँ विश्लेषित छ । आफ्नो शैक्षिक चेतना कलिलो छउन्जेल आफ्नै संस्कृतिलाई प्रिय मान्ने र परिपक्व भएपछि चाहिँ त्यसलाई हेला गरेर प्रकट हुने नेपाली चरित्रमाथि प्रहार गर्ने देवकोटाको अभिमतबारे यस परिच्छेदमा उल्लेख गरिएको छ । आफूमा निहित सिर्जनात्मक उँचाइलाई र लेखनगत आग्रहको स्वीकृतिलाई देवकोटाले उत्कृष्ट संवेदना प्रदान गरेको कुरा धेरै समीक्षक, अनुसन्धाता र अध्येताहरूले पुष्टि गरेको

सन्दर्भ पनि यहाँ प्रस्तुत छ । लेखनको अजस्र गतिलाई स्वैर कल्पनात्मक ढङ्गले प्रस्तुत गर्न सक्ने खुबी, महात्मा गान्धीजस्ता महापुरुषका बारेमा लेखिएका सनेटका उदाहरण, लेखनमा व्यस्त र व्यवहारमा अस्तव्यस्त रहने देवकोटाको सृजनाचेत प्राज्ञिक र प्रतिभाजनित नै हो भन्ने कुरा पनि यस परिच्छेदमा वर्णित छ । राहुल साङ्कृत्यायनको विश्लेषण, शरद्चन्द्र शर्मा भट्टराई, गोविन्द भट्ट र तारानाथ शर्माका टिप्पणी, खनुप्रुदे 'रामबाबु' प्रसाई, कुमारबहादुर जोशी र घटराज भट्टराईलगायतका लेखकहरूका विचार, माधव घिमिरे, चूडामणि बन्धु र राजेन्द्र सुवेदीका समीक्षण कार्यहरूबाट देवकोटाको प्राज्ञिक प्रतिभाको उँचाइको आकलन भएको कुरा यहाँ कथ्य बनेर आएका छन् ।

'देवकोटाको पत्रकारिता' शीर्षकको सत्रौँ परिच्छेदमा निकै नयाँ विषयहरू समेटिएका छन् । यसमा 'शारदा' कालमै देवकोटाले गरेका काम र 'साहित्यस्रोत'का निम्ति गरेको सहयोग, 'युगवाणी' तथा 'दर्शनविषयक पत्रिका' सँगको उनको सम्बद्धता पनि यहाँ आएका छन् । यसै गरी 'प्रगति' र 'इन्द्रेनी' पत्रिकासँगको आबद्धतालगायतका सूचनाबाट देवकोटाकालीन पत्रकारिताको स्थिति र पत्रकारिताप्रति उनको रुचिबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

**देवकोटाको जीवनशैली**को अठारौँ परिच्छेदमा 'देवकोटाको सम्मान' शीर्षकमा देवकोटाले आफ्ना जीवनमा प्राप्त गरेका सम्मान, सत्कार, आदर, कदर र पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । देवकोटाले जीवनकालमै प्राप्त गरेका सम्मान, आदर र कदरहरूका अतिरिक्त मरणोपरान्त उनले प्राप्त गरेका सम्मान, पुरस्कारको सूची र तिनको औचित्यबारे पनि यहाँ चर्चा गरिएको छ । यस परिच्छेदमा देवकोटालाई नेपाली साहित्यमा जसअपजस जेजति प्राप्त भए ती सबै विवरणहरू समेट्तै उनलाई सफल स्रष्टाका रूपमा स्थापित गरिएको छ ।

प्रस्तुत जीवनीको 'देवकोटाको स्वर्गारोहण' शीर्षकको उन्नाईसौँ परिच्छेदमा देवकोटाको असामयिक देहावसानबाट नेपाली समाजले अनुभूत गरेको दुःख एवम् उनको अवसानपछि नेपाली साहित्यजगत् टुहुरो बन्न पुगेको मार्मिक सन्दर्भ प्रस्तुत गरिएको छ । यस परिच्छेदमा पनि देवकोटाको जीवनका आखिरीतिरका र उनको देहावसानपछिका अनेकौँ सूचनाहरू समेटिएका छन् ।

'देवकोटाका कृति' शीर्षकको बीसौँ परिच्छेदले देवकोटाका सृजनात्मक तथा समीक्षात्मक कृतिहरूको सङ्क्षिप्त परिचय दिने प्रयत्न गरेको छ । यसमा देवकोटाका खण्डकाव्य स्तरका **समर्पण**देखि **तुषार वर्णन**सम्मका छत्तीसवटा कृति, **शाकुन्तल**देखि **पृथ्वीराज चौहान**सम्मका छवटा महाकाव्य कृति; लघु, मध्यम र लामो आकृतिका **श्री सीताराम पद्म विद्याश्रमको प्रार्थना**देखि **परी**सम्मका बालवयस्क गीत, कवितालगायतका सूचना प्रस्तुत गरिएको छ । कवितामा नाटकीय तत्त्व समायोजन भएका **कृषिबाला** र **सावित्री सत्यवान्**जस्ता नाटचकृतिको चर्चा पनि यहाँ प्रस्तुत छ । निबन्ध र प्रबन्धविधाका **लक्ष्मीनिबन्धसङ्ग्रह** र **दाडिमको रूखनेर** निबन्धसङ्ग्रह, अप्रकाशित नाटकमा **रजपूत रमणी**, आख्यानमा **लक्ष्मीकथासङ्ग्रह** र **चम्पा** उपन्यासका बारेमा पनि यस परिच्छेदमा चर्चा गरिएको छ । समालोचनामा पनि देवकोटाको कलम क्रियाशील थियो भन्ने कुरा **तरुण तपसी प्रदक्षिणा** र **स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा** शीर्षकको कृतिले र **आत्मसमीक्षा** जस्ता समीक्षासङ्ग्रहले स्पष्ट पारेका छन् । **द ब्यालेड अफ लूनी**, **बापु एन्ड अदर सनेट**, **शाकुन्तल**लगायतका सामग्रीले उनलाई अङ्ग्रेजी भाषाका सबल स्रष्टा सिद्ध गरेको कुरा पनि यहाँ चर्चा गरिएको छ । देवकोटा अङ्ग्रेजीका सामग्री नेपालीमा अनुवाद गरेर नेपाली साहित्यभण्डार सम्पन्न गर्ने स्रष्टा पनि हुन् भन्ने कुरा **प्रसिद्ध प्रबन्धसङ्ग्रह**, **म्याक्बेथ**, **उपहार** आदि अनूदित कृतिबाट सिद्ध हुन आउँछ । उनका **सुषमा**, **सुन्दरीजल**, **भक्तप्रह्लाद**,

**बुद्धचरित्र**, **भारतको इतिहास**, **नागरिक शास्त्र**जस्ता कृतिहरू अद्यापि अप्रकाशित अवस्थामा नै छन् भन्ने तथ्य पनि यहाँ उल्लेख गरिएको छ । साथै रामहरि जोशी र गोविन्द भट्टका कृतिमाथि लेखिएका अप्रकाशित भूमिकाहरू पनि यस प्रसङ्गमा उल्लेख गरिएका छन् ।

### ६. जीवनीसाहित्य लेखनको वर्तमान स्थिति

नेपाली जीवनीसाहित्य लेखनका सन्दर्भमा थोरै मात्र काम भएका छन् । मोतीराम भट्टले लेखेको **भानुभक्तको जीवनचरित्र** शीर्षकको कृति प्रकाशमा आएपछि जीवनी पनि साहित्यिक र समीक्षात्मक लेखन हो भन्ने कुरा नेपाली सृजनाजगत्मा प्रसारित हुन थाल्यो । त्यसपछि प्रभावकारी ढङ्गले पुस्तकाकार कृतिका रूपमा जीवनीमूलक कृतिहरू नआइरहेको अवस्थामा २०१६ सालमा देवकोटाको निधनपछि नित्यराज पाण्डेले **महाकवि देवकोटा** शीर्षकको कृति प्रकाशमा ल्याए । हरि श्रेष्ठले **देवकोटालाई सम्झेर** कृतिमा देवकोटाका बारेमा थोरै सङ्केतसम्म गरे पनि चूडामणि बन्धुको **देवकोटा** शीर्षकको ग्रन्थ आएपछि भने समीक्षात्मक जीवनीलाई पनि विशाल ग्रन्थस्तरमा प्रस्तुत गर्न सकिन्छ भन्ने धारणा

रामरी स्थापित भयो । त्यसो त नेपालीमा व्यक्तिवृत्तमा केन्द्रित लघु आयतनका लेखरचनाहरू जीवनीका नाममा प्रशस्तै प्रकाशित भएका पनि छन् ।

विभिन्न पत्रिकाका स्रष्टाविशेषाङ्कहरू प्रकाशित हुँदा सानातिना पाठहरू जीवनीखण्ड भनेर प्रकाशित गर्ने परम्परा नेपालीमा राम्रै ढङ्गले कायम रहेको छ । यसतर्फ **भानु** पत्रिकाले भानुभक्त आचार्यदेखि लक्ष्मीप्रसाद देवकोटासम्म केन्द्रित विशेषाङ्कहरू प्रकाशित गरेर राम्रो काम गरेको छ । **रचना** पत्रिकाले देवकोटा र भैरव अर्याल केन्द्रित विशेषाङ्क प्रकाशित गरेको छ । **उन्नयन** पत्रिकाले भवानी भिक्षु, केशवराज पिँडाली, मदनमणि दीक्षित विशेषाङ्क प्रकाशित गरेको छ । यी विविध पत्रिकाहरूमा सम्बन्धित स्रष्टाको धेरथोर

जीवनीवृत्त सशक्त ढङ्गले प्रस्तुत भएको देखिन्छ । स्मृतिग्रन्थका स्तरमा **मोतीराम भट्ट स्मृतिग्रन्थ**, **पहलमानसिंह स्वार स्मृतिग्रन्थ**, **पारिजात स्मृतिग्रन्थ**, **भीमनिधि तिवारी स्मृतिग्रन्थ**, **रुद्रराज पाण्डे स्मृतिग्रन्थ**, **बालकृष्ण सम स्मृतिग्रन्थ**, **हरिभक्त कटुवाल स्मृतिग्रन्थ** र **वल्लभमणि दाहाल स्मृतिग्रन्थ**लगायतका कृतिहरू आएका छन् र यिनले पनि जीवनीलेखनलाई उल्लेख्य गति प्रदान गरिरहेका बेला जयराज आचार्यद्वारा लिखित **यदुनाथ खनालको जीवनी** पनि प्रकाशमा आएको छ । त्यसै गरी नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सम्पादनमा **एउटा अमर प्राज्ञ : बालकृष्ण सम**, **ईश्वर बराल : कृति र कीर्ति**, **ईश्वरवल्लभ : आयाम र आकृति**, गणेशप्रसाद शर्माको स्मृतिमा **गणेश गुरु : साधनादेखि समाधिसम्म** आदि ग्रन्थहरूले पनि सम्बद्ध व्यक्तित्वहरूको जीवनीलाई अघि सारेका छन् ।

**७. समापन**

नेपाली जीवनीसाहित्यलाई परिमाण र गुणस्तरका दृष्टिले समेत गति दिने क्रममा ग्रन्थस्तरका जीवनी मात्र पनि दर्जनको सङ्ख्यामा पुऱ्याउन लागेका नरेन्द्रराज प्रसाईको जीवनीलेखनले **देवकोटाको जीवनशैली**मा आइपुग्दा जीवनीसाहित्यलाई उत्कर्षता प्रदान गर्ने हैसियत प्राप्त गरेको छ । प्रस्तुत कृतिले सम्बद्ध स्रष्टाका सृजनालाई केन्द्रमा राखेर स्रष्टाको जीवनीमा जोडिन आएका सबै झिनामसिना कुराहरूलाई औपन्यासिक ढङ्गले समेट्ने काम गरेको छ । साथै सम्बद्ध स्रष्टाको जीवनीका सहायक पक्षका रूपमा थपिन आएका अन्य व्यक्ति तथा पर्यावरण र परिस्थितिले जन्माएका विविध पाटाहरूलाई मूल व्यक्तित्वसँग सहज संवेद्य बनाएर यस ग्रन्थले प्रस्तुत गरेको छ ।

कुनै पनि स्रष्टाको व्यक्तिगत जीवन सामाजिक व्यक्तित्व बनेर पाठकजगत्मा पुग्दा एउटा आकर्षक र प्रभावकारी सामाजिक यथार्थवादी उपन्यास बनेर उपस्थित हुन सक्छ भन्ने कुरा **देवकोटाको जीवनशैली**ले


सिद्ध गरेको छ । त्यस्तै सम्बद्ध स्रष्टाका जीवनका विभिन्न ऊहापोह र क्षति, प्राप्ति, सफलता, विफलता प्रस्तुत हुँदा जीवनीले चिन्तनप्रधान उपन्यासको रूप लिन सक्दछ भन्ने कुरा पनि यस ग्रन्थले सिद्ध गरेको छ ।

**देवकोटाको जीवनशैली**मा भाषिक सीप र विषयवस्तुको विन्यास एवम् सङ्गठनको ढाँचा रेखीय ढङ्गबाट प्रस्तुत भएको छ । प्रस्तुतीकरणमा लेखक नरेन्द्रराज प्रसाईको आफ्नै किसिमको शैली छ । त्यही आकर्षक शैलीमार्फत जीवनीकार प्रसाईले यस कृतिलाई औपन्यासिक कला प्रदान गरेका छन् । देवकोटाको नायकत्वमा निर्माण भएको र एउटा बहुविध आयाम समेटिएको कारुणिक उपन्यासका रूपमा **देवकोटाको जीवनशैली** तयार भएको छ । यसरी जीवनवृत्तलाई औपन्यासिकीकरण गर्ने प्रयत्न हुनु र यस दिशामा लेखकले सफलता प्राप्त गर्नु प्रस्तुत कृतिको सबभन्दा ठूलो उपलब्धि हो ।

# शताब्दी पुरुष : सत्यमोहन जोशी

## १. विषय प्रवेश

समीक्षात्मक जीवनी लेखनका क्षेत्रमा परिचित बनेका नरेन्द्रराज प्रसाईको **शताब्दी पुरुष सत्यमोहन जोशी** (२०७२) नामक कृति प्रकाशनमा आएको छ । उनका एकै ग्रन्थमा अनेक व्यक्तिका जीवनी पनि तयार छन् र सिङ्गै ग्रन्थमा एकै व्यक्तिका जीवनी पनि तयार भएका छन् । प्रस्तुत कृति प्रसाईको एकल व्यक्तिको जीवनी लेखनका आधारमा तयार भएको ग्रन्थ हो । यस कृतिलाई केन्द्रमा राखेर विमर्श गर्दा प्रसाईको यो एघारौँ कृतिका रूपमा प्रकाशमा आएको छ । यस कृतिमा व्यक्ति सत्यमोहन जोशी संस्था सत्यमोहन जोशी बनेका सन्दर्भहरू जोशीको जीवनकालमै समाजमा स्थापित बनेको स्थिति यहाँ उपस्थापन भएको पक्ष यहाँ उपस्थित देखिन्छ । जोशी जीवन कालमै मथकीय बिम्ब बनेका सन्दर्भहरू पुष्टि हुने अनेक तथ्यहरू प्रस्तुत कृतिमा विषय बनेर आएका छन् । प्रसाईका यस कृतिले जोशीलाई जीवित अवस्थामै मिथ



बनाएको छ र उनको व्यक्तित्व संस्थाका रूपमा आरोहित बन्न सफल बनेको कुरा पनि सिद्ध भएको छ । व्यक्तिका जीवनका अनेक सन्दर्भहरू संस्थाको तह प्राप्त गर्न सक्छन् भन्ने कुरा पनि यस कृतिमा स्थापना गरिएका जोशीको जीवनीले गरेको छ । नेपाली तथा नेपाल भाषा र ती भाषका साहित्य, संस्कृति, कला र इतिहासका विविध आयाम तथा तिनका अनेक कोण र पक्षहरू यस कृतिमा लेखकले सहज र स्वाभाविक रूपमा प्रकट गरेका छन् ।

समीक्षात्मक जीवनी लेखनको प्रतिनिधि बिम्ब बन्दै गएका प्रसाई समकालीन नेपाली जीवनी साहित्य लेखनका सन्दर्भमा विषयको चयन र त्यसको स्थापना, सृजनात्मक चिन्तन तथा शब्दचित्रको अङ्कन कला, चित्रका पृष्ठाधारमा रहने भूमि र त्यसको पर्यावरणको चयनमा पनि सफल देखिएका छन् । यो विशेषता जीवनी लेखनको दर्शन पनि हो । एउटा कुनै दृश्यको समुचित विन्यासका निम्ति आवश्यक पर्ने स्थानीय रङ्ग, त्यसको सूचना दिने महक र त्यसका परिवृत्तमा आउन सक्ने परिवेशगत बिम्बहरू प्रसाईका जीवनी लेखनलाई सृजनात्मक कला प्रदान गर्ने तत्त्वका रूपमा उपस्थित बनेका हुन्छन् । प्रसाईका जीवनी लेखनमा चलचित्रीय छायाङ्कन कलाको 'सट्' झैँ पाठकका मस्तिष्कीय पटमा अङ्कित बन्ने दृश्यका रूपमा स्थापित गर्ने प्रसाईको लेखन कला सक्षम बनेको छ । शब्दमा बिम्बाङ्कन गर्ने कलामा समक्ष बनेका जीवनीकार प्रसाईको कलमले व्यक्तिको जीवन्त बिम्ब शब्दका कोण कोणमा प्रकट हुन आइपुग्छन् । यो विशेषता जीवनीकारको सृजनात्मक जीवनी लेखनको सफलता हो । यिनै विशेषताहरू प्रसाईको जीवनी सृजन कर्ममा सार्थक भएर प्रकटमा आएका छन् ।

### २. **ग्रन्थको विषय र त्यसको विन्यास**

प्रस्तुत ग्रन्थ सत्यमोहन जोशीका पितृ तथा मातृवंशका पुर्खाहरूको स्थितिबाट लेखनको समारम्भ भएको छ । जोशीका पिताको

स्थितिको सन्दर्भ र उनको जन्म एवं शिक्षा दीक्षा आदिका स्थितिको निरूपण गरेर जीवनको स्थिति पहिल्याने काम यहाँ विषयको रूपमा प्रकट भएको छ । लेख्य व्यक्तिले भोगेका भौतिक तथा मानसिक तनाउ र जीवनका उहापोहहरू लेखन र जागिरे जीवनका प्रश्नहरू राजनीतिक तथा सांस्कृतिक प्रभावका संवेदना तथा सूचनाका प्रश्नहरू उनमा आएको लोकसाहित्यका चिन्तनका स्थितिहरू देश विदेशको भ्रमण यहाँ जीवनका विषय बनेर आएका छन् । जागिरको अवकास, उनको स्वदेशभित्रको यात्रा, प्रज्ञाप्रतिष्ठानको पद प्राप्ति, नेपाली समाजका सांस्कृतिक चाडपर्व, नाटक तथा साहित्यिक सृजना चिनको स्वेत चैत्य र अरनिकोको अन्वेषण, विभिन्न विशिष्ट प्रतिभाका रचनाको अनुवाद र वैदेशिक सांस्कृतिक चेतनाको अभ्युत्थान लगायतका विषयहरू जोशीको जीवनसँग जोडिएका छन् । नेपालको पुरातात्त्विक ज्ञानको उद्घाटन र राष्ट्रिय मुद्रा अन्वेषणको मोह नेपाली तथा नेपाल भाषाप्रतिको निष्ठा आदिका कारण सुदीर्घ सांस्कृतिक सेवाका कारण उनले पाएको सम्मान उनले प्रौढता तथा वार्द्धक्य जीवनमा गरेका कामको लेखाजोखा यस कृतिको मुख्य विषय बनेका छन् । यसरी विभिन्न विषयको स्थापनाका कारण नेपाली समाजले प्राप्त गरेका योगदानका पक्षहरू पनि यस कृतिका विषय बनेका छन् ।

प्रस्तुत ग्रन्थ जम्मा तिन खण्डमा तयार भएको छ । ती तिन खण्डमध्ये पहिलो खण्डमा औपचारिक रूपमा प्रस्तुत गर्नै पर्ने विषय भूमिकाका दुई सन्दर्भ र लेखकीय सन्दर्भसमेत तिनओटा रचना मात्र समावेश गरिएका छन् । दोस्रो खण्डमा १ देखि २७ सम्मका जम्मा सत्ताइसओटा अध्यायमा जोशीको जीवनवृत्तमा केन्द्रित समग्र विषयको व्यवस्थापन गरिएको छ । गन्थको उत्तर सन्दर्भमा जम्मा तिनओटा प्रकरण परिशिष्टका रूपमा रहेका छन् । जोशीको जन्मकुन्डली, जोशीको हस्तरेखा र जोशीको वंशावलीसमेत यस खण्डमा समावेश भएका छन् । यसरी प्रस्तुत ग्रन्थ जम्मा तिन खण्डमा मात्र व्यवस्थापन

गरिएको छ । प्रस्तुत ग्रन्थको मध्य भागमा रहेका २७ शीर्षकका विषयहरूलाई जीवनी चिन्तनका आधारमा विवेचना गर्ने क्रममा यो समीक्षा तयार भएको छ । जीवनी सिद्धान्तका प्रश्नहरू पनि यहाँ केही हदसम्म विवेचित बनेका छन् । यिनै विषयलाई केन्द्रमा राखेर विवेचना गर्ने दिशातर्फ उन्मुख हुनु वाञ्छनीय देखिन्छ ।

**३. कृतिका प्रमुख सन्दर्भको विवेचना**

(क) प्रस्तुत ग्रन्थको पहिलो सन्दर्भ 'सत्यमोहन जोशीका पुर्खा' शीर्षकमा जीवनी सन्दर्भलाई विषय बनेर प्रस्तुत भएको छ । नेवार संस्कृतिका वंशाणुगत संवेदना र उपत्यकामा यिनीहरूको समुपस्थिति, उपत्यकाका विभिन्न स्थानहरूमा भएको नेवारहरूको आवास र त्यसले पारेको स्थानीय कला तथा सांस्कृतिक निर्मितिको प्रभावको संवेदना यस प्रकरणको विषय बनेको छ । आजको नेपालको राजधानी काठमाडौँमा रहेको संवेदनशील सांस्कृतिक आरम्भ र त्यसका निरन्तरताको प्रश्न पनि यहाँ विषय विन्यास भएको अवस्था छ । नैष्ठिक र सदाचारी व्यवहारमा हुर्केका सत्यमोहन जोशीका पुर्खाहरूको सांस्कृतिक सदाचार यहाँ विषयको उठानका आधारमा स्थापित बन्न पुगेको अवस्था विद्यमान रहेको देखिन्छ । ब्राह्मणको संस्कार पाएका जोशी परिवारमा वैदिक सनातनताको प्रभाव जीवन्त थियो भन्ने कुरा पनि यस उठानका प्रकरणले पाठक समक्ष उपस्थापन गरेको कुरा यहाँ सिद्ध भएको देखिन्छ ।

(ख) ग्रन्थको यस दोस्रो भागको दोस्रो प्रकरण 'सत्यमोहन जोशीका बुबा' शीर्षकको पाठमा समावेश गरिएको छ । जोशीका पिताजी शङ्करदास जोशीका पक्षहरूका प्रश्नहरू यहाँ उपस्थिति रहेको छ । नेपाली समाजको इतिहासमा शासक रहेका राणाहरूको दरबारका नजिक रहेका व्यक्तित्व रहेका थिए । शङ्करदास जोशी मोहनसमसेर राणाको दरबारमा डिट्ठासम्मको पद बहाली गरेको स्थिति, उनले बटु टोलका वैद्य परिवारकी चेलीसँग पाणिग्रहण गरेको

सन्दर्भ, शङ्करदासले ज्योतिष विद्या आर्जन गरेको र गणित तथा फलित ज्योतिषका पक्षहरूमा समर्पित रहेको प्रश्न पनि यहाँ विषयका रूपमा उपस्थापन गरिएको सन्दर्भ प्रकटमा ल्याएको देखिन्छ । १९५२ सालमा जन्मेका शङ्करदास जोशी २०३० सालमा ७८ वर्षको जीवन भोगेर, आफ्नो सांस्कृतिक प्रचलन अनुसार बुढोपास्नीको पनि कार्य सम्पन्न गर्न भ्याएर निर्वाण प्राप्त गर्न पुगेको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । शङ्करदास जोशी नेपाली समाजमा अर्जित संस्कृतिका अनुयायीका रूपमा देखिएका छन् । नेपाली जीवनको सांस्कृतिक प्रतिष्ठालाई संरक्षण गरिनु पर्ने संस्कृति हो भन्ने कुरा बुझेका परिवार सत्यमोहनको पुर्ख्यौली संस्कृति थियो भन्ने कुरा यस प्रकरणले सिद्ध गरेको छ ।

(ग) कृतिको तेस्रो प्रकरण 'सत्यमोहन जोशीको जीवनारम्भ' शीर्षकमा लेखिएको छ । शैशव कालको स्थितिमा उनी निकै सुस्त अवस्थाको बालख थिए । ७/८ वर्षको उमेरसम्म नेपाली भाषामा बोल्न नसक्ने अवस्थामा रहेका जोशीमा नेवारी भाषाको प्रभाव व्यापक थियो । नेवारी प्रभाव रहेका पारिवारिक वातावरणमा हुर्किंदै गरेका कारण उनले नेपाली भाषा बोल्न नसक्ने स्थिति रहेको सन्दर्भ पनि यहाँ प्रसाईले उल्लेख गरेका छन् । घरमै अक्षरारम्भ गरेको र शिक्षामा पनि समाहित भएको सन्दर्भलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् । बिहाको सन्दर्भ पनि निकै औपन्यासिक ढङ्गले प्रकट गरेका छन् । १९ वर्षको उमेरमा पनि लजालु स्वभावका जोशीका स्थितिहरूको प्रस्तुति, जोशीको बिहा १९ वर्षमा हुँदा पनि लज्जाको स्थिति पनि यहाँ उपयोग गरिएको देखिन्छ । तिन छोरा र तिन छोरीका पिता बनेका जोशीको जीवन पारिवारिक आधारमा सम्पन्न अवस्था पनि यसै अध्यायमा वर्णित बनेको देखिन्छ । जोशीकी पत्नी राधादेवीको आचार व्यवहार पनि यहाँ वर्ण्य विषयका रूपमा सार्वजनिक बन्न पुगेको देखिन्छ । यहाँनिर शिक्षा दीक्षाको विषय आउनुभन्दा

पहिले नै विवाह र पारिवारिक जीवनको चर्चा आएकाले विषयक्रममा व्यत्यय भएकै हो कि भन्ने स्थिति उद्भाषित बन्दछ ।

(घ) कृतिको चौथो प्रकरण 'सत्यमोहन जोशीको शिक्षा' शीर्षकमा पाठक समक्ष प्रस्तुत भएको छ । यस प्रकरणमा जोशीले आर्जन गरेको शिक्षाको सन्दर्भ बनेर आएको छ । दरबार हाइस्कूलको विद्यार्थी रहेकै बेला जोशीका मानसिक तहमा परेका साहित्यिक अभिवृत्ति चेतले जोशीलाई नेपाली साहित्यप्रतिको समर्पण र आकर्षणको भाव मुखर बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । लेखनाथ, धरणीधर आदिका कविताप्रतिको अनुरागले जोशीलाई साहित्यतर्फको झुकाउका प्रश्नहरू यहाँ विषयका रूपमा वर्णित छन् । उनका शिक्षकहरूको प्रभाव र उनका अभिव्यक्तिको सम्मान र आदर प्रकट गर्ने काम यहाँ जोशीको विद्यार्थी जीवनले प्रकटमा ल्याएको छ । विद्यालयको जीवनमा सानातिना गल्तीको ठुलै सजाय पनि जोशीले पाउने गरेका थिए । यस स्थितिलाई सामना गरेको सजाय बनेको देखिन्छ । यस सन्दर्भलाई पनि अवस्थाले सिद्ध गरेको देखिन्छ । उनका स्कूलको जीवनका र कलेज जीवनका पनि अनेक रोमान्सेली सन्दर्भहरू पनि यस प्रकरणका विषय बनेका छन् । १९९८ सालमा आइपुग्दा नेपालमा भएको सहिद काण्डको भयावह स्थिति पार गरिसकेका र प्रमाणपत्र तहको परीक्षा पनि उत्तीर्ण गरिसकेका परिपक्व विद्यार्थीका रूपमा उनको आचार व्यवहार र चरित्र स्थिरीकृत बन्दै गएको सन्दर्भ यस प्रकरणले सिद्ध गरेको छ ।

(ङ) जीवनी ग्रन्थको पाँचौ प्रकरण 'सत्यमोहन जोशीको जीवनकालमा दुई महाभूकम्प' शीर्षकमा प्रस्तुत भएको छ । तर यहाँ शीर्षक भूकम्पमा मात्र केन्द्रित रहेको भए पनि यस प्रकरणमा १९९० सालको भूकम्पले जोशीको मानसिक तहमा पारेको चोट, त्यसले आफ्ना परिवेशमा पारेका दुष्प्रभाव, पारेको आघात र त्यसका प्रभावमा परेको उनको पारिवारिक तथा स्वजनहरूमा परेको चोटको सन्दर्भ

पनि यहाँ समेटिएको छ । २०७२ सालमा आएको भूकम्पले जस्तो स्थिति सृजना गऱ्यो र त्यसको प्रभाव पनि नकारात्मक स्थितिका आधारमा आकलन गर्नु पऱ्यो त्यो सबै हाम्रा काबु बाहिरको अज्ञात र महाशक्तिको प्रभाव हो । यी सबै संवेदनाकै नियन्त्रणमा मात्र रहने स्थिति हो भन्ने उनमा भएका बोधलाई यहाँ जीवनीको अङ्ग बनेर आएको देखाइएको छ । १९९० सालमा भोगेका महाभूकम्प उनका हकमा काठमाडौँमै थियो र २०७२ सालको भूकम्प पनि यही काठमाडौँकै पर्यावरणमा भोगिएको भूकम्प थियो । यस भूकम्पका प्रताडनाका आधारमा नेपालको नयाँ निर्माण कार्य हुनु पर्छ भन्ने उनको अठोटलाई पनि यहाँ आफ्नो जीवनीको सन्दर्भ बनेर आएको बाध सत्यमोहन जोशीमा भएको कुरा यस प्रकरणमा प्रकट भएको छ ।

(च) ग्रन्थको छैटौँ प्रकरण 'सत्यमोहन जोशीको साहित्य प्रवेश' शीर्षकमा तयार भएको छ । साहित्यमा प्रवेश भएको जोशीको समय उनको जीवनको दोस्रो दशकको अन्ततिरको अवस्था थियो र उनको महाविद्यालयमा अध्ययन गर्दै गरेको जीवनकाल थियो । यस कालमा कोश तथा आख्यानकार पुष्करशमशेर राणा, कवि तथा महानाटककार बालकृष्ण सम, कवि तथा निबन्धकार लक्ष्मीप्रसाद देवकोटा, स्रष्टा बदरीनाथ भट्टराई, कवि माधव घिमिरे, श्यामदास वैष्णवजस्ता प्रतिभा गुरु र गुरुतुल्य स्रष्टा व्यक्तित्वको उपस्थितिमा जोशीको चरित्र निर्माण भएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । कविता तथा निबन्ध सृजनाको प्रभाव परेका कारण उनले पनि कविता लेखेर अग्रज र समाजहरूलाई देखाउने । अनुजहरूसँग पनि सल्लाह लिने काम गर्न लागेको सन्दर्भ यस प्रकरणको विषय बनेको देखिन्छ । कलेज जीवनकालमा देवकोटा तथा समहरूसँग गरेका सङ्गतका कारण आफूमा पनि प्रतिभा उद्बोधित बन्दै गएको सन्दर्भ जोशी स्वयंले स्विकारेका पक्षहरूलाई यहाँ विषय

बनाइएको स्थिति प्रस्तुत छ । जोशीमा अभ्यास र गुणग्राहिता नितान्त मित्रवत् चेतनामा प्रवाहित थियो भन्ने कुरा यस प्रकरणका आशयले सिद्ध गरेको छ ।

(छ) ग्रन्थको सातौँ प्रकरण 'सत्यमोहन जोशीको जागिरे जीवन' शीर्षकमा तयार गरिएको छ । २००० सालमा स्नातक तहको परीक्षा पास गरिसकेका स्थितिमा **गोरखापत्र**को सूचनाका आधारमा द्रखास्त दर्ता गर्न पुगेका जोशी प्रतियोगितामा वैकल्पिक उम्मेदवारमा उत्तीर्ण बने । उनीभन्दा पहिलो नाम निस्किएका उम्मेदवार अध्ययनका निम्ति बाहिर जाने भएका कारण खाली भएका ठाउमा जोशी हाजिर हुन पुगेको सन्दर्भ यहाँ विषय बनेको छ । त्यतिखेरको चलन अनुसार श्री तीनमा मोहोर सिक्का राखेर ढोग गरेर जागिरमा आफ्नो सहमति रहेको जनाएको कुरा यस प्रकरणमा उल्लेख भएको छ । पहिलोपल्ट 'औद्योगिक समाचार सङ्ग्रह अड्डा' मा हाजिर भएका जोशी तोकिएको क्षेत्रमा खटिएर तनहुँमा काम गर्न पुगेको सन्दर्भ यहाँ विषय बनेको छ । त्यतिखेरको तलब सुविधाबाट काटिने करबाट बँचेको रकमले घरखर्च चलाउनु परेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । जागिरे जीवनमा तनहुँ पुगेका जोशी त्यहाँ बिरामी परेको अवस्था निकै भयप्रद बनेको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको अवस्था देखिन्छ । तत्कालीन अवस्था अनुसार खरदारी पदमा रहेका जोशीको उपचारका निम्ति उनका मातहतका कर्मचारीले पोखरा पुऱ्याएपछि उनी स्वस्थ भएका थिए भन्ने सन्दर्भ समेत यहाँको विषय बनेको छ ।

जोशीको काम भने जनताको आर्थिक, सामाजिक र सांस्कृतिक स्थिति सर्वेक्षण गनु पर्ने विषयमा केन्द्रित थियो । नेपाली समाजको सांस्कृतिक सामाजिक र आर्थिक स्थिति पनि उनको सर्वेको विषय बनेको थियो । २००० सालतिरै सेवा प्रवेश गरेका जोशीको जागिरे जीवनमा निकै जटिल विषय बनेर २००७ सालको क्रान्ति आयो । काठमाडौँको आवागमन, जागिरको जिम्मेदारी, २००९ सालपछि

सर्वेकै क्रममा पूर्वी नेपालतर्फको यात्रा, दौलतविक्रम र आफूससमेत धनकुटा र तेह्रथुमसम्म पुगेको स्थिति र त्यहाँको अवस्था समेत जोशीबाट सर्वे भएको सन्दर्भ यहाँ विषय बनेको छ । २०११ सालतिर आउँदा जोशीले नेपालको पूर्वी तथा पश्चिमी क्षेत्रमा भएको सर्वेको प्रतिवेदन केन्द्रमा बुझाएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । २०१३ सालतिरबाट आरम्भ भएको व्यवस्थित योजनाको कार्यलाई गति दिने सरदार भीमबहादुर पाण्डेको निर्देशनमा काम गरेको जोशी २०१३ सालमा चौथो विश्व बौद्ध सम्मेलनको आयोजक र सहभागी समेत बन्न पुगेका देखिन्छन् । भिक्षु अमृतानन्दको नेतृत्वमा धर्मोदय सभाको आयोजनामा हुने वैठकमा भाग लिन २०१३ सालमा नै चीन पुगेका जोशीको स्थिति राष्ट्रिय स्तरबाट विश्वस्तरतर्फ उन्मुख बन्दै गएको अवस्था पनि यहाँ वर्णित विषय छ । त्यस समयमा नेपालमा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा सरकार चलिरहेको थियो । यसै सरकारको सिफारिसमा उनी चीन पुगेको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

(ज) यस कृतिको आठौँ प्रकरण 'सत्यमोहन जोशीलाई पर्चाको आरोप' शीर्षकमा लेखिएको छ । २००७ सालमा जागिरकै क्रममा पश्चिम जाने क्रममा रक्सौलमा पुग्दा क्रान्तिका योद्धाहरू त्यस क्षेत्रलाई बिन्दु बनाएर द्वन्द्वको तहमा जुटेको अवस्था थियो । यस अवसरमा उनको त्यहाँ जम्काभेट हुन पुग्यो । समग्र जनता राणाको विरुद्धमा जुटेका बेला जागिर खाएर राणाहरूका योजना सफल पार्न मिल्दैन । तपाईंहरू क्रान्तिमा जुट्नुहोस् भन्दै आग्रहसाथ तपाईंहरू फर्किनुहोस् भनेपछि आ–आफ्नै उद्देश्यतर्फ लागेको सन्दर्भ पनि यहाँ वर्णित विषय बनेको छ । २००७ सालको क्रान्तिले निष्कर्ष पाएर २००९ सालमा आएपछि मात्र फेरि जनसङ्ख्या सर्वेले निरन्तरता पाएको थियो । २००३ सालमा गठित कङ्ग्रेस र २००६ सालमा गठित कम्युनिस्ट पार्टीको सक्रियतामा भएको ०७ सालको आन्दोलनले

पाएको निकासका कारण मुलुकमा प्रजातन्त्रको स्थापना भएको सन्दर्भ पनि यहाँ विषय बनेर आएको छ । वीरगन्ज र रक्सौलमा भेट भएका मुक्तियोद्धाहरूको गतिविधिका आधारमा जोशीलाई राणा विरोधीका आरोपमा कार्यवाही हुने स्थिति पनि ऊन्डै आएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ ।

(ऊ) यस ग्रन्थको नवौँ प्रकरण 'सत्यमोहन जोशीको लोकसाहित्यमा रस' शीर्षकमा तयार भएको छ । नेपाली साहित्यको परिवृत्तमा लोकसाहित्यको महिमा बोध गरेका सन्दर्भलाई केन्द्रमा राखेर गरिएका प्रयासलाई यहाँ विषय बनाएको देखिन्छ । लमजुङ, तनहु र कास्कीका ग्रामीण भेगमा युगौँदेखि जनजिब्रो जीवन्त रहेका लोकगीत, लोककविता, लोकनाटक र जनचर्यामा रहेका लोकनृत्य, लोककथा र गाथाहरूको विशेषतालाई निधिका रूपमा स्विकार्ने र तिनको संरक्षणमा जुट्नु पर्नेतर्फ ध्यान दिने जोशीमा आविर्भाव भएका लोकसाहित्यको संवेदना यहाँ विषयका रूपमा उपस्थापन भएको देखिन्छ । उनले आफ्नो कार्यक्षेत्र बनाएका त्यस क्षेत्रका सामाजिक तथा राजनीतिक र सांस्कृतिक व्यक्तित्वका सहायताका कारण जोशीमा सांस्कृतिक निधिको अन्वेषण र संरक्षण गरिनु पर्ने स्थिति पनि यहाँ उनको जीवनको अङ्गका रूपमा प्रयोग भएको छ । लोकगीतको गायन, लोककथाको वाचन र लोकनृत्यको नर्तन पद्धति पनि यहाँ विषयका रूपमा प्रयोग गरिएको सन्दर्भ प्रस्तुत प्रकरणको विषय बनेको छ ।

(ञ) कृतिको दशौँ प्रकरणमा उनको पहिलो विदेश भ्रमणको वृत्तान्त 'सत्यमोहन जोशीको न्युजिल्याण्ड भ्रमण' शीर्षकमा समेटिएको छ । यस सन्दर्भले नेपालको राष्ट्रिय पहिचान, सांस्कृतिक तथा प्राकृतिक स्थितिको परिचय विदेशमा प्रक्षेपित भएको अवस्था प्रकटमा आएको छ । जनसङ्ख्या सम्बन्धी प्राविधिक विषयमा प्रशिक्षित बन्ने उद्देश्यले न्युजिलेन्ड पुगेको एक्लो पहिलो नेपाली सगरमाथा आरोहणको विषयलाई

र सगरमाथा सिङ्गैलाई साथ लिएर त्यहाँ पुगेको बोध जोशीलाई भएको थियो । यसै विषयलाई यहाँ जोशीको जीवनीको एक अङ्गका रूपमा स्विकारिएको छ र यस अवस्थाले यहाँ विषयको रूप प्राप्त गरेको छ । ऋतुचक्रका आधारमा न्युजिलेन्ड मौसुम यहाँको ठिक छ महिना विपरीत रहने सन्दर्भको स्थिति र आफूले त्यहाँको जाडोलाई अपत्यारो हिसाबले आँकेका कारण प्रकृतिसँग जुध्नु परेको सन्दर्भ पनि यहाँ कृतिको विषय बनेर आएको छ । तेन्जिङ शेर्पा र एडमन्ड हिलारीले सगरमाथा विजय गरेर विश्वकीर्तिमान कायम गरेको स्थितिलाई विश्वचर्चित बनाइरहेको अवस्था पनि यहाँ जीवनीको अङ्गका रूपमा वर्णन गरिएको छ । त्यस प्रशिक्षणबाट प्राप्त गरेको ज्ञान जोशीको व्यक्तिगत जीवनलाई मात्र होइन समग्र नेपाली समाजलाई नै वरदान सिद्ध भएको कुरा पनि यहाँ विषयका रूपमा स्थापित बनेको छ ।

(ट) जविनी ग्रन्थको दसौँ प्रकरण 'सत्यमोहन जोशीको पुरातत्त्वमा प्रवेश' शीर्षकमा तयार भएको छ । पुरातत्त्व विभागका संस्थापक निर्देशक रुद्रराज पाण्डेपछि सूर्यविक्रम ज्ञवाली र त्यसपछिको क्रममा सत्यमोहन जोशी आइपुगेका थिए । चीनको भ्रमणबाट फर्किई त्रिभुवन विमानस्थलमा अवतरण गर्दा गर्दै आफू पुरातत्त्व विभागको निर्देशक पदमा नियुक्त बनेका जोशी यस समाचारबाट निकै प्रसन्न बनेको सन्दर्भ पनि यहाँ रोचक हिसाबले प्रकटमा आएको छ । तत्कालीन सरकारमा आएको परिवर्तन र सिङ्गै राजनीतिक व्यवस्थामा भएका विशेष चिन्तनका आधारमा नेपालको सांस्कृतिक परिचय नेपाल बाहिर पनि हुनु पर्ने कुरा बम्बइमा आयोजित नेपाली पुरातात्त्विक सांस्कृतिक प्रदर्शनीले पारेको प्रभाव पनि जोशीको जीवनमा जोडिएको सन्दर्भ यहाँ कृतिको अङ्ग बनेर प्रकटमा आएको छ । तर २०१७ सालमा आएका परिवर्तनले केही समय जोशीलाई जागिरबाट मुक्त हुनु पर्ने स्थितिको पूर्वाभास पनि पनि यहाँ जीवनी सन्दर्भमा जोडिन

आएको छ । राजनीतिको पदचिन्ह नै नपछ्याएका जोशीलाई यो आक्षेप निकै पीडादायक बनेको छ ।

(ठ) बाह्रौँ प्रकरणको शीर्षक 'सत्यमोहन जोशीको जागिरमा कुचो' रहेको छ । यस प्रकरणमा जोशीले २०१७ सालको राजनीतिक परिवर्तनका विषयलाई लिएर लागेको आक्षेपका कारण जागिर खुस्किएको सन्दर्भ विषय बनेको छ । यस अवधिमा उनी लेखन कार्यमा क्रियाशील बनेको र बाल शिक्षाका निम्ति उपयोगी हुने **नेपाली वर्णमाला** नामक पुस्तक तयार गरेर प्रकाशनमा ल्याएको सन्दर्भ जीवनीको नयाँ मोड बनेको छ । काठमाडौमा अमेरिकी सांस्कृतिक केन्द्रको स्थापनाको समयमा उनी त्यो खाली अवधिमा त्यहाँ पनि जगिर खान पुगेको र अमेरिकीहरूकै दुई संस्था पुस्तकालय र सांस्कृतिक केन्द्र पनि सञ्चालन भएकाले र उनीहरूमै तानातानीको समस्या भएकाले त्यहाँको जागिर पनि जोशीका निम्ति त्यति विश्वसनीय नरहेको सन्दर्भ जोशीको जीवनीमा जोडिन आएको विषय बनेको छ । अमेरिकीहरूले सञ्चालन गरेको संस्थाको राम्रो जागिर छोडेर केदारमान व्यथितको आग्रहमा पूर्व पश्चिम राजमार्गको प्रचारको जिम्मा लिएर सामान्य जागिरमा प्रवृत्त बनेका सन्दर्भले जोशीमा रहेको निस्वार्थ राष्ट्रिय सेवा भाव विषय बनेर प्रकटमा आएको छ । महेन्द्र राजमार्गको आवश्यकता र यसको दूरगामी प्रभावको समेत आकलन गरिएका प्रचार सामग्रीको उत्पादन र तस्बिरको प्रदर्शनी आदिका कारण राजाका मनमा प्रभाव जन्माउन सफल बनेका जोशीको एकातर्फ समर्पण र अर्कातर्फ उत्साह भाव पनि यहाँ विषय बनेको छ ।

(ड) 'सत्यमोहन जोशीको जागिरमा चीनयात्रा' शीर्षकको तेह्रौँ अध्यायमा जोशीले चीनमा गएर भाषा सेवाको सन्दर्भलाई विषय बनाएको अवस्था छ । महेन्द्र राजमार्गको निर्माण कार्यले एउटा बाटो समातेपछि राजमार्गसम्बन्धी अड्डा खारेजीमा पर्दा उनको जागिर पनि समाप्त भएको स्थिति यहाँ वर्णित छ । चीनमा भाषा शिक्षक

बनेर १ छोरा १ छोरी र पत्नीसमेत चारजना चीन पुगेका जोशीको जीवनमा नयाँ मोड आएको सन्दर्भ पनि निकै रोचक प्रसङ्ग बनेको छ । चीनको रेडियोमा समावेश भएको कार्यक्रममा नेपाली भाषाको कार्यक्रम बनाउँदा भाषा, संस्कृति र नेपाली परम्पराको अनुशासन प्रक्षेपण गर्ने र पत्रकारिता अनुकूलको भाषा, संस्कृति र मर्यादा पनि प्रक्षेपण गर्ने अवसर पाएका थिए । चीनको बसाइमा जोशीले तेह्रौँ शताब्दीमा अरनिकोबाट पेकिङमा निर्माण भएको श्वेतचैत्यको विषयमा पनि गहन अध्ययन गर्ने अवसर पाएका थिए । यस चैत्यको अध्ययन गर्दा अँगाल्नु परेका अनेक विधिहरू पनि यहाँ रमाइलो पाराले प्रकट भएका छन् । विदेशको बसाई र विदेशको भ्रमणमा रहँदा जोशीले नेपाली भाषा, साहित्य र संस्कृतिको अन्तर्राष्ट्रियकरण गर्नका निम्ति खेलेको भूमिकामा निकै गहन विचार र संवेदना छिपेको अवस्था यस प्रकरणको विषय बनेको छ ।

(ढ) कृतिको चौधौँ अध्याय 'सत्यमोहन जोशीको कर्णालीमोह' शीर्षकमा तयार भएको छ । नेपाल राजकीय प्रतिष्ठानको परियोजना अन्तर्गत २०२५/०२६ सालमा जोशीको नेतृत्वमा कर्णाली अञ्चललाई केन्द्र बनाएर त्यस क्षेत्रको भाषा, संस्कृति, भूगोल लगायतका विषयलाई केन्द्र बनाएर गरिने अध्ययनको टोलीमा विश्वविद्यालय, प्रज्ञाप्रतिष्ठान, मन्त्रालय र राष्ट्रिय योजना आयोग लगायतका निकायबाट ५ सदस्यीय अध्ययन टोली निर्माण गरी आफ्नो विषयको विज्ञतासाहित त्यहाँ पुगेर अध्ययन गर्दाका रोमाञ्चक प्रसङ्गहरू यहाँ विषय बनेर आएका छन् । जोशीको नेतृत्वमा भएको यो महत्त्वपूर्ण काम नेपालको भाषा, साहित्य, लोकसाहित्य, संस्कृति र भूगोलको व्यवस्थित अध्ययन भएको यो सबैभन्दा महत्त्वको विषय बनेको छ । जोशी, चूडामणि बन्धु, प्रदीप रिमाल, विहारीकृष्ण श्रेष्ठ, थिरजङ्गबहादुर सिंहसमेतको संलग्नतामा भएका यस कामका लागि २०२६ सालको मदन पुरस्कार पनि प्राप्त भएको थियो । जोशीको जीवनमा रहेका महत्त्वपूर्ण काममध्ये

यो काम पनि जीवनीका यस ग्रन्थमा प्रमुख विषयका रूपमा उपयोग भएको छ । यो काम भौगोलिक तथा सामाजिक र सांस्कृतिक जटिलताको सामना गर्दै अत्यन्त परिश्रमका साथ सम्पन्न भएको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ ।

(ण) जीवनीको यो प्रकरण 'सत्यमोहन जोशी र प्रज्ञाप्रतिष्ठान' शीर्षकमा प्रस्तुत भएको छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको संयोजन तथा सम्पादनमा प्रकाशित गरिने ग्रन्थ खड्गमान मल्लको सम्पादनमा २०२८ **पर्यायवाची कोश** पनि प्रकाशनमा आएको थियो । यस काममा जोशीको पनि योगदान रहेको थियो । जोशीको कामबाट प्रभावित भएका कारण प्रज्ञाप्रतिष्ठानको पुनर्गठनको समयमा जोशीको नाम सदस्यसचिवमा सिफारिस भएको र राजा पनि जोशीको कामबाट प्रसन्न भएको सन्दर्भ यहाँ विषय बनेर प्रकटमा आएको छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव रहेर जोशीले पुराना योजनाहरूमा व्यापक सुधार गर्ने काम र नयाँ योजनाहरू पनि परिचालित गर्ने कामलाई गति दिने काम गरे । २०६६ सालको पुनर्गठनमा दलगत संरचनाका आधारमा सिफारिस भएका नामहरूमा जोशीको नाम पनि कुलपतिमा सिफारिस भएको तर दलीय भागबन्डामा दलीय प्राज्ञ नै दर्तावाल प्राज्ञ हुने संस्कृति विकास भएका कारण जोशीजस्ता प्राज्ञले पार्टी प्राज्ञमा अवसर नपाउने विषय स्पष्ट बनेको र प्रज्ञा प्रतिष्ठानमा दलको भाटगिरी गर्ने मात्र भर्ना हुने अवस्था विकसित बनेको सन्दर्भ पनि जोशीले अनुभव गरेको विषय बनेर यस जीवनीमा समावेश भएको छ ।

(त) सोह्रौँ प्रकरणको शीर्षक 'सत्यमोहन जोशी र गाईजात्रा महोत्सव' रहेको छ । राजा वीरेन्द्रको कार्यकालमा २०३४ सालमा पहिलोपल्ट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आयोजनामा गाईजात्राको उपलक्ष्यमा समग्र परिस्थितिलाई व्यङ्ग्यात्मक ढङ्गले नाटच प्रदर्शनका आधारमा प्रस्तुत गर्ने कामको आरम्भ भएको हो । यसले देशका नेता,

शासक, प्रशासकहरूले गरेका विकृतिपूर्ण कामको अनुकरणात्मक प्रदर्शन आरम्भ गरेको छ । यस कामको थालनीले जोशी जनताको बिच प्रशंसाका पात्र बने भने सरकारी अधिकारीका निम्ति भने आँखाको कसिँगर बन्न पुगे । राजाका सचिवहरू र सरकारी उच्च पदाधिकारीहरू गाईजात्रा महोत्सवको व्यङ्ग्यका प्रहारका लक्ष्य बनेका थिएँ । राजा भने यस प्रकारको कार्यक्रमबाट प्रसन्न थिए । बिचका भ्रष्ट चम्चे अधिकारीले अज्माएका आदेशले निकै अप्ठेरामा परेको गाईजात्रा कार्यक्रम राजाले पनि हेरिसकेको र राजाबाट प्रशंसा पनि पाइसकेको हुँदा यो कार्यक्रम रोकनु हुन्न भन्ने आदेश आएका कारण कार्यक्रमले निरन्तरता पाएको हुँदा जोशीलाई आफ्नो सफतामा गर्व बोध भएको सन्दर्भ पनि यहाँ जीवनीको अंश बनेको स्थिति देखिन्छ । जोशीबाट आरम्भ भएको यस कार्यक्रमले आजसम्म पनि निरन्तरता प्राप्त गरेको उनकै कार्यकालमा आरम्भ भएको वैशाखको प्रथम सप्ताहमा प्रदर्शन हुने नाटक महोत्सव पनि जोशीको जीवनीको अंशसँग जोडिएको सन्दर्भ यहाँ प्रकटमा आएको छ ।

(थ) ग्रन्थको सत्रौँ प्रकरण 'सत्यमोहन जोशी नाटक लेखनमा प्रवेश' शीर्षकमा तयार गरिएको छ । दार्जिलिङबाट आउने टोलीले प्रदर्शन गरेको नाटक **अनि घ्यौराली रुन्छ** काठमाडौमा लोकप्रिय बनेपछि र राजाले पुरस्कार र प्रशंसा प्रदान गरेपछि यस्ता नाटकहरू प्रज्ञाप्रतिष्ठानबाटै प्रदर्शन गरिनु पर्ने कुरामा प्रज्ञाप्रतिष्ठान एक मत हुन पुग्यो । प्रतिष्ठानका पदाधिकारी माझ नाटक प्रदर्शन गरिनु पर्ने विषयमा सहमति भएपछि जोशीले **फर्केर हेर्दा** नाटक सृजना र प्रदर्शन गरेको सन्दर्भ जोशीको जीवनीमा जोडिन आउने विषय बनेको छ । जोशीले लेखेको नाटक प्रज्ञाप्रतिष्ठानको प्रेक्षालयमा ४२ दिनसम्म दिनको दुई तिन पटकटसम्म पनि मञ्चन भएको थियो । यो पनि जोशीको जीवनको गर्वको विषय बनेको थियो भन्ने सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ । जोशीद्वारा लिखित **बाघभैरव**

**नाटक** २०६२ सालमा यो नाटक कीर्तिपुरस्थित नेपाल भाषा अकादमीको प्रेक्षालयमा पनि सफलतापूर्वक प्रदर्शन भएको थियो । यसरी जोशीको जीवनीका विविध आयामका सृजनात्मक पाटाहरूलाई यहाँ जीवनीका आयामको रूप दिइएको छ । नेपालको प्रज्ञाप्रतिष्ठानको इतिहासमा जोशीले थपेको योगदानमा ह्रास आयो होला तर त्यसमा नवीनताको गति भने कुनै माइका लालले थप्न नसकेको सन्दर्भ यहाँ जीवनीको अङ्ग बनेर प्रकटमा आएको अवस्था छ ।

(द) 'सत्यमोहन जोशीबाट अरनिकोको खोज' शीर्षकमा जीवनीको अठाह्रौँ प्रकरणको विषय बनेको छ । चीनको बेजिङ स्थित चाइना अन्तर्राष्ट्रिय रेडियोमा नेपाली विभागको सेवा प्रसारण गरेर एकदम गहन कार्यक्रम सञ्चालन गर्ने काममा जोशीको योगदान रहेको कुरा माथिका प्रकरणमा पनि प्रस्तुत भइसकेको छ । यसै समयमा श्वेतचैत्यको विषयमा आधिकारिक अध्ययन गर्ने र हरिततारा अथवा भृकुटीको महत्त्वका विषयमा अध्ययन गर्ने प्रेरणाबाट प्रेरित बनेका जोशीले नेपाली कला कौशलको अन्तर्राष्ट्रियकरणका सन्दर्भमा गरिने प्रयत्नहरू सार्वजनिक गरेका छन् । जोशीले आफ्नो चीनको बसाइका क्रममा परेका प्रभावहरूको संवेदना पनि यहाँ जीवनीको विषय बनेर प्रकटमा आएका छन् । २०२० को दशकमा पेकिङ बसेका जोशीलाई अध्ययनका क्रममा नपुगेको धोको २०३७ पछिको समयमा फेरि चीन पुग्न पाउँदा नयाँ सुअवसर मिलेको अनुभव गर्ने जोशीले अध्ययनका सन्दर्भलाई निकै व्यापक तवरले गति दिएको कुरा उनका जीवनीका सन्दर्भले पुष्टि गरेको छ । नेपालका राष्ट्रिय विभूतिको स्थानमा अरनिकोलाई आरोहित गराउने काममा जोशीको उच्च योगदान रहेको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । कलाकार अरनिको नामक कृति लेख्ने वातावरण पछिल्लो चरणमा जोशीले प्राप्त गरेको र भृकुटीको महिमा पनि यसै पछिल्लो चरणमा जोशीले आत्मसात् गरेका सन्दर्भले पनि जीवनीको अङ्ग प्राप्त गरेको अवस्था

यहाँ प्रकट भएको छ । नेपालको ऐतिहासिक र सांस्कृतिक गरिमालाई उपस्थापन गर्ने क्रममा जोशीले पुऱ्याएको योगदान पनि यहाँ जीवनीको विषयका रूपमा स्थापित बनेको छ ।

(ध) यस प्रकरणको शीर्षक 'सत्यमोहन जोशीद्वारा माओका कविता अनुवाद' रहेको छ । यस प्रकरणमा जोशीले चीनमा रहँदा चीनका महान् साहित्यकारहरूका कृति पनि पढ्ने मौका पाएका थिए । यस क्रममा महान् नेता माओका रचनाहरू पनि अध्ययन गर्ने मौका पाएका थिए । माओका कविताहरू नेपालीमा अनुवाद पनि गरेको सन्दर्भ र अनूदित कृतिहरू प्रकाशमा आएका स्थिति पनि यहाँ जीवनीका विषय बनेर जोडिएका छन् । मान्छे आफ्नो बँचाइ योजना बनाएर बाँच्दैन बरु यसै बाँचेका जीवनमा योजना बनाएका कामहरू केही हदसम्म सम्पन्न भने गर्दछ । जोशीका यस्ता रचनात्मक कार्यले नेपाल र चीनको पारस्परिक सम्बन्ध भने सुदृढ बन्दै गएको स्थिति पनि जोशीका जीवनीमा जस दिन लायक विषय बन्दै गएको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । माओका कविताको गहिराई जत्तिकै कुरा सगरमाथाको उच्चाइ जत्तिकै विशेषताका धनी जोशीको जीवनीको यो सन्दर्भ नेपालका निम्ति गौरवको विषय बनेको अवस्था यस प्रकरणले सिद्ध गरेको छ ।

(न) ग्रन्थको बिसौँ अध्यायको शीर्षक 'सत्यमोहन जोशीद्वारा नेपाली मुद्राको खोज' रहेको छ । एक देशको पहिचानका निम्ति त्यस देशको इतिहासका मूल्यहरू सांस्कृतिक आधार बनेर विकसित बनेका हुन्छन् । इतिहासको सत्यताको प्रमाणित गर्ने सांस्कृतिक आधारमा साक्ष्य गर्ने विषय मुद्रा पनि एक प्रमाण पनि रहेका विषय हुन्छन् । यस स्थितिलाई आत्मसात् गरेर राष्ट्रिय मुद्राको अनुसन्धान गर्ने दिशामा प्रवृत्त बनेका जोशीका कार्यको प्रयासले नेपालीको इतिहासका प्राप्तिलाई विशिष्ट दिशा निर्देश गरेको सन्दर्भ पनि यहाँ प्रकट भएका हुन्छन् । पुरातत्त्वका विषयप्रति र विभागीय

कामप्रति जिम्मेदार बनेर काम गर्दा प्राप्त भएका विशेष सामग्रीको संरक्षण र अभिलेखन गरिनु पर्ने संवेदनाका पक्षहरूलाई विषय बनाएर कृतित्व प्रदान गरिएको सामग्री **नेपाली राष्ट्रिय मुद्रा**का नाममा प्रकाशित बनेको छ । यस ग्रन्थले नेपालको प्राचीन तथा मध्यकाल अनि आधुनिक कालका मुद्राका नेपाली इतिहासको सन्दर्भमा यस कृतिले आकार ग्रहण गरेको सन्दर्भ पनि यहाँ जोशीको जीवनको कृत्य बनेर प्रकट भएको छ ।

(प) एक्काइसौ प्रकरणको शीर्षक छ– 'सत्यमोहन जोशीको नेपाली भाषाप्रेम' । यसमा जोशीको भाषा सेवाप्रतिको समर्पण भाव प्रकट भएको छ । यस प्रकरणमा जोशीको विद्यालयकै जीवनकालमा परेको भाषा तथा साहित्यप्रति जन्मेको अभिरुचिका आधारमा निर्माण भएको संस्कारले नेपाली भाषाप्रतिको आकर्षण बढ्दै गएर मानवीय साहित्य सृजना तथा सांस्कृतिक अन्वेषण गरिने काम नेपाली भाषामा भएको देखिन्छ । यस विषयलाई नेपाली भाषाप्रतिको समर्पणको भाव आकलन गर्न सकिने अवस्था यहाँको विषय बनेको छ । २००० सालतिरबाट सृजनातर्फ जुटेका जोशीका कविता, कथा र नाटक तथा समीक्षा क्षेत्रमा पनि रुचि बड्दै गएका सन्दर्भहरू यहाँ विषय बनेका छन् । उनका रचनाहरू **शारदा** लगायतका पत्रिकाहरूमा प्रकाशित हुँदै गएर स्रष्टा र समीक्षकका रूपमा जोशीको व्यक्तित्व निर्माण भएको सन्दर्भ पनि यहाँ जीवनीको सन्दर्भ बनेर प्रकटमा आएको अवस्था देखिन्छ । लेखनाथ, सम, देवकोटा लगायतका स्रष्टाहरूको सङ्गत र यदा कदा सहकार्य गर्ने पनि अवसर पाएका कारण नेपाली भाषाप्रतिको मोह बढ्दै गएर भाषा साहित्यको साधककै स्तरमा पुगेका जोशीले त्रिमूर्ति निकेतनको आयोजनामा सम्पन्न देवकोटा शतवार्षिक महोत्सवको अवसरमा आयोजित विश्वस्तरीय साहित्य सम्मेलनको नेतृत्व प्रदान गरेको र भानुभक्तको द्विशतवार्षिकीको अवसरमा समेत नेतृत्वदायी भूमिका निर्वाह गरेको सन्दर्भ पनि यहाँ

जीवनीको विषयका रूपमा प्रकट भएको छ । विश्वका विभिन्न कोणमा छरिएर बसेका र नेपाली भाषा तथा तथा साहित्यका साधकहरूलाई एकै आसनमा जोडेर भाषाको अर्चनामा समर्पित रहने काममा उनको विशिष्ट सम्मान भएको सन्दर्भ पनि जीवनीको पक्षका रूपमा प्रस्तुत भएको छ ।

(फ) कृतिको बाइसौँ प्रकरण 'सत्यमोहन जोशी र नेपाल भाषा अकादमी' शीर्षकमा तयार भएको छ । यस प्रकरणमा जोशीको जीवनीको अङ्ग बनेर आएको नयाँ संस्था 'नेपाल भाषा एकादमी' को सन्दर्भ पनि यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । मातृभाषाको अभ्युत्थान, प्रवर्द्धन र सम्मानमा उनले गरेको सेवा र योगदान यँहाँ जीवनीको विषयका रूपमा प्रकट भएको छ । नेवारी भाषाका साहित्यको संरक्षण र विकास, नेवारी जातिले मान्दै ल्याएका समाजिक र सांस्कृतिक पर्व, उत्सव महोत्सवको सन्दर्भ चाहिँ जीवनीको अङ्ग बनेर यस प्रकरणमा आएको छ । नेपालको सांस्कृतिक धरोहर लोप हुने अवस्थामा पुग्न लागेका विषयमा भने अत्यन्त चिन्तित बनेका जोशी जनस्तर अथवा सरकारी तहबाट होस् संरक्षण होस् भन्ने पक्षमा छन् भन्ने कुरा प्रस्तुत भएको छ । जोशी जुनसुकै निकायमा पनि दिलोज्यान दिएर लाग्छन् भन्ने कुरा यहाँ जीवनीको अङ्ग बनेर आएको प्रसङ्ग उपयोग भएको छ । कलाकौशल तथा सांस्कृतिक चाडपर्व एवं उपत्यकाभित्रका र बाहिरका समग्र सांस्कृतिक धरोहरको सुरक्षा सुरक्षा हुनु पर्ने विषयमा समर्पित रहेको व्यक्तित्वका रूपमा उनको जीवन निर्माण भएको छ भन्ने सन्दर्भ यस प्रकरणको अङ्ग बनेको छ ।

(ब) 'सत्यमोहन जोशी : शताब्दी पुरुष' शीर्षक रहेको तेइसौँ प्रकरणमा जोशीको जीवनमा प्राप्त भएको 'शताब्दी पुरुष' सम्मानको अभिलोखन भएको छ । त्रिमूर्ति निकेतनको आयोजनामा विश्वका २ दर्जनभन्दा बढी देशमा छरिएर रहेका नेपाली स्रष्टाहरू समेतको संलग्नतामा जोशीलाई शताब्दी पुरुषको सम्मान समर्पण गरेको

सन्दर्भ जोशीको जीवनीको प्रमुख विषय बनेको छ । २०७१ साल वैशाख ३० मा बैठक बसेर उनलाई ९५ वर्षको जन्मोत्सवको अवसरमा शताब्दी पुरुषको अभिनन्दन गरिने निर्णय भएको सन्दर्भ र उनलाई शताब्दी पुरुषका रूपमा गरिएको अभिनन्दन पनि यहाँ जीवनीको प्रेरक विषयका रूपमा प्रस्तुत गरिएको छ । जोशीलाई विशिष्ट सम्मान गरिएको यो सन्दर्भ विश्वस्तरमा प्रशंसाको विषय बनेको स्थिति पनि यहाँ वर्णित छ । नेपाली भाषा साहित्य कला र संस्कृति तथा तथा इतिहाससेवीहरूको सम्मानमा भएको यो अनुष्ठान निकै प्रशंसनीय रहेको विषय पनि यहाँ जीवनीको सन्दर्भ बनेको छ । सत्यमोहन जोशीले पाएको सम्मान तत्कालीन उपप्रधान मन्त्री वामदेव गौतम, मन्त्री नरहरि आचार्य र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्कीसमेतको हातबाट समर्पण भएको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । जोशीको शारीरिक उच्चाइ समानको ताम्रपत्रमा अङ्कित सम्मानको बेहोराले उपस्थित सबैलाई द्रवीभूत बनाएको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ ।

(भ) 'सत्यमोहन जोशीको सम्मान' शीर्षकको यस प्रकरणमा जोशीले प्राप्त गरेका सम्मान, विभूषण, पुरस्कार, अभिनन्दन, सम्मानार्थ महाविद्यावारिधीय र चाँदीको सिक्का प्रकाशन लगायतका कामबाट उनको अभिनन्दन अत्युच्च सम्मानका साथ भएको सन्दर्भ आजको स्थितिमा जोशीको सापेक्षताको अर्को व्यक्तित्व नभएको सन्दर्भ पनि यहाँ जीवनीको अङ्ग बनेको छ । शताब्दी पुरुषको सम्मानको तुलनामा अरू पुरस्कार सम्मान कमै आँकिने विषय भएका भए पनि मूल्य र महत्ताका आधारमा ती सबै महनीय र वन्दनीय नै रहन्छन् भन्ने तथ्य पनि यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । सरकारी तहबाट प्रदान गरिने धेरै पदक र विभूषणहरू पनि उनले पाएका छन् । केही सरकारी नाम जोडिएका र धरै विशुद्ध जनताको भावना जोडिएका

पुरस्कारहरू सवादर्जन भन्दा बढी नै प्राप्त गरेका जोशीले काठमाडौँ विश्वविद्यालयबाट महाविद्यावारिधिको उपाधिबाट पनि विभूषित बनेका छन् भन्ने सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

सम्मान र अभिनन्दनका दृष्टिले व्यक्तिगत स्तरमा स्थापित विभिन्न किसिमका सम्मानहरूबाट सम्मानित बनेका जोशीको सम्मानको पाटो जीवनीमा वन्दनीय बनेर जुटेको प्रसङ्ग पनि यहाँ उल्लेख्य रहेको छ । यस प्रकरणमा जोशीका कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । जोशीको योगदान राष्ट्र र अन्तर्राष्ट्रको स्तरमा समेत ख्याति आर्जन गर्न सफल भएका कारण उनको सम्मानबाट नेपाली, साहित्य, लोकसाहित्य, कला, संस्कृति र ज्ञान विज्ञान लगायतका सबै विषय क्षेत्रहरू सम्मानित बन्न पुगेको भाव यहाँ जीवनीको अङ्ग बनेर प्रकटमा आएको अवस्था छ । यी समग्र विषयमा भएका योगदानका कारणले शताब्दीत्वको सम्मान प्राप्त गरेका जोशीको जीवनीको सन्दर्भ विशिष्ट सम्मानको अर्थ राख्न क्षमतावान् बनेको विषय समेत जीवनीको अङ्ग बनेको छ । यिनै विशेषताका आधारमा नेपाल बाहिर आतिथ्य प्राप्त गरेको र विश्व परिवेशमै सम्मानित बनेको सन्दर्भ पनि यहाँ विवेचित छ ।

(म) ग्रन्थको पच्चिसौँ प्रकरण ‘सत्यमोहन जोशीको विदेश भ्रमण’ शीर्षकमा तयार भएको छ । यहाँ जोशीको जीवनमा जोडिएका वैदेशिक यात्राका विषयहरूलाई केन्द्रमा राखेर जीवनीका विविध आयामहरू प्रस्तुत गरिएका छन् । शैक्षणिक र प्रशैक्षणिक भ्रमणका सन्दर्भमा जोडिन आएका अनेक विषयहरू जोशकिो जीवनीका विषय बनेका छन् । नेपाल र छिमेकी देश भारतका अतिरिक्त चीन, कोरिया जस्ता उच्च संस्कृतिका धनी मुलुकको भ्रमणले उनको ज्ञानको तहलाई सम्पन्न तुल्याएको छ । युरोपका विभिन्न मुलुकहरू, अमेरिका र क्यानाडाका भूभागहरू जोशीले विभिन्न सन्दर्भमा भ्रमण गरेका मुलुकहरू हुन् । यी देशहरूका भ्रमणका कारण जोशी चिन्तन र

चेतनामा विश्वस्तरमा पुगेको विश्वजनीन कला र सौन्दर्य चेतनाले साहित्य सृजनालाई, लोककला र लोकजीवनको चिन्तनलाई विशिष्ट प्राप्ति प्रदान गर्न गहन भूमिका खेलेको सन्दर्भ पनि यहाँ जीवनीको अङ्ग बनेर प्रकटमा आएको छ । यस्ता विशेषताका आधारमा जोशीको जीवनचर्या प्रेरक विषय बनेर आएको सन्दर्भ पनि यहाँ प्रकट भएको छ ।

(य) 'सत्यमोहन जोशीको बुढेसकाल' शीर्षकमा तयार भएको छब्बिसौँ प्रकरणले जीवनीको उत्कर्ष अवस्थालाई सम्बोधन गरेको छ । जोशीको जीवनको नित्यकर्म देश विदेश जहाँ पुगे पनि जीवनको अङ्ग बनेर रहेको छ भन्ने निष्कर्ष निकालेको छ । घरभित्रै समापन गर्नु पर्ने नित्यकर्म समाप्त गरेपछि बाहिर बगैचाम निस्किने, बाबा आमाको प्रतिमामा बिहानै अर्चना गर्ने र बगैँचाको गोडमेल गर्ने र फूलको सेवा सशुस्रूषा गर्ने, त्यसपछि भाषा साहित्यका नयाँ नयाँ कृतिहरूको अध्ययन गर्ने जस्ता काम उनका निरन्तर साधनाका विषय हुन् । घरमा आएको मान्छेको आतिथ्य सत्कार तथा सम्मान गर्ने जस्ता कामको समाप्ति पछि बिहानको भोजन गर्ने उनको निरन्तर चल्नेका काम हो । केही नेपाली पत्रपत्रिका र एउटा अङ्ग्रेजी पत्रिका पढेर आफूलाई प्रत्येक दिन सुसूचित राख्ने काममा जोशीको जीवन चर्या जोडिएको छ । जोशी विशेष कार्यक्रममा जानु पर्दा समयको पालना गर्ने, भरसक सार्वजनिक बसमै चढेर काम चलाउने साधन हुन् भन्ने कुरा यहाँ जीवनीले परिपोषण गरेको छ । अस्पतालको शैय्यामा रात नकाटेका जोशी त्रियानब्बे वर्षको उमेरमा निकै थल्लिएर केही दिन बयोधा अस्पतालमा उपचारका क्रममा पुगेको सन्दर्भ पनि बुढेकालको चर्चा भएका यस प्रकरणमा प्रकट भएको छ । यस समयमा छोरा अणुराजले आमा बाबुलाई हेरचाह र सेवाको काम गरिहेका छन् भन्ने सन्दर्भले बुढेसकालको जीवनचर्या प्रस्तुत गरेको छ ।

(र) सत्ताइसौ प्रकरणको शीर्षक 'सत्यमोहन जोशीका कृति' रहेको छ । यस प्रकरणमा नेपाली साहित्य, लोकम साहित्य र संस्कृतिको

भण्डारमा जोशीले आफ्नो जीवनकालमा थपेका योदानलाई जीवनीको अङ्ग बनाइएको छ । सजिलो वर्णमालाबाट लेखन यात्रा आरम्भ गरेका जोशीका नेपाली, नेवारी र अङ्ग्रेजी भाषामा समेत गरेर लगभग सात दर्ज जति कृतिहरू प्रकाशमा आएका छन् । तिनमा ३० ओटा कृति नेवारीमा र एक मात्र अङ्ग्रेजीमा लेखिएका छन् । बाकी कृति नेपाली भाषमा तयार भएका छन् । सृजना, अनुसार दुवै क्षेत्रमा क्रियाशील देखिने जोशी विभन्न उमेरका र विभिन्न रुचिका पाठकहरूको आवश्यकता परिपूर्ति गर्ने र पाठकको धित मार्ने किसिमका कृतिको रचना गर्ने साधकका रूपमा पाठक समक्ष उपस्थित बनेका छन् भन्ने कुरा पनि यस जीवनी कृतिले सिद्ध गरेको छ । जोशीका कृतिले मानव जीवनका समग्र चेतनालाई जाग्रत गराउने काम गरेको छ भन्ने कुरा पनि यहाँ जीवनीको अङ्गका रूपमा प्रकट भएको देखिन्छ ।

**३. ग्रन्थको तेस्रो भाग**

यस भागमा जम्मा तिनओटा प्रकरणहरू परिशिष्टको रूपमा स्थापित बनेका छन् । ती तिनओटमा प्रकरणमा पहिलो 'सत्यमोहन जोशीका जन्मकुण्डली', दोस्रो 'सत्यमोहन जोशीका हस्तरेखा' र तेस्रो 'सत्यमोहन जोशीको वंशावली प्रस्तुत गरिएको छ । जन्मकुण्डली, ग्रहको स्थिति जन्मपत्रिका आधारमा प्रस्तुत गरिएको छ । यसले जीवनीका सन्दर्भमा ग्रहफल विचार गर्नेहरूका निम्ति पनि उपयोगी हुन सक्ने विषय यहाँ उपस्थापन गरिएको छ । सत्यमोहन जोशीको हस्तरेखाको आशय विचार गर्नेहरूका निमित पनि उपयोग हुने र उनको जीवनीका तात्पर्यहरू दुवै हातका हस्तरेखाका आधारमा विवेचना गर्नेहरूका निम्ति एक प्रेरक व्यक्तित्वको हस्तरेखा अध्ययन गर्न मिल्ने अवस्था यहाँ विद्यमान रहेको छ । जोशीको वंशवृक्षमा ध्यान केन्द्रित गर्नेहरूका निम्ति उपयोगी हुने दृष्टि प्रक्षेपण गरेर वंशावली पनि यहाँ प्रस्तुत गरिएको छ । एघार पुस्ता पुरानो वंश वृक्ष प्रस्तुत

गरेर जोशीको जीवनीको पूर्व र उत्तर वंशको प्रेरक आदर्श पनि यहाँ जीवनीको अङ्ग बनाइएको छ । यसरी जीवनी ग्रन्थको विषय विन्यास गरेर ग्रन्थलाई अन्त गरिएको छ ।

### ४. ग्रन्थको सीमा र प्राप्ति

प्रस्तुत जवनी ग्रन्थ जीवनी सिद्धान्तका आधारमा परीक्षण समीक्षण गर्दा केही तल माथिका कुराहरू पनि यहाँ विवेचनाको विषय बन्दछन् । यसको लेखनमा सैद्धान्तिक सीमाहरूको विवेचना हुन सक्ने स्थिति छँदैछ । एक व्यक्तिको केन्द्रमा अडेर आदर्शको नमुना मात्र खोजेर अध्ययन गर्ने आग्रह तयार गर्न मिल्दैन । विषयको केन्द्र बनेको पात्रको धनात्मक तथा ऋणात्मक आचरणहरू निस्पक्ष रूपमा जीवनीका विषय बनेर आउँछन् । तिनलाई सन्तुलन गरे प्रस्तुत गर्नु पर्ने बाध्यता जीवनी ग्रन्थको सीमा बन्दछ । यहाँ पनि ती सीमाहरू आवश्यक स्थानमा उपयोग भएकै छन् । यसरी निरूपण गर्दा प्रस्तुत ग्रन्थ निकै सफल कोटिमा पुगेको स्थिति पनि यहाँ प्रकटमा आएको छ । मर्यादित भाषिक सीप र सन्तुलित जीवन चर्याको संयोजन तथा सृजनात्मक दृष्टिसमेतको समन्वय गरेर आकृति प्रदान गरिएको प्रस्तुत कृति नेपाली जीवनी साहित्यको लेखनको कला यसमा आवश्यकता अनुरूप उपयोग भएको स्थिति यहाँ पनि प्रकट भएको छ । शिष्ट र सौम्य प्रस्तुतिमा जीवनीको केन्द्र बनेका व्यक्तित्वको शब्दचित्र प्रस्तुत गर्ने कला यहाँ प्रसाईको लेखनले विशिष्ट संवेदना जन्माउने क्षमताका साथ प्रस्तुत गरेको छ । जीवन चित्र प्रस्तुत गरिरहँदा त्यस व्यक्तिको कृति आकृति र आचरण पनि विवेच्य बनेर आउँछन । जीवनीकार प्रसाईले जोशीको जीवनी लेखिरहँदा सूक्ष्म विवेचना दृष्टिका आधारमा सकारात्मक तथा नकारात्मक पाटाहरू निरूपण गर्ने काम गरेका छन् ।

नेपाली जीवनी साहित्यमा स्वत: प्रेरित बनेका प्रसाईको जीवनी लेखनको प्रयत्न स्वतस्फूर्त रूपमा विकसित बन्दै आजको स्थितिमा


आएको हो । विभिन्न व्यक्ति प्रतिभाका एक र बहुल जीवनी ग्रन्थ लेखिसकेका प्रसाईको यो कृति सत्यमोहन जोशीका जीवन चरित्र र यसमा केन्द्रित अनेक आयामका सन्दर्भमा केन्द्रित भएर तयार गरिएको ग्रन्थ हो । जीवनीका अनेक आयाम भएका व्यक्तिका केन्द्रमा रहेर लेखिएको हुनाले प्रस्तुत ग्रन्थको संरचनामा आख्यानात्मकताको केन्द्रीय चरित्र बनेर बसेका जोशीको जीवनलाई आख्यानको भोक्ता केन्द्रका रूपमा व्यवस्थित बनेको छ । जोशीले भोगेका अनेक घटनाहरू यहाँ आख्यान योजनाका विषय बनेर प्रकटमा आएका छन् । उनले जीवनचर्या निर्वाह गर्दाका अनेक परिवेशहरू यहाँ आख्यानका परिवेशात्मक उपकरण बनेर प्रकटमा आएका छन् । एक व्यक्तिको जीवन निर्माणमा उहापोहका संवेग बनेर आउने अनेक द्वन्द्व चेतनाका स्थितिहरू यहाँ आख्यान तत्त्वका प्राप्ति बनेर प्रकटमा आएका छन् । जीवन्त व्यक्तिको ॠणात्मक तथा धनात्मक पक्षहरू उसका जीवनमा नमेटिने गरी आलिप्त बनेका हुन्छन् । यी समग्र विषय र यिनको संवेग रचनाको वैशिष्ट्य र प्राप्ति पनि हो । यिनै प्राप्तिहरूका बीचमा जीवनीकार प्रसाईका आफ्नो पन टिकेको छ ।

छोटो छोटा र सटीक अर्थका सम्बाहक वाक्य अनि जीवनका गतिको प्रवाहलाई वृत्ताकारीय शिल्पमा प्रस्तुत गर्ने कलाका सम्पोषक बनेका जीवनीकार प्रसाईको प्रस्तुत ग्रन्थ निकै विशिष्टताको उदारण बनेर प्रकटमा आएको छ । जीवनीमा लेख्य पात्र बनेका जोशीको जीवनको आयतन व्यापक भोगमा समेटएको जीवनचर्यालाई घुमाई घुमाई प्रस्तुत गर्न पनि मिल्ने भएकाले प्रसाईले यहाँ आफ्नो सीप र क्षमता दिल खोलेर प्रकट गर्ने अवसर पाएका छन् । यिनै सीमा र प्राप्तिका परिधिमा यस कृतिको विवेचना गर्ने काम यही अन्त गरिएको छ ।

# बाङ्देलको जीवनयात्रा

**१. सन्दर्भारम्भ**

कुनै व्यक्तिको जीवनीलाई उपन्यासको रूप दिने स्रष्टाको जीवन वृत्तलाई उपन्यासकै रूपमा उतार्ने अर्को स्रष्टाको विषयमा लेखिरहँदा निकै सचेत हुनु पर्दो रहेछ । यहाँ संयोग त्यस्तै परेर




आएको छ । उपन्यासकार लैनसिंह बाङ्देलले डेनमार्कका कलाकार रेम्ब्रान्टको जीवन यात्रालाई औपन्यासीकरण गर्ने काममा एक सफल उपन्यास सृजना गरिएको स्थिति यहाँ प्रकट भएको छ । लैनसिंह बाङ्देलको उपन्यास रेम्ब्रान्टलाई नै माथ गर्ने गरी लैनसिंह बाङ्देललाई नै उपन्यासको कथा भित्ती बनाएर आख्यानीकरण गरिएको सन्दर्भ यहाँ समीक्षाको विषय बनेको छ । प्रसाईको जीवनी लेखन बाङ्देलकै जीवन चरित्र योजना गरिएको सन्दर्भ यहाँ लेखनको मूल विषय बनेको छ । रमाइलो कुरा के छ भने अनुभूति र संवेदनाका विषयहरू जोरजाम गर्ने क्रममा पिकासो अथवा रेम्ब्रान्ट निम्नवर्गीय जीवन

सङ्घर्षलाई नै आफ्नो कला सृजनाको विषय बनाउँथे र बाङ्देल पनि आफ्ना साहित्य तथा कला सृजनाको विषय बनाउँथे । तिनै संयोगको सन्दर्भलाई जीवनीको विषय बनाएर चित्रण गर्ने प्रसाईको नेपाली समाजको एक विशिष्ट प्रतिभा कला र साहित्यको सङ्गम बनेका स्रष्टाको जीवनचर्यामा केन्द्रित प्रस्तुत सृजना यहाँ विवेच्य विषय बनेको छ । जीवनलाई निबन्धीकरण गरिएमा जीवनी निबन्धको पाटोतर्फ उन्मुख हुन्छ भने जीवनीलाई आख्यानीकरण गरिएमा रचना उपन्यासतर्फ उन्मुख हुन्छ । यहाँनिर विचारणीय पक्ष के रहन्छ भने जीवनवृत्तलाई निबन्धीकरण गरिएको छ कि आख्यानीकरण मात्र गरिएको छ ? यस आधारमा रचनाको विशेषता निरूपण गर्नु पर्ने हुन्छ ।

रचना निबन्धीकृत बनेको भए पनि र आख्यानीकृत भएको भए पनि मूलभूत साझा विषय चाहिँ समीक्षणशीलता हो । यो विषय रचनामा के कस्तो प्रकारले उपयोग भएको छ र सृजनाको आयाम अनि आकृति के कस्तो बनेर प्रकटमा आएको छ भन्ने बारेमा चाहिँ विशेष रूपमा निरूपण गरिएको हुन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने जीवनीकार निबन्धन, आख्यानीकरण र समीक्षण कलाको त्रिवेणीका रूपमा स्थापित बन्न सक्ने साधकका रूपमा स्थापित बनेको व्यक्तित्वका रूपमा प्रसाईको उपस्थिति बनेको छ । ग्रन्थ प्रकाशनको झन्डै डेढ दशकपछि आएर यो समीक्षा लेखिरहँदा आज परिपक्व बनेका स्रष्टा प्रसाईका अन्य कृतिहरू पनि यहाँ सापेक्षित विषयका आधार बनेर उपस्थित हुन आउँछन् । यस्ता स्थितिबाट पनि नेपाली साहित्यका सन्दर्भमा जीवनी साहित्यको फाँटमा विशिष्ट प्रतिष्ठा कायम गरिएको छ । दर्जनौ जीवनीहरू प्रकाशनमा आइसकेका र त्यस्तै समीक्षा ग्रन्थहरू पनि प्रकाशनमा आसइकेका अवस्थामा यस ग्रन्थको समीक्षण कार्य गरिँदै छ । साहित्यलाई निरूपण गरिने विविध सैद्धान्तिक आधारहरू प्रयोग भइसकेका सन्दर्भमा यो लेखन कार्य भइरहेको छ । आजको अवस्थामा यो लेखन कार्य भइरहँदा प्रसाईको

सृजन तथा समीक्षण कार्य वर्तमानसम्मको क्रियाशीलतालाई पनि सम्मान गर्दै यो विश्लेषण गर्ने काम सम्पन्न गरिएको छ ।

नेपाली साहित्यमा जीवनी लेखन र जीवन कर्मको समीक्षाण परम्पराको आरम्भ गर्ने स्रष्टा मोतीराम भट्टको सृजना चेतले सिङ्गै नेपाली साहित्यलाई मार्ग निर्देश गरिरहेका समयमा आधुनिक कालको आजसम्मको समीक्षणात्मक जविनी सृजनामा विशिष्ट हैसियत राख्न सफल बनेका नरेन्द्रराज प्रसाईमा निबन्ध सृजन कला, जीवनी सृजन कला र समीक्षणात्मक सूक्ष्म दृष्टिसमेतको उपस्थापनले उनको यो लेखन महत्त्वपूर्ण उपलब्धि बनेको छ । यहाँनिर के पनि ध्यान दिनु पर्ने विषय बनेको छ भने प्रसाईमा संस्थागत सङ्गठन चेत र इतिहास समीक्षा चेत पनि सबल भएकाले प्रसाईको सृजन कार्य अझ महत्त्वपूर्ण विषय बनेको छ । यस्ता अनेक प्रश्न र तिनका आधारमा निर्माण भएका समालोचना सिद्धान्त तथा जीवनीका अनेक सिद्धान्न्त तयार भइसकेका अवस्थामा यो समीक्षण कार्य गरिएको छ । यी विशिष्ट आधारहरूकै सापेक्षतामा **बाङ्गदेलको जीवनयात्रा** नामक कृतिको पनि सङ्क्षिप्त रूपमा समीक्षा गर्ने काम गरिएको छ ।

## २. '**बाङ्देलको जीवनयात्रा**' मा रहेका विषयको सङ्केत

प्रस्तुत कृति लैनसिंह बाङ्देलको जीवनयात्राको विषयलाई आधार बनाएर लेखिएको कृति हो । यस कृतिमा नेपाली साहित्य र कलाजगत्का विशिष्ट प्रतिभाका हैसियतबाट बाङ्देलले दिएको योगदानलाई प्रमुख कथ्य बनाएर उनका जीवनका प्राप्ति र नेपाली समाजले प्राप्त गरेका प्रेरणाका सन्दर्भहरू यहाँ प्रस्तुत भएका छन् । यस ग्रन्थमा रहेका पाठहरू जम्मा दुई प्रकारका छन् । ती दुई प्रकार मध्ये पहिलो प्रकरणमा ग्रन्थको औपचारिक सन्दर्भको प्रस्तुति छ । यसमा बाङ्देल स्वयंले लेखेको आफ्नै जीवनीबारेको 'प्राक्कथन', लेखक प्रसाईको 'लेखकीय' विषय प्रारम्भमा र अन्तमा प्रसाईको सृजनवृत्त औपचारिक सामग्रीका रूपमा रहेको छ । यस औपचारिक

पाठले जीवनीकार तथा जीवनीका विषयको विश्वसनीयता पाठक समक्ष प्रकट गरेको छ । यस पहिलो प्रकारले कृतिको ओज र आधारभूत प्रामाणिकतालाई पुष्टि गरेको छ । यसबाट प्रसाईमा रहेको सृजनाचेत तथ्यलाई सृजनात्मक संवेग दिन सक्षम छ भन्ने कुरा पुष्टि हुन आएको छ ।

दोस्रो प्रकारमा चाहिँ बाङ्देलको जीवनवृत्तका अनेक आयामहरू समेटिएका छन् । यसमा रहेका एकतिसओटा पाठहरूमा बाङ्देलको पैतृक पृष्ठभूमिको थातथलो, उनको पुर्ख्यौली, उनका पूर्वहरूको बसाइँ र बसाइँसराइ लगायतका विषयहरू पृष्ठाधार बनेको स्थिति उपस्थापन गरिएको अवस्था छ । बाङ्देलका पूर्वजहरूका जीवनको उहापोह र तिनले निम्त्याएका जीवन सङ्घर्षका समस्याहरूको आधारभूमिमा निर्माण भएको स्थितिद्वारा यस ग्रन्थलाई आख्यानीकृत गरेर रचनाको स्वरूप प्रदान गरेको छ । यस आधारमा प्रस्तुत ग्रन्थ एक नव सिर्जनाको रूपमा तयार भएको छ । यथार्थ जीवनका तथ्यहरू आख्यानीकृत बनेर प्रकटमा आउनु नै सृजनाको धर्म हो । लैनसिंह बाङ्देलका व्यक्तिगत जीवनका भोगाइ, व्यक्तिगत आचार र व्यवहारका तथ्यहरूले जन्माएका समस्याहरूले यहाँ सार्वजनिक रूप प्राप्त गरेका छन् । त्यस कारण व्यक्ति बाङ्देलको जीवनीगत आयाम र व्यक्ति तथ्यका आधारमा प्रस्तुत हुन सक्ने र सार्वजनिक मानिन सक्ने विषयहरू प्रस्तुत ग्रन्थका विषय बनेका छन् । साहित्य, संस्कृति, कला तथा सार्वजनिक जीवनका विविध विषयहरू यहाँ धनात्मक तथा ऋणात्मक संवेदनाका विषयका रूपमा सृजनाको मूल कथ्यका रूपमा प्रकट भएका छन् । यसरी व्यक्तिगत जीवनलाई पनि कृतिको आधारभूत विषय बनाएर प्रकटमा ल्याउने काम व्यक्तिको जीवनमा गर्न सकिने कुरा प्रसाईका प्रस्तुत कृतिले सम्पन्न गरेको छ ।

व्यक्तिको जीवनलाई सृजनाको विषय बनाइरहँदा त्यो व्यक्तिको चरित्र अरूका निम्ति कतिको उत्प्रेरक छ, कृतिको सार्वजनिक स्थिति

के कस्तो छ र कति हदसम्म समाजका अन्य पक्षहरूलाई प्रोरणा प्रदान गर्न सक्छ ? यसतर्फ भने राम्ररी नै विचार पुऱ्याउनु पर्ने हुन्छ । जीवन त यस भौतिक ब्रह्माण्डका अण्डज, स्वेदज, जरायुज र उद्भिद जस्ता सबै प्राणीको हुन्छ नै । ती सबैको जीवनवृत्त आवश्यकता अनुसार लेख्ने हो भने सम्भव हुन्छ नै । रह्यो कुरा जीवनी लेखनको, यस हिसाबले चाहिँ मानवको जीवनवृत्तको केन्द्रमा रहेर लेखिएको साहित्यलाई नै जीवनी साहित्यका सन्दर्भमा ग्रहण गरिने विषय मानिन्छ । यहाँ प्रसाईले जरायुज र त्यसमा पनि मानव, अनि मानवमा पनि विशिष्ट तथा उत्प्रेरक व्यक्तित्वको योगदानलाई विषय बनाएर आफ्नो सृजनाचेतसमेत र समाजका विशिष्ट क्षेत्रको मार्ग प्रदर्शन गर्ने पक्षको प्रतिष्ठा विषयका रूपमा प्रस्तुत गरेका छन् । त्यसै विषयका समग्र अङ्गहरूलाई रचनाको आयतनमा समेटेर कृतित्व प्रदान गरिएको प्रस्तुत ग्रन्थको समीक्षा गर्ने क्रममा यो अध्ययन केन्द्रित भएको छ । अब उक्त ग्रन्थको विशेषताको समीक्षणतर्फ केन्द्रित रहनु नै सान्दर्भिक ठहर्छ ।

### ३. बाङ्देलको जीवनयात्रामा विषयको उपस्थिति

यस कृतिमा समेटिएका विषयहरूको सङ्केत प्रसाईले निम्नानुसार व्यवस्थापन गरेका छन् । तिनमा बाङ्गदेलका पूर्वजहरूको अवस्था, तिनको जीवन चित्र र वाङ्देलको बाल्य जीवन र त्यस जीवनमा परेका पर्यावरणीय प्रभावहरू यस कृतिका विषय बनेका छन् । बाङ्देलको शिक्षादीक्षा, भ्रमण र आजीविकाका पाटाहरू, कला र साहित्य सृजना तथा तिनको प्रवर्द्धन र प्रतिष्ठा, बाङ्देलको विभिन्न देशको भ्रमण, कला प्रदर्शनी, कला समीक्षा र तिनको सम्मानजस्ता अनेक विषयहरूको चर्चा, साधना तथा दाम्पत्य जीवन र पारिवारिक व्यवस्थापन, सम्मान तथा अभिनन्दनका विषयहरूको समुपस्थापन यहाँ जीवनी ग्रन्थका अङ्ग बनेका छन् । एक व्यक्तिको समग्र जीवनवृत्तलाई आख्यानीकृत गरिएको प्रस्तुत कृति नितान्त मौलिक र

सृजनात्मक रूपको विषय वनेको छ । यस कृतिलाई प्रसाईले आफ्नै हिसाबले सङ्गठन प्रदान गरेका छन् ।

कृतिमा निहित सामग्रीको क्रम यस प्रकार विन्यास भएको छ : 'बाङ्देलका बाजेको पृष्ठभूमि', 'बाङ्देललका बाबुको परिचय', 'बाङ्देलको बाल्यकाल', 'बाङ्देलको किशोरावस्था' यस कृतिको परिवेश दार्जिलिङमा आबद्ध बनेको छ । त्यस्तै 'बाङ्देलको कोलकाता प्रवेश र उच्चशिक्षा ग्रहण', 'बाङ्देलको जागिरमा असफलता र जे.बी. तामाङको प्रेम', 'बाङ्देलको ओसीसँगको घनिष्ठता', 'बाङ्देलको नोकरी प्रवेश' सम्मको विषय कोलकोताको परिवेशमा अडेको छ । त्यसपछि 'बाङ्देलको जलकीर्ति यात्रा', 'बाङ्देलको युरोप यात्रा', 'बाङ्देलको द बोजार्टमा अध्ययन', 'बाङ्देलको युरोप भ्रमण', 'बाङ्देलको स्त्रीहरूसँगको साहचर्य', 'बाङ्देलको मानकुमारी थापासँगको सहयात्रा', 'बाङ्देलको सपत्नी युरोप भ्रमण', 'बाङ्देलको बी.पी. कोइरालासँग सम्बन्ध', 'बाङ्देलप्रति केशरशमशेरको स्नेह', 'बाङ्देलप्रति राजा महेन्द्रको सद्भाव' सम्मका प्रकणमा युरोपका विभिन्न परिवेशहरू निबद्ध बनेका छन् । यस पछि 'बाङ्देलको नेपाल आगमन', 'बाङ्देलको प्रज्ञाप्रतिष्ठानमा प्रवेश', 'बाङ्देलको नाक र नाफामा सहभागिता', 'बाङ्देलको कुलपतित्व : मान र अपमान', 'बाङ्देलको श्रीसम्पत्ति', 'बाङ्देली छोरी डीना', 'बाङ्देलको साहित्यिक व्यक्तित्व', 'बाङ्देलका कृति', 'बाङ्देलको कलाकार व्यक्तित्व', 'बाङ्देलका कलाकृति', 'बाङ्देलको पुरातात्त्विक व्यक्तित्व', 'बाङ्देलको सम्मान', 'बाङ्देलको चोला विसर्जन' सम्मका सबै प्रकरणहरू यहाँ विषयका आयाम बनेर वितरित बनेका छन् । तिनलाई विषय, प्रस्तुति र प्राप्तिका आधारमा समीक्षा गरिनु सान्दर्भिक ठहर्छ ।

### ४. कृतिमा निहित सामग्रीको सक्षिप्त समीक्षण

कृतिको पहिलो शीर्षक 'बाङ्देलका बाजेको पृष्ठभूमि' रहेको छ । नेपालको आजको खोटाङ जिल्ला मूल थलोमा बसोबास गरेका

राई समुदायका बिचका एक व्यक्तित्व हुन्– बाङ्देलका पितामह । यहाँ खोटाङको रावा खोलाका भक्तबहादुर राई र पम्फा राईको दाम्पत्य यस कृतिको प्रारम्भमा चारित्रिक विन्यास भएको छ । भक्तबहादुर राई र पम्फा राईको सन्तानका रूपमा रङ्गलाल राईको जन्म वि.सं. १९४२ सालमा भएको थियो । यो समय नेपालको इतिहासमा वीरशमशेर राणाको अभ्युदय भएको समय थियो । त्यतिखेरसम्म उनीहरू दार्जिलिङको चिया कमानमा गएर केही समय काम गर्ने र फेरि घर आउने गरेर जीवन यापन गरिरहेका थिए । केही समयपछि बालख छोरो च्यापेर उनीहरू सधैँका लागि दार्जिलिङ पस्न विवश बनेको दारुण प्रसङ्ग यहाँ जीवनी समीक्षाको विषय बनेको छ । जीवन निर्वाहको उपायको खोजीमा पत्नीसहित दार्जिलिङको चिया बगानमा पुगेका राईको जीवन चर्या त्यही नै व्यवस्थित हुने क्रममा ज्यालादारीमा बनीबुतो गरेर जीवन निर्वाहको योजना गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । यसरी जीवन व्यतीत गर्दा गर्दै विक्रम संवत् १९८४ सालमा आफ्ना सन्तानको राम्रो व्यवस्थापन नभएकै अवस्थामा भक्तबहादुर राईको निधन भएको सन्दर्भ निकै मार्मिक तहमा प्रकट भएको छ ।

कृतिको दोस्रो प्रकरण 'बाङ्देलका बाबुको परिचय' शीर्षकमा तयार भएको छ । यस प्रकरणमा दार्जिलिङको भक्तबहादुरको एक छोरा रङ्गलाल र दुई छोरी पार्वती र रनमाया भएको सन्दर्भ अनि उनले आफ्ना छोरा छोरीको हेरचाह शिक्षा दीक्षा र आजीविकामा समर्पित रहेको प्रसङ्ग विषयका रूपमा उपस्थापन गरिएको छ । सामाजिक जीवनमा आउनु पर्ने सुधार तथा कमानका श्रमिकहरूका जीवनमा ल्याउनु पर्ने सुधार लगायतका विषयप्रति सचेत बन्दै गएका रङ्गलाल तकभर तथा सोम चिया कमानका परिवेशमा सांस्कृतिक तथा सामाजिक जागरण ल्याउने सन्दर्भमा आफ्ना मन मिल्ने मित्रहरूसँग जुटेर जागरणतर्फ उन्मुख भएको अवस्था पनि यहाँ विषय बनेको छ ।

रङ्गलालको नैसर्गिक प्रतिभा र सामान्य पढाइ तर विशिष्ट लगनशीलताबाट प्रभावित भएको उनका कमानको हाकिमले रङ्गलाललाई कार्यालयका कारिन्दामा काम लगाएपछि राईको दिन निकै सुध्रेको स्थिति पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । रङ्गलाल राई विमला राईसँग प्रणयसूत्रमा आबद्ध बन्दै गएर केही समयपछि मात्र विवाह बन्धनमा बाँधिएको सन्दर्भ यहाँ विषय बनेको छ । बाङ्देलका विमलाबाट एक छोरी र दुई छोरा जन्मेको र तीमध्ये कान्छो छोरो लैनसिंह राई भएको सन्दर्भ यहाँ वर्णित छ । लैनसिंह दुई वर्षको हुँदा विमलाको निधन भएका कारण रङ्गलाल मर्माहत बनेको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

रङ्गलालले फेरि कान्छी श्रीमती चन्द्राबतीसगँ विवाह गर्न पुगेको सन्दर्भ यहाँ विषयका रूपमा प्रयोग भएको छ । लैनसिंह साडे छ वर्षको हुँदा नहुँदै उनकी सौतेनी आमा पट्टिकी बहिनी कमला राईको पनि जन्म भयो । दाम्पत्य जीवनको वियोग व्यथा र आमाको बुढचाइँ, छोराछोरीको हेरचाह, नयाँ दुलही सुत्केरीको हेरचाह लगायतका कामको र कार्यालयको कामसमेतको चापमा परेका रङ्गलाल राईको जीवनचर्या निकै जटिल बन्दै गएको सन्दर्भ पनि यसै प्रकरणको विषय बनेको छ । कामको चाप र पारिवारिक चिन्ता सामना गर्दा गर्दै रङ्गलालको जीवनमा जरा, रोग, व्याधिको आक्रमण भयो । जसको परिणाम उनी मृत्यु वरण गर्न विवश बनेको सन्दर्भ यहाँ विषय बनेको छ । यस दोस्रो प्रकरणमा लैनसिंहको जीवनको शैशव कालको स्थिति आफैमा निकै दु:खद रहेको सन्दर्भ उपस्थित भएको छ ।

ग्रन्थको तेस्रो प्रकरण 'बाङ्देलको बाल्यकाल' शीर्षकमा उपस्थित भएको छ । यस प्रकरणमा १९८१ सालमा जन्मेका लैनसिंहको शैशव कालको स्थिति वर्णित छ । सबैले मायाको पात्र बनेका लैनसिह राई छ/सात वर्षको उमेरमा पुग्दा कक्षा दुई तिनतिरको विद्यार्थी बनेको सन्दर्भमा उनी पढाइमा तेज विद्यार्थीका रूपमा चिनिन लागेका

थिए । सौतेनी आमा पनि उनलाई औधी माया गर्ने स्वभावकी थिइन् भन्ने कुरा पनि यहाँ विषयका रूपमा प्रयोग भएको छ । बाल्यकालमै साथीसँग मिल्ने, प्रकृति र वनस्पतिप्रति आकर्षित हुने अनि आफ्ना साथीहरूसँग रमाइलो गर्ने र सबैको प्यारो मानिने उनको शैशव स्वभाव थियो । यो विषय नै विशेष किसिमको भएको सन्दर्भ यहाँ पनि निकै गहन र विचारणीय पक्षका रूपमा प्रस्तुत गरिएको छ । बाल्यकालकै साथी युम्पी नामक बालिकाप्रति उनको बाल्यजीवनमै बढेको आकर्षण पनि यहाँ अव्यक्त प्रेमका रूपमा उपस्थित भएको देखाइएको छ । लैनसिंहको बाल्यजीवनमा रहेका अनौठा र बालसुलभ चरित्रका व्यवहारलाई यस प्रकरणको विषयका रूपमा प्रस्तुत गरिएको छ । यस्ता स्थितिले लैनसिंह विद्यालय स्तरको विद्यार्थी कालमै विशेष प्रतिभाका धनी रहेको सन्दर्भ पनि यहाँ उपस्थापन भएको छ ।

'बाङ्देलको किशोरावस्था' शीर्षक दिएर ग्रन्थको चौथो प्रकरण तयार गरिएको छ । प्रारम्भमा राई नामले चिनिने लैनसिंह दाजु प्रेमसिंहसँग अध्ययनमा जुटेका व्यक्ति थिए । अङ्ग्रेजी विषयमा राम्रो क्षमता भएका राईको नेपाली विषय केही कमजोर भए पनि दार्जिलिङ हाइस्कूलमा राम्रा गुरु पाएर उनले राम्रै उन्नति गर्दै गएका थिए । धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली जस्ता शिक्षकको शिक्षा र माया तथा स्नेह पनि पाएका व्यक्ति राईमा प्रतिभाले गोडमेल हुने राम्रो मौका पाएको देखिन्छ । यस्ता सन्दर्भ र शिक्षा प्राप्तिको चेतना पनि यस प्रकरणमा राम्ररी उपयोग भएको छ । गुरु, दाजु र बाबुको प्रेरणा पाएर अध्ययनलाई गति दिँदै जाँदा प्रवेशिका परीक्षा राम्रो श्रेणीमा उत्तीर्ण गरेको र त्यतिखेरसम्ममा कला, विशेष गरी संस्कृति र साहित्यप्रति पनि विशिष्ट आकर्षण बनाइसकेका देखिन्छन् । आफ्ना पूर्वजहरूको थरको विशिष्टता बाङ्देल भएको स्थितिको ज्ञाता बनेपछि राईले आफ्नो नामको पछिल्तिर बाङ्देल थर पनि प्रयोग गर्न थालेको थिए । यस प्रकरणमा राई प्रवेशिका परीक्षा उत्तीर्ण गर्न सफल

बनेपछि उच्च अध्ययनका निम्ति नयाँ विषयको खोजी गरेको स्थिति पनि यहाँ प्रतिपादन भएको छ ।

ग्रन्थको पाँचौँ प्रकरण 'बाङ्देलको कोलकोता प्रवेश र उच्चशिक्षा ग्रहण' शीर्षकमा समावेश भएको छ । यस प्रकरणमा भर्खर मात्र किशोर जीवन यापन गरेर युवा अवस्थातिर प्रवेश गरिरहेका बाङ्देलको उच्च शिक्षाको अध्ययनको आरम्भलाई विषय रूप प्रदान गरिएको छ । कोलकोतामा रहँदा पूर्णमान प्रधानको घरमा रहेर त्यहाँको गभर्न्मेन्ट कलेज अफ आर्टस एन्ड क्राफ्टमा भर्ना भई कला विषयक अध्ययनमा जुटेको स्थिति पनि यहाँ प्रस्तुत भएको छ । बाङ्देल तुलसीमान श्रेष्ठको सहायतामा अध्ययन गरेको स्थिति यहाँ वर्णित रहेको छ । यस प्रकरणमा बाङ्देलको कला चेतनालाई विषय बनाइएको छ ।

ग्रन्थको छैटौँ प्रकरण 'बाङ्देलको जागिरमा असफलता र जे.बी. तामाङसँगको प्रेम' विषयक स्थितिको अवस्था पनि यसमा प्रस्तुत भएको छ । बाबु रङ्गलाल राई छोरो लैनसिंह बाङ्देलको अध्ययनको व्यवस्था मिलाउन गरेको खर्च गरेको अवस्था यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । ग्रन्थको यो छैटौँ प्रकरण घरबाट पैसा नआउने अवस्था भएपछि बाङ्देल आफ्नो प्रतिभा प्रयोगको क्षेत्रको खोजीमा र स्वयं आत्मनिर्भर हुने उपायको खोजीमा लागेको सन्दर्भ पनि यहाँको विषय बनेको छ । कोलकोतामा जैनसँगको व्यवहारबाट विज्ञान र कलाको सृजनामा जुटेका बाङ्देलको प्रयास पनि यहाँ विषय बनेर उपयोग भएको छ । तर जैनसँगको सहयोगका आधारमा ओसीको समीपमा पुगेको स्थिति र त्यसका आधारमा बाङ्देलको आर्थिक आत्मनिर्भरता र अध्ययनको निरन्तरता कायम भएका प्रसङ्गलाई यहाँ समीक्षणात्मक दृष्टिका आधारमा प्रस्तुत गरिएको छ ।

ग्रन्थको सातौँ प्रकरणको शीर्षक 'बाङ्देलको ओसीसँगको घनिष्ठता' रहेको छ । कमर्सियल आर्टस्को पक्षमा ध्यान केन्द्रित गर्दै

गएका बाङ्देलबाट ओसीको मैत्री व्यवहारबाट देखिएका प्रश्नहरू समाधान पनि रहेको अवस्था देखिन्छ । जे.बी. तामाङ्सँगको स्थितिबाट पनि यहाँ प्रभाव परेको देखिन्छ । ओसीसँगको सम्बन्ध निकै गहन तहमा पुगेको र ओसीको पारिवारिक सम्बन्ध पनि गहन बन्दै गएको स्थिति यहाँ सार्वजनिक भएको देखिन्छ । समाजमा साथीहरूसँग सहजीवी बनेर काम गर्ने स्वाभाविक चरित्र बनेका बाङ्देलको आचरण उत्थानका निम्ति भएका सङ्घर्ष र व्यावहारिक जीवनमा रहेका सफलताका सन्दर्भ पनि यहाँ उपयोग भएका छन् । नेपालबाट कोलकोता पुगेका विश्वेश्वरप्रसाद कोइराला, केशरशमशेर राणा, बालकृष्ण सम लगायतका प्रतिभाहरूले त्यहाँ आफूलाई दिएको मानसिक तथा आर्थिक प्रोत्साहन पनि बाङ्देलको ऊर्जा बनेको देखाएइको छ । ओसीसँग जोडिन पुगेका बाङ्देलको सहयोगको सद्भाव र सहभावका स्थितिको पनि यहाँ प्रदर्शन भएको देखिन्छ ।

'बाङ्देलको नोकरी प्रवेश' शीर्षकको आठौ प्रकरणमा बाङ्देलले जागिरे जीवनमा प्रवेश गरेको सन्दर्भ रहेको देखिन्छ । ओसीको सम्पर्कको स्थिति र त्यतिखेरको समयमा बाङ्देलको जीवनमा जोडिन आएका व्यवहार तथा तिनका कारण जन्मेका प्रतिक्रिया पनि यहाँ उपस्थापन गरेको देखिन्छ । २००७ सालतिरको अवस्थामा कोलकोतामा बाङ्गदेल रहेका बेला नेपालबाट कोलकोता पुगेका बालकृष्ण समसँग भेटघाट गर्ने र भलाकुसारी गर्ने अवसर मिलेको अवस्था देखिएको छ । नेपालका तत्कालीन युवराज महेन्द्र कोलकोता पुगेका बेला पनि लैनसिंह बाङ्देलले भेट गर्ने अवसर पाएको र महेन्द्रसँग उपस्थित हुने मौका पाएको सन्दर्भ यस प्रकरणमा उपस्थापन भएको छ । कोलकोतामा स्नातक तहको ललित कलाको अध्ययन पुरा गरेका बाङ्देल अझ उच्च र विशिष्ट अध्ययनका निम्ति फ्रन्समा जाने निर्णय गरेको स्थिति यहाँ विषय बनेको छ । बाङ्देल आफूले कोलकोतामा रहँदा गरेको प्रयासबाट बँचेको रकमको भरमा

युरोप जाने तयारीमा लागेको सन्दर्भ नै यहाँ विषय बनेको अवस्था देखिन्छ ।

'बाङ्देलको जलकीर्ति यात्रा' शीर्षकको प्रकरण ग्रन्थको नवौँ सन्दर्भमा रहेको छ । यसको आयतन लघु आकृतिको छ । यस प्रकरणमा कोलकोताबाट पानी जहाजको रोमाञ्चक मार्ग तय गरेर यात्रामा निस्किएपछि बिच बिचबाट स्वजनहरूलाई पत्र प्रेषण गर्दै गएको सन्दर्भ पनि उपयोगमा आएको छ । लगभग महिनादिनको जहाजको यात्रामा रहँदा विभिन्न स्थानको अवलोकन र जीवनका उहापोहका अनुभूति सँगाल्दै यात्रा गरेर बेलायत पुगेका बाङ्देल आफ्ना परिचित व्यक्तिहरूको सम्पर्कमा जोडिएका र उनीहरूका सहयोगमा त्यहाँ रहन थालेको सन्दर्भलाई यस प्रकरणले विषय बनाएको छ । एउटा नेपाली मूलको ठिटो कलाको उच्च अध्ययनको लक्ष्य लिएर फ्रान्सको निम्ति निस्किएको अनि बेलायतमा रहेका परिचित र सम्पर्क जोडिदिएका मित्रहरूको सहयोगमा त्यहाँ केही समय रहेको सन्दर्भ पनि यहाँ ग्रन्थको विषयका रूपमा प्रस्तुत भएको छ । बाङ्देलका जीवनको रोमाञ्चक यात्रा यहाँ आउँदा झन् प्रभावकारी ढङ्गबाट प्रकट भएको छ ।

'बाङ्देलको युरोप यात्रा' शीर्षकमा लेखिएका दसौँ प्रकरणमा बाङ्देलको शिक्षा आर्जनका निम्ति भएको यस पटकको यात्रा निकै विशिष्ट किसिमको रहेको छ । वसन्त ऋतु आइपुग्दा पनि जाडो हटिनसकेको स्थितिमा बेलायत पुगेका बाङ्देलको सहायताका निम्ति बेलातमा रहेका र कोलकातामा उनीसँग पढेका, आफ्नै कामका सिलसिलामा त्यहाँ पुगेका व्यक्तिहरू सहयोगका निम्ति आइपुगेका सन्दर्भहरू पनि यहाँ विषय बनेका छन् । केही समय लन्डन रहेका बाङ्देल त्यही घुमफिर गरेर फ्रान्स जाने तर्खरमा जुटेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । लन्डनबाट फ्रान्सका निम्ति फेरि अर्को जहाजको यात्रामा सरिक भएका बाङ्देलको अवस्था यहाँ अझ नवीन

ढङ्गले प्रकरणको रूपमा आएको देखिन्छ । बन्दरगाहबाट उत्रिएपछि रेलको यात्रा गर्दै पेरिस पुगेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । त्यहाँ 'इकोल द बोजार्ट' नामको कलाको उच्च विद्यालयमा भर्ना भएर अध्ययनका निम्ति प्रवेश गरेको स्थिति यस प्रकरणको विषय बनेको छ । त्यहाँ पुगेपछि आइपरेको डेराको समस्या, बसोबासको समस्या जस्ता विषय पनि यहाँ आधार बनेका छन् ।

ग्रन्थको एघारौँ प्रकरणको शीर्षक 'बाङ्देलको इकोल द बोजार्टमा अध्ययन' रहेको छ । फ्रान्समा अध्ययनका निम्ति पुगेका विभिन्न देशका विद्यार्थी तथा भारतबाट त्यहाँ पुगेका विद्यार्थीहरूसँगको सम्बन्ध र आत्मीयताका सीमाहरू विस्तार भएका कुराहरू पनि यहाँ विषयका रूपमा प्रयोग भएका छन् । विद्यालयको बिदाका दिनहरूमा बाङ्देल सहरका विभिन्न स्थानको अवलोकन तथा अध्ययनका निम्ति भ्रमण गर्नेतर्फ प्रवृत्त भएको अवस्था यस प्रकरणमा वर्णित विषय बनेको छ । सीमित खर्चका भरमा अध्ययन गर्न जुटेका बाङ्देल त्यहाँ पनि राम्रो विद्यार्थीका रूपमा परिचित बन्दै गएका छन् । अध्ययनबाट बँचेका समयमा चित्र सृजनामा निरन्तर जुटेका बाङ्देलको परिचय आचरण निष्ठाशील विद्यार्थीको रूपमा विस्तार हुँदै गएको अवस्था प्रकट भएको छ । कलाकार भ्यानगगको जन्मस्थलको निरीक्षण र उनको कला साधनाको स्थल तथा योगदानको परिचयका निम्ति बाङ्गदेलले गरेको अध्ययन यात्रा पनि यस प्रकरणको विषय बनेको छ । अस्तित्ववादी उपन्यासकार अल्बर्ट कामुसँगको परिचय र साक्षात्कार, नेपालबाट त्यहाँ पुगेका राजा महेन्द्रसँगको पुन: सम्पर्क पनि यहाँ प्रस्तुत भएको छ । पेरिसको अध्ययनपछि जागिरको क्रममा बाङ्देल लन्डन पुगेका सन्दर्भहरू पनि यहाँ विषयका रूपमा प्रतिपादन भएका छन् ।

यस कृतिको बारौँ प्रकरण 'बाङ्देलको युरोप भ्रमण' मा व्यवस्थापन गरिएको छ । इकोल द बोजार्टमा अध्ययन गरिरहेका

अवस्थामा कला र साहित्य साधकहरूका जन्म स्थान र तिनका योगदानका सन्दर्भहरूको ज्ञान प्राप्तिका निम्ति गरेका भ्रमण र तिनबाट प्राप्त भएको अनुभवहरू सञ्चित गरेका सन्दर्भहरू यहाँ विषयका रूपमा उपयोग भएका छन् । भ्रमणको सिलसिलामा विभिन्न मुलुकमा पुग्दा त्यहाँका महत्त्वपूर्ण प्राकृतिक कला, साहित्य र संस्कृतिका साधकहरूका साधनाको ज्ञानको सन्दर्भ आर्जन गर्ने काम पनि सम्पन्न भएका छन् । युरोपका विभिन्न देशका यस भ्रमणले प्रदान गरेको ज्ञानको सन्दर्भ पनि यहाँ विषय बनेको छ । स्पेन अस्ट्रिया, जर्मनी लगायतका देशहरूको भ्रमणमा रहेका बेला त्यहाँबाट अध्ययनका निम्ति पेरिस पुगेका विद्यार्थी कालका र साथीहरूसँगको भेटघाट, उनीहरूसँगको साथमा भएको घुमफिर, कतिपय स्थानमा उनीहरूकै पाहुना बनेर रहेको र अध्ययन भ्रमण गरेको सन्दर्भ पनि यहाँ विषयका रूपमा यहाँ प्रस्तुत गरिएको छ । अमूर्त कलाको सर्वोच्च शिखर पिकासोसँगको साक्षात्कार पनि यहाँ विषय बनेको छ । पेरिसमा रहँदा पनि उनको त्यहाँ रमणीय स्थलको भ्रमण, त्यहाँका युवा र युवतीहरूसँगको साहचर्य, त्यहाँका सुन्दरी युवतीसँगको आकर्षण, चाडबाड र उत्सवहरूमा हुने जमघट आदिमा रमाउने बाङ्देलको व्यवहार यहाँ जीवनवृत्तको विषय बनेको छ ।

कृतिको तेह्रौँ प्रकरण चाहिँ 'बाङ्देलको स्त्रीहरूसँगको साहचर्य' शीर्षकमा व्यवस्थित भएको छ । साङ्ख्य दर्शनको प्रकृति र पुरूषको क्षेत्र र क्षेत्रज्ञ सम्बन्धी चिन्तनका आधार, नर र नारीको उपस्थिति यस भौतिक ब्रह्माण्डको सृजन प्रक्रिया हो भन्ने विषयलाई यहाँ मुख्य विषय बनाइएको छ । नर र नारीका बिचका सम्बन्धहरू निकै स्वतन्त्र रूपमा फस्टाउन सक्ने युरोपको वातावरणमा पनि बाङ्देलको संयम नै यहाँ विषयका रूपमा उपयोग भएको छ । आफू सङ्कोची भए पनि उनीप्रति धेरै महिला आकर्षित रहेका स्थितिहरू जीवनीका विषय बनेका छन् । दार्जिलङमा विद्यालयमा अध्ययन गरिरहँदाको

अवस्थामा, कोलकोताको बसाइ र फ्रान्सको बसाइको सिलसिलामा अनि विभिन्न मुलुकको भ्रमणको सिलसिलामा सम्पर्कमा आएका युवतीहरू सम्मोहनमा विमुग्ध बन्दाबन्दै पनि बाङ्देल ती नारीहरूको प्रेमाकर्षणबाट असम्पृक्त नै रहेको स्थिति यहाँ जीवनीको विषय बनेको छ । कोलकोतामा रानी घोषको फन्दाबाट जोगिएको र पेरिसमा रहँदा रित्भा, सृजना, मेरी र मोनिका जस्ता युवतीबाट जोगिन सकेका सन्दर्भहरू पनि यहाँ वर्णित छन् । त्यतिखेर सम्पर्कमा आएका कतिपय नाारीहरूसँगको मैत्री बाङ्देलले नेपाल आइसकेपछि पनि जीवन्त राखेका सन्दर्भहरू पनि यस प्रकरणका विषय बनेका छन् । यसरी नारी पुरुषका बिचका परस्पर आकर्षणका विषयलाई यहाँ निकै गम्भीरतासाथ प्रतिपादन गरिएको छ ।

'बाङ्देलको मानकुमारी थापासँगको सहयात्रा' शीर्षकको चौधौँ प्रकरण बाङ्देलको जीवन यात्रामा दाम्पत्य सन्धान गर्न आइपुगेकी नारी मानु थापाको चर्चा यहाँ विषय बनेको छ । २००० सालतिर कोलकोतामा अध्ययनका निम्ति रहेका बेला मानकुमारी थापा पनि नर्स विषयमा अध्ययन गर्न त्यहीँ पुगेको र परिचय पनि त्यहीँ भएको सन्दर्भ यहाँ विषय बनेको छ । पछि मानु इङ्गल्यान्ड पढ्न पुगेको अवस्थामा यही परिचय विषयको थप बनेको रहेको छ । आफू पेरिस पुगेको सन्दर्भमा पत्रबाट मानुसँगको सम्पर्क बढाएँदै गएका दुवै पक्षको प्रणयाकर्षण अभिवृद्धि भएको सन्दर्भ पनि यहाँको विषय बनेको छ । मानुसँको मैत्री विकास एक अर्काको आबासमा आवागमन तथा बस उठ बढ्दै जाँदा विवाहका निम्ति तयार भएको र पेरिसमै उपस्थित भएर बिहा गरेको र त्यस पछि आ–आफ्नै कार्य क्षेत्रमा रहेको स्थिति पनि यहाँ वर्णित छ । यस बिचमा कहाँ र कसरी रहेर जीवन यापन गर्ने भन्ने अनिश्चित यात्रामा जीवन यात्रा चलिरहेको सन्दर्भ यहाँ विषय बनेको छ । प्रणय र जीवनको यात्रा पनि यहाँ व्यवस्थित गर्न प्रयत्न गरिरहेको देखिन्छ ।

'बाङ्देलको सपत्नी युरोप भ्रमण' शीर्षकमा कृतिको पन्ध्रौँ प्रकरण तयार गरिएको छ । मानु थापासँग दाम्पत्य बन्धनमा जोडिएपछि अवकासको समय मिलाएर युरोपका विभिन्न मुलुकहरूको भ्रमण गरेको सन्दर्भको वर्णन भएको छ । पेरिसबाट आरम्भ भएको यात्रा नर्वे, स्पेन, जर्मनी हुँदै फेरि पेरिस आएर टुङ्गिएको स्थिति प्रस्तुत गरिएको छ । यस यात्रामा पनि एकातर्फ दम्पत्तिको रुचि अनुसारको स्थितिलाई सम्मान गर्ने र अर्कातर्फ ती ती देशका प्राकृतिक, सांस्कृतिक, साहित्यिक तथा कलागत स्थितिको ज्ञान ग्रहण गर्ने सन्दर्भ भने छुटेको छैन । विशिष्ट साहित्य तथा कलाका सर्जक व्यक्तित्वका जन्म स्थल, उनीहरूको योगदानलाई निर्देश गर्ने सङ्ग्रहालय तथा तिनका विषयका विशिष्ट सूचना सङ्कलन गर्ने काम पनि यहाँ विषयका रूपमा उपयोग गरिएको छ । इटलीमा पुग्दा लिओनार्दा दा भिन्चीका विषयमा, नर्वेमा पुग्दा हेनरिक इब्सनको विषयमा, इङ्लेन्ड पुग्दा वर्डस्वर्थका विषयका जानकरी लिने र कतिपय प्रतिभासँग सशरीर सम्पर्क गरेर ज्ञान आर्जन गर्ने काम पनि यस यात्रामा बाङ्देल दम्पत्तिबाट भएको सन्दर्भ वर्णित छ ।

'बाङ्देलको बी.पी. कोइरालासँग सम्बन्ध' शीर्षकको सोह्रौँ प्रकरणमा बाङ्देल बेलायतमा रहेका बेला नेपालबाट उपचारका निम्ति त्यहाँ पुगेका नेता विश्वेश्वरप्रसाद कोइरालासँगको भेटघाट तथा उनै बाङ्देलले गरेको सहयोग र त्यहाँ घुमफिर गर्न गरेको सहयोगको सन्दर्भ पनि विषय बनेको छ । २०१५ को आम निर्वाचनपछि प्रधान मन्त्री बनेर फेरि त्यहीँ पुगेको कोइरालासँगको भेटमा त्यहाँ नेपालको तर्फबाट राजदूत बनेर बसेका हृषीकेश शाह जस्ता व्यक्तित्वहरूका बिचमा कोइराला समेतको भेटघाटमा बाङ्देललाई नेपाल आउन दिएको आमन्त्रण पनि यसमा वर्णित छ । कोइरालालाई बाङ्देलले र बाङ्देललाई कोइरालाले मनैदेखि मन पराएको सन्दर्भ पनि यहाँको विषय बनेको छ । भारबाट बेलायत पुगेर बसेका नेपाली

र नेपालबाट पनि कूटनीतिक सम्बन्ध धानेर बसेका नेपालीहरूका बिचमा कोइरालाले गरेको सह्राहनाबाट बाङ्देल निकै प्रभावित र पुलकित बनेको सन्दर्भ पनि यहाँ विवेचित ढङ्गले प्रस्तुत भएको छ ।

ग्रन्थको सत्रौँ प्रकरण 'बाङ्देलप्रति केशरशमशेरको स्नेह' शीर्षकमा रचिएको छ । कोलकोतामा रहेकै अवस्थामा केशरशमशेरबाट पाएको स्नेह र आर्थिक सहयोग समेतको निरन्तरता बेलायतमा र फ्रान्समा रहँदा पनि कायम रहेको सन्दर्भ यहाँ विषय बनेको छ । बाङ्गदेलका विषयमा केशरशमशेरको के ठम्याइ रहेको थियो भने आधुनिक र अमूर्त संसारमा पाश्चात्य समाजको विशिष्ट योगदान छ । यसमा नेपाली प्रतिभाहरूमा कलाकार बाङ्देलको पहुँच अद्वितीय छ भन्ने कुरा केशरशमशेरको विशिष्ट सोचाइ रहेको छ । बाङ्देलको योगदान निकै गहन बन्दै गएको सन्दर्भ पनि यहाँ आइपुग्दा निकै स्थापित बनेको छ । बाङ्देलको निर्माणमा केशरशमशेरको भावनात्मक तथा आर्थिक पनि प्रेरणा र सहयोग रहेको छ भन्ने कुरा पनि यस प्रकरणमा विषयका रूपमा स्थापित बनेको छ ।

'बाङ्देलप्रति राजा महेन्द्रको सद्भाव' शीर्षकमा ग्रन्थको अठारौँ प्रकरण तयार भएको छ । २०१७ साला राजा महेन्द्र पञ्चायती शासन आरम्भपछि बेलायत पुगेका बेला बाङ्देलको भेट भएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । त्यहाँ रहेका राजनीतिक तथा कूटनीतिक तहका नेपालीहरूले राजाको स्वागतमा आयोजना गरेको कार्यक्रमको योजनामा सहभागी बनेका बाङ्देललाई नेपाल आउन गरेको आमन्त्रण धेरै व्यक्तिहरूका निम्ति खुसीको विषय बनेको सन्दर्भ यहाँ जीवनीका रूपमा विन्यास भएको छ । राजदूत हृषीकेश शाहको पनि सद्भाव पाएका बाङ्देलले नेपाल आउन पाएको यो आमन्त्रण जीवनमा नयाँ मोड ल्याउने विषय बनेको छ । यस किसिमको विशिष्ट सन्दर्भ पनि यहाँ जीवनीको विषयका तहमा प्रस्तुत भएको देखिन्छ । प्रसाईको लेखनमा समीक्षात्मक तथा वर्णनात्मक विधिको

उपयोग भएको संवेदना पनि यहाँको विषय बनेको स्थिति पनि यहाँ वर्णित छ ।

ग्रन्थको उन्नाइसौँ प्रकरण 'बाङ्देलको नेपाल आगमन' शीर्षक भित्र यहाँ प्रस्तुत भएको छ । यस प्रकरणमा बाङ्देल महेन्द्रको आश्वासनमा नेपाल आउने अठोट गरेर युरोपबाट पोकापन्तुरा लिएर प्रस्थान गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । युरोपबाट नेपालका निम्ति प्रस्थान गरेका बाङ्देल पहिले दार्जिलिङ आएको र त्यहाँको व्यवहार मिलाएर आफन्त जनहरूसँग स्नेह र सद्भाव समेटेर काठमाडौँ अइपुग्न आउन झन्डै एक महिना त्यता बिताएर काठमाडौँका निम्ति प्रस्थान गरेको सन्दर्भ पनि यसमा यहाँ विषय बनेको छ । सिलिगुडीबाट रक्सौल हुँदै काठमाडौँका निम्ति हिँडेका बाङ्देल दम्पत्ति वीरगन्जमा केही दिन बसेर काठमाडौँ आएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । काठमाडौँ आएका बाङ्देल **प्रगति** पत्रिकाका सम्पादक नारायणप्रसाद बाँस्कोटाको घरमा आश्रय लिएर केही दिन बसेको र शङ्कर लामिछाने समेतको सहयोगमा रहेर राजालाई बिन्तीपत्र लेखेको अनि राजाबाट भेट दिएको सन्दर्भ यहाँ विषय बनेको छ । बाङ्देलको नेपाल आगमन र प्रारम्भमा उनले गरेको मिहनत पनि यहाँको विषय बनेको छ ।

'बाङ्देलको प्रज्ञाप्रतिष्ठानमा प्रवेश' पनि यस कृतिको बिसौँ प्रकरणको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । नेपाल आगमनको केही समयछि नेपाल एकेडेमीको पुनर्गठनमा रहस्यमा प्रवेश गरेपछि बाङ्गदेलको प्रतिष्ठा प्राप्तिका क्षेत्रमा विस्तारित बन्दै गएको स्थिति यहाँ विषयका रूपमा सन्दर्भित बनेको छ । राजाका सचिव हंसमानको माध्यमबाट राजासँग पहुँच सहज बनाएका बाङ्देलको कलाकार व्यक्तित्व, सादा र सरल जीवन शैलीसमेतको संवेदना यहाँ विशिष्ट रहेको कुरा प्रसाईको जीवनीका सन्दर्भले प्रतिपादन गरेको छ । २०१८ सालपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य बनेका बाङ्देल बालचन्द्र शर्माको उपकुलपतित्व र पछि केदारमान व्यथितको

कुलपतित्व कालसम्म पनि प्राज्ञहरूको मर्यादा र गरिमा उच्च रहेको सन्दर्भ यहाँ जीवनीको सन्दर्भमा विषय बनेको छ । देवकोटा, लेखनाथ, बालकृष्ण सम र सिद्धिचरण श्रेष्ठ जस्ता व्यक्तित्व बसेका आसनमा रहँदा बाङ्देलको मानसिकता निकै सङ्कोचमा परेको थियो । आजका भुइँफुट्टा कुनै सत्ताको टाँचा लागेर ती गरिमामय आसन बिटुल्याउन हिम्मत नगर्ने साधकका रूपमा बाङ्देल त्यो आसनमा पुग्दा संस्थाको गरिमा निकै बढेको स्थिति बोध भएको सन्दर्भ यहाँ वर्णित छ । आज पाप्रा बनेर प्रतिष्ठान तथा शैक्षिक प्रतिष्ठानमा टाँसिएका अर्थात् पार्टीका पाज्ञ या त पार्टीको अनुकम्पाबाट बनेका प्राध्यापकहरूको अकर्मण्यता पनि विषयका रूपमा स्थापित बनेको अवस्था यहाँ देखिएको छ ।

ग्रन्थको एक्काइसौँ प्रकरण ‘बाङ्देलको नाक नाफामा सहभागिता’ शीर्षकमा तयार भएको छ । नाक अथवा नेपाल आर्ट काउन्सिल र नाफा अथवा नेपाल फाइन आर्टको संवर्द्धनतर्फ जुटेका बाङ्देल नेपाल आर्ट काउन्सिलको जिम्मेदारीमा रहेका बेला कीर्तिनिधि बिष्ट, मृगेन्द्रशमशेर राणा, केशरशमशेर राणा लगायतका व्यक्तित्वको सहायताका कारण उन्नतशील बनेका यस संस्थाको पनि जिम्मा बाङ्गदेलको काँधमा रहेको थियो । सरकारका तर्फबाट नेपाल आर्ट काउन्सिलमा आएको बजेट त्यहाँका कर्मचारी नारायणभक्त श्रेष्ठको भ्रष्ट आचरणका कारण र त्यसै बिचमा अध्ययनका निम्ति मुलुक आफू बाहिर पनि जानु परेका कारण संस्थाको रकम हिनामिना भएको सन्दर्भ यहाँ विकसित बनेर प्रकटमा आएको छ । बाङ्देलको हस्ताक्षर चोरेर बैङ्कको रकम सबै निकालेर खर्च गर्ने अपराध गरेका कारणले श्रेष्ठ दण्डित बन्न पुगेका व्यक्तिलाई विषय बनाइएको छ । यस्ता अपराधीलाई जोगाउने दिशामा लागेका प्रशासकको दुराचार पनि यहाँ प्रस्तुत भएको छ । उपत्यकाका विभिन्न क्षेत्रमा रहेर कला साधना र सृजना गर्ने अनि कलाकारहरूलाई प्रशिक्षण गर्ने काम

गरेको सन्दर्भ पनि यहाँ विषयका समीक्षणात्मक सन्दर्भहरू प्रस्तुत गर्ने क्रममा यो प्रकरण तयार भएको छ ।

'बाङ्देलको कुलपतित्व : मान र अपमान' शीर्षकमा ग्रन्थको बाइसौँ प्रकरण तयार भएको छ । दरबारको निगरानीमा चलेका प्रज्ञाप्रष्ठिानको काम गर्न लागेका सन्दर्भ पनि यहाँ विषय बनेर प्रकटमा आएको छ । नारायणप्रसाद श्रेष्ठको अकर्मण्यताका कारण प्रज्ञाप्रतिष्ठान चलाउनमा आएका अवरोधहरू पनि यहाँ विषय बनेर प्रकटमा आएको अवस्था छ । प्रज्ञाप्रतिष्ठानको रजत जयन्ती र बृहद् नेपाली शब्दकोशको प्रकाशनका क्रममा आएका अवरोका कारण कतिपय प्रज्ञाप्रतिष्ठानकै सदस्य मित्रवत् भएका सन्दर्भहरू पनि यहाँ विषयका रूपमा प्रतिष्ठित बनेका छन् । सूर्यविक्रम ज्ञवाली प्रज्ञाप्रतिष्ठनको कुलपति भएताका उपकुलपतिको जिम्मा पाएका बाङ्देलको कार्य कुशलता परीक्षण भएका कारण कुलपति बनेका बाङ्देल २०४१ सालमा पुन: कुलपतिमा नियुक्त भए पनि नारायणप्रसाद श्रेष्ठले दिएको यातना र दु:ख पनि यहाँ अभिलेख बनेर प्रकट भएको छ । प्रज्ञाप्रतिष्ठानका अन्य मित्रहरूको पनि सहयोग पाएका बाङ्देल कहिले विदेशमा विशिष्ट व्यक्तित्वका रूपमा सम्मानित बन्न पुगेर कहिले देशभित्रकै विश्वविद्यालयको दीक्षान्त समारोहको प्रमुख व्यक्तित्वका रूपमा पनि सम्मानित बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ ।

'बाङ्देलको श्रीसम्पत्ति' शीर्षकमा ग्रन्थको तेइसौँ प्रकरण लेखिएको छ । युरोपबाट काठमाडौँ आउँदा जोगाएर ल्याएको केही पैसा र काठामाडौँमा आएर बाङ्देल आफैले र आफ्नी श्रीमती मानु बाङ्देलसमेतले जागिरबाट जोगाएको पैसाले जग्गा किन्ने विचार गरेको विषय पनि यहाँ चर्चा भएको छ । २०२१ सालतिर ललितपुरको सानेपा स्थित हाइटमा पर्ने ठाउँमा उनले केही जग्गा किनेको र त्यहाँ अरू केही साथी भाइ अनि माधव घिमिरे पनि मिलेर त्यहाँ घर

बनाउने योजना गरेका सन्दर्भ पनि उल्लेख छ । घिमिरेले चाहिँ पछि लैनचौरतिर बस्ने व्यवस्था मिलाएको विषय र बाङ्देल स्वयंले चाहिँ त्यहीँ घर बनाउने निधो गरेको यसलाई आवश्यक पर्ने काठ राजाको सहयोगद्वारा तराईतिरबाट ल्याएको सन्दर्भ पनि यहाँ विषयका रूपमा आएको छ । बाजे भक्तबहादुर राईले नेपालको जग्गा जमिन माया मारेर दार्जिलिङ पुगेपछि तिनपुस्तापछि आफूले नेपालमा जमिन जोड्न सकेकोमा गर्व बोध भएको सन्दर्भ पनि यहाँ जीवनीको अङ्ग बनेर आएको छ ।

'बाङ्देली छोरी डीना' चौबिसौँ प्रकरणको शीर्षक हो । यस प्रकरणमा बाङ्देल दम्पत्तिको सन्ततिका विषयमा चर्चा भएको छ । २०२२ सालमा बाङ्देल दम्पत्तिकी एकै छोरी मात्र उनीहरूको सन्तान भएको कुरा यहाँ ग्रन्थको विषय बनेको छ । न्वारानको नाम डिल्लीराज्यलक्ष्मी भए पनि पछि डीना नामबाट सम्बोधित छोरी उच्च अध्ययनको सिलसिलामा अमेरिका पुगेर यो परिवर्तित नाम त्यहाँका निम्ति सुहाउने बनेको सन्दर्भ यसमा उपस्थित भएको छ । डाक्टर सेफालीको संरक्षणको अवस्थामा डीनाको जन्म भएको र सेफालीको स्नेह पनि डीनाप्रति भएको हुँदा डीनालाई हेर्न बाङ्देल गृहमा बारबर पुग्ने गरेको सन्दर्भ यहाँ विषय बनेको छ । अमेरिकामा अध्ययन गर्न पुगेकी डीनाले त्यहीँबाट विद्यावारिधि गरेको र विभाकर शाक्यसँग त्यहीँ बिहा गरेर बसोबास गरेको प्रसङ्ग उनीहरूका नील र देवेन दुई सन्तान भएको सन्दर्भ पनि यहाँ वर्णित छ । बाबुको अपुरो रहेका कामहरू पुरा गर्दै जाने सहयोगीका रूपमा छोरीको पनि भूमिका रहेको स्थिति यहाँ विषय बनेको छ ।

ग्रन्थको पच्चिसौँ प्रकरण चाहिँ 'बाङ्देलको साहित्यिक व्यक्तित्व' विद्यार्थी कालमै कविता लेख्ने र नाटक खेल्ने काममा रुचि राख्ने बाङ्देल कोलकोतामा पुगेपछि साहित्यप्रति आकर्षित बनेको अवस्था यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । गुरु धरणीधर कोइराला,

सूर्यविक्रम ज्ञवाली अनि पाठ्य अनि पुस्तक निर्माता पारसमणि प्रधानबाट निकै प्रेरित बनेका बाङ्देल साथीहरूको उत्साहका कारण कोलकोतामा रहँदा **प्रभात** नामको पत्रिका प्रकाशनमा समर्पित बनेको सन्दर्भ यहाँ विशिष्ट विषयका रूपमा चर्चा भएको छ । प्रत्येक महिना बजारमा आउने **प्रभात** पत्रिकाको सामग्री निकै शक्तिशाली बनेर पाठकको मनमा स्थान बनाउन सफल भए पनि दसौँ अङ्कपछि यो प्रकशित हुन सकेन । बाङ्देलको एक्लो प्रयत्नले नधानेपछि यसको प्रकाशन बन्द भयो । यस पत्रिकाको प्रकाशन कार्यले बाङ्देललाई पूर्ण रूपमा साहित्यिक बनाइदिएको सन्दर्भ भने यहाँ विषय बनेको छ ।

'बाङ्देलका कृति' ग्रन्थको शीर्षकमा ग्रन्थको छब्बिसौँ प्रकरण तयार भएको छ । किशोर अवस्थादेखि नै सृजनात्मक प्रतिभातर्फ मोडिएका बाङ्देलको कला र साहित्यको अभिरुचि बिस्तार प्रकटमा आयो । २००२ सालतिर कोलकोतामा रहँदा उनले विदेशी तथा नेपाली लेखकका उपन्यास कृतिहरू पढेका आधारमा आफूलाई पनि उपन्यास लेख्न प्रेरणा मिलेको अनुभव गरेका थिए । परिणाम स्वरूप उनले लेखेको **मुलुकबाहिर** उपन्यास २००४ सालमा सूर्यविक्रम ज्ञवालीको भूमिका सहित प्रकाशनमा आएको छ । यो सृजनाको गति **माइतघर** (२००५) **लङ्गडाको साथी** (२००८) प्रकाशनमा आएका बाङ्देल विदेशी स्रष्टाका साहित्यिक कृतिको अनुवाद गर्ने विशिष्ट प्रतिभाको जीवनीलाई सृजनात्मक रूपमा कृति सृजना गर्नेजस्ता काममा पनि समर्पित बनेको सन्दर्भ यहाँ विषय बनेको छ । रेम्ब्रान्ट जस्तो जीवनीमूलक उपन्यास **युरोपको चिठी**जस्तो पत्र निबन्ध कृति, **स्पेनको सम्झना** जस्तो यात्रात्मक निबन्ध कृति र **रोमको एउटा फूल पेरिसको एउटा काँढा** नामक संस्मरणात्मक कृतिको सृजनाले नेपाली साहित्यमा उनको स्थान उच्च बनेको सन्दर्भ पनि यहाँ चर्चा भएको छ ।

त्यस्तै विश्वका कलाकारहरूको जीवनी, विश्वका उत्कृष्ट कथाहरूको अनुवाद, **स्याउको रुख** नाटकको अनुवाद गर्नेजस्ता काम

साहित्यका सन्दर्भमा भएका छन् । कलाका विभिन्न आयाममा दृष्टि दिने बाङ्दलले नेपाली तथा अङ्ग्रेजी भाषामा पनि कलाका विभिन्न अध्ययन र अनुसन्धान गरेका कृतिहरू प्रकाशमा आएका सन्दर्भ पनि यहाँ लेखनको विषय बनेको कुरा चर्चा भएको छ । पुरातात्त्विक विषयका कृतिको लेखन प्रचीन चित्रकला कृतिको लेखन, नेपालका प्राचीन प्रस्तर कलाको अध्ययन, प्राचीनका प्रस्तर मूर्तिहरू चोरिएको विषयमा गरिएको लेखन बाङ्देलका साधनाको योगदानको चर्चा पनि यहाँ भएको छ । बाङ्देलका यस कामबाट नेपालबाट चोरिएर विदेश पुगेका कलाकृतिहरू फर्किएर नेपाल आएका सन्दर्भहरू पनि उनका कृतिमा चर्चा भएको सन्दर्भ वर्णित छ । उनका प्रयासमा नेपालमा भएका धातुका मूर्तिहरूको अध्ययन, चराहरूको विषयमा गरिएको अध्ययनजस्ता अनेक विषयको लेखनमा क्षमता राख्ने स्रष्टाका सृजनाचेतलाई यहाँ जीवनी सन्दर्भित विषयका रूपमा प्रस्तुत गरिएको छ ।

'बाङ्देलको कलाकार व्यक्तित्व' शीर्षकको सत्ताइसौँ प्रकरणमा उनको कला सृजनाको सन्दर्भ चर्चा भएको छ । प्राथमिक कक्षाको विद्यार्थी रहँदादेखि नै कलातर्फ प्रेरित बनेका बाङ्देलको प्रतिभा निकै उर्वर बन्दै गएको छ । विभिन्न प्रतियोगितामा र प्रदर्शनीमा पनि सहभागी बन्दै गएका सन्दर्भमा पुरष्कृत र सम्मानित बन्दै गएका कलाकारका रूपमा बाङ्देलको कला सृजनाले स्थानीयताको प्रतिष्ठालाई जित्दै राष्ट्रियतातर्फ बढेको र राष्ट्रियतालाई पनि माथ गर्दै अन्तर्राष्ट्रियतातर्फ उन्मुख बन्दै गएको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । नेपालमा भएका राष्ट्रिय स्तरका र अन्तर्राष्ट्रिय स्तरका प्रदर्शनीहरूमा अनि नेपालबाहिर विद्यार्थी भएर रहँदाका स्थितिमा भएका स्थानीय र राष्ट्रिय स्तरका प्रदर्शनीहरूमा सहभागी बन्दै जाँदा उच्च ख्याति आर्जन गर्न सफल बनेका बाङ्देल विश्वस्तरका कलाकारका रूपमा स्थापित बन्न पुगेका व्यक्तित्व हुन् । कलाको

मूर्तदेखि अमूर्तसम्म र यथार्थदेखि अतियथार्थसम्मको चिन्तनबाट विकसित बाङ्देल नेपालीमूलका अद्वितीय कलाकारका रूपमा प्रतिष्ठित बनेका साधक सिद्ध भएको कुरा प्रस्तुत प्रकरणले साक्ष्य गरेको छ ।

प्रस्तुत कृतिको अट्ठाइसौँ प्रकरण 'बाङ्देलका कलाकृति' शीर्षकमा तयार भएको छ । दार्जिलिङको बाल्य जीवनमै कला साधानाको छनक देखाइसकेका बाङ्देल विद्यालयको जीवनमा कलाकारका रूपमा परिचित बनेका थिए । यसरी प्रस्फुटित उनको कलाकर्म कोलकोतामा पुग्दा राष्ट्रिय स्तरमा विकसित बनिसकेको स्थिति यहाँ प्रकट भएको छ । विश्वस्तरको कुरा गर्दा पेरिसमा अध्ययन गरेताका त्यहाँ पनि स्थानीय र विश्वस्तरीय कला प्रदर्शनीमा सहभागी बन्दै र पुरस्कृत बन्दै गएको अवस्था यस प्रकरणको विषय बनेको छ । विशेष गरी सन् १९३९देखि लिएर सन् १९९० सम्मका वर्षहरूमा विश्वका जुनसुकै मुलुकमा आयोजना भएका अन्तर्राष्ट्रिय स्तरका कला प्रदर्शनी र प्रतियोगितामा जहाँ जहाँ सहभागी बन्दथे बाङ्देल प्रायश: प्रथम र द्वितीय तहमै पुरस्कृत बन्दथे भन्ने कुरा यस प्रकरणले सिद्ध गरेको छ । सधैँ अमूर्त कला सृजनाको अग्र पङ्क्तिमा उनको नाम रहेको स्थिति पनि यहाँ सिद्ध गर्न प्रयत्न गरिएको छ ।

'बाङ्देलको पुरातात्त्विक व्यक्तित्व' उनन्तिसौँ प्रकरणको शीर्षक रहेको छ । नेपालका प्राचीन र मध्यकालीन समयका कला र ऐतिहासिक महत्त्वका विषयको गौरव निर्वाह गर्ने, त्यस समयको कला चेतनाको प्रतिनिधित्व गर्ने विषय र वस्तुको अन्वेषण एवं प्राप्त वस्तुको समीक्षण पनि गर्ने साधकका रूपमा पनि उनको योगदान रहेको कुरा यस प्रकरणले स्थापित गरेको छ । विभिन्न समयमा र स्थानमा भएका उत्खननमा प्राप्त प्राचीन महिमा बोकेका ऐतिहासिक तथा पुरातात्त्विक सामग्रीहरूको विशेषता निरूपण गर्ने काम बाङ्देलबाट हुने गरेको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । नेपाल तथा भारतका पुरातात्त्विक वस्तुको कलाकारिताको तुलनात्मक अध्ययनका सन्दर्भहरू

पनि यस प्रकरणको विषय बनेका छन् । भारतीय अति सुरक्षित पुरातात्त्विक सङ्ग्रहालयका विषयमा गरिएका अध्ययनको प्रतिफलसमेत यहाँ चर्चा भएको छ ।

ग्रन्थको तिसौँ प्रकरण चाहिँ 'बाङ्देलको सम्मान' शीर्षकमा अभिलेखन भएको छ । यसमा उनले पाएका पदक, पुरस्कार, सम्मान, अभिनन्दन लगायतका विषयहरूको चर्चा भएको छ । गोरखा दक्षिणबाहु, पृथ्वी प्रज्ञापुरस्कार, वीरेन्द्र राष्ट्रिय कला स्वर्ण पदकजस्ता राष्ट्रको गरिमा बोकेका र निजीस्तरका उच्च र प्रतिष्ठापूर्ण सम्मान तथा पुरस्कारहरू बाङ्देलले प्राप्त गरेका छन् । देशभित्रका विभिन्न प्रतिष्ठानका तर्फबाट उनले पाएका सम्मानका आधारमा बाङ्देल कला क्षेत्रका सर्वोच्च शिखर हुन् भन्ने कुरा पनि यहाँ प्रस्तुत भएको छ । राजा महेन्द्रकै समयदेखि राजकीय सम्मान प्राप्त गरेका बाङ्देल स्वदेश र विदेशबाट पनि पूजित र सम्मानित बनेका सन्दर्भहरू यस प्रकरणका विषय बनेका छन् । यिनै विशेषताहरूलाई टेकेर चर्चा गरिएका प्रस्तुत प्रकरणमा विभिन्न पुरस्कार, सम्मान र अभिनन्दनबाट सेवित र पूजित बनेका बाङ्देलको प्रतिष्ठा यस प्रकरणमा चर्चाको कथ्य बनेको छ ।

'बाङ्देलको चोला विसर्जन' कृतिको अन्तिम प्रकरण हो । यस प्रकरणमा एक व्यक्तिको अवसानको चित्र प्रस्तुत गरिएको छ । भौतिक जीवनको सृजना र विनाश नैसर्गिक प्रक्रिया हो । लेखन र चित्र निर्माणको साधानमा जुट्दा जुट्दै पनि बाङ्देलको भौतिक लीला २०५९को आश्विन महिनामा, लगभग ७९ वर्षको उमेरमा समाप्त भएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । उनको अन्त्वेष्टि र शोकसभा तथा समवेदनामा देशका विभिन्न व्यक्ति, संस्था तथा समुदाय र समाजले प्रकट गरेको सम्मानको विषयलाई पनि यहाँ अङ्कन गरिएको छ । यसरी प्रस्तुत ग्रन्थले बाङ्देलको जीवनको पूर्वारम्भदेखि अवसानसम्मको स्थितिलाई आयतनभित्र समेटेको छ ।

यिनै वैशिष्टचका आधारमा प्रस्तुत ग्रन्थका विषयवस्तुको निरूपण गर्नु सान्दर्भिक ठहर्छ । ग्रन्थका यी एकतिसओटा प्रकरणमा व्यवस्थापन गरिएका विषयका आधारमा जीवनीको स्वरूपले एक औपन्यासिक संवेदना र महत्ता प्राप्त गर्न सकेको कुरा सिद्ध हुन्छ ।

### ४. जीवनीका प्राप्ति र सीमा

जीवनी निबन्धको प्रविधाका रूपमा राखेर अध्ययन गरिँदै आएको विधा विशेष हो । यसलाई पछिल्लो चरणमा विकसित सिद्धान्तका आधारमा आख्यानात्मक सृजनाका रूपमा पनि पारख गर्न सकिने विषयका रूपमा लिने गरिएको छ । नेपाली साहित्यका जीवनी सर्जकहरूले कुनै विशिष्ट व्यक्तित्वलाई सृजन विधाको विषय क्षेत्र बनाएर कृति निर्माण गर्ने परम्परा निकै प्रबल बन्दै गएको छ । सामाजिक जीवनका विविध आयाममा योगदान दिएर इतिहास निर्माण गरेका व्यक्तिहरूको केन्द्रमा रहेर कृति सृजना गर्ने स्थिति संसारको साहित्यमा राम्ररी नै विकसित बनेको छ । जीवनी लेखनमा आदर्श र प्रेरक तथा स्रष्टा व्यक्तित्वलाई सृजनाको नायक बनाउने प्रचलन अब विशिष्ट संवेदनाको विषय बन्दै आएको छ । यस्ता व्यक्ति विशेषलाई काव्य पुरुष बनाएर रचना निर्माण गर्ने अनि ती रचनाहरू साहित्यका विभिन्न विधाको अनुशासनमा उपस्थापन गरिने, तिनका जीवन चर्या आदर्शता उपस्थापन गर्ने जस्ता प्रचलन आज व्यापक बन्दै गएको अवस्था छ । यसरी सृजना गर्दा स्रष्टालाई काव्यनायक बनाउने र शोक काव्य वा स्मृति काव्य सृजना गर्दा सर्वसाधारण व्यक्तिलाई पनि साधारणीकरण गरेर शाश्वत स्वरूप प्रदान गर्ने काम आजका सृजनामा व्यापक बन्दै आएको छ । यस्तो स्थितिमा व्यक्ति व्यक्तिगत नरहेर साझा व्यक्तित्वको तहमा आरोहित भइदिन्छ । प्रत्येक भावकको हृत्केन्द्रलाई तरङ्गित बनाउन र सार्वजनिक संवेदनाको वाहक बन्न सफल भइदिन्छ । यिनै विशेषताका आधारमा जीवनीको शक्ति मापन गर्न सकिन्छ ।

आज साहित्यका अन्य विधाहरूमा पनि व्यक्तिको जीवनयात्रा विषय बन्न सक्छ भन्ने कुरा स्पष्ट बन्दै आएको छ । आत्मजीवनी र परकीय जीवनीले सङ्क्षिप्त आयतन लिएका समयमा निबन्धको विधा अनुशासन निर्वाह गरिरहेको हुन्छ भने त्यसै विषयले व्यापक आयाम लिएका बेला औपन्यासिक मर्यादा निर्वाह गरिरहेको हुन्छ । यसरी विवेचना गर्दा जीवनीले काव्य, उपन्यास, निबन्धजस्ता तिनओटा विधा चाहिँ सहजै ग्रहण गर्न सक्ने अवस्था देखिन्छ । बाँकी रहेको नाटच विधा चाहिँ निकै प्राविधिक, परात्मक र यान्त्रिक हुने हुँदा जीवनीलाई नाटकीकरण गरिएको सन्दर्भ भने कमै मात्र उपलब्ध हुन्छ । केही उदाहरणका निम्ति समका 'भक्तभानुभक्त', 'मोतीराम', 'अमरसिंह', 'भीमसेनको अन्त्य' जस्ता नाटकहरू लिन सकिन्छ । जीवनी लेखनमा यस्तो स्थिति चाहिँ सीमाका रूपमा व्यवस्थित हुने र जटिल तथा अस्वाभाविक विधा बन्दै गएको देखिन्छ । यस्ता स्थितिहरूलाई साहित्यका विधा र प्रविधाका तहमा समायोजन गरेर सृजनात्मक विधाको स्वरूप प्रदान गर्न सकिने कुराले पनि यहाँ विषयको आयाम ग्रहण गर्न सक्ने स्थिति रहन्छ ।

प्रसाईको प्रस्तुत कृति सृजनात्मक संवेदना आत्मसात् गर्ने किसिमको छ । सृजना धर्म निर्वाह गर्ने र संवेदनाको साधारणीकरण गर्ने स्थिति पनि यहाँ जीवनीको रूप लिएर प्रकटमा आएको छ । यसमा बाङ्देलको जीवनवृत्त चरित्रका रूपमा विन्यास भएका कारण यसले औपन्यासिक स्वरूप प्राप्त गरेको छ । व्यक्तिको जीवनचरित्र निर्माणका आयामहरू, जीवनका उहापोह, सफलता र विफलताका प्रश्नहरू पनि यहाँ विषय बनेका छन् । परिवार, समाज, विश्व र समग्र परिस्थितिको उपस्थापन पनि यहाँ रचनाका प्रश्नहरू विषय, अङ्ग र आवश्यक तत्त्वसमेत बनेर प्रकटमा आएका छन् । जीवनी मात्र भनेर लेखिएका यस कृतिमा आख्यानवृत्तका अनेक सम्भावनाहरू यहाँ प्रशस्तै उपयोग भएका छन् । यिनको विशेषता उपयोग भएका

कारण प्रस्तुत ग्रन्थले औपन्यासिक आयाम प्राप्त गर्न सकेको अवस्था यस कृतिले आफ्ना कायिक संरचनामा वितरण गरेको छ । यस प्राप्तिमा प्रसाईको सृजना चेतले आर्जनको सफलताको स्थिति पनि सफलताको विषयका वैशिष्टचको रूपमा प्रादुर्भूत बनेको छ । तर यस कृतिको सीमाका रूपमा भने भाषा बढी निबन्धात्मक र कल्पनात्मक संवेदनाका आयामहरूको समेत विन्यास भएर प्रकट भएको छ । यस स्थितिलाई भने प्रस्तुत ग्रन्थमा सीमाको रूपमा लिनु उपयुक्त हुन्छ ।

**५. सन्दर्भान्त**

प्रसाईका प्रस्तुत कृतिमा जीवनीको सैद्धान्तिक प्रस्तुतिका प्रश्नहरू विषयका सहायक उपकरण बनेर प्रकट भएका छन् । तिनको उपयोगका सन्दर्भहरू यथास्थानमा संयोजित भएका छन् । बृहत् आयाममा तयार गरिएको प्रस्तुत ग्रन्थ विभिन्न उपशीर्षकहरूमा विनियोजन गरिएको छ । प्रत्येक आयामका सन्दर्भहरूमा व्यक्तिका प्रेरक प्रसङ्गहरू, प्रेरक स्मृतिका बिम्बहरू, प्रेरक आचरणका बिम्ब बनेर प्रकट भएका छन् । एक व्यक्ति प्रेरक आदर्श र मोडल चरित्रका रूपमा बाङ्देलको उपस्थापन गरिएको छ । यस कृतिसम्म आइपुग्दा जीवनीकार प्रसाई विधायोजना र शैली तथा शिल्प संयोजनका दृष्टिले आफ्नो पहिचान कायम गर्न सफल बनिसकेका देखिन्छन् । नेपालीमा जीवनी साहित्य लेखकको अलग र निकै सफल शैली सन्धान गरिसकेका प्रसाईको प्रस्तुत कृति जीवनी साहित्यका प्रणेताहरूका निम्ति एक छुट्टै उपलब्धि र आदर्श बनेको छ । यस किसिमका उपलब्धिले प्रसाईलाई नेपाली जीवनी साहित्य लेखनमा विशिष्ट साधकको परिचय मान्न सक्ने स्थिति प्रकट भएको छ भन्ने कुरा यस लेखले प्रतिपादन गरेको छ ।

# दौलतविक्रम विष्टको परिक्रमा

## १. **विषय प्रवेश**

जीवनीकार नरेन्द्रराज प्रसाईको कलम स्रष्टापरक समालोचनाको परम्परामा आफ्नो विशिष्ट स्थान बनाइसकेका जीवनी समीक्षकको साधन हो । यस कृतिको सीमामा आइपुग्दा प्रसाई जीवनीमूलक कृतिमा विशिष्ट लेखकका रूपमा परिचित बनेका छन् । उनका कृतिहरू विशेष संवेदना बोकेर प्रकाशमा आइसकेका छन् भन्ने कुरा यस कृतिले थप सिद्ध गरेको छ । यिनमा प्रत्येक स्रष्टाका विशिष्ट परिचय, उसका सृजनामा आएका मोड र घुम्तीहरू, तिनका सृजनाको जीवनी केन्द्रित समीक्षा आदिका कारण योगदान पहिल्याउने काम पनि भएको देखिन्छ । जीवनीकार प्रसाईको समीक्षण कार्यमा स्रष्टा जीवनचित्र लिएर शब्दमा उपस्थित हुने कला यहाँ संवेदित कलाका आधारमा प्रतिपादन भएको हुन्छ । तिनका जीवनका आजीवनका आयामहरू समेटेर कृतिको रूप दिने काम प्राय: उनका कलमबाट सम्पन्न हुँदै



आएको अवस्था छ । जीवनीका सैद्धान्तिक आधार र तिनका आधारमा निर्मित स्रष्टाका सृजनाको इतिवृत्त सृजनकार्यका निम्ति प्रेरणाका कारक बनेका विषयहरू प्रसाईका सृजनाका सामग्री बनेका छन् । उनबाट भएका सृजन कार्यले अन्य स्रष्टा र पाठकका निम्ति प्रेरणा स्रोतको भूमिका बन्न सक्ने अवस्था पनि प्रसाईका जीवनी लेखनका कारण बनेका देखिन्छन् ।

एक व्यक्तिका सदाचार, सद्व्यवहार र तिनका जीवनचर्याहरू अन्य व्यक्तिका निम्ति प्रेरक विषय बन्दछन् । त्यस्ता मान्छेका व्यवहार वन्दनीय र अनुकरणीय पनि हुन्छन् । यस्ता सन्दर्भहरूका आधारमा त्यो अनुकरणीय व्यक्ति अरूहरूका निम्ति आदर्श पुरुष तथा प्रेरक व्यक्तित्वका रूपमा स्थापित बन्दै जाने अवस्थामा देखिन्छ । यस्तो स्थिति समाजका निम्ति रोलमोडल अथवा आदर्शका रूपमा स्थापित र पूज्य बनेको हुन्छ । प्रसाईले आफ्नो लेखनको विषय बनाएका व्यक्तिहरू सामजका निम्ति प्रेरक, अनुशरण गर्ने व्यक्तिका निम्ति उत्प्रेरक आदर्श र अनुकरणीय पुरुष बन्दछन् । यस सन्दर्भलाई केन्द्र बनाएर लेखिएका ग्रन्थहरूमा सृजनशील क्षमताका धनी साहित्य सर्जक, सङ्गीत कर्मी, गायक तथा राजनीति कर्मीहरूलाई विषयको केन्द्र बनाएर तिनका योगदानको निरूपण गर्ने काम प्रसाईका कृतिमा भएको हुन्छ । यस कारण प्रसाई स्रष्टापरक अध्ययनका विशिष्ट साधक तथा जीवनी समीक्षकका रूपमा परिचित बनेका व्यक्तित्व हुन् । उनले चयन गरेका व्यक्तिहरू नै समीक्षाका विशिष्ट विषयका रूपमा उपस्थित भएका हुन्छन् । ती मध्येको एक विषय साहित्यका सर्जक दौलतविक्रम बिष्ट पनि बनेका छन् र तिनकै विषयमा लेखिएको यो कृति **दौलतविक्रम बिष्टको परिक्रमा** शीर्षकमा प्रकाशित भएको छ । प्रसाईका प्रस्तुत कृतिको सङ्क्षिप्त विवेचनामा यो समीक्षात्मक लेख तयार भएको छ ।

२. '**दौलतविक्रम बिष्टको परिक्रमा'मा निहित विषय र प्रसाईको जीवनी समीक्षाचेत**

जम्मा १६ ओटा शीर्षकमा विभाजित बनेको यस ग्रन्थका पहिलो र अन्तिम पाठ लेखकीय र सन्दर्भ स्रोतको औपचारिकताका स्थितिका निम्ति मात्र प्रस्तुत भएका सामग्री हुन् र बाँकी रहेका चौधओटा पाठहरू प्रस्तुत कृतिका मूल सन्दर्भहरू हुन् । ती चौधओटा मात्र पाटाहरू यहाँ निम्न अनुसार प्रकट भएका छन् । १. बिष्टको पृष्ठभूमि २. बिष्टको पारिवारिक जीवन, ३. बिष्टको जागिरे यात्रा, ४. बिष्टको आर्थिक अवस्था, ५. बिष्टको जीवनको उतारचढाव, ६. बिष्टको व्यक्तित्व र विशेषता, ७. बिष्टको साहित्यिक मोड, ८. बिष्टको साहित्यको लक्ष्यबारेको धारणा, ९. बिष्टका मनपरेका स्रष्टा, १०. बिष्टको आलोचना, ११. बिष्टका कृति, १२. बिष्टका कृतिमा समालोचकीय धारणा, १३. बिष्टको सृजनात्मक धरातलको नाप र १४. बिष्टको सम्मानसमेत चौधओटा प्रकरण मूल अङ्गका रूपमा व्यवस्थित बनेका छन् । कृतिलाई यस प्रकार योजना गरिएको छ र तिनमा निहित विषयको सचेत व्यवस्थापन पनि गरिएको छ । जीवनीका आयाम बनेर रहेका यिनै विषयहरूको औचित्यका आधारमा यहाँ समीक्षण कार्य सम्पन्न गरिएको छ ।

यी मध्ये पहिलो प्रकरणमा बिष्टको पूर्व पृष्ठभूमि, इतिहास र परम्पराका संवेदना प्रस्तुत गर्ने ध्येयले 'बिष्टको पृष्ठभूमि' शीर्षकमा तयार भएको छ । समाज र सभ्यता तथा संस्कृतिका सुदीर्घ शृङ्खलालाई स्वर्णिम प्रभाव पार्न सक्ने महापुरूषहरूको व्यक्तित्वले समग्र सभ्यतालाई प्रभावित तुल्याएको हुन्छ । लमजुङ पुर्ख्यौली थलो भएको बिष्टका पितामह रेशमीराज त्यतिखेरको सरकारी जागिरमा डिट्टासम्मको पदमा रहेका र त्यसै क्रममा काठमाडौँ आइपुगेका व्यक्तित्व हुन् । उनका तिन पत्नीमध्ये

माहिली पट्टिबाट छोरो सोमराजको जन्म भएको र सोमराजको बिहा काठमाडौँका न्यौपाने परिवारकी कन्यासँग भएको सन्दर्भ यहाँ विषयका रूपमा उपस्थापन भएको छ । बिष्टका पिता सोमराज पनि जागिरकै क्रममा भोजपुर पुगेका र बिष्टको शिक्षा आरम्भको क्रम देखियो । सोमराज स्वयं पनि ज्योतिषीय विद्यामा विश्वास गर्ने गर्दथे र ज्योतिषीलाई छोरा दौलतको चिना देखाएर पुत्रको विद्याप्रतिको रुचिमा विश्वास गर्दथे । उनी छोराको चरित्र निर्माणका निमित्त प्रारम्भदेखि नै निकै ध्यान दिने व्यक्तित्वका रूपमा देखिएका थिए ।

दौलतविक्रम बिष्ट किशोर अवस्थामा प्रवेश गर्दागर्दै १२ वर्षको उमेरमा आमाको निधन भएका कारण विष्टको शिरमाथि मृत्युको कठोर वज्रपात भयो । एकातिर बिष्टको शिक्षाप्रतिको आकर्षण र मातृवियोगको चिन्ता समेतका भुमरीमा बाल्य जीवनको स्थिति पनि यहाँ विषय बनेको देखिन्छ । अर्कातिर बाल्यकालमै मातृवियोगका कारण सौतेनी आमाको व्यवहार बेहोरेका र जीवनका अनेक समस्या सामना गर्न बाध्य बनेका बिष्ट शिक्षामा निकै तेजिलो रहेका हुनाले अलिगढ भारतबाट लिइने मध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेर नेपालमा जागिरे बनेका थिए । यस्ता अनेक जीवनवृत्तहरूको परम्परामा नेपालका विभिन्न जिल्लाका भूभागको भ्रमण पनि गरेका र विभिन्न सरकारी निकायमा जागिरे बनेका बिष्टको क्रियाशीलता साङ्गठनिक विशिष्टता र समर्पणको चेतना पनि उर्वर बनेका सन्दर्भहरू उनको जीवनवृत्त बनेका छन् । सञ्चार तथा अन्य विभिन्न विभागमा समर्पित बनेका बिष्ट जागिरबाट अवकास प्राप्त गरेपछि पक्षघातबाट पीडित बन्न पुगे । कहिले छोरा र कहिले छोरीका घरमा रहँदै र रोगसँग सङ्घर्ष गर्दागर्दै २०५९ सालमा उनको निधन भएको सन्दर्भ यस कृतिको प्रथम प्रकरणको विषयका रूपमा प्रस्तुत भएको छ ।

२. 'बिष्टको पारिवारिक जीवन' शीर्षक दिइएको दोस्रो प्रकरण उनका जीवनका विभिन्न आयाम तथा पारिवारिक स्थितिको निरूपण गर्ने क्रममा तयार भएको छ । भाषा, साहित्य तथा सांस्कृतिक चेतना प्रखर बन्दै परिपक्व स्रष्टा बनेका बिष्टको परिवार हजुरबाबु, बाबुकै समयदेखि निकै शिष्ट र सभ्य मानिँदै आएको स्थिति यहाँ विषयका रूपमा विद्यमान थियो । सौतेनी आमाको उपस्थितिका कारण खण्डित बन्न पुगेको मानसिक स्थिति र त्यतैतिरका दुई भाइहरू अनि आफूसमेतको दामासहीमा परेको बाबुको मायामा जीवन निर्वाह गर्न पुगेका बिष्टको पारिवारिक स्थिति निकै जटिल स्थितिमा विकसित बन्दै गएको अवस्था यहाँ प्रकट भएको देखिन्छ । किशोरबाट युवातर्फ प्रवेश हुँदाहुँदै उनका बिहा भयो । बिडम्बना के भइदियो भने नवदुलही लिचु मैयाँसँग बिहा भएको तर बिहा हुनुअघि नै लिचु मैयाँले कसैको गर्भ धारण गरिसकेको कुरा आफ्ना पति दौलतसँग खोलुवा गरेपछि बिष्टको मनमा भयानक पहिरो गएको सन्दर्भ यहाँ विषय बनेको छ । घर परिवार, बाबा, सासू ससुरा सबसँगको सम्बन्ध बिग्रिएका कारण निकै निराश बनेका बिष्टको जीवन यात्रा कठिन मोडतर्फ धकेलिएको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । पहिली पत्नीको यस प्रकारको व्यवहार र त्यसबाट मुक्त भएर काठमाडौँकै बस्नेत परिवारकी कन्यासँग दोस्रो बिहा गरेपछि उनको जीवनमा केही सहजता आएको विषय पनि उनका जीवनचर्याले प्रकट गरेको छ । दोस्रो बिहापछि उनका चार छोरा र तिन छोरी भएको र पारिवारिक जीवन केही मधुर बनेको पारिवारिक जीवन भोग्दाभोग्दै पनि त्यही लिचु मैयाँको छोरो जारपुत्रको आक्रोश पनि बेहार्नु परेको तथा २०५४ सालमा पत्नीको वियोग पनि भोग्नु परेको सन्दर्भ यस प्रकरणमा समीक्षित भएको छ ।

३. 'बिष्टको जागिरे यात्रा' शीर्षक दिएर लेखिएको कृतिको तेस्रो प्रकरण यहाँ निकै रोचक र रोमाञ्चक स्थितिमा देखिएको

छ । बिष्टको समग्र संस्कार नै जागिरको परम्पराबाट निर्माण भएको र जागिरमै आफ्नो आजीविका अड्छ भन्ने भावनाबाट प्रेरित बिष्टको पुस्तैनी संस्कारले उनलाई निकै प्रभावित तुल्याएको थियो । २००५ सालमा २३ वर्षको उमेरमा जागिर प्रवेश गरेका बिष्टको स्थिति धेरै वर्षसम्म अस्थिर र ढुलमुल भइरह्यो । २०१५ सालमा सिनियर क्लर्कको जागिरमा प्रवेश गरेका बिष्ट त्यसपछि भने स्थायी र बढुवा हुँदै २०४१ सालसम्म निरन्तर कार्यरत तथा सेवारत रहे । २०४१ मा आएर बिष्टले स्वैच्छिक अवकास लिएर स्वतन्त्र जीवन निर्वाह गरेको स्थिति पनि यहाँ कृतिको अङ्ग बनेको छ । जागिरे जीवनका क्रममा नेपालका ६० भन्दा बढी जिल्लामा पुगेर काम गरेका र रेडियो नेपालमा समेत उपनिर्देशकसम्मको जिम्मेदारी निर्वाह गरेका स्थितिलाई यहाँ विषयको अङ्ग बनाइएको छ । आफ्नो कार्यालयीय जिम्मेदारी लिएर उनी देशको जुन जुन ठाउँमा पुग्थे, त्यस त्यस ठाउँमा सकारात्मक र प्रेरक प्रभाव छोडेर नै जान्थे भन्ने विषय पनि यस प्रकरणको विषय बनेको छ ।

४. 'बिष्टको आर्थिक अवस्था' चौथो प्रकरणको शीर्षक रहेको छ । यस प्रकरणमा बिष्टको आर्थिक जीवनका सन्दर्भहरू विषय बनेका छन् । जागिरको क्रममा बिष्टका बाबु झापाको गौरीगन्जमा साढे दुई सय बिघाभन्दा बढी जमीनका धनी बनेका प्रश्नहरू पनि यहाँ विषयका संवाहक बनेर प्रकटमा आएका छन् । पुस्तैनी स्थायी जायजेथा प्रशस्त भएको परिवार भए पनि बेवास्ताका कारण निकै किनारा लाग्नु परेका सन्दर्भहरू यहाँ वर्णित छन् । आफ्नो पुर्ख्यौली सम्पत्ति प्रशस्त रहेको भए पनि वैयक्तिक जीवनमा सौतेनी परिवारको परिस्थितिगत प्रभाव झेल्नु परेको र ससुरालीतर्फको सम्पत्तिको हिसाब पनि जोडिन आएका स्थितिलाई जीवनीकारले यस प्रकरणमा निकै समस्याको विषयका

रूपमा प्रस्तुत गरेका छन् । देश विदेशको यात्राबाट पनि विविध अनुभव आर्जन गरेका सन्दर्भ पनि यहाँ प्रकट भएका छन् । बिष्टको उत्तरार्द्ध जीवनमा विशेष गरी छोराछोरीहरू आ-आफ्नो बाटो लागेपछि र आफूलाई पनि रोगले च्याप्दै ल्याएपछिको अवस्था निकै दारुण बनेको देखिएको छ । जीवनवृत्तका अनेक स्थितिहरू पनि यस प्रकरणमा निकै टिठ लाग्दो विषय बनेको अवस्थामा यहाँ प्रस्तुत भएका छन् । यस्तो स्थितिको संवेदनाका पक्षहरू पनि प्रस्तुत प्रकरणका सामग्री बनेर रहेका छन् ।

५. 'बिष्टको जीवनको उतारचढाव' शीर्षकमा लेखिएको यस प्रकरणमा बिष्टका जीवनमा आएका अनेक दु:ख र सुखका, आरोह र अवरोहका सन्दर्भहरू प्रकटमा आएका छन् । यस्ता जटिलता बेहोरेका बिष्टको जीवनका सन्दर्भहरू पनि यस प्रकरणमा विषय बनेका छन् । एकातिर आर्थिक र पारिवारिक स्थिति र अर्कातिर सुन्दर संवेदनाको आविर्भावलाई ऊर्जा दिने स्थिति पनि यस प्रकरणको वर्ण्य विषयका रूपमा उपस्थापित बनेका छन् । पहिलो दाम्पत्य जीवनको आकर्षण र त्यसै दाम्पत्य जीवनमा आएका दुर्घटनाले जन्माएका विकषर्णले बिष्टलाई सधैँ गम्भीर तुल्याएको सन्दर्भ पनि यहाँ जीवनीको विवेचित अङ्ग बनेको छ । चार सन्तानकी आमा बनेकी छोरी निरूको आगोमा जलेर भएको मृत्युले पनि बिष्टलाई निकै चिन्तित तुल्याएको छ । यस स्थितिलाई पनि यहाँ विवेचनाको विषय बनाइएको छ । समाजमा दुच्छर स्वभावका व्यक्तिहरू परपीडनबाट आनन्द लिने हुन्छन् र तिनको स्वभाव अर्कालाई पीडा दिनुमै सीमित रहन्छ भन्ने भाव बिष्टभित्र रहेको धारणा पनि यहाँ विषयका रूपमा स्थापित बनेको छ । सधैँ सिर्जनात्मक संवेदनामा विश्वास गर्ने बिष्टले समाजलाई जति दिए समाजबाट त्यति लिन सकेनन् । समाजका सांस्कृतिक र साहित्यिक उत्थानका निम्ति जति उत्सर्ग गरे त्यसको तुलनामा

उनले पाएको प्राप्ति नगण्य रह्यो भन्ने यस प्रकरणको निष्कर्ष रहेको छ ।

६. 'बिष्टको व्यक्तित्व र विशेषता' शीर्षकमा कृतिको छैटौँ प्रकरण तयार भएको छ । यहाँ बिष्टका व्यक्तित्वका अनेक आयाम समेट्ने प्रयत्न भएको छ । बिष्टको व्यक्तित्व प्रशासनमा अलगै शिष्ट, सौम्य र मित्रवत् किसिमको रहेको कुरा यहाँ वर्णित छ । प्रशासनिक तहमा रहँदा, समाजका विभिन्न सन्दर्भमा बोल्नु पर्दा पनि उनको विचार सुदृढतापूर्वक प्रकट हुने गर्दथ्यो भन्ने भाव यहाँ प्रकट भएको छ । बिष्टलाई समाजका अन्य क्षेत्रहरूमा पनि मिलनसार तथा सहिष्णु भाव भएको व्यक्तित्व र सामजसेवी भावका धनी व्यक्तिका रूपमा स्थापना गरिएको छ । साहित्यिक व्यक्तित्वका हकमा उनको व्यक्तित्व आख्यानमा कथा, उपन्यास तथा नाटक र एकाङ्कीका सर्जक लगायतका विविध आयाममा वितरित बनेको छ । साहित्यका सिर्जनात्मक तथा विवेचनात्मक विषयमा आफ्नो अभिमत प्रकट गर्नु पर्दा कसैको मुख नहेरी आफ्नो ब्रम्हले देखेको कुरा निर्भीकतापूर्वक राख्ने उनको व्यक्तित्वको स्वभाव थियो । नेपाली साहित्यको आख्यान क्षेत्रमा विशिष्ट व्यक्तित्व आर्जन गरेका बिष्टको परिचय विभिन्न साहित्य स्रष्टाका अभिमतबाट प्रकट भएका सन्दर्भलाई यहाँ विवेच्य विषय बनाइएको छ । उनको विवेचना गर्ने विशिष्ट विद्वान्हरूले विशिष्ट ढङ्गले निरूपण गरेका छन् भन्ने कुरा पनि यहाँ उद्धृत भएको छ ।

साहित्यिक व्यक्तित्वको निरूपण गर्ने क्रममा निम्नलिखित नेपाली समालोचकहरूले बिष्टको सर्जक व्यक्तित्वप्रति आफ्नो सकारात्मक अभिमत प्रकट गरेका छन् । त्यस्ता समीक्षकहरूमा अभि सुवेदी, ऋषिराज बराल, कमल दीक्षित, कृष्ण गौतम, कृष्णचन्द्र सिंह प्रधान, केशवप्रसाद उपाध्याय, गार्गी शर्मा, गोविन्द भट्ट, घटराज भट्टराई, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ, पुष्कर लोहनी,

मोहनराज शर्मा, मोहन हिमांशु थापा, राजेन्द्र सुवेदीलगायतका समालोचकहरूले बिष्टको सृजनात्मक व्यक्तित्व र त्यसले स्थापना गरेका मूल्यप्रति आफ्नो समालोचनात्मक अभिमत प्रकट गरेका छन् । त्यसरी नै स्रष्टाहरूले पनि बिष्टको सर्जक व्यक्तित्वप्रति आफ्नो अभिमत प्रकट गरेका छन् । त्यस्ता स्रष्टाहरूमा गोविन्दबहादुर गोठाले, डायमनशमशेर राणा, ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटा, प्रेमा शाह, मोदनाथ प्रश्रित, मोहन कोइरालालगायतका सर्जकहरूले बिष्टको सृजनात्मक व्यक्तित्वको सम्मान गरेका सन्दर्भ पनि यहाँ विषय बनेर आएका छन् । समीक्षहरूका अभिमतका आधारमा बिष्टको सृजनात्मक व्यक्तित्वका साथ व्यक्तिगत व्यक्तित्वको पनि निरूपण गरिएको सन्दर्भ यहाँ मुखरित बनेका छ । समग्रमा बिष्टको व्यक्तित्वलाई आख्यानको उच्च तहमा राखेर मूल्याङ्कन भएको सन्दर्भ यहाँ विषय बनेको छ ।

७. यस ग्रन्थको सातौँ प्रकरणको शीर्षक 'बिष्टको साहित्यिक मोड' रहेको छ । यस विषयमा केन्द्रित रहँदा बिष्टलाई आधुनिक नेपाली साहित्यको दोस्रो चरणको सीमामा राखेर गरिने विवेचनाको स्थितिको समीक्षण भएको छ । झापाको बसाइका क्रममा सम्पर्कमा आएका भारतीय स्वतन्त्रताका नेता तथा साहित्यका स्रष्टा सीताराम कायस्थका सम्पर्कका कारण र अलिगढमा पढेका विषयका आधारमा मिलेका प्रेरणाका आधारमा उत्प्रेरित बनेका बिष्टमा क्रमश: सृजनाचेत विकसित बन्दै गएको कुरा यस प्रकरणमा चर्चा भएको छ । बिष्टको किशोर वयमा भएको मातृवियोग, पहिलो बिहाबाट जन्मेको दुर्घटनाको प्रेरणाले जन्माएको २००५ सालदेखि लेखनमा प्रवृत्त बनेका बिष्टको पहिलो प्रकाशन कविताबाट आरम्भ भए पनि उनी क्रमश: आख्यानतर्फ तानिदै गए भन्ने धारणा यस प्रकरणको विषय बनेको छ । कथा र उपन्यासको लेखन तथा प्रकाशनले उनलाई प्रतिष्ठा प्रदान गर्दै गएको स्थिति पनि यहाँ

सही ढङ्गले विवेचना भएको छ । अनेक रचनाहरू परिवारका दराजमा अप्रकाशित अवस्थामा रहेको, अधुरा धेरै पाण्डुलिपिका रूपमा रहेको स्थिति पनि यहाँ विवेचित बनेको देखिन्छ । आख्यानमा यस्ता विशिष्ट महत्ता कायम गर्न सफल बनेका बिष्टको सृजनालाई यहाँ विवेचित गर्ने काम भएको छ ।

८. 'बिष्टको साहित्यको लक्ष्यबारेको धारणा' शीर्षकको आठौँ प्रकरणमा बिष्टको साहित्यिक धारणा प्रकट गरिएको छ । यस प्रकरणमा बिष्टको वैचारिक प्रवृत्तिको समेत मूल्याङ्कन गरिएको छ । प्रारम्भमा वामराजनीतिसँग निकट बनेका बिष्ट साहित्यतर्फ आकर्षित बन्दै गएपछि क्रमश: राजनीतिबाट अलगिँदै पनि गएका देखिन्छन् । त्यस्तै बिष्टको सृजनात्मक चेतना समाजको सुधारतर्फ उन्मुख बन्दै गएको स्थिति पनि यहाँ प्रतिपादन गरिएको छ । बिष्टको वैचारिक प्रवृत्तिको सन्दर्भ पनि प्रगतिशीलता र सुधार चेतनातर्फ प्रवृत्त बन्दै गएको अवस्था यस प्रकरणको विवेच्य विषय बनेको छ । साहित्यका माध्यमबाट मानव समाजका विभिन्न सुधार तथा सत् प्रवृत्तिगत चेतनाका सन्दर्भहरू, मानवीय मूल्यका विषयहरू पनि साहित्यमा समाज र जीवनका मूल्यहरू समाहित हुन्छन् र सांस्कृतिक संवेदना पनि संसिक्त बनेर रहेका हुन्छन् । साहित्य मानवीय मूल्य संयोजन गर्ने सशक्त कला हो भन्ने उनको दृष्टिकोण प्रत्येक सृजनाले कलात्मक संवेदनाको क्षेत्र उपस्थापन गरेका सन्दर्भलाई यहाँ प्रस्तुत गरेको देखिन्छ । यिनै विशेषताका आधारहरू प्रसाईको जीवनी चिन्तनका यस प्रकरणले सिद्ध गरेको छ ।

९. 'बिष्टका मनपरेका स्रष्टा' शीर्षकको नवौँ प्रकरण पनि साहित्यको समीक्षात्मक अध्ययनको विषय बनेको छ । विश्वसाहित्यका र नेपाली साहित्यका विशिष्ट प्रतिभाहरूको सृजनात्मक योगदानको प्रभाव नेपाली साहित्यमा पनि अन्तर्भूत हुँदै गरेको सन्दर्भ यहाँ विषय बनेको छ । साहित्यमा निहित कला र

संवेदना निरूपण गर्ने चेतना विकास गरेका बिष्टमा साहित्यको विवेचनाचेत तीव्र थियो भन्ने कुरा पनि यहाँ विषय बनेको छ । नेपालीमा सृजित साहित्यको मूल्याङ्कन चेत यहाँ विवेचित बनेको छ । मनपर्नुको औचित्य के हो भने सर्जकको सृजनामा समाज, संस्कृति र मूल्यहरूको उपस्थापन र तिनले मानवीय जीवन तथा त्यसका मूल्यमा भएका विशिष्ट संवेदनाहरूको प्रतिष्ठा एवं समाजिक आस्थाको गरिमाका संवेदनाको सम्मान आदिका आधारमा गरिने विश्वास यहाँ प्रकट भएको छ । नेपाली साहित्यका विशिष्ट स्रष्टा तथा समीक्षकहरूको विशेषतालाई सूक्ष्म ढङ्गले पारख गर्ने पाठक र सही प्रतिक्रिया प्रकट गर्ने द्रष्टा व्यक्तित्वका रूपमा निबन्धमा देवकोटा र कृष्णचन्द्र प्रधान, तारानाथ शर्मा, उपन्यासमा रुद्रराज पाण्डे, पारिजात, ध्रुवचन्द्र गौतमलगायतका स्रष्टाका संवेदनाहरू ग्राह्य रहेका स्थिति पनि यहाँ बिष्टबाट विवेचित बनेका छन् । कथाका सन्दर्भमा पुष्करशमशेर, विश्वेश्वरप्रसाद कोइराला, गोविन्दबहादुर गोठाले, पोषण पाण्डेलगायतका स्रष्टाका सृजनामा विशिष्ट प्राप्ति रहेको कुरा उद्घोष गर्ने साहित्यकार रहेको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । आफू स्वयं आख्यानकार भएका नाताले आख्यान चेतना पनि प्रबल रहेको सन्दर्भ यहाँ विषय बनेको छ ।

बिष्टमा रहेको स्रष्टाचेत द्रष्टाचेनातर्फ पनि वितरित थियो भन्ने सन्दर्भ जसरी आख्यान र निबन्ध समीक्षण र पारख कार्यमा कुशल थियो, त्यसरी नै कविता/काव्यका सन्दर्भमा लेखनाथ पौडचाल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, माधव घिमिरे, मोहन कोइराला, भूपि शेरचन, हरिभक्त कटवाल जस्ता कविहरूको सम्मानपूर्वक नाम लिने बिष्ट समीक्षा चिन्तकका रूपमा उपस्थित भएका छन् भन्ने सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । बिष्टले समालोचनाका सन्दर्भमा पनि तारानाथ शर्मा, कृष्णचन्द्रसिंह

प्रधानलगायत समालोचकहरूको समीक्षण कला सार्थक रहेको कुरा उल्लेख गरेका छन् । विश्वसाहित्यको प्रवाह र नेपाली साहित्यको गौरव धान्ने तथा भाषा तथा अभिव्यक्तिको कलामा सम्मानित बन्न सक्ने र रचनाको मर्म ठम्याउने समालोचकहरूको विशेषता पहिल्याउने क्षमता बिष्टमा थियो भन्ने निष्कर्ष यस प्रकरणमा रहेको छ । यस्ता खालका साहित्य स्रष्टा नेपालीमा पनि देखिएको सन्दर्भ पनि यहाँ बिष्टको समीक्षा तथा साहित्य पारखको समीक्षा बनेर प्रकटमा आएको छ । यी प्रतिक्रियाका आधारमा स्रष्टा बिष्टमा द्रष्टाचेत पनि सबल थियो भन्ने सन्दर्भ यहाँ प्रकट भएको छ ।

१०. 'बिष्टको आलोचना' शीर्षक दिएर उनका सृजनामाथि भएका समीक्षाको प्राप्ति पहिल्याउने काम गरिएको छ । बिष्टको प्रतिभा सृजनामा मात्र केन्द्रित नरहेको र समालोचना दृष्टि पनि रहेका सर्जक हुन् भन्ने तथ्य माथिका सन्दर्भले पुष्टि गरिसकेको छ । बिष्टका समालोचना दृष्टिलाई पनि सम्मान गर्दै उनका कृति माथि गरिएका समालोचनाको सन्दर्भ पनि यहाँ विवेचनाको विषय बनाइएको छ । बिष्टका प्राय: सबैजसो कृतिहरू समालोचकहरूका कसीमा घोटिएका छन् र ती कार्यहरू पनि खरो उत्रिएका छन् । कृतिको मूल्य र महत्ता सबल छ भने कृति स्वयम्ले समालोचनाका सत्यहरूको सामना स्वयम् गर्दछ र छैन भने स्वत: तिरोहित बन्छ भन्ने उनको अठोटलाई दृष्टिगत गर्दा समालोचना चिन्तनलाई सृजनाको पोषकसम्म हो, तर समालोचना सृजनाको प्राण चाहिँ होइन भन्ने धारणा राख्ने बिष्टका कृतिलाई धेरै समालोचकहरूले मूल्याङ्कन गर्ने गरेका छन् । समीक्षाको कसीमा खरो उत्रिएका बिष्ट यस प्रकरणको अध्ययनको विषय बनेको कुरा प्रकट भएको छ ।

११. कृतिको एघारौँ प्रकरण 'बिष्टका कृति' शीर्षकमा लेखिएको छ । यसमा बिष्टले सृजना गरेका साहित्यिक कृतिहरूको विवरण

सहित समीक्षात्मक टिप्पणी पनि यहाँ प्रस्तुत गरिएको छ । कृतिमा रहेको विचार, भाषा, पात्रको योजना विषय वस्तुको चयन कलात्मक चिन्तन र नेपाली जीवनको चर्या कृतिमा प्रस्तुत गर्ने खुबी बिष्टका कृतिका विषय र संरचनाका अङ्ग बनेको कुरा यहाँ प्रकट गरिएको स्थिति देखिन्छ । कथा कृति **गालाको लाली** (२०१४), **प्रदर्शनी** (२०२३), **छाया** (२०३१०, **घाउका सत्र चक्का** (२०३५) र **आँसु त्यसै त्यसै छचल्किन्छ** (२०४८) समेत पाँचओटा कथाको कृतिको सूची तयार छ । त्यसरी नै एकाङ्की र कथा समाहित भएको सङ्ग्रह **एक एकाङ्की दश कथा** (२०५७) पनि उनको कथाकै प्राधान्य रहेको कृतिको विवरण यहाँ प्रकट गरिएको छ । उपन्यास कृतिमा **मञ्जरी** (२०१६), **एक पालुवा अनेकौं याम** (२०२६), **चपाइएका अनुहार** (२०३०), **बिग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **भोक र भित्ताहरू** (२०३८), **ज्योति ज्योति महाज्योति** (२०४५), **हिमाल र मान्छे** (२०४५), **फाँसीको फन्दामा** (२०५३) लगायतका आख्यान कृतिहरू यहाँ चर्चामा आएका छन् ।

आरम्भमा हिन्दी साहित्यबाट प्रेरित बनेका स्रष्टाले हिन्दीका नाटक तथा कविता कथाको अध्ययन गरेका छन् र क्रमश: हिन्दीमा नाटकको अनुवाद गर्न पनि प्रेरित बनेका छन् भन्ने विषय पनि यहाँ सङ्केत भएको छ । तर उनका अनूदित कृति भने यहाँ प्रकाशित भएको भने पाइन्नँ । नेपाली समाजको धरातल र यसको यथार्थ आत्मसात् गर्दै गएका बिष्टको उपन्यास तथा कथा कृतिको विवेचना गर्नेहरूले उनका समाजिक यथार्थवादी बिम्बहरूलाई आख्यानीकरण गर्ने कला आर्जन गर्दै गएर नेपाली समाज र संस्कृतिका संवेदना आत्मसात् गरेका स्थितिलाई जीवनीकार प्रसाईले विषय बनाएर प्रकटमा ल्याएका छन् । सामाजिक जीवन र नेपाली परिवेशको चित्रण तथा दोस्रो विश्वयुद्धले जन्माएका विषतमता एवं विकृतिलाई कटु टिप्पणी गर्ने ध्येयले विषय र चिन्तनको समायोजन गर्ने बिष्टको सृजनाचेतलाई

यहाँ विवेचनाको विषय बनाइएको छ । विश्वसाहित्यका उत्कृष्ट कृतिको अध्ययन, नेपाली समाज, जीवन र संस्कारबाट अर्जित अनुभव र सांस्कृतिक चेतनाबाट प्रेरित बन्न पुगेको कुरा पनि यहाँ जीवनीको विवेचित अङ्ग बनेको छ । यहाँ आइपुग्दा जीवनीकार प्रसाई बिष्टको सृजनात्मक स्थितिलाई समीक्षाको केन्द्रमा राखेर विवेचना गर्ने कार्यमा कुशल सिद्ध भएका छन् ।

१२. 'बिष्टका कृतिमा समालोचकीय धारणा' शीर्षकको बाह्रौँ प्रकरणमा बिष्टका कृतिमाथि भएका समालोचना कार्यमाथि प्रसाईको अधिसमालोचना चेत प्रयोग भएको छ । बिष्टका कृतिमाथि भएका समालोचनामाथि पनि प्रसाईको समीक्षा दृष्टि प्रक्षेपित बनेको छ । ऋषिराज बराल, कृष्ण गौतम, कृष्णचन्द्र सिंह प्रधान, केशवप्रसाद उपाध्याय, गार्गी शर्मा, गोविन्द भट्ट, घटराज भट्टराई, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ, पुष्कर लोहनी, मोहनराज शर्मा, मोहन हिमांशु थापा, राजेन्द्र सुवेदीलगायतका समालोचकहरूका समालोचकीय सन्दृष्टिहरू प्रकट भएका तथ्य पनि यहाँ विवेचित बनेर आएका छन् । बिष्टमाथि समीक्षा दृष्टि प्रक्षेपण गर्ने अन्य स्रष्टाहरूमा गोविन्दबहादुर गोठाले, डायमनशमशेर राणा, ध्रुवचन्द्र गौतम, मोदनाथ प्रश्रित र रमेश विकललगायतका स्रष्टाहरूको चिन्तन पनि अधिसमालोचनाको विषय बनेर यहाँ प्रस्तुत भएका छन् । यस प्रकरणमा समालोचकीय टिप्पणीमाथि जीवनीकार प्रसाईको अधिसमालोचकीय समीक्षा प्रस्तुत भएको छ । यस दृष्टिले समीक्षा गर्दा बिष्टलाई जुन तहमा देखेका छन् तिनलाई पनि यहाँ प्रस्तुत गरिएका छन् ।

१३. 'बिष्टको सृजनात्मक धरातलको नाप' शीर्षकको तेह्रौँ प्रकरण पनि विशिष्ट संवेदनाको विषयका रूपमा तयार भएको छ । बिष्टका कृतिको उपलब्धि मापन गर्ने कलामा आफ्नो क्षमता प्रदर्शित गर्ने काम नेपाली साहित्यका पारखी तथा समीक्षकहरूले निकै मिहनतसाथ प्रस्तुत गरेका छन् । यस क्रममा ऋषिराज बराल, कृष्ण

गौतम, कृष्णचन्द्र सिंह प्रधान, केशवप्रसाद उपाध्याय, गार्गी शर्मा, गोविन्द भट्ट, घटराज भट्टराई, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ, पुष्कर लोहनी, मोहनराज शर्मा, मोहन हिमांशु थापा, राजेन्द्र सुवेदीहरू मार्फत भएका समालोचकीय टिप्पणी पनि यहाँ प्रस्तुत भएका छन् । त्यस्तै बिष्टको सृजनात्मक योगदानको मापनका निम्ति अन्य साहित्यिक स्रष्टाहरूको मापनचेत पनि सार्थक हुने हुँदा गोविन्दबहादुर गोठाले, डायमनशमशेर राणा, ध्रुवचन्द्र गौतम, मोदनाथ प्रश्रित र रमेश विकल जस्ता प्रतिभाका समीक्षा दृष्टि यहाँ उद्धृत भएका छन् । यी स्रष्टाका चिन्तन मार्फत बिष्टको समग्र प्राप्तिको मापनका निम्ति विशेष प्रयत्न गरिएको सन्दर्भ यहाँ प्रस्तुत भएका छन् । नेपाली समालोचनाका कसीमा बिष्टको साहित्य सृजना उच्च कोटिको उपलब्धि बनेको सन्दर्भ यस प्रकरणको निष्कर्ष प्रसाईले अघि सारेका छन् ।

१४. 'बिष्टको सम्मान' शीर्षकमा तयार भएको अन्तिम प्रकरण यस ग्रन्थको निष्कर्ष प्रकरण हो । यस प्रकरणमा बिष्टले आफ्नो जीवनमा गरेका सत्कार्यहरूको प्रतिफल स्वरूप प्राप्त गरेका सम्मानलाई विवेचनाको विषय बनाइएको छ । सरकारी तथा गैरसरकारी निकायबाट प्रदान गरिने मानपदवी, सम्मान, अभिनन्दन तथा पुरस्कारहरू बिष्टले प्राप्त गरेका सम्मानका रूपमा यस प्रकरणका विषय बनेका छन् । विख्यात त्रिशक्तिपट्ट, महेन्द्र प्रज्ञापुरस्कार, मदन पुरस्कार, भूपालमानसिंह कार्की पुरस्कार, गंकी वसुन्धरा पुरस्कार, साझा पुरस्कार, वसुन्धरा श्री पुरस्कार जस्ता मानपदवी र सम्मान तथा पुरस्कारबाट बिष्ट पुरस्कृत बनेका छन् । उनको विशिष्ट सम्मानको महिमा गान भएका सन्दर्भहरू यस प्रकरणका केन्द्रीय विषय बनेका छन् । समग्रमा बिष्टको सम्मानका सन्दर्भमा भएका विशिष्ट कार्यहरूमध्ये पनि उनको देहावसानपछि भए पनि सर्वोत्कृष्ट सम्मान त यस ग्रन्थको लेखन तथा प्रकाशनका

माध्यमबाट जीवनीकार नरेन्द्रराज प्रसाईले समर्पण गरेका छन् । यस ग्रन्थको प्रकाशनबाट बिष्टप्रति गहन सम्मान भएको सन्दर्भ पनि यहाँ पुष्टि हुन आएको छ । यसरी प्रस्तुत ग्रन्थ उत्कर्षमा पुगेर विराम भएको छ ।

**३. जीवनी ग्रन्थको समीक्षान्त**

जीवनी समालोचना लेखनका वृत्तमा प्रसाईको विशिष्ट योगदान रहेका छ । यस्ता योगदानका सन्दर्भहरू यहाँ विषयका रूपमा स्थापित बनेका छन् । कृतिको आधार बनेका विशिष्ट सर्जक व्यक्तित्वको जीवनका उहापोह समेटेर लेखिने काम जीवनीको विषय बनेको हुन्छ । अर्काको जीवनचर्यालाई जीवनीकारले आफ्नो सृजनाचेत प्रयोग गरेर रचनाका निम्ति आवश्यक पर्ने तथ्यहरू चयन गर्दछ । स्रष्टाको जीवन वृत्तलाई आख्यानीकरण गरेर औपन्यासिक आयाम र आकृति तथा साङ्गठनिक रूप प्रदान गर्दछ । त्यसमा विषयको आख्यानीकरण, आनकीकरण र पात्रताको प्रारूपीकरण एवं त्यस व्यक्तिले कार्य सम्पादन गरेका र आफूलाई वितरित गरेका समग्र स्थान तथा स्थिति र पर्यावरणहरूलाई परिवेशको स्वरूप प्रदान गरेको हुन्छ । द्वन्द्व चेतनाका विषयहरू पनि जीवनीका केन्द्रमा पात्रको रूपमा रहेको भोक्ता अनि उद्देश्य, कुतूहलता र सन्देश जस्ता तत्त्वहरू एक आख्यानात्मक रचनाका आयामभित्र समाहित बनेर रहेका छन् । जीवनी स्वकीय र परकीय केन्द्रमा लेखिने विषय भएका कारण यसमा भोक्ता पनि प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा नै निबद्ध रहन्छ । यहाँ परकीय जीवनी लेखनमा केन्द्रित रचना भएका कारण समग्र क्रियाकलापको जिम्मेदार पात्रका रूपमा दौलतविक्रम बिष्ट रहेका छन् । यस कृतिलाई आख्यानात्मक सृजना मान्दा भोक्ता तृतीय पुरुष दृष्टिबिन्दुमा निर्मित रहेको स्थिति स्पष्ट हुन्छ । यस दृष्टिले प्रसाईद्वारा लिखित कृतिले औपन्यासिक संवेदना यहाँ प्रस्तुत भएको छ ।

नेपाली विषयको जीवनी लेखनमा आफ्नो शैली बनाइसकेका प्रसाईको सृजना चिन्तन, समालोचना चिन्तन र आख्यान चिन्तनको समीकरण कला एकै तहमा प्रकट भएको छ । स्रष्टा व्यक्तित्वको चित्रणमा केन्द्रित बनेर उपयोग भएको अवस्था यहाँ जीवन्त बनेर रहेको छ र सो कार्य यस कृतिमा प्रकट भएको छ । सरल भाषामा समालोचकीय शोध सन्दर्भ प्रस्तुत गर्दै, तथ्यको प्रमाणीकरण गर्ने र जीवनचर्याका विषयहरूको केन्द्रमा समीकृत गरेर सृजनाका प्राप्तिलाई समीक्षा गर्ने काम प्रसाईका जीवनीमूलक सृजनाले गरेको हुन्छ । यस्ता तथ्यहरूको गरिमा र सम्मान प्रस्तुत कृतिको प्राप्तिले निर्वाह गरेको छ । यिनै विशेषताका आधारमा नेपाली जीवनी लेखकका सन्दर्भमा अग्रणी स्थान लिन सफल बनेका प्रसाईको लेखन आफैमा विशिष्ट परिचय बनेको छ । यस परिचयले नेपाली जीवनी समीक्षाको उत्कर्षता प्राप्त गर्ने सफल यात्राको लक्ष्य तय गरिसकेको स्थिति स्वयम्मा सिद्ध भएको छ ।

# कीर्तिबाबु

**१. विषयारम्भ**

राजनीतिक संस्कृतिका समर्पित साधकलाई पनि प्रसाईले जीवनीको विषय बनाएका छन् । दिवंगत प्रतिभादेखि लिएर जीवन्त प्रतिभासम्म जीवनवृत्तलाई कथ्यका रूपमा प्रयोग गर्ने काम प्रसाईबाट भएको छ । सत्यमोहन जोशी, वाङ्देल, रोहित, वानीरा गिरीहरूको जीवनी जीवित अवस्थामै लेखेका प्रसाईले कीर्तिनिधि बिष्टको जीवनयात्रालाई पनि जीवित अवस्थामै लेखिने विषयका रूपमा उपस्थापन गरेका छन् । दिवंगत भइसकेकाहरूको जीवनी लेख्नु त्यति असहज छैन, किन भने त्यहाँ तथ्यहरूमा विचलन आयो भने पनि प्रतिवाद गर्न जीवनीका पात्र स्वयम् आउँदैन । आइगए पनि त्यहाँ उसका निकटतम मानिने आफन्त र सरोकारवालाहरू मात्र आउँछन् । जीवित व्यक्तिको पात्रतामा केन्द्रित भएर जीवनी लेख्ने काम गरियो भने उसका आचरणलाई विचलन गर्न र तथ्यमा तलमाथि गर्न पाइँदैन ।



जीवन्त पात्रको जीवनी लेखनमा तथ्यहरू छुटाउन र थप्न पनि नमिल्ने नयाँ तथ्य सृजना जुटाउन पनि नमिल्ने स्थिति आउन दिनु हुन्न । व्यक्तिको जीवन औशत मात्र हुन्छ न हुन्छ अत्यन्त आदर्श र न हुन्छ अत्यन्त अनादर्श । यस्तो स्थितिमा विशिष्ट आचरण बनाएर प्रस्तुत गर्न पनि मिल्दैन । त्यस कारण संयमित भाषा र शिल्पको प्रस्तुतिमा मानवीय सीमाका आधारमा व्यक्तिका आचार व्यवहार प्रस्तुत गरिनु पर्छ ।

व्यक्ति स्वयम्ले आत्मजीवनी लेख्ता अवलम्बन गर्नु पर्ने इमानदारीमा तथ्यहरू अविचलित ढङ्गले रहनु पर्छ । त्यसमा तथ्यहरू अमर्यादित र असांस्कृतिक हुने खालका छन् भने तिनलाई मानवीय कमजोरीका सीमामा हुने व्यवहारका रूपमा स्वयम् आत्मजीवनीकारले राख्नु पर्छ । अर्काको जीवनी लेखिरहँदा पनि जीवनीका पात्रको जीवनका सकारात्मक वा नकारात्मक तथ्यहरूलाई मानवीय कमजोरीका रूपमा मात्र रहने गरी तटस्थ भावका आधारमा प्रस्तुत गरिनु पर्छ । जीवनी लेख्नुको प्रयोजन नै त्यो जीवनीका पात्रबाट, त्यस जीवनीमा रहेका आचार व्यवहार, सङ्घर्ष र उपलब्धिहरूबाट पाठकले आफूले उत्प्रेरणा प्राप्त गर्न सकोस् । त्यस जीवनीमा रहेका उत्सर्ग र समर्पणका भावहरूले पाठकमा अनुसरण गरौँ गरौँ लाग्ने र अनुकरणको भाव जागरित होओस् भन्ने जस्ता भावले पाठकलाई आकर्षित गरोस् र अरुले पनि प्रेरित बन्न मिलोस् भन्ने भावनाबाट जीवनी सधैँ प्रेरित रहोस्–यो भावना सधैँ जीवन्त रहन्छ । यिनै दृष्टिकोणको केन्द्रमा जीवनी सृजना भएको हुन्छ । कल्पनात्मक अतिरञ्जना जीवनीका निम्ति प्रतिकूल विषय हो । लेखकले आफ्नो निजी विचार होइन, त्यस समाज र संस्कृतिले पचाएको मर्यादा र व्यवहारको सीमामा रचनाको स्थापना गरिनु पर्ने कुरा जीवनी लेखनका सीमा बनेर आएका हुन्छन् । यसबाट जीवनीलाई सबैका निम्ति ग्राह्य बनेको हुन्छ । जीवनी लेखनका आवश्यक

पक्षहरू सामाजिक र सांस्कृतिक मर्यादाका परिधिबाट विचलित बन्न पाउँदैनन् ।

प्रस्तुत ग्रन्थ कीर्तिबाबु लेख्ने चरणमा आइपुग्दा जीवनीकार नरेन्द्रराज प्रसाई निकै सफल जीवनीकारका रूपमा प्रतिष्ठा पाएका प्रतिभाका रूपमा परिचित बनिसकोका छन् । प्रसाईले लेखेका एकल जीवनीहरूमा प्रस्तुत कृति आठौँ ग्रन्थ हो । यसमा एक चर्चित तर राजनीतिक व्यक्तित्वको जीवनवृत्तमा केन्द्रित विषयका रूपमा जीवनी प्रस्तुत भएको छ । साहित्यिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तित्वहरूका अनेक लघु आकृतिका जीवनी लेखिसकेका व्यक्तिको कलम यहाँ एक विशुद्ध राजनीतिक तथा सामाजिक व्यक्तित्वका विषयमा केन्द्रित भएको हुन्छ । यस लेखन कार्यको समीक्षण गर्ने काममा यो रचना यहाँ सृजना भएको छ । नेपाली साहित्यका विशिष्ट साधकहरूको मात्र जीवनी समीक्षा पढिरहेका व्यक्तित्वहरूका हकमा यो लेखन निकै असहज हुने स्थितिमा देखिन्छ । यो ग्रन्थ पढिरहने सन्दर्भ पनि यहाँ यी विषय प्रकट भएको अवस्थामा सिद्ध भएको छ । जीवनी लेखनमा साहित्यकारकै जीवनी सृजना हुनु पर्ने विषय होइन । सामाजिक, साहित्यिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक जीवनका अनेक व्यक्तित्वहरूको जीवनवृत्तमा जीवनी लेखिन सक्छ र जीवनीकारले प्रस्तुत गरेको सृजनामा रहेको सौन्दर्य र समीक्षण चिन्तनको विषय चाहिँ समीक्षाको विषय बन्न सक्छ । यसै सन्दर्भलाई यहाँ समीक्षाको स्वरूप प्रदान गरिएको छ । अब यस लेखनलाई मूल विषयतर्फ केन्द्रित गरिएको छ ।

## २. **सन्दर्भ कीर्तिबाबु : विषय जीवनी**

**कीर्तिबाबु** (२०६६) नामक कृतिको विषय समीक्षात्मक जीवनीमा आधारित छ । यस कृतिको आयतन मध्यम स्तरको छ । यस कृतिमा दुईओटा मूल खण्डहरू रहेका छन् । ती खण्डहरूमा पहिलो खण्ड प्रकाशकीय र लेखकीय विषेश रहेका छन् । यिनमा

औपचारिकताका सन्दर्भहरू संयोजन भएका छन् । प्रकाशनको तर्फबाट 'प्रकाशकीय', रामबाबु प्रसाईको तर्फबाट 'सन्दर्भ कीर्तिबाबु भूमिका, आकाशिका नभएर मन्तव्य', कीर्तिबाबु स्वयंको तर्फबाट 'लेखकीय फूल मेरो कथा' र लेखक प्रसाईको तर्फबाट 'मैले कीर्तिबाबु किन लेखें' लगायत जम्मा चारओटा औपाचारिक रचनाहरू यहाँ समाहित छन् । यस्ता सामग्रीको संयोजनपछि मात्र मूल ग्रन्थ आरम्भ भएको छ । ग्रन्थको विषय विनियोजन गर्दा विषय बनेर आएका पात्र कीर्तिनिधि बिष्टको जीवनीका विविध आयामको व्यवस्थापन गर्ने काम भएको छ । एउटा व्यक्तिको समग्र व्यक्तितत्व निर्माणमा उसका मात्र पितृ कुलका पूर्वपुस्ताको समग्र ऊर्जा लगानी भएको हुन्छ । उसका पूर्वपुस्तामा रहेका सकारात्मक तथा नकारात्मक सबै किसिमका ऊर्जाको संश्लेषित बिम्बका रूपमा रचनाको व्यवस्था पनि यहाँ प्रतिष्ठित बनेका हुन्छन् । यस्ता सन्दर्भहरूको विनियोजनका रूपमा पनि प्रतिष्ठित बनेको अवस्था यहाँ उपस्थापन भएको छ ।

प्रस्तुत ग्रन्थको मूल भाग जम्मा पच्चिस प्रकरणमा विरचित छ । ती प्रकरणहरूमा सानातिना सङ्केतखण्डको व्यवस्था गरेर लघु उपप्रकरणहरूको पनि व्यवस्था भएको छ । ती मूल प्रकरणहरू अशीर्षकीकृत अवस्थामै विन्यास भएका छन् । तिनमा कीर्तिनिधि बिष्टको जीवनको पूर्व सन्दर्भ, उनका पितामह, पिता र आफू, अनि आफूभन्दा पछिका पुस्ताको पनि सङ्केत यहाँ विभिन्न प्रकरणमा सन्दर्भित बनेर प्रयोगमा आएका छन् । बिष्टका पितृ तथा मातृ वंशका कथाहरू, बिष्टका ससुरली र दीदी बहिनी, तथा अन्य केही कुटुम्ब र इष्टमित्र एवं स्वजनहरू पनि यहाँ विषयका रूपमा उपयोग भएका छन् । विष्टको जन्म, शैशव तथा बाल्यकाल, शिक्षादीक्षा, चारित्रिक विकास, वैवाहिक तथा पारिवारिक जीवन, राजनीतिक चरित्रको विकास र मुलुकको सञ्चालनमा आएका अनेक सजिला

अप्ठ्यारहरू, देशमा आाएका अनेक राजनीतिक उहापोहहरू र पारिवारिक जीवनका हाँसो विस्मात् लगायतका अनेक सन्दर्भहरू यहाँ विषयका रूपमा प्रस्तुत गरिएका छन् । ती सबै सन्दर्भहरू ग्रन्थकारले आफ्नो हिसाबले विनियोजन गरेर प्रकाशमा ल्याएका छन् । एक विशिष्ट व्यक्तित्व बनेका र सार्वजनिक जीवन बाँचेका व्यक्तिका समग्र सन्दर्भलाई कृतिको विषय बनाइएको हुन्छ । त्यस्ता विषयगत सबै पक्षलाई तलको व्यवस्था अनुरूप समीक्षा गरिनु सान्दर्भिक ठहर्छ :

शीर्षक नै सङ्ख्यात्मक संज्ञामा पाठ विनियोजन गरिएका आधारमा तलको व्यवस्था अनुसार व्यवस्थापन गरिएको छ र तिनको व्यवस्थापन निम्न क्रममा भएको छ । जस्तै : एक, दुई, तिन, चार, पाँच, छ, सात, आठ, नौ, दश, एघार, बाह्र, तेह्र, चौध, पन्ध्र, सोह्र, सत्र, अठाह्र, उन्नाइस, बीस, एक्काइस, बाईस, तेईस, चौबीस र पच्चीस उल्लेख भएका प्रकरणहरू यहाँ प्रस्तुत छन् । यिनमा बिष्टको जीवनका पूर्वसन्दर्भ, उनको जन्मका सन्दर्भहरू, जीवनका गतिमा आएका अनेक उतारचढाउका कारण र तिनलाई प्रभावित बनाई तत्तत् सन्दर्भका कारक बनेका तत्त्वलाई निरूपित गर्ने परिसीमामा राखेर जीवन र जगत्का अनेकतम आयामहरूको आकलन गर्ने काम भएको छ । सङ्ख्यालाई शीर्षक मानिएका यस ग्रन्थका प्रकरणहरूको व्यवस्थापनमा सङ्ख्याको पछिल्तिर कोष्ठकमा मूल कथ्यलाई सम्बोधन गर्ने किसिमका शीर्षकको निर्धारण गर्ने काम पनि समीक्षा लेखनकै क्रममा भएको छ । प्रस्तुत समीक्षालाई ती ती प्रकरणमा समाहित भएका विषयहरूलाई यथाक्रममा राखेर समीक्षण गरिने दिशातर्फ नै अभिमुख हुनु सान्दर्भिक ठहर्छ :

### ३. विषयको विनियोजन

मानव जविनको यात्रा नै विषयको आधार बनाएर ग्रन्थको आयतन भरी वितरण र व्यवस्थापन गरिने क्रियाका आधारमा प्रस्तुत

ग्रन्थ तलको विषय सूचनाका योजनामा व्यवस्थापन भएको छ । यसरी वितरण र व्यस्थापन गर्ने काम सन्दर्भ सङ्गत ढङ्गले समायोजन गरिएको देखिन्छ । यहाँ कीर्तिनिधि बिष्टको जीवनको आयतन र त्यसलाई प्रभावित तुल्याउने पूर्वापर सन्दर्भ नै विषयको सहायक वैशिष्ट्य बनेर रहेका छन् । यिनै विषयका अनेक कोणहरूलाई ग्रन्थको आतनभित्र आद्यन्त मिलाएर राखेको कुरा तलका विषय व्यवस्थापनका आधारहरूबाट पुष्टि हुन आउँछ । व्यक्तिको समग्र जीवनका कोण प्रतिकोणसमेतको व्यवस्थापन गरेर यस ग्रन्थको निर्माण गर्ने काम भएको छ । यसरी विषयको रूप प्रदान गरिएका बिष्टको जीवनका आद्यन्त आतनको स्थापना र तिनका विशेषताहरूलाई नै यहाँ विनियोजन गरिएको छ र तिनको सङ्क्षिप्त समीक्षणमा यो रचना तयार भएको छ :

**एक (कीर्तिनिधि बिष्टको पूर्व सन्दर्भ)** : नेपालको मध्यकालीन इतिहासको अन्ततिर द्रव्य शाहको समयमा सत्रौँ शताब्दीको प्रारम्भतिर आजको गोरखाको आसपासमा बसोबास गरेका बिष्ट परिवारको उपस्थिति यहाँ उल्लेख्य रहेको छ । मुलुकको तत्कालीन राजनीतिमा बिष्ट परिवारको त्यति महत्त्व नरहे पनि गोरखाको खोप्लाङ गाउमा यिनीहरूको प्रतिष्ठा राम्रै रहेको सन्दर्भ पनि यहाँ उपस्थापन भएको छ । पश्चिमबमाट खोप्लाङ आएका बिष्ट परिवारमा वाणीविलास बिष्टले आफ्नो उर्वर जीवन गोर्खामै बिताएर उत्तरार्ध कालमा नयाँ नयाँ अवसरको खोजीमा काठमाडौँ आएर बटुटोलमा एउटा सानो आवास स्थल जोडेको सन्दर्भबाट मूल विषयले गति लिएको छ । गोरखामा रहेकै अवस्थामा वाणीविलासले आफ्नो परिवारको भरण पोषण र जीवन निर्वाहको व्यवस्थापन त्यहीँ गरेका थिए । वाणीविलास बिष्टका जेठा छोरा भीमनिधि शर्मा बिष्टको जन्म गोरखामै भएको थियो । परिवारसहित काठमाडौँ आएका वाणीविलासका जेठा छोरा भीमनिधि शर्माले पनि काठमाडौमै

रहेर जीवन सङ्घर्ष चलाएका थिए । भीमनिधि शर्माका छोरा चन्द्रनिधितर्फका नाति कीर्तिनिधि बिष्ट एक दिन गएर नेपालको प्रधानमन्त्री बन्ला र विश्वमा कीर्तिपताका विस्तारित गर्ला भन्ने कुरा कसैलाई थाहा हुने विषय पनि थिएन । परिस्थितिको क्रमले विषयलाई कुन मोडमा कहिले कहाँ कहाँ पुऱ्याइदिने हो यो भन्न सकिने विषय नै होइन । यस स्थितिलाई प्रस्तुत प्रकरणमा निकै रहस्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**दुई** (**कीर्तिनिधि बिष्टका पुर्खाहरू**) : प्रकरण दुई उल्लेख भएका यस पाठमा बिष्टका पुर्खाका विषयलाई इतिवृत्त बनाइएको छ । वाणी विलासका चार छोराको विवरण यहाँ प्रस्तुत गरिएको छ । चार भाइमध्ये ज्येठाका छोरा चन्द्रनिधि र बुहारी धनकुमारीका छोरा कीर्तिनिधिको जीवन सन्दर्भमा बडागुरु तर्कराज पाण्डेकी छोरीसँग बिहा भएपछि बिष्टहरूको नाता काठमाडौँका उच्चवर्गीय खानदानसँग जोडिएको विषय यहाँ उपस्थापन भएको छ । राणा दरबारको सम्पर्क र नाता जोडिएका चन्द्रनिधि बिष्टको जीवन यात्रा कीर्तिनिधिको चरित्र निर्माणको पृष्ठभूमि बनेर रहेको छ । चन्द्रनिधिको सौख र आचार व्यवहारसमेतको चर्चा गर्ने क्रममा उनको प्रकृतिप्रिय रहेको स्वभावको सन्दर्भ पनि यहाँ विषय बनेको छ । भाइहरूसँग चन्द्रनिधिको सम्बन्ध अति मधुर रहेको कुरा पनि यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । यिनै सन्दर्भमा यो प्रकरणको विषय र त्यसका उपकरणहरूको समायोजन पनि भएको छ । यस प्रकरणमा प्रसाईले जीवित जीवनीका विषयहरूको स्थापना गरेका छन् ।

**तीन** (**कीर्तिनिधि बिष्टको जन्म र शैशवकाल**) : १९८३ सालको हेमन्त ऋतुको ठिहीमा बिष्टको जन्म भएको सन्दर्भ यहाँ विषयका रूपमा प्रकट भएको छ । सुन्दर र सुशील स्वभावका बालक कीर्तिनिधि बिष्ट, प्रसन्न मुद्राका धनी बालक बिष्टका स्वभावमा भएको सरलता र सौम्य चिन्तन विकसित बन्दै गएको सन्दर्भ पनि

यहाँ विषय बनेको छ । कीर्तिनिधि तर्कराज पाण्डेका छोरीपट्टिका नाति पनि भएका कारण उनमा थप कुलीन संस्कार पनि विस्तार भएको स्थिति यहाँ प्रकट भएको छ । आफ्नो घरमा मात्र होइन मामलीमा पनि उनी निकै संस्कारित बालक रहेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । आमा धनकुरीको दानी र उपकारी स्वभाव अनि बाबाको प्रकृतिप्रिय स्वभावका कारण कीर्तिनिधिमा शिष्ट र मिलनसार तथा दयावान् स्वभाव बाल्यकालदेखि नै विकसित बन्दै आएको कुरा पनि यहाँ विषय बनेको छ । छोरामध्ये कान्छो बनेका कीर्तिबाबुको अक्षरारम्भ १९८८ सालमा मामली राजगुरु तर्कराज पाण्डेका घरमा रहने गुरु ब्रह्मचारीबाट भएको र १९९१ सालमा उनलाई दरबार हाइस्कूलमा भर्ना गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । बाल्यकालमा विद्यालयका साथीहरू नेवार भएका कारण कीर्तिनिधि बिष्टको नेवारी भाषामा पनि पहुँच बढेको र पठनको माध्यम अङ्ग्रेजी भएका कारण अङ्ग्रेजी भाषाको ज्ञान पनि विस्तरित बन्दै गएको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ ।

सुरिलो र खिरिलो शरीर संरचना बन्दै गएका बिष्टको व्यक्तित्वको विकास बाल्यकालदेखि नै नयाँ ढङ्गमा मोडिएको स्थिति देखिन्छ । बिष्टको जीवनमा नयाँ नयाँ मोडहरू शिक्षा र व्यवहारले थप्दै गएको विषय यस प्रकरणमा सङ्केत भएको छ । बिहान बेलुका पढाइमा व्यस्त रहने र बँचेको समयमा फुटबल खेलमा पनि ध्यान दिने अनि विद्यालयमा पनि रुद्रराज पाण्डे जस्ता प्रधानाध्यापक र अरू पनि शिक्षकले दिएको शिक्षा र सिकाएको अनुशासनबाट प्रशिक्षित बन्दै गएका कीर्तिबाबुको आचरण अलगै ढङ्गले विकसित बनेको सन्दर्भ प्रस्तुत भएको छ । विद्यालयमा रहँदा गुरु वासुदेव भट्टराई, खड्गध्वज, चूडामणि, भैरवबहादुर, लालबहादुर, चन्द्रबहादुर जस्ता योग्य र अनुशासनप्रिय शिक्षकको निगरानीमा चरित्र निर्माण भएका कीर्तिबाबुको आचरण यहाँ समीक्षित भएको छ । राणा शासनबाट

जनाताले पाएको पीडाको मुक्ति अन्वेषणको चेतना विस्तारै कीर्तिबाबुको मनमा पनि विकसित बन्दै गएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । एउटा संवेदनशील स्वभाव, भावुक चेतना र सहयोगको भावना भएका व्यक्तिको हृदयमा परका अनेक चोटले पारेका प्रभावहरू व्यक्तिको अन्तश्चेतना निर्माणमा भूमिका खेल्ने विषय बन्छन् भन्ने सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । बिष्टकी आमा धनकुमारीको भने राणा परिवारकी गुरुपुत्री, गुरुदिदी, गुरुबहिनी आदि भएका कारण अन्तरङ्ग सम्बन्ध पनि सबल थियो नै । यस्ता पारिवारिक अन्त: सञ्जालमा जोडिएका विषयका रूपमा प्रस्तुत प्रकरण संयोजित बनेको छ ।

**चार (कीर्तिनिधि बिष्टको विवाह र सन्तति)** : विद्यालयको जीवनमा रहेकै अवस्थामा बिष्टको १९९७ सालमा काठमाण्डौकै पन्त परिवारकी कन्या बोधकुमारीसँग बिहा भएको विषय यस प्रकरणको केन्द्रीय कथ्य बनेको छ । एकातर्फ अध्ययनको सन्दर्भ बिष्टका निम्ति आफ्नो प्राथमितामा परेको विषय थियो भने अर्कातर्फ परिवारको दायित्व, सन्तान जन्मको प्रसङ्ग एक साथ गतिवान् बनेको छ । चार छोरी र दुई छोराको बाबु बनेका बिष्टका निम्ति पारिवारिक शान्ति र सुखको विषय बनेको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । छोरा विनोद र शारदा बिष्ट राज्यका समस्या र राजनीतिक चिन्ताभन्दा बाहिरै रहेर अन्य व्यवहारमा नै जीवन निर्वाहमा संलग्न बनेको सन्दर्भ पनि यहाँ विषय बनाएको छ । कीर्तिनिधिको पारिवारिक, सन्तान तथा आफन्त जनको बिचमा प्रसन्न बनेर रहन सक्ने अवस्था यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । औपचारिक रूपमा सम्पत्तिको भागबन्डा भइसके पनि कीर्तिबाबुका छोराहरू एउटा संयुक्त परिवारका रूपमा अहिले पनि कायम रहेको सन्दर्भ यहाँ समीक्षित बनेको छ । बिष्टका छोराछोरी, नातिनातिना सबै शिक्षित, शिष्ट र सम्पन्न भएका कारण आफू

सम्पन्न, सुखी र सन्तुष्ट भएको बोध गर्ने बिष्टको पारिवारिक चिन्तन पनि यहाँ विषय बनेको छ ।

**पाँच (कीर्तिनिधि बिष्टको विद्यार्थी जीवन र शिक्षादीक्षा)** : बिष्टको उच्च शिक्षाको सन्दर्भ यस प्रकरणको विषयका रूपमा प्रस्तुत भएको छ । दरबार हाइस्कूलबाट तृतीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि विज्ञान अध्ययनका निम्ति हिन्दूविश्वविद्यय बनारस पुगेका बिष्टले बडा गुरुकै आग्रहमा पनि प्रवेश पाउन नसकेको विषय यहाँ चर्चा भएको छ । यहाँ प्रवेश नपाएका कारण कलकत्तासम्म पनि पुगेको प्रश्न विषयका रूपमा आएको स्थिति पनि यसै प्रकरणमा प्रस्तुत भएको छ । घरपरिवारको सल्लाह अनुसार कोलकाता बङ्गवासी कलेजमा पुगेर भर्ना भए पनि त्यहाँ आइ.एस्सी. पढ्न नसकेका कारण फर्केर काठमाडौँ त्रिचन्द्र कलेजमै आएर प्रमाणपत्र र स्नातक तहको अध्ययन पुरा गरेको विषय यहाँ प्रस्तुत भएको छ । २००३ सालतिर स्नातकोत्तर तह पढ्न लखनौ गएको र यसै समयमा बिष्टको राजनीतितिर पनि आकर्षण बढेको सन्दर्भ यहाँको विषय बनेको छ । उनलाई घोडा चढ्ने र सिकार खेल्ने सौख पनि विद्यार्थी जीवनदेखि नै बढ्दै गएको सन्दर्भ यहाँ विषय बनेको छ । यस्तै विशिष्ट स्थितिमा बिष्टको आचरण नजानिदो पाराले राजनीतितिर पनि विकसित बन्दै गएको स्थिति पछि प्रकटमा आएको छ । दरबार हाइस्कूल र त्रिचन्द्र कलेजकै अध्ययन कालमा राणा शासकहरूका विरुद्धमा रोपिएका बिउको प्रभाव उनमा पनि पर्न लागेको कुरा यहाँ सङ्केत भएको छ ।

**छ (कीर्तिनिधि बिष्टको राजनीतिक जीवनमा प्रवेश)** : बिष्ट शिष्ट र प्रभावशाली वक्ताका रूपमा विद्यार्थी जीवनबाटै देखा परेका थिए । नेपालमा प्रजातन्त्रको स्थापनाका निम्ति गठन भएको राष्ट्रिय काङ्ग्रेसको क्रियाकलापका नजिक आएका बिष्ट डिल्लीरमण रेग्मीको प्रभावमा पुगेका थिए । यस स्थितिले बिष्ट क्रमशः काङ्ग्रेसको

राजनीतिक सान्निध्यमा पुगेको सन्दर्भ पनि यहाँ समीक्षित बनेको छ । राष्ट्रिय काङ्ग्रेसका महासचिवसमेत बनेर डिल्लीरमण रेग्मीसँग राजनीतिमा क्रियाशील बनेका बिष्टलाई नेपालको तत्कालीन राजनीतिले मूलधारमा तानेर ल्याएको सन्दर्भ यहाँको विषय बनेको छ । डिल्लीरमण रेगमीको हठी स्वभावका कारण उनका अनुयायी असन्तुष्ट बन्दै गएको र आफ्नै अहम्‌का कारण रेग्मीको लोकप्रियता भने कम हुँदै थियो भन्ने निष्कर्ष बिष्ट निकालिरहेका थिए भन्ने कुरा पनि यहाँ विषयका रूपमा आएको छ । सङ्गठनको कला लोकप्रिय बनेका कारण कार्यकर्ताको राजनीतिक झुकाउ विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वतर्फ आकर्षित बनेको कुरा पनि यहाँ विषय बनेको छ । राष्ट्रिय जनकाङ्ग्रेसमा विद्वान् र विवेकको उपस्थिति भए पनि साङ्गठनिक लोकप्रियताको कमी भएका कारण विश्वेश्वरको पक्ष प्रबल बन्दै गएर काङ्ग्रेस विभाजन भएको विषय पनि यहाँ समीक्षित बनेको छ । एकपल्ट मन्त्री समेत बनेका रेग्मी हठका कारण २०१५ को आमचुनाउँमा पराजित बनेको सन्दर्भ बिष्टले प्रसङ्गमा ल्याएका छन् भन्ने कुरा जीवनीकारले समीक्षाको विषय बनाएका छन् ।

**सात (कीर्तिनिधि बिष्टको राजनीतिमा अभिरूचि र व्यक्ति सम्पर्क)** : विद्यार्थी जीवनबाट राजनीतिक सम्पर्कमा आएका बिष्टमा जाग्दै गएको अभिरुचि पनि विकसित बन्दै गएको सन्दर्भले यस प्रकरणमा स्थान लिएको छ । कङ्ग्रेसको प्रतिनिधिमण्डलमा समावेश भएर राजदरबार पुगेका बिष्टको राजासँग पहिलो भेट भएको र रेग्मी परराष्ट्र मन्त्री भएताका उनीसगै बिष्ट भारत पुगेका बेला राजा त्रिभुवन पनि त्यहाँ पुगेका कारण बिष्टको राजासँग भेट भएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । पार्टीबाट राजनीतिक चिन्तन र गतिविधि विकास गर्दै गएका बिष्ट क्रमश: राजाको नजरमा पनि पर्दै गएको विषय यस प्रकरणमा प्रकट भएको छ ।

बिष्टमा राजनीतिक दायित्व एकातर्फ र अर्कातर्फ पारिवारिक दायित्व एकैसाथ बढ्दै गएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ । पारिवारिक समस्याका रूपमा बाबु आमा दुवै बिरामी पर्नु, आमाको पाठेघरमा क्यान्सरको सम्भावना देखिनुले उनमा चिन्ता पनि बढेको अवस्था थियो । यसै स्थितिमा बाबालाई पनि क्षय रोगले गाँजेको स्थिति बेहोर्नु परेको थियो । छोराछोरीका निम्ति अभिभावक, आमाबाबुका निम्ति सेवक र देशको राजनीतिक वृत्तमा इमानदार राजनेता बनेर दायित्व निर्वाह गर्नु पर्ने स्थितिमा पुग्दा पनि बिष्ट अविचल रूपमा रहने दृढ आचरण रहेका व्यक्तित्वका रूपमा आफ्नो जीवन चर्या भोगेका व्यक्तिको रूपमा यस प्रकरणको केन्द्रमा रहेका छन् ।

आठ (**कीर्तिनिधि बिष्टका बाआमाको उपचार र आमाको निधन**) : क्षय रोगबाट पीडित बाबाको बिरामको उपचार र आमाको अधिक रक्तस्रावका पीडाबाट ग्रस्त भएको विषयलाई लिएर बिरामीहरूसँगै बिष्ट नेपालबाट कलकत्ता पुगेको सन्दर्भ यहाँ प्रकट भएको छ । काठमाडौँबाट अध्ययन गर्न कोलकोता पुगेका व्यक्तिको सहयोग सहयोगमा त्यहाँ आमा धनकुमारीको पाठेघरमा क्यान्सर हुने स्थिति पनि यतिखेर विषयका रूपमा यहाँ प्रस्तुत भएको छ । उपचारकै क्रममा आमाको निधन भएको र बाबाको चाहिँ क्षयको बिमार औषधीका कारण केही आरम भएको सन्दर्भ यहाँ विषय बनेको छ । आमाको निधनपछि बाबाको दैनिकी चराचुरुङ्गीमा रहने मोह, आफ्नो नित्यकर्म बनेको, पठनपाठन, पूजाअर्चना आदिमा संलग्न हुने विचार विकास भएको सन्दर्भ पनि यहाँ विषय बनेर प्रस्तुत भएको छ । आमाको निधनपछि १९ वर्षसम्म बिष्टले बाबाको सेवामा खर्च गरेका स्थितिहरू पनि यहाँ विषयका रूपमा प्रस्तुत भएका छन् । मान्छे नियतिको सिकार बनेर आफ्नो दुर्नियति भोग्छ र कहिले त पश्चात्ताप बोध गर्ने अवसर समेत प्राप्त गर्न सक्दैन । आमाको निधनपछि

पश्चात्ताप बोधबाट पीडित बनेका बिष्टको अन्तरात्माको क्रन्दनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**नौ (कीर्तिनिधिको राजा महेन्द्रसँगको सामीप्य)** : २०११ सालमा राजा महेन्द्रको राज्यारोहणपछि बिष्टको गतिविधिमा नयाँ मोड आएको सन्दर्भमा यो प्रकरण तयार भएको छ । राजा महेन्द्र भावुक, संवेदनशील र सृजनशील समेत भएको स्थिति यस सन्दर्भको विषय बनेको छ । राजा महेन्द्रमा रहेका साहित्य, संस्कृति र राजनीतिक चिन्तन उदार थियो भन्ने कुराहरू अनेक सन्दर्भबाट पुष्टि हुन्छन् । उनमा निहित प्रजातान्त्रिक चिन्तनलाई २०१५ सालमा भएको प्रजातान्त्रिक निवार्चन पद्धतिको स्वीकृतिले पनि पुष्टि गर्दछ । राजा महेन्द्रमा रहेको प्रजातन्त्रप्रतिको आस्थावान् चेतना प्रकटमा आएको र राजा भएर पनि जनताको इच्छालाई सम्मान गर्ने विचारक पनि रहेको सन्दर्भ यहाँ प्रकट भएको छ । २०१७ सालको राजनीतिक परिवर्तनमा मुलुकको आन्तरिक समस्या एकातर्फ प्रभाव पार्ने किसिमको थियो भने अकातर्फ वैदेशिक प्रभाव पनि समस्या बनेको थियो भन्ने कुरा यहाँ विषयका रूपमा चर्चा भएको छ । नेपालको आन्तरिक राजनीतिक परिवर्तनको समस्यामा भारतीय दृष्टि निकै समस्यामूलक थियो भन्ने कुरा पनि यस प्रकरणको विषय बनेको छ ।

यस प्रकरणमा आन्तर्राष्ट्रिय दृष्टिकोण पनि कथ्य बनेको छ । भारतले नेपालमा देखिने गरी समय समयमा हस्तक्षेप गर्दै आएको सन्दर्भ पनि यहाँ विषय विषय बनेको छ । भारतीय राजनीतिक सन्दर्भले नेपालमा हस्तक्षेप गर्दै आएको र २००७ साल, २०१७ र २०४७, २०६३ सालमा समेत आएका परिवर्तनहरू मात्र पनि भारतीय दृष्टिबाट मुक्त हुन नपाएका सन्दर्भलाई बिष्टले समीक्षात्मक रूपमा राख्ने गरेका छन् भन्ने कुरा पनि यहाँ प्रस्तुत भएको छ । यी विषयहरू नेपालको सार्वभौकिताका निम्ति निकै हानिकारक रहेको कुरा बिष्टबाट प्रकट भएको देखिन्छ । यस्ता सन्दर्भ पनि यहाँ

विषयका रूपमा उपयोग भएको छ । बिष्टको दृष्टिकोणलाई केन्द्र बनाएर जीवनीकार प्रसाईले नेपाललाई हेर्ने भारतीय कुदृष्टि र विश्वका अरू मुलुकहरूको दृष्टि पनि यहाँ विषयका रूपमा प्रस्तुत गरेका छन् । यहाँ बिष्टको विश्वको राजनीतिलाई हेर्ने दृष्टिकोण पनि समीक्षाको विष्य बनेको छ ।

**दश (कीर्तिनिधिको मन्त्रीत्व र राजाको विश्वास)** : २०१७ साल फागुनमा राजा महेन्द्रद्वारा गठित अधिकार सम्पन्न दौडाहाको प्रमुखमा नियुक्त हुनु पूर्व नै राजा महेन्द्रले बिष्टको कार्य क्षमताको परिचय पाइसकेका कारण यो नियुक्ति सार्थक हुने कुरामा विश्वास रहेको सन्दर्भ यहाँ पनि विषयका रूपमा प्रस्तुत भएको छ । बिष्टको जिम्मामा परेको पश्चिमाञ्चल क्षेत्रका विभिन्न परिवेशको नेतृत्व गरेको र ती काममा सफलता पनि पाएका सन्दर्भहरूलाई यस प्रकरणको विषय बनाइएको छ । कीर्तिबाबुको प्रतिनिधित्वबाट दौडाहाको उद्देश्य सफल बन्दै गएको अवस्थामा प्रसन्न बनेका राजा महेन्द्रले बिष्टलाई २०१८ सालमा संयुक्त राष्ट्रसङ्घको सभामा भाग लिन जानेको प्रतिनिधित्व गर्ने अवसर पनि प्राप्त भएको थियो । बिष्ट अमेरिकामा रहेकै समयमा विश्वबन्धु थापाको वरिष्ठताका आधारमा गठित मन्त्रीमण्डलमा बिष्ट शिक्षा सहायक मन्त्रीका रूपमा नियुक्त भएको सन्दर्भलाई पनि यहीँ समावेश गरिएको छ । उनले नेपालको शिक्षा नीतिमा सुधार गर्ने र नेपाली भाषालाई शिक्षाको माध्यम बनाउने कुरालाई औपचाकिता प्रदान गरेका थिए भन्ने कुरा पनि यहाँ विषय बनेको छ ।

राजा महेन्द्र राजनीतिक विचार र पद्धतिका पनि प्रवर्तक थिए । आफूले परिकल्पना गरेका विषयका त्यस चिन्तनमा आधारित व्यवस्थाका स्वयम् प्रवर्तक र प्रयोक्ता पनि थिए । आफूले सृजना गरेको विचारबाट प्रतिपादित राजनीतिक प्रयासका निम्ति आफैले प्रतिपादन गरेका दर्शनका प्रयोक्ता पनि थिए भन्ने विषयलाई पनि यहाँ केन्द्रीय

मूल्य दिइएको छ । बिष्ट देशका निम्ति अनुकूल हुने पक्षको समर्थन गर्ने व्यक्ति थिए भन्ने कुरा पनि यस प्रकरणको विषय बनेको छ । कीर्तिनिधि शिक्षामन्त्री हुँदै परराष्ट्रमन्त्री बन्न सफल भएकै समयमा नेपालले असंलग्न आन्दोलनको समर्थन र नेतृत्व गर्नेसम्मको सुअवसर पाएको सन्दर्भ पनि यहाँ उल्लेख छ । यस सिलसिलाका कारण राजा महेन्द्रको छवि अन्तर्राष्ट्रिय स्तरमा विस्तारित बन्न पुग्यो । असंलग्न आन्दोलनका विश्वका अग्रणी नेता टिटो, जवाहरलाल नेहरू, चाओ एन लाई, माओ त्से दोङ आदि भएको र उनको समस्तरमा रहेर राजा महेन्द्रले पनि काम गरेको सन्दर्भ यस पक्ररणको विषय बनाइएको छ ।

**एघार (कीर्तिनिधिको नेपालको सार्वभौमिकता प्रतिको अडान)** : बिष्ट आफू मुलुकको परराष्ट्रमन्त्री रहेका बेला उनले नेपालका भूराजनीति र छिमेकीहरूले नेपाललाई हेर्ने गरेका अनेक पक्षहरूको निरूपण गर्ने अवसर पाएका थिए। महेन्द्रले परिकल्पना गरेको परराष्ट्रनीति नेपालको विदेश नीतिको गुरुमन्त्र मानिन्थ्यो भन्ने कुरा पनि यहाँ विषय बनेको छ । आफ्नो राजनीतिक, सांस्कृतिक, आर्थिक र भौगोलिक पक्षको गम्भीरतापूर्वक अवलम्बन गरिनु पर्ने सन्दर्भलाई यहाँ विषयका रूपमा उपयायोग गरिएको छ । राजा महेन्द्रको परराष्ट्र नीतिमा रहेका दूरदर्शिता र सन्तुलनका प्रसङ्गहरू यहाँ बिष्टका धारणा अनुसार प्रस्तुत भएका छन्। राजा महेन्द्रले अमल गरेको गृहनीति र वैदेशिक नीति अत्यन्त सौहार्द्रतामा निर्भर थियो भन्ने कुरा पनि यहाँ विषय बनेर प्रकटमा आएका छन् । विश्वका निकै प्रभावशाली नेताहरूसँगको महेन्द्रको मैत्रीलाई सहयोग गर्ने वातावरण भनेको राजनीतिक स्वतन्त्रता, तटस्थता र राजनीतिक मुक्तिको अभीप्सा नै त्यतिखेरको प्रमुख विषय रहेको सन्दर्भ यहाँ प्रमुख कथ्यका रूपमा प्रस्तुत भएको छ । राजा महेन्द्रको विदेश नीतिलाई विश्वका विशिष्ट नेताहरू पनि मुक्त कण्ठले प्रशंसा गर्थे भन्ने कुरा पनि यहाँ बिष्टको जीवनीको अङ्ग बनेर प्रस्तुत भएको छ ।

**बाह्र (कीर्तिनिधिको राजामाथिको विश्वास र राजाको क्षमताको पारख)** : बिष्टको राजामाथि र राजाको बिष्टमाथिको विश्वास प्रगाढ बन्दै गएको स्थितिमा २०२२ सालको हिउँदताक राजा महेन्द्र शुक्लाफाँटामा सिकार खेल्न पुगेका बेरको अप्रिय सन्दर्भ यहाँ विषयका रूपमा आएको छ । राजा महेन्द्रलाई सिकारकै शिविरमा हृदयाघात भएको र निकै हाहाकार मच्चिएको प्रसङ्ग पनि चर्चा भएको छ । तत्काले चिकित्सक डा. मृगेन्द्रराज पाण्डेलाई झिकाइएको र उनको पहलमा राजाको स्वास्थ्यमा सुधार आएका सन्दर्भले निकै खुसी ल्याएको स्थिति पनि यहाँको विषय बनेको छ । राजाले बिष्टसँग 'म मरे पनि मेरो देश बाँचिरहोस्' भनेर कवितात्मक वाक्यको रूपमा बोलेको तत्कलालको वार्तालाई पछि राजा स्वयंले देशप्रतिको समर्पण भाव प्रकट गरेको सन्दर्भमा एउटा कविता नै सृजना गरेको प्रसङ्ग यहाँ विषय बनेको छ । तत्काल राजाको स्वास्थ्यमा सुधार आएपछि यसै भावको कविताको सृजना गरेर शुक्लाफाँटामै कविगोष्ठीको आयोजना भएको स्थितिलाई पनि यहाँ समीक्षात्मक ढङ्गले प्रस्तुत गरिएको छ । राजा फिर्ता आएपछि बिरामी परेको कुरा राजधानीमा पनि भित्र भित्र चर्चाको विषय बनेको रहेछ भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । राजामा रहेको सृजनशील भावुकताले राजालाई मात्र होइन, अरू अरू संवदनशील व्यक्तित्वको हृदयमा पनि यस सृजनाचेतले प्रभावित तुल्याएको सन्दर्भ बिष्टबाट पनि कविता सृजना भएका सन्दर्भले पुष्टि गरेको छ । राजाका यतिखेरका कविताले हार्दिक पीडाको साक्ष्य गरेको कुरा पनि यस प्रकरणमा पुष्टि भएको छ ।

**तेह्र (कीर्तिनिधि बिष्ट सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा सामेल)** : २०२२ सालमा सूर्यबहादुर थापाको प्रधानमन्त्रित्वमा बनेको सरकारको परराष्ट्र, कृषि र भूमिसुधार जस्ता मन्त्रालयको जिम्मेदारी बिष्टमा आएको थियो । तर थापासँग बिष्टको विमति बढ्दै गएकै स्थितिमा आफू अमेरिका जानु पर्ने अवस्था आएको र थापाको

मन्त्रिमण्डलबाट मुक्त रहन चाहेका सन्दर्भले बिष्टको विचारमा अलग परिचय स्थापना हुन लागेको सन्दर्भ यहाँ प्रकट भएको छ । थापाको कथन र व्यवहारमा समानता नभएका कारण राजामा पनि थापाप्रतिको विश्वास कम बन्दै गएको स्थिति यहाँको विषय बनेको छ । २०२५ सालमा बिष्टलाई बोलाई राजा महेन्द्रले प्रधामन्त्रीको पदमा नियुक्त गर्ने कुरा गरेको सन्दर्भबाट उनको प्रधानमन्त्रीमा आरोहित बनेको सन्दर्भ पनि यहाँ विषयको रूपमा प्रस्तुत भएको छ । बिष्ट प्रधानमन्त्री भएपछि थापाको स्वभावमा आएको विचलनले उनमा निकै चिन्ता विकारस भएको र थापाले कारागृहमै पुग्नु परेको सन्दर्भ पनि यहाँ प्रकट भएको छ । मुलुकको शासन व्यवस्थामा एकातर्फ सिंहदरबार र अर्कातर्फ राजदरबारको शासन व्यवस्थाले द्वैध स्थिति जन्माएको छ भन्ने थापाको कुरा पनि यहाँ प्रकटमा आएको छ । मुलुकका निम्ति विभिन्न मन्त्रालयको जिम्मेदारी सम्मालेका बिष्टलाई प्रधानमन्त्री सम्माल्नु त्यति विशेष तहको समस्या थिएन भन्ने कुरा पनि यहाँ प्रस्तुत भएको छ । जनताका हृदयमा थापाको तुलनामा बिष्टबाट राष्ट्रहितका काम धेरै हुन सक्ने आशाका तन्तु पलाएको विषय पनि यहाँ प्रकट भएको छ ।

**चौध (कीर्तिनिधिको पहिलो प्रधानमन्त्रित्व र राजाको शिकार शिविर)** : २०२५ सालमा प्रधानमन्त्रीको पदमा नियुक्त भएका बिष्टको पहिलो र महत्त्वपूर्ण काम त यहाँ नेपाल तथा चीनको सीमामा चेकपोस्टका रूपमा रहेका भारतीय सुरक्षा सेनाको अनावश्यकता र राष्ट्रिय स्वाधीनताका विषयमा ध्यान दिनु थियो । उत्तरी सीमामा रहेका भारतीय सुरक्षा दस्ता हटाउने काम यस प्रकरणको महत्त्वपूर्ण विषयका रूपमा प्रस्तुत भएको छ । २००९ सालदेखि नेपाल चिनको सीमामा रहेको भारतीय सुरक्षा सेना हटाउनु कम चुनौतीपूर्ण काम नभएको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । नेपालको सार्वभौमिकताका निम्ति भारतको प्रभाव अनावश्यक स्थितिमा बढ्दै

गएको अवस्था बोध भएका कारण बिष्टले गरेको उत्तरी चेकपोष्ट हाटाउने निर्णयलाई सबैले स्वागत गरेको सन्दर्भ यहाँ निकै गौरवको विषय बनेको छ । यो जीवनी लेखिँदै गरेको समयमा कथित गणतन्त्रवाद र खरो राष्ट्रवादको नारा दिने व्यक्तित्वहरूको शासन मुलुकले बेहोरिरहेको सन्दर्भलाई यहाँ विडम्बनाका रूपमा सम्झनु स्थिति पनि सामु आएको छ ।

त्रिभुवन विमान स्थलमै भारतीय सुरक्षा दल राख्न मञ्जुर हुन सक्ने खाता बनिरहेका स्थितिमा बिष्टले गरेको तत्कालीन निर्णय त अराष्ट्रवादी भयो भनेर व्याख्या हुन सक्ने स्थिति पनि यहाँ विषय बनेको छ । बिष्टले आफैँ पदमा रहेर चुनाउमा भाग नलिने निर्णय गरेजस्ता नैतिक विषयलाई व्यवहारमा ल्याएको प्रसङ्ग पनि निष्ठाको राजनीति बनेर प्रकटमा आएको छ । यो स्थिति पनि नेपालका निम्ति अनावश्यक आदर्श मानिने हो कि भनिने अवस्था पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । पदबाट राजीनामा दिएर निरपेक्ष रहँदा पनि बिष्टको सम्पर्क राजासँग भइरहेको र राजासँग सिकार खेल्न शुक्लाफाँटामा पुगेको सन्दर्भ प्रस्तुत भएको छ । त्यहाँ रहँदा बिष्टले बाघको सिकार खेलेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । आफू त्यहाँ रहँदा रहँदै रानी रत्नराज्यलक्ष्मीदेवी शाहलाई गोली लागेको र आकस्मिक रूपमा उपचारका निम्ति राजधानी फर्किनु परेको विषयको व्यवस्थापनसमेत आफैले गरेको सन्दर्भ यस प्रकरणमा चर्चा भएको छ ।

**पन्ध्र (कीर्तिनिधि बिष्टको उपस्थिति र युवराज वीरेन्द्रको शुभ विवाह)** : बिष्टकै प्रधानमन्त्री कालमा तत्कालीन युवराज वीरेन्द्रको ऐश्वर्यसँग भएको बिहाको सन्दर्भ पनि यहाँ वर्ण्य विषय बनेको छ । बिहाको सन्दर्भमा आउने विशिष्ट विदेशी पाहुनाको स्वागत सत्कार गर्ने र तिनको मर्यादाको सम्मान गर्ने काममा बिष्ट स्वयंको संलग्नता यहाँ वर्ण्य विषय बनेको छ । वीरेन्द्रको आचार, व्यवहार, दृष्टिकोण र जिम्मेदारीका सन्दर्भहरू पनि यहाँ विषयका सन्दर्भ बनेर आएका

छन् । वीरेन्द्रको कलाकारिता सृजनात्मक सौन्दर्यचेत र ऐश्वर्यको साहित्य सृजनाको संवेदनालाई विषय बनाइएको कुरा प्रस्तुत प्रकरणमा प्रकट भएको छ । सामाजिक, सांस्कृतिक तथा आर्थिक दृष्टि राम्ररी विकास गरेका भावी राजा वीरेन्द्रसँग सम्पर्कमा आउन बिष्टलाई यो बिहाको सन्दर्भ एउटा राम्रो अवसर मिलेको स्थिति पनि यहाँ प्रस्तुत भएको छ । यस प्रकरणमा पनि बिष्टको अन्तर्दृष्टि प्रकटमा आउने अवस्था उनको जीवनको व्यापक आयाम बनेको छ ।

**सोह्र (कीर्तिनिधिको दोस्रोपल्ट प्रधान मन्त्रित्व र राजा महेन्द्रको निधन)** : २०२८ सालको वैशाखका बिष्ट दोस्रोपल्ट प्रधानमन्त्री बनेको सन्दर्भ यहाँको विषय बनेको छ । उत्तरी सीमाका सुरक्षा हटाएका कारण बिष्टसँगको भारतको सम्बन्धमा आएको चिसोपन र समय समयमा उतार चढाउ बढिरहने सम्बन्ध तथा मुलुकभित्रको हकमा भने निकै सकारात्मक परिवर्तनको भावना प्रतिफलन भइरहेको स्थिति पनि यहाँको विषय बनेको छ । रामराजाप्रसाद काण्डको विषयलाई लिएर राजा र बिष्टको बिचमा भने केही नकारात्मक सम्बन्धको स्थिति पनि बाहिर आउन खोजेको कुरा यहाँ विषय बनेको छ । यो समय नजिकैको छिमेकी पाकिस्तान फुटेर बङ्गलादेश बनेको अवस्था थियो । यस प्रक्रियालाई बिष्टले सहमतिका साथ मान्यता दिने कामले आफ्नो सन्दर्भमा हिम्मतिलो निर्णय भएको विचार पनि समय समयमा बिष्टले प्रकट गर्ने गरेका छन् भन्ने कुरा पनि यहाँ विषय बनेको छ । नैतिकताका आधारमा बिष्टले राजिनामा गरेका दिन आफूले शुक्लाफाँटामा मारेको बाघको छाला शेरबहादुर मल्लमार्फत आफ्नो गाडीमा राखिदिए जस्ता सन्दर्भहरूले पनि यहाँ विष्टको चरित्रलाई नै सकारात्मक ऊर्जा थप सन्दर्भ प्रस्तुत भएको छ । यस्ता प्रसङ्गहरू बिष्टको जीवनीको अङ्ग बनेर प्रकट आएको सन्दर्भ पनि यहाँ विशेष उल्लेख योग्य सामग्री बनेका छन् ।

**सत्र (कीर्तिनिधिको मर्मभेदन र राजीनामाको प्रयास)** : आफू प्रधामन्त्रीको पदमा रहेका समयमा २०२८ सालको माघ महिनामा राजा महेन्द्रको निधन भएको सन्दर्भ यस प्रकरणमा प्रस्तुत भएको छ । राजाको निधनबाट आफू दु:खित बनेको सन्दर्भमा यो प्रकरण आरम्भ भएको छ । पञ्चायतको संविधान संशोधनको विषयमा चिन्तन भइरहेका यस समयमा भएको राजाको निधनबाट बिष्टमा मात्र होइन, देशमै वज्रपात भएको प्रसङ्ग पनि यहाँको विषय बनेको छ । बिष्टको विचारमा यो जीवनी लेखिँदै गरेको समय अथवा २०६६ सालको अवधिसम्म पनि नेपालले विकासका जुन जुन पूर्वाधारका रूपमा जेजस्ता प्रतिफलन प्राप्त गरेको छ ती सबै पञ्चायतले बनाइदिएका मार्ग नै हुन् भन्ने कुरा जनताको अन्तस्करणमा छिपिरहेका छन् भन्ने कुरा यहाँ आत्मसात् भइरहेको छ । सिङ्गै मुलुक त्यही पञ्चायती निर्माणशिलामा आफ्नो गति निरन्तर राखिरहेको छ र ती सबैजसो महेन्द्रले आरम्भ गरेका रूपरेखामै चलिरहेका छन् भन्ने स्थिति पनि यहाँ प्रकट गरिएको छ । प्रजातन्त्र र लोकतन्त्र, गणतन्त्र के के आए, ती सबै पद्धतिले तिनै योजना, कानुन र परम्परालाई भजाएर खाइरहेका सन्दर्भलाई पनि यहाँ विडम्बनाको विषय बनाएर प्रस्तुत गरिएको छ र ती सबै यहाँ दारुण ढङ्गले प्रस्तुत भएका छन् ।

**अठार (कीर्तिनिधिको प्रधानमन्त्रित्व र वीरेन्द्रको राज्यारोहण)** : २०२८ सालमा वीरेन्द्रको राज्यारोहणको सन्दर्भबाट यस प्रकरणको आरम्भ भएको छ । राजा नयाँ भएपछि नयाँ व्यक्ति, नयाँ विचार र नयाँ कार्ययोजना आदिबाट राज्य परिचालनको नीति प्रवर्तन हुन सक्ने सम्भावनाको अनुमान गरेर बिष्टले राजा सामु पदबाट आफ्नो राजीनामा दिने सोच बनाएर राजासँग वार्ता भएको सन्दर्भ यस प्रकरणको केन्द्रीय विषय बनेको छ । राजा वीरेन्द्र पनि राष्ट्रको विकासका निम्ति चिन्तित रहेको विषय यहाँ पनि उपस्थापन

भएको देखिन्छ । तर पनि नयाँ व्यक्तित्वको मन के छ ? त्यस्तो स्थितिमा त आफू अलग रहनु नै श्रेयस्कर हुन्छ भन्ने विषय यहाँ प्रकटमा आएको छ । यस्तो मनस्थिति बनाएका बिष्टलाई राजा वीरेन्द्रले पनि प्रधानमन्त्रीको जिम्मेदारी परिचालन गर्न सुम्पेको सन्दर्भ यहाँ विषय बनेको छ । बिष्टको कथनमा ममाथि नै पुन: जिम्मेदारी सुम्पेको कुराले नयाँ राजामा पनि मप्रति विश्वास छ भन्ने कुरा मैले बुझेँ भनेर बिष्टले आत्मसात् गरेको कुरा यहाँ प्रस्तुत भएको छ । यति हुँदा हुँदै पनि महेन्द्रको जस्तो व्यक्तित्व पनि यहाँको विषय बनेको र बिष्टको जीवनीको अङ्ग बनेको र राजनीतिक आचारण पनि समीक्षित बनेको स्थिति यहाँ प्रस्तुत भएको छ । बिष्टको आचार व्यवहार र राज्य सञ्चालनको शैली राजा महेन्द्रकै तहमा काम गरिरहेको स्थितिको चर्चा पनि यहाँ प्रस्तुत भएको छ ।

**उन्नाईस (कीर्तिनिधिको राजीनामा र सिंहदरबारमा आगलागी)** : २०३० सालमा बिष्ट स्वयं प्रधानमन्त्री भएको समयमा सिहदरबार सचिवालयमा आगलागी भएको सन्दर्भ पनि बिष्टको जीवनको विषय बनेर प्रकटमा आएको छ । यस स्थितिमा पनि नैतिकताको विषयलाई आधार मानेर दिएको राजीनामा वीरेन्द्रबाट अस्वीकृत हुने अवस्थामा धेरै आग्रहमा स्वीकार भएको र त्यसपछि संविधान संशोधनको सुझाउ आयोगको प्रमुख बनेर क्रियाशील बनेको सन्दर्भ पनि यहाँ प्रकट भएको छ । गाउँफर्क राष्ट्रिय अभियानसमेत समाहित भएको निकै कठोर सविधानको घोषणा भएपछि डक्टर तुलसी गिरी प्रधानमन्त्री बनेको विषय पनि यहाँ निकै चर्चाको विषय बनेको छ । २०३४ सालमा फेरि बिष्ट प्रधानमन्त्री बन्न पुगेको सन्दर्भ यहाँ विषय बनेको छ । २०३५ सालको अन्तमा पाकिस्तानका पूर्व राष्ट्रपति जुल्फिकर अलि भुट्टो फाँसीको विरुद्धमा ज्ञापनपत्र दिन दूतावास जाने विद्यार्थीलाई दबाएका कारण चलेको आन्दोलनको परिणाममा राजा वीरेन्द्रबाट जनमत सङ्ग्रहको घोषणा भएपछि

बिष्टले राजीनामा दिएको सन्दर्भ र पुन: सूर्यबहादुर थापा नै प्रधानमन्त्री बनेर जनमत सङ्ग्रह कार्यक्रम सञ्चालन गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । बिष्ट निर्वाचनको प्रचार प्रसारबारे पञ्चायतको पक्षमा जुटेको सन्दर्भ यहाँ विषयका रूपमा प्रस्तुत भएको छ ।

**बीस (जनमत सङ्ग्रह र कीर्तिनिधिको संलग्नता)** : तत्कालीन अवस्थामा सुधारसहितको पञ्चायत व्यवस्था नै चयन गर्ने र सुधार गर्दै प्रजातान्त्रीकरणको प्रयत्नमा लाने र यिनै सुधारका प्रक्रियाद्वारा नयाँ नयाँ मान्यता थप्दै जाने विष्मय सामु आयो । त्यति मात्र होइन, पञ्चायतलाई नै निरन्तरता दिदै जाने कि सिधै बहुदलीय व्यवस्थाको स्थापना गर्ने भन्ने विषयको छनोटमा जनमत सङ्ग्रह गरिने विषय जनसमक्ष आयो । यस स्थितिमा बिष्ट पञ्चायतको पक्षमा प्रचार प्रसारमा संलग्न भएको सन्दर्भ यहाँ चर्चा भएको छ । देशका विभिन्न भागमा प्रचार प्रसारका क्रममा भएको भ्रमणमा विपक्षीहरूसँग भएको जम्काभेट र द्वन्द्वका स्थितिहरू सामना गरिनु परेका सन्दर्भहरू पनि यहाँ विषयका रूपमा प्रस्तुत भएका छन् । सैद्धान्तिक आधार बिष्ट र विश्वेश्वरप्रसाद कोइरालाका बिचमा हुने गरेका छलफमा आआफ्ना विषयहरू पनि यहाँ आफ्नाआफ्ना पक्षको विजय हुन्छ भन्ने सन्दर्भका बहस हुने गरेको पनि चर्चा छ । यहाँ विवेचित भएका विषयहरू विशुद्ध राजनीतिक बहसका विषय बनेका छन् । यस ग्रन्थको सामग्री संयोजन गरिरहँदा नेपालमा गणतन्त्रको घोषणा भइसकेको अवस्था आएको छ । बिष्टका विचारमा यी सबै राजनीतिक गतिविधि हचुवाका भरमा गरिएका निर्णय हुन् । तानाशाही भनिएको पञ्चायत व्यवस्थाले पनि विकल्पको छनौटका निम्ति जनमत सङ्ग्रह गराएको तर आज यस्ता महत्त्वपूर्ण परिवर्तन पनि केटाकेटीको खेल सरह निर्णय गरिएको हुँदा यी निर्णयहरू उल्टिन सक्ने खतरा पनि त्यत्तिकै व्यापक रहेका सन्दर्भलाई बिष्टले दृढताका साथ प्रस्तुत गरेको कुरा यस प्रकरणको कथ्य बनेको छ ।

**एक्काईस (पञ्चायतको अग्निपरीक्षा उत्तीर्ण र कीर्तिनिधिको दृष्टि)** : जनमत सङ्ग्रह पञ्चायतको निम्ति अग्निपरीक्षा थियो । यस विषयमा पञ्चायत पक्ष विजयी बनेको स्थिति यहाँ प्रस्तुत भएको छ । पञ्चायतको विजयलाई बहुदलवादीहरूले गरेको समर्थन प्रजातान्त्रिक अनुशासनको परिणाम थियो भन्ने कुरा बिष्टले प्रकट गरेका छन् । बिष्टको र विश्वेश्वरप्रसाद कोइरालाको सहिष्णुतापूर्ण दृष्टिकोणको सन्दर्भ पनि यहाँ वैचारिक विषय बनेर प्रकटमा आएको छ । राजनीतिक विषय त जनमत सङ्ग्रहले निर्णयमा पुऱ्याइदियो तर इतर विचार राख्ने व्यक्तिहरूको निम्ति भने एउटा लक्ष्मण रेखा पनि त कोरिदियो । केही बहुदलवादीहरूको पनि पञ्चायतमा प्रवेश भयो, यस प्रवेशले पञ्चायतलाई नै बल पुगिरहेको विषयलाई सम्मान गर्न नसक्ने पञ्चायती नेताका असहिष्णु आचरणका कारण बढ्दै गएको विमतिको सन्दर्भ यहाँ पञ्चायतकै निम्ति घातक बन्दै गएको अवस्था पनि प्रकटमा आएको छ । तर पञ्चायतका परिचालकहरूमा नै घमन्डको मात चढेका कारण शासनसत्ता र प्रशासनको परिचालनमा उद्दण्डता विकास बन्दै गएका कारण पञ्चायत व्यवस्थाकै विरोधमा आन्दोलनका लहरहरू चल्न थाले । पञ्चायतले आफ्नो प्रतिष्ठा र गरिमा कायम गर्नै नसक्ने स्थिति सिद्ध बन्दै गएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ ।

**बाईस (कीर्तिनिधिको इन्टरन्यास्नल काउन्सिलमा सक्रियता)** : प्रधानमन्त्री पदबाट बाहिर रहँदा पनि बिष्टको क्रियाशीलतामा कमी नआएको सन्दर्भ पनि यहाँ चर्चामा आएको छ । विश्वस्तरीय नेता पूर्व राष्ट्रप्रमुखहरूको संस्था **इन्टरन्यास्नल काउन्सिल** (Intrnational Council) २०४० सालमा गठन भएपछि बिष्ट त्यस संस्थाको सदस्य बनेको सन्दर्भ पनि यहाँ चर्चा भएको छ । विश्वस्तरका सरकार प्रमुखहरू सदस्य रहने यस संस्थाको माध्यमबाट पनि बिष्टले योगदान दिएको विषय यहाँ कथ्य भएको छ । त्यस्तै सन् २००१ मा चिनमा

स्थापित एसियाका पूर्व राष्ट्रप्रमुखहरू संस्था BoAo for Asia मा पनि बिष्टले नेपालको प्रतिनिधित्व गरेका थिए । त्यस्तै चिनमै स्थापित बनेको Education Forum for Asia मा पनि बिष्टको प्रतिनिधित्व थियो । यस्ता र अनेक राजनीतिक तथा प्रशासनिक तहको प्रतिनिधित्व गरेर विश्वका विभिन्न देशको भ्रमण गरेको र ती देशबाट नेपालले सिक्नु पर्ने वा ग्रहण गर्नु पर्ने शिक्षाका विषयहरू नेपाल भित्र्याउन गरिएका प्रयत्नहरू यहाँ विषयका रूपमा स्थापना गरिएका छन् । यस्ता विषयहरू पनि बिष्टको जीवनीको अङ्ग बनेर प्रकटमा आएका छन् ।

**तेईस** (**कीर्तिनिधिको सम्मान र अभिनन्दन**) : बिष्ट एक इमानदार राष्ट्रभक्त व्यक्तित्व हुन भन्ने कुर उनको जीवन चरित्रले सिद्ध गरेको छ । यिनको सेवाबाट सन्तुष्ट बनेको स्थितिको अभिव्यक्ति त्यतिखेर राजा महेन्द्रबाटै प्रकट हुने गर्दथ्यो । यसको पारितोषिक, सम्मान, अभिनन्दन, पुरस्कार, पदक जे भने पनि त्यो राजाबाट प्रदान गरिने प्रचलन थियो । त्यस्तो सम्मान राजाबाट अर्पित हुने गर्दथ्यो भन्ने भाव यस प्रकरणको विषय बनेको छ । राष्ट्रको सार्वभौम रक्षाका निम्ति बिष्टलाई जनताले गरेको सम्मान र जनताबाट भएको अभिनन्दन, राजाबाट भएको विश्वासको सम्मान जे भने पनि राजा वीरेन्द्रबाट उनले अनेक पद, पदक, अलङ्कार, विभूषण प्राप्त गरेका थिए । यी विषयहरू बिष्टको अभिनन्दनका सन्दर्भमा अभिनन्दनीय र चर्चायोग्य रहेका छन् । देशले सधैँ विश्वास सुम्पिएका बिष्ट नेपालको इतिहासमा सर्वाधिक सम्मानित व्यक्तित्वका रूपमा स्थापित बनेका छन् । उनको व्यक्तित्व विशेष सम्मानको भागी हुन सफल थियो भन्ने कुरा यस प्रकरणका विषयले प्रस्तुत गरेको छ । पञ्चायत कालभरिमा सबैभन्दा बढता जनताले विश्वासका साथ सम्मान गरिएका व्यक्तिको रूपमा पनि यहाँ बिष्ट नै थिए भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

**चौबीस (कीर्तिनिधिको बहुदल स्थापनापछिको चिन्तन र राजनीतिक क्रियाशीलता)** : समाजको स्वभाव परिवर्तशील रहन्छ भन्ने कुरामा विश्वस्त बनेका बिष्टका चिन्तनलाई यहाँ विषयको रूप प्रदान गरिएको छ । जतिखेर राजा महेन्द्रले शासन व्यवस्था हातमा लिएका थिए त्यतिखेरको विश्वपरिवेश राष्ट्रियता र राष्ट्रवादका अँगालिने हतियार जुनसुकै पनि युद्ध जित्ने खालको थियो । तर क्रमशः विश्वको राजनीतिक चिन्तन बदलिँदै गएका परिप्रेक्षमा राजा वीरेन्द्रको आगमन अनि मुलुकको आन्तरिक राजनीति तथा प्रशासनमा भित्रिएको दुराचार र विश्वराजनीतिको विशिष्ट संवेदना, तदनुकूल पर्यावरण नेपाललाई पनि प्रभाव पार्ने ढङ्गले विश्वमा विकास भइरहेको स्थिति यस प्रकरणको वर्ण्य विषय बनेको छ । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक मर्यादामा बिस्तारै स्खलन हुँदै गएर प्रजातान्त्रिक, लोकतान्त्रिक अथवा गणतान्त्रिक पद्धतिमा मौलाएका दुराचारका कारण समग्र मुलुक ध्वस्ततातिर धकेलिँदै गएको कुरा स्विकार्ने बिष्टको जीवनमा आएका यस पछिल्ला चरणको आचरणलाई यहाँ कथ्यको रूपमा प्रस्तुत गरिएको छ । नेपाल र नेपालीको एकताको एउटा प्रतीक राजाको बिम्बलाई सजिलै भत्काएको र अर्को त्यस्तै सबैको विश्वास धान्ने बिम्ब निर्माण गर्न नसकिएको वतर्मानको परिस्थितिलाई बिष्टले राम्ररी समीक्षा गरेका छन् भन्ने कुरा जीवनीकारले यहाँ महासमीक्षा गरेका छन् ।

**पच्चीस (कीर्तिनिधिको दृष्टिमा राजनीतिक स्तन्त्रता, प्रजातन्त्र र गणतन्त्र)** : बिष्टको जीवन समग्रमा राष्ट्रकै निम्ति सर्मपण भयो भन्ने निष्कर्षमा यस ग्रन्थको अन्तिम प्रकरण तयार भएको छ । राजा वीरेन्द्रको कुलको विनाशपछि राज्यारोहण गरेका ज्ञानेन्द्रका आचरणले मुखको आश्वासन बाँडे पनि व्यवहारमा त्यस्तो स्थिति जन्माउन नसकेको सन्दर्भ यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । अनेक किसिमले बदनाम कमाएका र झारेझुरे व्यक्तिहरूको भेलामा सरकार

चलाउने हिम्मत गरेका राजा ज्ञानेन्द्रको राज्य सञ्चालन नीति पनि आरम्भमै अदर्बिलो देखिएको स्थिति पनि यहाँ विषयका रूपमा आएको छ । यसबाट परिणाम सकारात्मक नआएपछि राजा ज्ञानेन्द्रले तुलसी गिरी र बिष्ट स्वयम्समेतको संलग्नतामा सरकारको गठन गरेर सरकार चलायन बनाउन खोजे । यसरी सरकार चलाउन खोजे पनि अन्ततोगत्वा असफल भएर साढे २ सय वर्षको राजसंस्था नै ध्वस्त बन्न पुगेको कुरा बिष्टको जीवनले भोगेको कुरा यस पछिल्लो प्रकरणले सिद्ध गरेको छ । हजारौँ मान्छे मर्दा पनि विचलित नबनेको राजसंस्थाले गणतन्त्रका नामको पुच्छरले सिङ्गै ज्यान हल्लाउन गरेका प्रयत्नहरूकै त्रासमा आफूलाई शासनबाट असम्पृक्त बनाएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । गणतन्त्रलाई नै प्रदूषित बनाउने र अनास्था जगाउने भ्रष्ट नेताहरूको तुलनामा पछिल्लो चरणमा शन्तिपूर्ण जनप्रदर्शनका भरमा नै राजसत्ता छोडेर राजाले नै गणतन्त्रको सम्मान गरेको कुराको निष्कर्ष दिएर प्रस्तुत प्रकरणको अन्त गरिएको छ । बिष्ट स्वयम्को क्रियाशील साधनाको र ग्रन्थको पनि उपसंहार दिएर यो प्रकरण अन्त भएको छ ।

**४. जीवनीमा सुषुप्त रहेको समीक्षा दृष्टि**

जीवनी साहित्यमा तयार गरिन्छ र इतिहासमा पनि । अनि तयार हुन्छ– उपन्यासको आवरणमा पनि विचलित जीवनीको सृजना । उपन्यासको सृजनामा आउने जीवन कल्पनाका आधारमा पूरै विचलित बनेको हुन्छ र त्यहाँ जीवनको स्थिर विषयको तथ्य पुन सृजित बनेको हुन्छ । अऊ त्यहाँ व्यक्ति व्यक्तिगत नरहेर सार्वजनिक बनेको हुन्छ । यसलाई नै साहित्यका समीक्षकहरूबाट साधारणीकरण भनिन्छ । जीवनीमा केही विचलन र अधिक यथातथ्यको सन्दर्भ विशिष्ट विषय नबनी साधारण जीवनचर्याको विषय बनेर प्रकटमा आएको हुन्छ । तर इतिहासको जीवन निरूपण गर्दा चाहिँ कल्पनाशून्य, विचलनहीन र सपाट यथार्थको स्थिति मात्र चर्चाको विषय बनेको हुन्छ । यसरी

जीवनीलाई उपयोग गरिएको सन्दर्भको तहमा निरूपण गर्दा यहाँ बिष्टको जीवनचर्या केही कल्पनाले जन्माएको सृजनात्मकता, केही समीक्षाले जन्माएको विश्लेषणत्मकता र केही यथार्थको सृजनात्मक रूपान्तरणले जन्माएको आख्यानात्मकता यस जीवनीको लेखनमा उपयोग भएको छ । यहाँ उपयोग भएको आख्यानको पात्र, उनको जीवनचर्या यहाँको चरित्र र यस सृजनामा भोक्ताले जीवन तथा चरित्र निर्माणमा गरेका सङ्घर्षको स्थल, यहाँको परिवेश आख्यानका निम्ति उपकरण बनेर प्रस्तुत भएका हुन् भन्ने कुरा सहज रूपमा प्रकट हुन्छ ।

यस जीवनी लेखनका क्रममा अलिकति इतिहासको सपाटता पनि विषय बनेको छ । बिष्टको पूर्व वंशवृत्त इतिहास हो । अनि अलिकति बिष्टको जीवनको समग्र आयतनमा जोडिन आएका अनेक विषयहरू इतिहासका उपकरण हुन् । बिष्टको जीवनी पढिरहेका पाठकले बिष्टको व्यक्तिगत जीवनको इतिवृत्त इतिहास बनेर जीवनीमा जोडिएको पाउँछ । बिष्टले भोगेका र आफैले बेहोरेका विषयहरू पनि यहाँ इतिहासका तथ्य बनेर आएका छन् । उनको परिधिमा निहित विश्वपरिवेश पनि इतिहासका विषयहरू हुन् । तिनको प्रभाव बिष्ट र बिष्टमार्फत नेपालले पनि बेहोरेको छ र त्यसको प्रतिफल नेपाली जीवनले पनि पाएको छ । यो पनि इतिहासको विषय हो । यसरी बिष्टको जीवनीमा नेपालको इतिहास पनि मुखर बन्न आएको छ । समाजको इतिहास निर्माणमा प्रत्येक व्यक्तिको योगदान रहन्छ र त्यस्तो विशिष्ट व्यक्तिको जीवनी साधारण पाठकका निम्ति उत्प्रेरक उपकरण हुन्छ । समाजका अनेक चाहना र अपेक्षाको प्रतिनिधि बिम्ब बनेर सबै मूल्यको रूपान्तरणकारी भूमिकामा पात्र बनेर उपस्थित हुन्छ– त्यस्तो उत्प्रेरक व्यक्तित्व । यस कृतिको केन्द्रमा रहेको बिष्टको पात्रता इतिहासका तिनै अपेक्षाहरूलाई प्रतिबिम्बन गर्ने प्रतिनिधि बिम्ब सिद्ध भएको छ ।

जीवनी सृजनशीलताको मात्र केही सघन र सन्दर्भात्मततातर्फ उन्मुख हुनासाथ आख्यानात्मक धर्म निर्वाह गर्ने दिशामा प्रवृत्त हुन्छ । विषयको प्रवर्तन अपेक्षा रहने आख्यानका निम्ति यहाँ जीवनले भोगेको भुक्तमान र त्यसका कोण प्रतिकोणहरू विषय बन्दछन् । जीवनीको मूल पात्र यसको नायक हो र उसले भोगेका सम्पर्कमा बेहोरेका र आश्रय दिएका अनि सामना गर्नु परेका प्रत्येक सदस्यहरू यसका सहायक र गौण पात्र हुन् । मूल पात्रले राखेको लक्ष्यका समर्थक र विरोधक पात्रहरू जीवनी रूप आख्यानका सकारात्मक र नकारात्मक पात्रहरू हुन् । यिनै पात्रहरूका आचरणका आधारमा मूल पात्रको चरित्रमा निखार आउँछ । यसरी पात्रको आकलनका आधारमा पनि जीवनी आख्यानको आचरणमा प्रवर्तित बन्दछ । जीवनीको मूल भोक्ताले क्रियाकलाप गरेका स्थानहरू यस आख्यानका परिवेशहरू हुन् । यसरी एक आख्यानका निम्ति उपयोग हुने परिवेशका प्रश्नहरू जीवनीका पनि उपकरण बनेर उपयोग भएका हुन्छन् । त्यसरी नै द्वन्द्व र कुतूहलता, विचार र उद्देश्य अनि सन्देशजस्ता आख्यानका समग्र आन्तरिक तत्त्वहरू पनि यहाँ उपयोग भएका हुन्छन् । यहाँ बिष्टको जीवनमा तिनै आख्यानात्मक तत्त्वहरू उपकरण बनेर उपस्थित बनेका छन् । त्यस कारण यो कृति एक औपन्यासिक ग्रन्थका रूपमा उपस्थित भएको छ र बिष्टको सिङ्गो जीवन उपन्यास बनेर प्रकट भएको छ ।

जीवनी प्रबन्धात्मक सृजना पनि हो । यसमा विषयको वस्तुगत यथार्थको स्वाभाविक संवेदना र स्वाभाविक प्रस्तुतिको स्थितिलाई जीवनीका सन्दर्भमा जोरजाम गरी सृजनात्मकता प्रदान गरिन्छ । जीवनवृत्तका यस्ता स्थितिलाई पनि यहाँ सृजनात्मक संवेदनाको उपस्थापनमा सृजनाको रूप प्रदान गरिन्छ । पात्रको जीवन यात्रामा जोडिन आउने विभिन्न घटना, संवेदना र विभिन्न पात्रको संयोजन तथा परिवेश एवं भावात्मक संवेगका प्रस्तुतिका आधाराम जीवनी निर्माण भएको छ । जीवनीमा रहने भावनात्मक भाषा र कल्पनात्मक

विषयको विचलन यहाँ प्रस्तुतिको स्वरूप बनेर प्रकट भएको हुन्छ । विचार सम्प्रेषण गर्न अनुकूल सामाजिक तथा राजनीतिक पर्यावरण निबन्धका निम्ति आवश्यक पर्दछ । प्रकाशन र प्रसारणको पनि अनुकूल वातावरण भएमा मात्र निबन्धले मौलाउने स्थिति प्राप्त गर्दछ । सामाजिक सन्दर्भ र सांस्कृतिक मर्यादा, राजनीतिक तथा आर्थिक विषयहरू निबन्धका मौलिक गुणहरू हुन् । ती तत्त्वहरू जीवनीमा प्रमुख पात्रका रूपमा जीवनचर्या बनेर आएका स्थितिलाई प्रबन्धात्मक शिल्पमा संयोजन हुने विषय बन्न आउँछन् । यसरी हेर्दा जीवनी निबन्धको निकट विधा बनेर तयार हुन्छ । यसरी जीवनी इतिहास, आख्यान र प्रबन्धको सन्दर्भ संयोजन गरेर सृजनाको रूप प्रदान गरिने क्रियाका रूपमा प्रतिपादन भएको हुन्छ । यस विशिष्ट गुणका आधारमा प्रसाईको प्रस्तुत **कीर्तिबाबु** शीर्षकको कृति जीवनी प्रबन्धात्मक स्वरूपमा सृजना भएको छ र यसले रचनाको स्वरूप आफैँ निर्धारण गरेको छ ।

**५. सन्दर्भान्त**

प्रस्तुत कृति प्राथमिक आधारमा राजनीतिक चरित्रको व्यक्तित्वलाई मूल कथ्य बनाएर सृजना गरेको सामग्री हो । बिष्टको जीवनीको समीक्षा गर्ने क्रममा ग्रन्थको सघनता भित्र समाहित बनेर रहेका विविध आयाम, क्षण र गुणहरूले नयाँ नयाँ सृजनात्मक संवेदना वरणका गरेका छन् । त्यस्ता संवेदनाले जन्माएका सहायक तथा उपसहायक आयामका प्रश्नहरू पनि यस कृतिमा मूल प्रश्नका पूरक सन्दर्भ बनेर प्रकटमा आएका छन् । जीवनीमा जोडिने र त्यस व्यक्तिको जीवनप्रति आकर्षित बन्ने व्यापक विषय र सन्दर्भहरू यहाँ मूल कथ्यका पूरक कथ्य बनेर जोडिन आएका छन् । यसरी पूरक कथ्यका रूपमा यहाँ समाहित हुन आउने विषयहरू सहायक कथ्य बनेर सम्बद्ध बनेका छन् । यी सबैको सन्दर्भ सार्थक रूपमै प्रस्तुत भएको छ भन्ने कुरा ठम्याएपछि तिनलाई यथास्थानमा उपयोग गरेर

समीक्षात्मक ढङ्गले प्रयोग गर्ने काम भएको छ । यो यस ग्रन्को मूल विषयको स्वाभावजन्य प्रस्तुति हो भन्ने कुरा यहाँ सिद्ध भएको छ । विषयहरू जम्मा पच्चीसओटा प्रकरणमा वितरण गरिएको र सोही अनुसार ती सबै विषयको समीक्षात्मक प्रस्तुति रहेका सन्दर्भलाई मूल आधार बनाए भएको छ । यस सङ्क्षिप्त समीक्षाको आकार प्रदान गर्दै ग्रन्थको समग्र मूल्य प्रस्तुत गएिको छ ।

यस सङ्क्षिप्त समीक्षामा जीवनीकार नरेन्द्रराज प्रसाईकृत कृतिका केन्द्रमा रहेका बिष्टको जीवनीको समीक्षात्मक मूल्याङ्कन गर्न प्रयत्न गरिएको छ । सत् कर्म गर्न खोज्दा अनेक किसिमका विघ्नहरू आउन सक्छन् । यस सत्कर्मको अनुष्ठानमा आइपर्ने सबै विघ्नहरू उत्सारित गर्दै प्रसाईले जीवनी लेखनको मार्ग तयार गरे । त्यसै मार्गको अनुशरणमा यो समीक्षा पनि तयार भयो । यो पनि एउटा सत्कर्म ठानिएको छ तर यस्ता सत्कर्ममा विघ्नहरू आइपर्छन् नै तर ती विघ्नहरू उत्सारित होऊन्– श्रेयांसि बहुविघ्नानि ।

# कोइलीदेवीको जिन्दगानी

## १. विषय प्रवेश

नरेन्द्रराज प्रसाईको कलम समीक्षात्मक जीवनी लेखनमा निकै तीव्र रहको छ । उनको सृजन कार्य व्यक्तिको जीवन चित्र प्रतिपादन गर्ने काममा बढी क्रियाशील रहेको देखिन्छ । व्यक्तिको प्रतिभा विभिन्न क्षेत्रमा प्रकट भएको हुन्छ । समाजका विभिन्न क्षेत्रमा योगदान दिने व्यक्तिहरूको जीवनवृत्तलाई केन्द्रीय कथ्य बनाएर आख्यानात्मक ढङ्गले जीवनी लेख्ने काम प्रसाईबाट भएको छ । राजनीति, समाज, संस्कृति जस्ता अनेक विषयमा योगदान दिने व्यक्तिहरूको जीवनलाई केन्द्र बनाएर लेखन कार्य गर्ने काममा समग्र विषय र सन्दर्भलाई सम्बोधन गर्ने काम पनि यहाँ भएको देखिन्छ । यस




दृष्टिले प्रसाईलाई जीवनीका सन्दर्भहरूका सीमामा राखेर लेख्ने प्रसाईको कला पनि यहाँ सन्दर्भित भएर आएको छ । यो स्थिति पनि यहाँ कलात्मक ढङ्गले यहाँ प्रस्तुत भएको देखिन्छ । यसरी नेपाली साहित्यका,

कला, सङ्गीत र राजनीतिका प्रश्नहरूलाई विषयका रूपमा उनका जीवनी लेखन कार्यमध्ये यो कृति संस्कृति र सङ्गीत क्षेत्रका साधकहरूमा कोइलीदेवीको जीवन पनि यहाँ विषयको सन्दर्भ प्रतिपादन गर्ने प्रयत्न भएको देखिन्छ ।

नेपाली सांस्कृतिक सन्दर्भमा उत्कर्षता ल्याउने प्रतिभाको जीवनी लेखनका क्रममा कलाकार कोइलीदेवीको जीवनवृत्तमा केन्द्रित प्रस्तुत कृति कोइलीदेवीको जिन्दगानी शीर्षकमा लेखिएको छ । यस कृतिमा जम्मा तिनओटा खण्डहरू व्यवस्थित बनेका छन् । ती खण्डहरूमा पहिलो खण्ड कृतिको प्रकाशकीय र भूमिकाको व्यवस्था गरिएको छ । तेस्रो खण्डमा चाहिँ कोइली देवीको जन्मकुण्डली, हस्तरेखाको अङ्कन गरिएको छ । यस ग्रन्थमा पनि अन्तिम खण्डमा चाहिँ प्रसाईका कृतिको विवरणात्मक सूची प्रस्तुत गरिएको छ । यसरी गीतरचना, सङ्गीत सृजना, गायन र यस संस्थाको स्थितिलाई गति दिने सन्दर्भ पनि यहाँ विषय बनेर कृतिको स्वरूप प्रकट भएको छ । यस कृतिमा रहेका पहिलो खण्डमा प्रकाशकीय र लेखक नरेन्द्रराज प्रसाई स्वयम्ले लेखेको भूमिका रहेको छ । यो केवल कृतिको औपचारिक आरम्भको खण्ड बनेर रहेको छ । कृतिको प्रमुख खण्ड कोइलीदेवीको जीवनवृत्तलाई व्यवस्थित ढङ्गले विनियोजन गरेर राखिएको सामग्रीको उपस्थिति देखिन्छ । अबको अध्ययन त्यसै प्रमुख खण्डतर्फ केन्द्रित रहनु सान्दर्भिक ठहर्छ ।

## २. कृतिको मूल खण्ड

प्रस्तुत कृतिको यो **मूल खण्ड** जम्मा १२ ओटा उपखण्डमा लेखिएको छ । तिनको उपयोग निम्नविधान अनुसार भएको छ । यस कृतिमा 'कोइलीदेवीको जीवनारम्भ', 'कोइलीदेवीको सिंहमहलमा संलग्नता', 'कोइलीदेवीको रेडियो नेपालमा प्रवेश', 'कोइलीदेवीको विवाह', 'कोइलीदेवीको चीन भ्रमण', 'कोइलीदेवी सङ्गीत कोषको स्थापना', 'कोइलीदेवीको तीर्थाटन', 'कोइलीदेवीको बुढेसकाल',

'कोइलीदेवीका साहित्यिक कृति', 'कोइलीदेवीका गीतको सूची', 'कोइलीदेवीको सम्मान', 'कोइलीदेवीको व्यक्तित्वको निष्कर्ष' जस्ता शीर्षकमा समावेश भएका छन् । यिनै शीर्षकमा रहेका रचनालाई व्यवस्थित ढङ्गले समीक्षा गर्नुमा यो लेख सन्दर्भित रहेको छ । अबको अध्ययन यसै दिशातर्फ केन्द्रित भएर अगि बढेको छ । भौतिक संवेदनाका धनी स्रष्टा कहिले विशिष्ट रूपमा र कहिले सामान्य जीवन भोगको प्रक्रियामा रहेका हुन्छन् । कोइलीदेवीको जीवनको स्थितिलाई पनि सोही अनुरूप यस कृतिले प्रकटमा ल्याएको छ ।

१. **कोइलीदेवीको जीवनारम्भ** : कृतिको पहिलो प्रकरण 'कोइलीदेवीको जीवनारम्भ' शीर्षकमा प्रस्तुत भएको छ । गोरखा निवासी नरवीर बस्नेत सेनामा जागिरे भएका कारण काठमाडौँमै रहेका र उनका छोरा रामबहादुर बस्नेतको जन्म काठमाडौँमै भएको सन्दर्भबाट विषयको उठान भएको छ । आफ्ना बाबु जागीरबाट निवृत्त भएपछि गोरखा फर्किएका र बाबुसँगै गोरखा पुगेका र फेरि रामबहादुरले समेत जागिर खाएर मकवानपुर पुगको प्रसङ्गबाट विषय मूल केन्द्रमा आएको छ । त्यहाँ चिसापानी गढीमा रहेकै समयमा नीलम प्रधानसगँ अन्तर्जातीय किसिमको प्रेम विवाह भएका रामबहादुर र नीलमकी छोरी पान्तरीको जन्म १९८७ सालमा भएको सन्दर्भ यहाँ विषयको उठानमा आएको छ । जन्मको एकै वर्षपछि नीलमको देहावसान भएका कारण रामबहादुरले छोरी पान्तरीलाई आमा बाबु दुवैको जिम्मेदारी पुरा गर्नु परेको सन्दर्भले निकै मार्मिक मोड लिएको छ । यो संवदनशील स्थिति यहाँ विषयका रूपमा प्रकट भएको छ । हजूरआमाको रेखदेखमा शैशव कालको केही समय बिताएकी पान्तरी पाँच वर्षको उमेर काठमाडौँमा रहेकी आफ्नी दिदी मानप्रियाको जिम्मा लाएर रामबहादुरले थन्क्याएको सन्दर्भ यहाँ विषयका रूपमा स्थापना भएको छ । पुफू मानप्रिया सितारवादक तथा सङ्गीत प्रशिक्षकसमेत भएका कारण पान्तरीमा बाल्यकालमै

सङ्गीत कलाको दिशामा प्रवेश हुने वातावरण मिलेको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

२. **कोइलीदेवीको सिंहमहलमा संलग्नता** : फुपाजू डिट्ठा उमाकान्त भट्ट र फुपू मानप्रियाको प्रयास तथा उनीहरूकै प्रशिक्षणबाट पान्तरीको युद्धशमशेरको दरबारमा प्रवेशका निम्ति भएको प्रयास भएको छ । रूप र स्वास्थ्य त्यति आकर्षक नदेखिएका कारण दरबार प्रवेशका निम्ति भएको प्रयास असफल भएपछि केही निराश बनेकी मानप्रियाको भदै स्याहार्ने विषय निकै जटिल बनेर उपस्थित बनेको छ । जुद्धशमशेरकी पत्नी गम्भीरकुमारीको प्रयासबाट दरबार पुगेकी पान्तरीको स्वास्थ्य र सुन्दरता अनाकर्षक रहेका कारण त्यहाँ महाराजबाट अस्वीकार भएको स्थिति पनि यहाँ समीक्षाको विषय बनेको छ । फेरि उनै मानप्रियाको नयाँ प्रयासबाट पान्तरीको सिंहमहलमा भएको प्रवेश भएपछि पान्तरीमा नयाँ मोड आएको पक्ष पनि यहाँ प्रस्तुत भएको छ । सिंहमहलमा प्रवेश पाएपछि पान्तरीमा रूप र कलामा बिस्तारै निखार आएपछि सिंहसमसेरले पान्तरीलाई कृष्ण वर्ण र सुमधुर स्वरको संयोजन भएका कारण पान्तरीको नाम कोइली राखिएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । महलमा प्रवेश हुँदा उपेक्षाको सीमामा रहेकी पान्तरी कोइली बनेपछि चाँदीको थालीमा भोजन लिने र कोइली मात्र होइन उनै सिंहशमशेरले दिएको नाममाथि देवी पनि थपिएर कोइली देवी बन्न पुगेको सन्दर्भ पनि यहाँ विषयको रूपमा प्रयोग भएको छ । कोइली शब्दका पछिल्तिर देवी पद जोडिएर कोलीदेवी बन्न पुगेको रोचक सन्दर्भ यहाँ प्रयोग भएको छ ।

३. **कोइलीदेवीको रेडियो नेपालमा प्रवेश** : यस शीर्षकको प्रकरणमा कोइलीदेवी रेडियो नेपालमा प्रवेश भएको स्थिति विषयका रूपमा प्रस्तुत भएको छ । राणाहरूको सत्ता समाप्त भएर प्रजातन्त्रको आरम्भ भएपछि नेपालमा रेडियोको स्थापना भएको प्रसङ्ग पनि यहाँ

आएको छ । दैवी र कारुणिक स्वरकी धनी कोइलीदेवीको तारिणीप्रसाद कोइरालाको निर्देशनमा परिचालित रेडियोमा प्रवेश भएको छ । कोइलीदेवीमा भएका विशेषता पनि यहाँका विषयका रूपमा उपस्थापन भएका सन्दर्भले आफ्नो विशेषता प्राप्त गरेका छन् । राणा दरबारमा रहँदा फुपूको निगरानीमा र उनैकै निर्देशनमा विभिन्न गुरुहरूको प्रशिक्षण प्राप्त गरेको तालिम लिएको आधारमा कोइलीदेवीमा शास्त्रीय सङ्गीतको ज्ञान, नैसर्गिक स्वर र कला सम्पन्नसमेत बन्न पुगेको स्थिति यहाँ विषय बनेको छ । रेडियोमा प्रवेश गरेपछि सञ्चारप्रतिष्ठानको विज्ञता समेतको हैसियत आर्जन गरेको व्यक्तित्वका रूपमा अर्जित क्षमताका आधारमा उनमा प्रशासन सञ्चालनको कुशलता तथा व्यावहारिक जीवनका सन्दर्भहरू यहाँ विषयका रूपमा थपिँदै गएका स्थितिहरू पनि उपस्थित भएका छन् । तारिणीप्रसादले दिएको नियुक्तिपत्रमा मासिक १००।– रूपियाको जागिरमा प्रवेश गरेकी कोइलीदेवीको एक वर्षपछि निर्देशक देवेन्द्रराको सही भएको मासिक ९०।– रूपयाँ मात्र पारिश्रमिक पाउने गरी भएको पुन: नियुक्तिको विषय पनि यहाँ प्रस्तुत गरिएको छ । सुरुमा गायन र क्रमश: अभिलेखन तथा प्रशासन सम्बन्धी पनि ज्ञान गरेकी र जिम्मेदारी पनि बहन गरेकी कोइलीदेवीको जीवनमा आएका अनेक मोडहरूको प्रसङ्ग यहाँ विषय बनेको छ ।

शास्त्रीयताको उच्च शिक्षाका निम्ति कोलकाता पुगेर सङ्गीतमा स्नातक गरेको र पछि स्नातकोत्तर तहको समेत परीक्षामा संस्थाकै तृतीय स्थान लिएर उच्च हैसियतमा उत्तीर्ण भएको सन्दर्भ यहाँको विषय बनेको छ । कोइलीदेवीको जीवनमा यसै अवधिमा अनेक सफलताका चुलीहरू निर्माण भएका छन् । राजा महेन्द्र र वीरेन्द्रसँगको सम्पर्क बढेको र राजाबाट पनि सम्मान पाएको, देश, विदेशका विभिन्न उत्सव समारोहमा सहभागी बनेर प्रशंसा पाएका सन्दर्भहरू पनि यसै प्रकरण र कालखण्डका विषय बनेका छन् । २००७ सालदेखि

२०३४ सालसम्मको अथाह समय खरदारको पदमा कार्यरत रहेकी कोइलीदेवी २०३४ सालमा आएर बल्ल नायब सुब्बामा बढुवा भएको सन्दर्भ निकै टिठ लाग्दो रूपमा यहाँ प्रकट भएको छ । स्नातकोत्तर उपाधि प्राप्त भएपछि २०४४ सालमा आएर शाखाअधिकृत बनेको सन्दर्भ पनि यहाँ उल्लेख भएको छ । यसै कालखण्ड भित्र २०२२ सालमा साकारभक्त माथेमासँग उनको विवाह भएको र दाम्पत्य जीवन आरम्भ भएको विवरण पनि यहाँको विषय बनेको छ । यस प्रकरणमा रहेको व्यापक विषयले कोइलीदेवीको व्यक्तित्व विकासको उत्कर्ष स्थापना गरेको छ ।

४. **कोइलीदेवीको विवाह** : यस प्रकरणमा वैयक्तिक जीवनको विषयको सन्दर्भ पनि विषयका रूपमा उपयोग भएको छ । २०२२ सालतिर आएपछि जीवनको उर्वर अवधिबाट अवरोहतिर लाग्दा पैँतीस वर्षको उमेरमा आफूभन्दा १६ वर्ष जेठो ५१ वर्षको उमेरका पुरुषसँग दाम्पत्य गाँसिएको सन्दर्भ यहाँ निकै रोचक ढङ्गको विषय बनेको छ । विवाहपछिका समयमा साकारभक्त माथेमा पनि रेडियोसँग जोडिएको सन्दर्भ र जीवनको अरू पैँतीस वर्ष पतिपत्नीका रूपमा कोइलीदेवी र साकारभक्तले गुजारेका सन्दर्भहरू यहाँ विषयका रूपमा उपस्थित बनेका छन् । २०५६ सालमा आइपुग्दा कोइलीदेवीलाई साकारभक्तले एक्लो पारेर इहलीला त्याग गरेको कारुणिक विषय यहाँ सन्दर्भिक बनेर आएको छ । आरम्भदेखि नै निकै दारुण, करुण र जटिल जीवनशैली भोग्दै आएकी कोइलीदेवीको जीवन झन् दारुण बनेको अवस्था यस प्रकरणले विषयका रूपमा स्थापित गरेको छ । त्यसपछिको स्थिति र समय कोइलीदेवीका निम्ति परत्रको साधनाका निम्ति खर्चिनेतिर अभिमुख भएको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । उत्तर जीवनमा कोइलीदेवी निकै आध्यात्मिक र अन्तर्मुखी बनेको सन्दर्भ यहाँ विकसित भएको छ ।

**५. कोइलीदेवीको चीन भ्रमण** : नेपालका कलाकारहरू चिनिया सांस्कृतिक कलाकारहरूको निमन्त्रणामा चीन जाने क्रममा २०२२ सालमा कोइलीदेवी सहभागी बनेको प्रसङ्ग यहाँ विषय बनेको छ । कलाकारको समूह चीन पुगेको प्रसङ्गबाट यो प्रकरण आरम्भ भएको छ । प्रसिद्ध नाटचकर्मी जनार्दन समले नेतृत्व गरेको उक्त भ्रमण टोलीमा उस्ताद गेविन्दलाल, नातिकाजी, पुष्प नेपाली, गङ्गा राणा लगायतका १९ जनाको टोलीको समूहमा कोइलीदेवीको उपस्थिति रहेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । चीन पुगेको र त्यहाँका विशाल रङ्गमञ्चमा कोइलीदेवीले गीत गाएको सन्दर्भ निकै प्रभावकारी स्थितिको विषय बनेर यहाँ प्रस्तुत भएको छ । आफ्नो स्वर मधुरताका कारण मुग्ध बनेका त्यहाँका विशिष्ट दर्शक पाहुनाका बिचमा कोइलीदेवीले ठूलो आदर पाएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । चिनका विशिष्ट कलाकारको मात्र होइन, त्यहाँका राष्ट्रपतिसमेतको प्रशंसा पाएका कारण कोइलीदेवी खुसीले रोएकी थिइन् । भ्रमणका क्रममा त्यहाँका महाकवि ल्यु सुनको जन्म स्थान र सङ्ग्रहालयको पनि निरीक्षण गर्ने अवसर पाएको सन्दर्भ प्रस्तुत भएको छ । त्यतिखेर कोइलीदेवीले सङ्ग्रहालयको अतिथि निरीक्षण पुस्तिकामा समेत आफ्नो कविता अङ्कन गर्न पाएको सन्दर्भ यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । भ्रमणको अन्तमा बिदाइको सन्दर्भमा चिनियाँ सांस्कृतिक विभागकी सहनिर्देशक वाङ गीले कोइलीदेवीलाई 'संसारका अद्वितीय नारी प्रतिभामा तिम्रो स्थान छ' भनेर गरेको प्रशंसाबाट पनि कोइलीदेवी भावुक बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ ।

**६. कोइलीदेवी सङ्गीत कोषको स्थापना** : कोइलीदेवीको सन्तान भनेको उनका सृजना मात्र भएकाले र ती सन्तानहरू अजर र अमर पनि भएका कारणले तिनको संरक्षण र संवर्धनका निम्ति गरिने प्रयत्नहरूमा श्री नरेन्द्रराज प्रसाई, इन्दिरा प्रसाई, कर्मा घलेजस्ता उदारमना व्यक्तित्वका प्रयासले कोइलीदेवीमा जन्मेको

जीवनप्रतिको वितृष्णा र पलायनको भावलाई तिरोहितको भावना मुखर बनाएको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । **छलफल** पत्रिकाले उनको जीवनका यथार्थताहरू उद्घाटन गरिदिएका कारण कोइलीदेवीमा जीवनप्रतिको मोह जगाउनमा नई र उनका समर्थनमा उठेका हातहरूले एउटा नयाँ संस्थाको जन्म दिएको स्थिति पनि यहाँ विषयको रूपमा प्रादुर्भाव भएको छ । सीताराम प्रज्ञाप्रतिष्ठानका अध्यक्ष सीताराम प्रसाई, गीतकार रत्नसमसेर थापा, कवि उषा शेरचन, गीतकार किरण खरेल, फोटोपत्रकार कुमार आले, साहित्यकार घटराज भट्टराई, गायक फत्तेमान, गीतकार राममान तृषित, गायक सुशीला कंसाकार, कवि तथा आख्यानकार इन्दिरा प्रसाई तथा जीवनीकार एवं निबन्ध स्रष्टा नरेन्द्रराज प्रसाईसमेत समावेश भएको अक्षय कोषको स्थापना भएका कारण कोइलीदेवीमा जीवनप्रतिको मोह पुन: जागृत बनेको सन्दर्भ यहाँ विषयका रूपमा उल्लेख गरिएको छ । २०५८ सालदेखि यस कोषले सङ्गीतका प्रतिभालाई सम्मान तथा अभिनन्दन र पुरस्कृत गर्दै आएको अवस्था पनि यहाँ विषयका रूपमा प्रस्तुत भएको छ ।

७. **कोइलीदेवीको तीर्थाटन** : कोइलीदेवीमा आध्यात्मिक आस्था गहिरो थियो । जीवनका उहापोह ईश्वरकै नियमनमा चल्ने गति हुन् भन्नेमा उनी विश्वस्त थिइन् । ईश्वरप्रतिको प्रगाढ आस्था भएका कारण नै कोइलीदेवीमा अविचल स्वभाव विकास भएको थियो । पति रहेसम्म पतिको सेवामा संलग्न, स्वयम् भोजन बनाएर सेवन गर्ने आचरण, स्वजन तथा परजन सबैमा सद्भाव प्रदर्शन गर्ने स्वभाव कोइलीदेवीमा बाल्यकालदेखि नै सुदृढ बनेको स्थिति यहाँ समीक्षित विषयका रूपमा प्रकट भएको छ । पतिको देहावसानमा गरिनु पर्ने आशौच कर्म, त्यसपछि पतिको मुक्तिका निम्ति गरिने संस्कार र तीर्थश्राद्ध लगायतका कृत्यहरू उनले निष्ठापूर्वक सम्पन्न

गरेकी छन् । आत्ममोक्षका निम्ति आफू जीवित रहेकै अवस्थामा आफैले गरिने जीवन वृषोत्सर्ग, अन्य पूजा अनुष्ठान लगायतका विधानहरू यहाँ उनले सम्पन्न गरेका बेहोराहरू सविस्तार प्रकटमा आएका छन् । आफ्ना इष्टदेवका रूपमा शिवपार्वती, विष्णुलक्ष्मी, श्रीकृष्ण जस्ता वैदिक सनातनताले मान्दै ल्याएका कुराहरूमा उनको प्रगाढ आस्था छ भन्ने सन्दर्भ यहाँ प्रकट भएको छ । आफ्ना इष्टदेवका दैवी बिम्बलाई पूजास्थानमा राखेर सँधै अर्चना गर्ने गरेका पक्षहरू विषयका रूपमा यहाँ प्रतिपादन भएका छन् ।

८. **कोइलीदेवीको बुढेसकाल** : कोइलीदेवीको वृद्धत्व कसरी गुज्रिरहेको छ र उनमा के कस्ता भावले भूमिका खेलिरहेको छ त भन्ने विषय यस प्रकरणमा आएको छ । आफ्नो जीवन दाम्पत्य बन्धनमा बाँधिएपछिका क्षणहरू निरन्तर गुजारिँदै गएको लगनटोलका नारायण प्रधानको घरको कोठामा चल्दै आएको स्थिति पनि यहाँ विषयका रूपमा प्रयुक्त छ । आफ्नो कोठामा पसेपछि कोइलीदेवी कोठाभरि आफ्ना पतिको उपस्थिति देख्छिन् भन्ने भावुक संवेदनाको प्रसङ्ग यहाँ विषय बनेको छ । आफ्नो जीवनको दशकौँ निर्वाह भएको यस कोठामा अनेक प्रमाणपत्र, पत्रपत्रिका, पुस्तक लगायतका सामग्रीहरू अव्यवस्थित व्यवस्थामा छरिएका छन् र तिनको अभिभावक कोइलीदेवी मात्र हुन् भन्ने सन्दर्भ पनि यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । साकारभक्त माथेमाको जैशीदेवल स्थित पाँचतले पैतृक घरमा भित्रिएकी कोइलीदेवीको विवाहपछिको जीवन यही लगनको भाडाको पुरानो घरको कोठामा गुज्रिरहेको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । एउटा आफ्नै घर होओस् र यी प्रमाणपत्रहरू चाहिँ त्यस घरको एउटा कोठामा सजिऊन् भन्ने उनको सकारात्मक धारणा छ । तर त्यो सम्भावना कसरी पुरा होला र भन्ने नकारात्मक धारणा आएका बेला चाहिँ यी सम्मान तथा प्रशंसा पत्रहरूले मेरो मृत्युपछि मलाई जलाउन पनि पुग्छ भन्ने अभिमत प्रकट गर्छिन् ।

यस्ता विषयले कोइलीदेवीका आन्तरिक धारणाहरूलाई प्रकट गरेको अवस्था पनि यस प्रकरणको विषय बनेको छ ।

९. **कोइलीदेवीका साहित्यिक कृति** : सृजनाको प्रतिभा पनि कोइलीदेवीमा जीवन्त थियो । भक्ति, प्रणय र शान्त भावमा केन्द्रित कविता लेख्ने कला निकै सबल थियो भन्ने सन्दर्भ यहाँ प्रकट भएको छ । समीक्षा चेतना प्रबल बनेको यस प्रकरणमा कोइलीदेवीका **सेवा** (२०१९), **समर्पण** (२०२५) र **कोइलीभजन** (२०६०) शीर्षकमा प्रकाशित भएका छन् । यी तीनओटा कृतिको सूचना र विवेचना पनि यस प्रकरणमा गरिएको छ । देशभक्ति, राजभक्ति र ईश्वरभक्तिमा आफ्नो सृजनालाई आधारित गर्ने स्रष्टाका रूपमा परिचित कोइलीदेवी यहाँ कविका रूपमा स्थापित बनेको सन्दर्भ विषयका रूपमा प्रस्तुत गरिएको छ । राजाको निगाहबाट आफ्नो व्यक्तित्व निर्माण भएको सन्दर्भलाई कृतज्ञताको भावमा कविताको भाव भर्ने कविको चिन्तन, देशभक्ति, ईशभक्ति र स्वामीभक्तिमा विभाजित बनेर कृतिभरि वितरित बनेका कुरालाई जीवनीकारले प्रस्तुत गरेका छन् । दैविक र लौकिक भक्ति, आध्यात्मिक र भौतिक स्नेहमा विश्वस्त बनेकी स्रष्टा कोइलीदेवीको सृजना निकै स्वच्छन्द र कोमल भावनामा आधारित बनेर कला आर्जन गर्न सफल छ भन्ने जीवनीकारको अभिमत रहेको छ । नेपाली साहित्याकाशमा महिला स्रष्टाको निकै अभाव रहेका त्यस समयमा कोइलीदेवीको उपस्थितिले ऊर्जा थपेको सन्दर्भ यस प्रकरणको समीक्षात्मक कथ्य बनेर प्रकटमा आएको छ ।

१०. **कोइलीदेवीका गीतको सूची** : गीत गायन उनको प्रमुख कृतित्व भएका कारण कोइलीदेवीले आरम्भदेखि अन्तसम्म लगभग चार हजारसम्म गीत गाएको अभिलेख अङ्कन भएको छ । यी गतिहरू विभिन्न विषयमा आधृत रहेको कुरा पनि यहाँ प्रकट भएको छ । २००७ सालदेखि २०५६ सम्म निरन्तर अथक साधनारत रहँदाको समयावधिमा रेकर्ड भएका गीत तथा भजनहरूको उपस्थापन यहाँ

विषयका रूपमा गरिएको छ । नेपाली गीतका विभिन्न रूप जस्तै लोकगीत, राष्ट्रिय गीत, आधुनिक गीत र भजनमा समर्पित रहने प्रतिभा कोइलीदेवीका गीतहरूको लामो विवरण यस सन्दर्भमा प्रस्तुत गरिएको छ । स्रष्टा, सङ्गीत र स्वरको समेत विवरण उल्लेख गरेर राखिएका ती गीतका रेकर्डहरूको तथ्य प्रस्तुत गर्ने क्रममा तयार भएका यस प्रकरणमा सहज र संवेदनाका पक्षहरू प्रकट भएका छन् । यस्ता रचनाका आधारमा रचनाकारको मूल क्षेत्र गायन र सङ्गीत प्रदान अनि दोस्रो क्षेत्र सृजना हो भन्ने सन्दर्भहरू पनि विचारणीय रहेका छन् । यसरी कोइलीदेवीको योगदानको अनुरेखाङ्कन गर्ने काम यहाँ भएको छ । कोइलीदेवीका विशेषतालाई प्रस्तुत कृतिहरूमा यसरी नै विशिष्टीकृत गर्ने प्रयत्न गरिएको छ ।

११. **कोइलीदेवीको सम्मान** : आजीवन साधनारत मान्छेले आफूलाई जेमा खर्च गरेको छ त्यसैमा समन पाउनु पर्छ भन्ने अभिमत यस प्रकरण प्रकट भएको छ । कोइलीदेवीले आफ्नो समग्र जीवन गीत गायन र सङ्गीत प्रदानमा खर्च गरेको छ । उसले सम्मान र अभिनन्दन पाउने अधिकार क्षेत्र पनि त्यही नै त हो । यस दृष्टिले कोइलीदेवी अभिनन्दित, पुरस्कृत र सम्मानित हुने क्षेत्र पनि त त्यही गीत र सङ्गीत नै त हो भन्ने कुरा यहाँ प्रतिपादन भएको छ । २०१८ सालपछिका वर्षहरूमा केही न केही पुरस्कार, सम्मान र अभिनन्दन पाउन थालेको स्थितिमा कोइलीदेवीले २०४७ सालमा छिन्नलता पुरस्कार र त्यसपछि, गोरखा दच्छिणबाहु, राष्ट्रिय प्रतिभा पुरस्कार, महाशक्ति सम्मानजस्ता अनेकौँ सम्मान, अभिनन्दन र पुरस्कारबाट कोइलीदेवी सम्मानित बनेको सन्दर्भ यस प्रकरणको विशिष्ट विषय बनेको देखिन्छ । नेपालका अनेक सङ्घ संस्थाबाट सांहित्यिक तथा सांस्कृतिक एवं दीर्घ सेवाका सम्मानहरू प्राप्त गरेकी छन् । उनबाट विशिष्ट ढङ्गबाट प्रतिपादन भएका विषय र योगदानका कार्यहरू यहाँ सम्मानित बनेको सन्दर्भ प्रकट भएको छ । जीवनीकार

प्रसाईले तिनलाई नै यहाँ मूल कथ्य बनाएर जीवनीको अङ्ग बनाएका छन् ।

१२. **कोइलीदेवीको व्यक्तित्वको निष्कर्ष** : जन्मदेखि बृद्धत्वसम्मको यात्रामा कोइलीदेवीले विषमता नै विषमता बेहोरेकी छन् भन्ने कुरालाई यहाँ विषयको चुरो बनाइएको छ । शारीरिक व्यक्तित्व शालीन र आकर्षक रहेकी कोइलीदेवीमा बाल्यकालदेखि नै सरल सौम्य र निर्दोष आचरण विकास भएको देखिन्छ । विवाहपछि पतिपरायणा र सधैँ धर्मपरायणा तथा व्यवस्थित जीवन बिताउने नारीका रूपमा देखिएकी छन् । सबै मान्छेसँग हाँसेर कुरा गर्ने, नरम र सद्व्यवहार गर्ने अनि तीर्थ व्रतमा विश्वस्त रहने कला कोइलीदेवीको निजी वैशिष्टच हो भन्ने सन्दर्भ यस निष्कर्ष प्रकरणले स्थापना गरेको छ । एक श्रद्धानिष्ठ र सदाचारमा रहने पवित्र चिन्तनकी अनुयायी र पवित्र आस्था पुञ्जका रूपमा देखा पर्ने व्यक्तितत्वका रूपमा यस प्रकरणले स्थापना गरेर आफ्नो निष्कर्ष प्रदान गरेको छ । राजा, देश र जनतालाई शिरोपर राखेर सम्मान गर्ने कोइलीदेवीको आस्था ईश्वरप्रति अटुट रहेको सन्दर्भ यहाँ प्रतिपादन भएको छ । यही नै प्रस्तुत प्रकरणको निष्कर्ष सिद्ध भएको छ । यसरी प्रसाईले कोइलीदेवीको जीवन बिम्ब प्रतिपादन गरेका छन् ।

## ४. सन्दर्भान्त

**कोइलीदेवीको जिन्दगानी** लेख्ने क्रममा लेखक प्रसाईले आफ्नो अभीष्टको रूपमा अवलम्बन गरेका कथ्यको वैशिष्टच पहिल्याउन अनेक साधना र पुरश्चरण पनि सँगसँगै गरेका छन् । कोइलीदेवी स्वस्थ रहँदा सोही अनुसार व्यवहार गरेर उनका जीवनका अन्तरतह पहिल्याउन सफल भएका छन् । अस्वस्थ रहँदा स्वास्थ्य लाभका निम्ति अनेक सेवा, उपचार र सत्कार सेवाका कामहरू गरेका छन् । उनको निराशाका क्षणमा आशा जगाउन अनेक सहयोग र सद्भावनाका विषयहरू अज्माएर उनको मन जित्ने काम गरेका छन् । उनको

जीवनका विशेषताहरू सदाचार र सद्भावका आयामहरू पहिल्याएर तिनलाई सोही अनुकूल व्यवहार गरेका छन् । प्रसाई दम्पत्तिले अनेक शुभेच्छुहरूको मन पघालेर कोइलीदेवीका योगदानलाई सम्मान गर्ने र उनको कीर्तिलाई अमर बनाउने ध्येयले कोइलीदेवी सङ्गीत कोषको स्थापना गर्ने काममा आफ्नो दिलोज्यान अर्पण गरेका छन् । एक व्यावहारिक र कर्तव्यपरायण पुत्रका सदाचार निर्वाह गरेर प्रसाईले उनलाई पुत्रवती माता सिद्ध गरेका छन् । यिनै विशेषता र कृत्यको प्रतिष्ठा कायम गर्ने बिन्दुमा पुगेर प्रस्तुत कृति आफ्नो निष्कर्ष दिन सफल भएको छ ।

प्रसाईको प्रस्तुत कृति पनि व्यवस्थित विषय योजना र आकर्षक ढङ्गको शैली र सिप खर्च गरेर तथार भएको छ । प्रस्तुत कृतिमा आख्यान, निबन्ध र समीक्षा तत्त्वको त्रिवेणी बनेका प्रसाईको व्यक्तित्व एक सङ्गम बिन्दु बनेर प्रस्तुत भएको छ । जीवनीकार प्रसाई यी विशेषताका आधारमा यहाँ पनि सफल जीवनीकारका रूपमा स्थापित बनेका छन् । यसै आधारमा **कोइलीदेवीको जिन्दगानी** सार्वजनिक भएको छ ।

# पारिजातको जीवनकथा

नेपाली साहित्यका जीवन्त प्रतिभा नरेन्द्रराज प्रसाईद्वारा लिखित **पारिजातको जीवनकथा** नामक कृति प्रकाशनमा आएको छ । जीवनीलाई साहित्यिक रूप प्रदान गरिएको प्रस्तुत कृति लेखककै आत्मस्वीकृति अनुसार पनि निकै लामो समयको अन्तरालमा मात्र आएर प्रकाशित (पहिलो संस्करण : २०५७ र दोस्रो संस्करण: २०६३) भएको छ । यस कृतिमा जीवनीमूलक समालोचनाको रूप प्राप्त भएको छ । जीवनीमूलक साहित्यको अभाव रहेको यस परिवेशमा जीवनवृत्त समेटेर लेखेका कृतिहरू पाउन यसै पनि कठिन छ त्यसमाथि पनि लेखनको धैर्य, प्रकाशकको प्रकाशनको साहस पाउन त झन् अरू उन्यूको फूल बन्दछ ।




नेपाली साहित्यका इतिहासमा स्वच्छन्दतावादी युगको अवसान र मनोविश्लेषणात्मक प्रवृत्तिको आरम्भद्वारमा पारिजातको अभ्युदय भएको थियो । स्वच्छन्दतावादी धर्तीमा पाइला टेकेर यथार्थवादी तथा

प्रयोगवादी मार्गमा यात्रा आरम्भ गर्ने कवि भूपि र विजय मल्लसँगै सहयात्रा गर्न आइपुगेकी पारिजात मनोविश्लेषणात्मक लेखनमा कुमार नेपाल र प्रेमा शाहकी पनि सहयात्री बनेकी छिन् । त्यसरी नै पारिजात प्रयोगशील रचनाक्षेत्रका शङ्कर लामिछाने, मोहन कोइराला, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मीहरूका लेखनमा पनि सहयात्री बनेकी छिन् । अस्तित्व र विसङ्गतिका सन्दर्भमा भने पारिजात २०२० सालपछिका वर्षहरूमा आएर इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, विश्वेश्वरप्रसाद कोइरालाजस्ता लेखकसँग सहयात्री बनेकी छिन् । २०२३ सालपछि राल्फाली समूहसँग सहयात्रा गर्ने पारिजातले २०३० पछि प्रगतिशील लेखनफाँटमा आबद्ध भएर अन्तसम्म आफ्नो जीवनयापन गरेको यथार्थता पाठकसामु आएको छ । पारिजातको जीवनयात्रालाई क्रमश: विन्यास गरेर राख्ने कृतिका रूपमा नरेन्द्रराज प्रसाईको **पारिजातको जीवनकथा** प्रकाशित भएपछि उनको जीवनचित्र यथार्थतामा प्रकट भएको छ । यस तथ्यलाई आत्मसात् गर्दै "मान्छेको सत्कार्यलाई सार्वजनिक गरिदिने नरेन्द्रराज प्रसाईजस्ता सिर्जनात्मक जीवनीलेखकको पनि महत्त्वपूर्ण योगदान रहन्छ" भन्ने कुरा ईश्वरवल्लभको प्रतिक्रियाले पनि पुष्टि गर्दछ । यी समग्र सत्यलाई दृष्टिगत गरेर **पारिजातको जीवनकथा** प्रस्तुत गर्नु अपेक्षित सत्य हो ।

**पारिजातको जीवनकथा** जम्मा सत्रओटा अध्यायमा विषयवस्तुलाई विन्यास गरेर तयार गरिएको छ । एउटा व्यक्तिको जीवनी तयार हुँदा लगानी भएका सामाजिक तत्त्वहरू, उसको जीवन विकास हुँदा स्पष्ट भएका आयामहरू उसको जीवनकथासँग आबद्ध भएका हुन्छन् । अनि पुरातन समयदेखि समाज र संस्कारले लगानी गरेका गुण र अवगुणहरू व्यक्ति र उसका आचरणमा प्रकट हुने गर्दछन् । उसका आन्तरिक र बाह्य अभिवृत्तिहरू मान्छेका क्रियाकलाप भएर प्रकट भएका हुन्छन् । यिनै तथ्यलाई प्रसाईले आफ्नो कृतिमा आधुनिक ढाँचामा व्यवस्थापन गरेका छन् :

१. पारिजातको पृष्ठभूमि
२. पारिजातको जिन्दगानी
३. पारिजातको व्यक्तित्व र त्यसका विशेषता
४. पारिजातको पारिवारिक जीवन
५. पारिजातको जीवनमा सुकन्या
६. पारिजातको आर्थिक स्थिति
७. पारिजातको साहित्यिक यात्रा
८. पारिजातको साहित्यिक सिद्धान्त
९. पारिजातको राल्फामा अगुवाइ
१०. पारिजातको सङ्गठनात्मक प्रवृत्ति
११. पारिजातका राजनैतिक धारणा
१२. पारिजातका मन पर्ने र नपर्ने स्रष्टाहरू
१३. पारिजातको शङ्कर लामिछानेसँगको सम्बन्ध
१४. पारिजातका प्रेम र यौनका प्रसङ्गहरू
१५. पारिजातको जीवनका उतारचढाव
१६. पारिजातको आलोचना र सम्मान
१७. पारिजातका कृति

**पारिजातको जीवनकथा**मा लेखक नरेन्द्रराज प्रसाईको व्यवस्थापनबाट एउटा स्रष्टा व्यक्तिको आयामिक आयतन समुचित ढङ्गले उभिएको छ । व्यवस्थितिका प्रत्येक एकाइमा त्यस व्यक्तिको त्यो व्यक्तित्व सग्लो रूपमा पाठकसामु उभिनु पर्छ जीवनी साहित्यमा; त्यो काम प्रसाईको यस कृतिमा समीचीन ढङ्गले सम्पन्न भएको छ ।

'पारिजातको जीवनकथा'मा पारिजातप्रति लेखक प्रसाईका अवधारणा, पारिजातसँगको परिचय, सम्बन्ध र अन्तरङ्ग सम्पर्कका कोणहरू अभिव्यक्तिका रूपमा प्रकट भएका छन् । प्रसाईले पारिजातलाई चिन्न गरेका र अभिव्यक्त गर्न गरेका प्रयत्नहरू यहाँ पाइन्छन् र पाइन्छन् लेखकको मनमा तयार भएका लेखनपात्रप्रतिका

आस्था । त्यस्तो आस्था निर्माण भएपछि मात्र लेख्न सकिन्छ कसैको जीवनवृत्त ।

## १. पारिजातको पृष्ठभूमि

संवेदनायुक्त मनोसंरचना भएका प्रतिभालाई बाह्य पर्यावरणले पनि उत्प्रेरित गर्दछ भन्ने कुरा प्रसाईले यस खण्डमा प्रस्तुत गरेका छन् । दार्जिलिङको धर्ती स्वयम्मा एक भावुक स्रष्टाका निम्ति एउटा सङ्गीतमय कविता हो, कथा हो र निबन्ध हो अनि एउटा नाटक र बाह्यकृतिमा एउटा उपन्यास हो । यसो भनिरहेका अवस्थामा दार्जिलिङ तीव्र द्रष्टाको समालोचना पनि हो । पर्यावरणका यिनै प्रभाव र प्रेरणामा दार्जिलिङले नेपाली साहित्यको आधुनिक युग निम्त्यायो । यसै परम्परामा पारिजातको आविर्भाव भयो, मुना पलायो, कोपिलायो र काठमाडौँ आएपछि पल्लवित, पुष्पित र सुवासित भयो अथवा एउटा स्रष्टाको जीवनवृक्ष तयार भयो । प्रस्तुत खण्डमा यसै तथ्यलाई सिद्ध गरिएको छ ।

## २. पारिजातको जिन्दगानी

दोस्रो खण्डको यस शीर्षकभित्र पारिजातको जीवनीको पाटो प्रस्तुत गरिएको छ । पारिजातको पुर्ख्यौली थलो र जन्म थलो, पैतृक व्यवसाय, जन्म, अध्ययन, बाल्यजीवन, आचरण, रुचिको पहिचान, काठमाडौँ आगमन, अध्ययन र जीवनचर्या, लेखन, संलग्नता, सेवा, सङ्गठन आदिका अनेकौं गल्छेडा पार गरेर ५७ वर्षको जीवन समाप्त गरी इहलीला त्याग गर्ने पारिजातको जीवनवृत्त यस खण्डमा प्रस्तुत भएको छ । प्रसाईको प्रस्तुतिको यो कला पनि आकर्षक र प्रभावकारी सिद्ध भएको छ ।

## ३. पारिजातको व्यक्तित्व र त्यसका विशेषता

जीवनीका आलोकमा व्यक्तिको व्यक्तित्व निर्माण हुने गर्दछ । जीवनीकै आयतनभित्र व्यक्तित्वका विशेषता टल्किने गर्दछन् । एउटा वेगवान् नदीमा छिपेको विद्युत्तरङ्ग तत्प्रविधिको माध्यमबाट प्रकट

भएझैं मानवभित्र निहित प्रतिभातरङ्ग पनि तदनुकूल वातावरण पाएर तयार हुन्छ । पारिजातको व्यक्तिगत व्यक्तित्व सामाजिक, साहित्यिक, साङ्गठनिक, सामुदायिक र राजनीतिक तहसम्मका उचाइमा विशेषतासाथ पुगेको कुरा प्रसाईले सविस्तार प्रकाश पारेको खण्ड यही हो । यसबाट पारिजातको आन्तरिक र बाह्य व्यक्तित्व सजीवतापूर्वक विकसित भएको कुरा प्रकट भएको पाइन्छ ।

**४. पारिजातको पारिवारिक जीवन**

पारिजातको जीवनीमा पारिवारिक पक्षले के कस्तो भूमिका खेलेको छ भन्ने हेर्नुपरे यस अध्यायमा प्रत्यक्ष देखिन्छ । व्यक्तिको व्यक्तित्व समाजमा कस्तो छ त्यसको प्रभाव परिवारमा पनि पर्दछ र परिवारभित्र उसको स्थिति कस्तो छ त्यसको प्रभाव समाजसम्म पनि पुग्दछ । बाबु, आमा, दाजु, सौतेनी आमा र बहिनीसम्म वितरण भएको पारिवारिक सम्बन्ध साथीभाइ, इष्टमित्र र सङ्गठन सदस्यसम्म विस्तारित भएको सामुदायिक सम्बन्ध पारिजातका जीवनमा टिठलाग्दो र प्रकृतिप्रकोप, मृत्युको आक्रमण एवम् प्रणयाघातसम्मका पाटाहरूमा टाँगिएको देखेका छन् प्रसाईले । नीरस र विडम्बनायुक्त परिवारको जीवनबाट विरक्त नभई सङ्घर्षरत बनेकी पारिजातको पारिवारिक जीवन एउटा खुला पुस्तकझैं भएर यस कृतिमा फरफराइरहेको देखाइएको छ ।

**५. पारिजातको जीवनमा सुकन्या**

नारी पारिजातको विवाह भएन । प्रणयाघातको कुण्ठा कविता भयो; कथा, उपन्यास, निबन्ध सबै भयो र त्यसबाट बचेखुचेको कुण्ठा बहिनी सुकन्याको जीवनसँग जोडिएर पूर्ण भयो । भतिजा भतिजीमा वात्सल्य र बहिनीमा अतृप्त प्रणयबुभुक्षा परितृप्त गरेर जीवन भोग्ने पारिजात साँच्चै उनकै **शिरीषको फूल**की बरीजस्तै बनेकी छिन् ; पारिजात र मुजुरा वा सानी कुनै ठानेकी छिन् उनले सुकन्यालाई । सुकन्याको अनोन्याश्रिततामा मात्र पूर्ण बनेको छ

पारिजातको आन्तरिक मनोजगत् र मानसिक परितृप्ति । यस प्रसङ्लाई प्रसाईले पारिजातसँग जोडिएको सुकन्याको उपस्थितिबाट पुष्टि गरेका छन् ।

### ६. पारिजातको आर्थिक स्थिति

निम्नमध्यवित्त परिवारको वातावरणमा बितेको पारिजातको बाल्य र किशोरजीवन वयस्क बन्दै जाँदा निकै कमजोर भएको अवस्थालाई प्रसाईले शालीन ढङ्गले प्रस्तुत गरेका छन् । स्वाभिमान र आत्मबलको आडमा टिकेको आर्थिक स्थितिमा थप चाप सृजना गर्न उनको रोग पनि यही तरुणाइसँगै आइपुगेको छ । सहयोग र सद्भावका स्वरहरू सुने पनि पारिजातले अभाव र अपर्याप्तताकै रङ्गमा घोलिएका रोगसँग तीव्र रूपमा सङ्घर्ष गर्दै रहिन् । साथीभाइ र सहयोगीहरूका अतिरिक्त आफ्नै लेखनको पारिश्रमिकमा टिकेको उनको आयस्रोतबाट दैनिक जीवन धान्ने र रोगनिदानका सामान्य उपायहरू रच्ने काम गर्दै आफ्नो जीवननाउ खियाउन क्रियाशील देख्ने प्रसाई उपन्यासीय शैलीमा प्रस्तुत भएका छन् ।

### ७. पारिजातको साहित्यिक यात्रा

लेखनाथ, देवकोटा र सिद्धिचरणबाट आफूलाई प्रभावित ठान्ने पारिजात रवीन्द्रनाथ ठाकुर, टल्सटाय, गोर्की र चेखभ हुँदै कामुसम्मबाट प्रेरणा पाएको उनकै आत्मस्वीकृतिलाई प्रसाईको लेखनले पाठकसामु राखेको छ । कविता, कथा, उपन्यास र निबन्धका क्रममा देखिने पारिजातको लेखनले प्रतिष्ठा र सम्मानको शिखर आरोहण गरेको कुरा यहाँ प्रस्तुत गरिएको छ । लेखनमा काव्यात्मक भाषा र जीवनसापेक्ष शिल्पको प्रस्तुति पारिजातको निजी पहिचान रहेको कुरा प्रसाईको लेखनले सङ्केत गरेको छ । यस अध्यायमा पारिजातको लेखनको प्रेरणा, प्रवर्तन र प्रतिष्ठापनसमेतलाई प्रतिपादन गरिएको छ ।

## ८. पारिजातको साहित्यिक सिद्धान्त

पारिजातको साहित्यिक आधारभूमिमा देखिने सिद्धान्तको प्रतिच्छाया समालोचकहरूबाट समयसमयमा प्रस्तुत भएका छन् । तिनलाई प्रसाईले इमानदारीपूर्वक प्रस्तुत गरेका छन् । स्वच्छन्दतावादी साहित्यचिन्तनको भूमिमा आरम्भ भएको पारिजातको साहित्यसिद्धान्त, मनोविज्ञान, अस्तित्व अनि विसङ्गतिको सिँढीबाट उठेर अराजक राल्फावादको कुहिरोमा अलमलिन पुगेको पाइने पारिजात मार्क्सवादी सिद्धान्तबाट प्रेरित भएपछि त्यसैमा आजीवन अडेकी छिन् । जीवनका पछिल्ला दुई दशक मार्क्सवादी चिन्तनको प्रखर प्रवक्ता, राजनीतिक अनुयायी र साहित्य तथा सांस्कृतिक चिन्तक बनेर पारिजातले आफूलाई उभ्याएको कुरा प्रसाईले यसै खण्डमा स्थापना गरेका छन् । यहाँ प्रसाईले पारिजातका सिद्धान्तलाई इमानदारीपूर्वक राखेका छन् ।

## ९. पारिजातको राल्फामा अगुवाइ

पारिजात स्वच्छन्दतावाद र अस्तित्ववादप्रधान लेखनको सीमाबाट पलायित बनेपछिको विद्रोहात्मक अभिव्यक्ति र राल्फाली सङ्गठनको चुलीबाट आफूमा आएको परिवर्तन उद्घोष गर्ने व्यक्तित्व हुन् । समाज, राष्ट्र, राजनीति, अर्थव्यवस्था, संस्कृति र साहित्यिक मूल्य एवम् राष्ट्रिय मर्यादाका अनेकौँ कोणहरूका विरुद्धमा वज्रप्रहार गरेर एउटा नयाँ पर्यावरण तयार गर्ने काम राल्फालीहरूले गरेका छन् । राल्फाली सङ्गठनको केन्द्रीय व्यक्तित्वका रूपमा पारिजातलाई प्रसाईले मूल्याङ्कन गरेका छन् । राल्फाजमातका उच्च प्रतिभायुक्त व्यक्तित्वहरू क्रमश: प्रगतिवादी चिन्तनधारासित समाहित हुँदै गएर पारिजातकै केन्द्रीयतामा समर्थक बन्न र सिर्जन कार्य गर्न पुगेको कुरा प्रसाईले प्रस्तुत गरेका छन् । प्रतिभाहीन सदस्यहरू समाजको फराकिलो पर्यावरणमा विलीन बन्दै गए । यस दृष्टिले **पारिजातको जीवनकथा**मा जोडिन पुगेको राल्फाली चिन्तनको प्राप्ति र सीमा प्रसाईले यस पाठमा प्रस्तुत गरेका छन् ।

### १०. पारिजातको सङ्गठनात्मक प्रवृत्ति

विद्यालय, महाविद्यालयको जीवनबाट साङ्गठनिक चरित्रमा आबद्ध बन्दै आएकी पारिजात राल्फा चरणमा आएपछि सङ्गठनमा प्रतिबद्ध बनेकी छिन् । राल्फाबाट वितृष्णाबोध भएपछि वामपन्थी राजनीतिक पद्धतिमा सम्मिलित बनी नेपालको कम्युनिस्ट आन्दोलनसँग आबद्ध बन्न पुगेको कुरा प्रसाईले यसै अध्यायमा उल्लेख गरेका छन् । इन्द्रेनी सांस्कृतिक समाजको अध्यक्ष, महिला सङ्गठनको अध्यक्ष, मानव अधिकार सङ्गठनको उपाध्यक्ष, बन्दी सहयोग नियोगको अध्यक्ष, त्रिभुवन विश्वविद्यालय सभाको सभासद्जस्ता पदीय जिम्मेवारी पारिजातबाट निर्वाह भएका छन् । पारिजातका साङ्गठनिक क्रियाकलापको चर्चा गर्दा प्रसाईले आफूलाई तटस्थ राख्न प्रयत्न गरेका छन् ; यसलाई प्रसाईको प्राप्ति ठान्नु पर्छ ।

### ११. पारिजातका राजनीतिक धारणा

पारिजातले राजनीतिक धारणा त सचेत रूपमा राल्फा पुगेपछि ग्रहण गरेकी हुन् भन्ने प्रसाईको निष्कर्ष रहेको छ । मार्क्सवादी साहित्य चिन्तनको केन्द्रमा बनेको वैचारिक व्यक्तित्व कम्युनिस्ट सिद्धान्तको सबल योद्धा बनेर अघि बढ्न पारिजातलाई असजिलो कार्य बनेन । २०३० पछिका दुवै दशक समाजको विज्ञान ठानिने राजनीति मार्क्सवाद हो भन्ने सर्वसम्मत धारणा पारिजातमा मुखरित भएको कुरा प्रसाईले ठम्याएका छन् । आफू मार्क्सवादी राजनीतिक पद्धतिको अनुयायी भएर पनि इतर मार्क्सवादी विचारका अनुयायीलाई पनि त्यत्तिकै सम्मान गर्ने पारिजातको राजनीतिक आचरणलाई प्रसाईको यस अध्यायले उपस्थापन गरेको छ ।

### १२. पारिजातका मन पर्ने र नपर्ने स्रष्टाहरू

पूर्वीय र पश्चिमी वाङ्मयका ज्ञान र गरिमायुक्त सामग्रीहरूको गहिरो अध्ययन थियो पारिजातमा । उपनिषद्, दर्शन र साहित्य अनि राजनीति विज्ञानसमेतको अध्ययन गरेकी पारिजातका

विश्वसाहित्यका उत्कृष्ट स्रष्टाहरू उनका चयनका विषय बनेका थिए । भारतीय जगत्का अतिरिक्त नेपाली साहित्यजगत्का स्रष्टाहरूको नाम खुलै रूपमा उनले लिने गरेकी छिन् भन्ने प्रसाईको निष्कर्ष छ । मन पर्ने धेरैको नाम लिने पारिजातले इन्द्रबहादुर राई, ईश्वरवल्लभ, वी पी कोइराला आदिको नाम मन नपर्ने स्रष्टाका फाँटमा दर्ता गरेको कुरा प्रसाईले प्रस्तुत गरेका छन् । एउटा स्रष्टाले अन्य स्रष्टालाई हेर्ने, धारणा बनाउने र तिनीहरूको मूल्याङ्कन गर्ने गर्दो रहेछ भन्ने कुरा पनि यसै अध्यायबाट स्पष्ट हुन्छ । एकै यात्राका यात्रीहरू आफ्ना सहयात्रीका बारेमा सचेत रूपमा मूल्याङ्कन गरिरहेका हुन्छन् भन्ने कुरा पारिजातका अभिव्यक्ति र सटीक टिप्पणीहरूबाट पुष्टि हुन सक्ने कुरा पनि प्रसाईले यसै अध्यायमा अघि सारेका छन् ।

### १३. **पारिजातको शङ्कर लामिछानेसँगको सम्बन्ध**

प्रयोगमूलक शिल्प र गम्भीर वैचारिक साहित्यकार शङ्कर लामिछानेलाई नजिकबाट पारख गर्ने पारिजातका विविध कथनले लामिछाने र पारिजातको निकटता साक्ष्य गरेको कुरा प्रसाईले फेला पारेका छन् । साहित्यको सिर्जनाजगत् गहन र गरिमायुक्त छ भन्ने कुरा पनि लामिछानेसँगको सम्पर्कपछि बोध भएको हो पारिजातलाई । पारिजात र लामिछानेका बारेमा विभिन्न खाले कुराहरू पनि यसै समयमा काटिए । समसंवेदनायुक्त सहयात्री स्रष्टा नेपाली साहित्यजगत्का उच्च र उत्कर्ष व्यक्ति बन्न सफल भए । यस समसंवेदनाका स्रष्टाका प्राप्तिलाई यहाँ प्रसाईले अत्यन्त समीचीन र शालीन ढङ्गले प्रस्तुत गरेका छन् ।

### १४. **पारिजातका प्रेम र यौनका प्रसङ्गहरू**

पारिजातमा प्रथम प्रणयको आघात परेको प्रसङ्गलाई यहाँ प्रसाईले खोलुवा दिएका छन् । त्यसपछि प्रणयको आकर्षण र आमन्त्रण कतैबाट पनि हुन नसकेको पारिजातको आत्मस्वीकृति पनि यहाँ

प्रस्तुत गरिएको छ । यौनका सन्दर्भमा समर्पण र तृप्तिका भावनाहरू पारिजातमा कतै भेटेनन् प्रसाईले । पारिजातको धेरै स्रष्टाहरूसँगका सम्पर्कमा आवश्यक अनावश्यक कुराहरू जन्मिए । तिनले हल्लाको रूप पाएको कुरा पनि प्रसाईले उठाएका छन् । ती हल्लाहरूमध्ये केही त पारिजातका अन्तरङ्ग लेखन, कथन र आत्माभिव्यञ्जनले पनि पुष्टि गरेको कुरा जीवनीको यस खण्डमा प्रकट भएको छ । प्रणय र यौनका बारेमा पारिजातमा बनेका धारणाहरूको चिरफार गर्ने र तिनका प्रति अभिमत राख्ने काम पनि यसै अध्यायमा भएको छ । यसो गर्दा प्रसाईले आफ्ना तटस्थ द्रष्टालाई विचलित हुन भने दिएका छैनन् । उनले जुन कुरा राखेका छन् त्यसको ससन्दर्भ साक्ष्य पारिजातकै अभिव्यक्तिले गरेका छन् ।

**१५. पारिजातको जीवनका उतारचढाव**

यसमा पारिजातका जीवनमा आएका ढलपललाई प्रस्तुत गरिएको छ । जीवनको उर्वर क्षणमा स्थायी थातथलोबाट भएको विस्थापन, अध्ययनको क्रममा बाबुले राखेको अपेक्षा र त्यसलाई आफूले सम्पन्न गर्न नसकेको स्थिति, अध्ययनमा आइपरेका व्यवधान, लेखनमा आएका सिद्धान्तगत स्थापना, स्वीकृति र सङ्क्रमण आदिका श्रेणीहरू यस अध्यायमा प्रस्तुत छन् । विचारको श्रेणी आरोहणबाहेक अन्य विचलन पारिजातका जीवनयात्रामा नभएको कुरा प्रसाईको लेखनले सिद्ध गरेको छ । जीवनमा गम्भीर पटापेक्ष गर्न सक्ने खालको भूमिका खेल्ने कारक तत्त्व प्रणयाघात नै रहेको पनि यहाँ ठम्याइएको छ । यस ठम्याइमा पनि प्रसाईले तटस्थता निर्वाह गरेका छन् ।

**१६. पारिजातको आलोचना र सम्मान**

पारिजात परिस्थितिअनुसार आलोचित र सम्मानित एकैपल्ट र निरन्तर बनेकी प्रतिभा हुन् भन्ने कुरा यस अध्यायमा उल्लेख भएको छ । सारभूत रूपमा यस समाजको वर्गीय संस्कारले जे

जस्तो रूपमा पारिजातलाई सम्मान गऱ्यो यथार्थमा त्यो ठीकै भयो भन्ने कुरा प्रसाईको यस लेखनले स्पष्ट पारेको छ । मैले जे पाएँ त्यसैमा सन्तुष्ट छु भन्ने पारिजातको महानतालाई ठम्याउने खुबी पनि प्रसाईबाट यहीँ नै प्रकट भएको छ । पारिजातले आफ्नो जीवनमा प्राप्त गरेका पुरस्कार, पदक, सम्मान र गाली, आलोचना, खुच्चिङ अनि यथास्थान र कालमा भएका प्रसङ्गहरू यस अध्यायमा चर्चित छन् । पारिजातको योगदानलाई मुलुकले कसरी सम्मान गऱ्यो र आलोचना गऱ्यो त्यसको यथोचित निरूपण गर्ने काम पनि यसै खण्डमा भएको छ ।

१७. **पारिजातका कृति**

प्रस्तुत कृतिको पछिल्लो अध्याय कृतिकेन्द्री छ । पारिजातका सिर्जनात्मक पुस्तकाकार कृतिहरूको फेहरिस्त प्रस्तुत भएको यस अध्यायमा कृतिका विधा, चिन्तन र सैद्धान्तिक मूल्यको धरातल पनि सूचित भएको छ । यस्ता प्राप्तिले पारिजातको उर्वर सिर्जन जगत् कति फराकिलो थियो र कति टड्कारो थियो भन्ने कुरा पनि यसै अध्यायमा उल्लेख भएको छ । पारिजातको लेखनयात्रा लगभग चार दशकसम्म सक्रिय रहँदा सिर्जना भएका पुस्तकाकार कृति मात्र यहाँ उल्लेख भएको र फुटकर रूपमा छरिएर रहेका केही कृतिहरूको विवरण प्रस्तुत हुन नसकेको कुरा पनि यहीँ सकारिएको छ । यस खण्डमा पनि प्रसाईको इमानदारी र शिष्टता प्रस्तुत भएको छ ।

•

**पारिजातको जीवनकथा** नेपाली जीवनी साहित्य परम्पराको पछिल्लो र अग्लो धुरी हो भन्ने कुरा प्रस्तुत कृतिको अध्ययन सन्दर्भमा पुष्टि हुन आउँछ । लेखक प्रसाईले स्रष्टा पारिजातको निधन भएताका एउटा सर्वेक्षणात्मक निष्कर्ष 'प्रकाश' पत्रिकामार्फत दिएका थिए । त्यो के थियो भने नेपाली साहित्यका सबैभन्दा बढी पढिने स्रष्टा देवकोटा हुन् र त्यसपछिको नाम पारिजात हो । त्यसैले पारिजातको

उपर्युक्त जीवनकथा उल्लेखनीय रहेको छ । मोतीराम भट्टले लेखेको 'भानुभक्तको जीवनचरित्र'बाट आरम्भ भएको यस किसिमको लेखन नेपालीमा त्यति गतिशील बन्न सकेको छैन । नित्यराज पाण्डेद्वारा लिखित 'महाकवि देवकोटा'ले केही थप इँटा जोडे पनि जीवनीले साहित्यिक र सिर्जनात्मक रूप अझै पनि प्राप्त गर्न सकेको छैन । प्रसाईले लेखेको लैनसिंह बाङ्देलको जीवनकथामा केन्द्रित कृति 'बाङ्देलको जीवनयात्रा' (२०५९) र जयराज आचार्यले लेखेको 'यदुनाथको जीवनचरित्र'ले जीवनचरित्रको सिर्जनात्मक लेखनको उल्लेख्य प्रयत्न प्रस्तुत गरेका छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालयको नेपाली स्नातकोत्तर तहमा शोधपत्र लेख्ने विद्यार्थीहरूले विभिन्न प्रतिभाका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने परम्परा चलेको छ । त्यस किसिमको लेखनबाट जीवनी साहित्य लेखनको परम्परालाई निकै सहयोग पुऱ्याउने स्थिति त छँदै छ । थप प्रसाईद्वारा लिखित पारिजातको जीवनकथाको नमुनामा आधारित भएर लेखन प्रकाशन गर्ने हो भने जीवनी साहित्य अत्यन्त वैज्ञानिक, समृद्ध र फलदायी हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

**पारिजातको जीवनकथा**मा नरेन्द्रराज प्रसाईको निबन्धलेखक र समालोचक व्यक्तित्वको प्रभाव परेको छ । प्रस्तुत कृतिमा निबन्धात्मक कला एकातिर मुखर भएको र त्यसले कृतिलाई सिर्जनात्मक रङ्ग र शिल्प प्रदान गरेको छ भने समालोचकीय कला अर्कातिर मुखर भएको छ । लेखनमा यसले मूल्याङ्कनमूलक रङ्ग र शिल्प प्रदान गरेको छ । यस्ता तत्त्वलाई निर्णयात्मक तथा भावात्मक भाषिक कलाको संयोजनले उच्च मर्यादा प्रदान गरेको हुन्छ । यिनै सीमा र प्राप्तिहरूका परिधिमा प्रसाईको 'पारिजातको जीवनकथा' विवेचित हुन सकेको हो । यस किसिमले स्रष्टाका जीवनकथाहरू लेखिने परम्परा विकसित बन्दै जाओस्– यही शुभाकाङ्क्षासहित ।

# रोहितको आकृति

**१. विषय प्रवेश**

साहित्य र राजनीतिको अन्त:सम्बन्ध निरीक्षण गर्ने विषयको केन्द्रमा रहेको नेपाली राजनीति, संस्कृति, कला र साहित्यको विषयलाई मध्यबिन्दुमा राखेर सृजनात्मक राजनीति, सृजनात्मक अर्थनीति,




सृजनात्मक संस्कृति (कला, गीत, सङ्गीत, नाटक आदि) का विषयहरूका पक्षहरू पनि जीवन चिन्तनका विषय बनेर उपस्थित भएका हुन्छन् । नेपालको राजनीतिमा पनि संवेदना भर्ने, नेपाली साहित्यका पर्यावरणमा संवेदना भर्ने रोहित (नारायणमान बिजुक्छे) को स्थिति यहाँ विषयको चुरो बनेको छ । प्रसाईकृत प्रस्तुत कृतिको विषय र सन्दर्भ यहाँ रोहित मात्र रहेको छ । प्रसाईको प्रस्तुत कृति एकल व्यक्तिको समग्र व्यक्तित्व समेटिएको जीवनीमूलक कृतिमध्ये दसौँ कृति हो र यस कृतिको विशेषता पनि वैयक्तिक विषय समग्र वैशिष्टचका आधार प्रतिपादन भएको कृति हो । यसरी व्यक्तिको जीवनका सन्दर्भहरूलाई

केन्द्रीय विषय बनाएर कृतिको निर्माण गर्नु प्रसाईको लेखनको मूल धर्म बनेको छ । प्रस्तुत ग्रन्थ एक व्यक्तिका अनेक आयामलाई विषय बनाएर समग्र वृत्त समेट्ने प्रयत्नमा तयार भएको ग्रन्थ साबित बनेको छ । यहाँ एकल व्यक्तिको व्यक्तित्वलाई विषयका रूप प्रदान गर्ने व्यवस्था नै ग्रन्थको योजना सिद्ध भएको छ ।

जम्माजम्मी चारओटा प्रकरण सन्दर्भमा विभाजित भएको प्रस्तुत कृति आयतनका दृष्टिले मध्यम आकारमा तयार भएको छ । पहिलो प्रकरण भूमिका, दोस्रो प्रकरण लेखकीय, तेस्रो प्रकरण रोहितको आकृति र चौथो प्रकरण नरेन्द्रराज प्रसाईका कृतिहरूको सूचीमा व्यवस्था गरिएको छ । यसरी कृतिलाई जम्मा चार प्रकरणमा विभाजन गरिएको छ । तीमध्ये पहिलो प्रकरणमा जम्मा तिनओटा उपप्रकरणहरू छन् । तिनमा पहिलो उपप्रकरण नरहरि आचार्यद्वारा लिखित 'रोहितको आकृतिमा रङ्ग लाउन खोज्दा', दोस्रो उपप्रकरण गोविन्द भट्टले "राजनीति, साहित्य र सङ्घर्षको कथा" शीर्षक दिएर लेखेका छन् । तेस्रो उपप्रकरण चाहिँ जीवनीकै पात्र स्वयं नारायणमान बिजुक्छे 'रोहित' द्वारा लेखिएको "मैले आफ्नो प्रतिरूप पाएँ" शीर्षकमा रहेको छ । दोस्रो प्रकरणमा कृतिकार स्वयं प्रसाईको "एउटा राजनेताको जीवन कथा" शीर्षकमा तयार गरिएको छ । यो कृतिको मूल विषय विषयमा प्रवेश गर्नुपूर्वको सन्दर्भ हो र कृतिको बारेमा लेखकले प्रकट गरेको अभिमत पनि हो । प्रस्तुत कृतिको मूल पाठ चाहिँ रोहितको आकृतिमा केन्द्रित रहेको छ र यो ग्रन्थका तेस्रो प्रकरण हो । यस प्रकरण जम्मा एक्काइसओटा उपप्रकरणहरू व्यवस्थित गरिएका छन् । कृतिको अन्तिम तथा चौथो प्रकरण कृतिकारका कृतिहरूको विवरणात्मक परिचय र कृति सूची मात्र प्रस्तुत गरिएको छ । यी विभिन्न प्रकरणका उपप्रकरणहरूमा व्यवस्थित गरिएका प्रस्तुत ग्रन्थ आफैमा एक विशिष्ट प्राप्तिका रूपमा प्रतिष्ठित बनेको छ ।

जीवनवृत्तको तथ्यलाई आख्यानीकरण गरेर रचनाको स्वरूप दिने स्रष्टा नरेन्द्रराज प्रसाईको आख्यानात्मक विशेषताहरू संवेदनाका आधारभूत विषयको उपयोगमा जीवन चर्यालाई आख्यानको विषयको केन्द्रमा राखेर कृतिको आकृति दिने कलामा प्रसाईको सृजन कला निकै मौलिक रूपमा प्रतिष्ठित बनेको छ । विषय, भाव, कल्पना र कलाको संयोजन गर्दा प्रसाई व्यक्तिको जीवन वृत्तलाई नै सृजनात्मक संवेदना भरेर निबन्ध र आख्यानको दोभानमा रहेका विषयको संवेदना प्रदान गर्ने कलाका साक्षी बनेर उपस्थित हुने स्रष्टाका रूपमा उपस्थित भएका छन् । सृजनाको पात्रका रूपमा जीवनीकै आधार बनेको व्यक्ति केन्द्रीय कथ्य बन्दा बन्दै पनि त्यहाँ निबन्धात्मकता र आख्यानात्मकताका न्यूनतम तत्त्वहरूलाई विषयको धरातलमा विनियोजित गरेर रचनात्मकता प्रदान गर्ने कलाउपस्थापन गर्ने काम भएको स्थिति प्रस्तुत कृतिमा प्रकट भएको छ । यस कृतिलाई प्रसाईले आख्यान, संस्मरण र निबन्धको त्रिवेणी बनाएर ग्रन्थको स्वरूप प्रतिपादन गरेका छन् । व्यक्ति वृत्तलाई मूल ग्रन्थको रूपमा लिंदा यहाँ विषयका अनेक स्थितिहरू स्वयम् आइपुगेका छन् । व्यक्तिको जीवन वृत्तमा जोडिएका अनेक आयामलाई उपस्थापन गर्ने कलामा प्रसाईको विशेषता आफ्नै किसिमको रहेको छ । यस्ता अनेक पक्षलाई दृष्टिगत गर्दै ग्रन्थको विशेषता निरूपण गर्न प्रयत्न गरिएको छ ।

## २. रोहितको आकृतिको विषय विनियोजन

प्रस्तुत ग्रन्थको मूल प्रकरण जम्मा एक्काइसओटा उपप्रकरणमा विनियोजन भएको छ । तिनको व्यवस्थापन निम्न अनुसार भएको छ : 'रोहितका पुर्खा', 'रोहितको जीवनारम्भ', 'रोहितको राजनीति प्रवेश', 'रोहितको शिक्षणसेवा', 'रोहितको जनप्रतिनिधित्व', 'रोहितको जेलजीवन', 'रोहितको भूमिगत राजनीति', 'रोहितको समाजवादी चिन्तन', 'रोहितको भूमिसम्बन्धी दृष्टिकोण', 'रोहितको कम्युन विषयक

धारणा', 'रोहितको नेपाल कम्युनिष्ट पार्टीप्रतिको मतान्तर', 'रोहितद्वारा नेपाल मजदूर किसान पार्टीको स्थापना', 'रोहितलाई ह्त्योजु हत्याको आरोप', 'रोहितको विदेशयात्रा', 'रोहितको लेखन र पत्रकारिता प्रवेश', 'रोहितको नारी मित्रता', 'रोहितको दाम्पत्य जीवन', 'रोहितको नाचगान र गीत सङ्गीतप्रतिको अभिरुचि', रोहितको साहित्यिक व्यक्तित्व' र 'रोहितका कृति' । यिनै विषयहरूका आधारमा प्रस्तुत ग्रन्थ विनियोजित भएको छ । यिनै पाठहरूलाई सङ्क्षिप्त रूपमा विवेचना गर्ने प्रयत्नमा यो लघु रचना तयार भएको छ । अब सिधै प्रस्तुत कृतिमा निहित विषयहरूको समीक्षणतर्फ उन्मुख हुनु उपयुक्त हुन्छ :

१. **रोहितको पूर्वकथा** : काठमाडौँ उपत्यकाको पूर्वी भागमा रहेको सानो सहर आजको भक्तपुर परम्परागत संस्कृतिको एउटा छुट्टै पहिचान दिने स्थल हो । यसको इतिहास र संस्कृति आफ्नै किसिमको रहेको छ । भक्तपुरको कला मल्लकालबाट विकसित बनेर अद्यावधि महिमाशाली बनेर रहेको छ । यसको अवस्थिति, यसको स्थापत्य कला, जीवनशैली, भाषा, संस्कृति, वेशभूषा, भोजन, कृषिप्रणाली र परम्परागत समग्र समाज व्यवस्था जीवित राखेर बँचेको एउटा पुरानो शैलीको सहर हो । यस सहर र यहाँको समाजको विकासका निम्ति आधुनिकता र परम्पराको समायोजन गरेर जीवन निर्वाह गर्ने प्रयत्नमा निरन्तर जुटेको यो स्थान नेपालको प्राचीनता र अर्वाचीनतालाई एकै साथ समेटेर बसेको छ आज आधुनिकता पनि आत्मसात् गर्ने नगरका रूपमा परिचित छ । यस नगरको शिक्षा, संस्कृति, सामाजिक जागरण र समग्र जीवनशैलीलाई अभिभावकत्व प्रदान गर्ने व्यक्तित्वका रूपमा परिचित नारायाणमान बिजुक्छेको जीवन वृत्त आलेखनका क्रममा लेखक प्रसाईले यस पहिलो उपप्रकरणलाई विषय प्रवेशको आधारभूमि बनाएका छन् । यसै आधारभूमिमा प्रसाईको प्रस्तुत लेखनले आफैँमा सबल गति लिएको छ ।

२. **रोहितका पुर्खा** : यस शीर्षकमा लेखिएको दोस्रो उपप्रकरणमा रोहितको पैतृक परम्परा र तिनको परिचय दिने काम भएको छ । हाडा थर लेख्ने बिजुक्छेका पुर्खाहरू मध्यकालीन नेपालका उपत्यकाका मल्ल राजाहरूका सेनामा काम गर्नेहरूका खलक थिए । रोहितकी हजुरआमा चाहिँ त्यहाँकै ग्वँग खलककी चेली थिइन् । रोहितका प्रपितामहसम्मका खलकहरू मल्ल राजाको मन्त्रीसम्म बन्ने हैसियत राख्दथे । त्यसो भएका कारण उनीहरूलाई अमात्य शब्दले सम्बोधन गरिने प्रचलन थियो । यिनहरू तिनै अमात्य वंश परम्पराका व्यक्तित्वहरू थिए । रोहितका हजुरबाबु राम्री केटी देखेपछि बिहे गरेर ल्याइहाल्ने स्वभावका थिए । राणाकालमा जागिरे भएका यिनी जहाँ जहाँ पुग्थे, त्यहाँ त्यहा बिहा गरेर सन्तान जन्माउँथे भन्ने तथ्यहरू यहाँ प्रस्तुत भएका छन् । जागिरकै क्रममा सिन्धुली पुगेका समयमा उनले एउटी सुन्दरी तामाङ युवती बिहा गरेको र त्यताबाट पनि सन्तान जन्माएको कुरा यहाँ उल्लेख भएको छ ।

रोहितकी नेवार्नी पितामहीले पतिले नयाँ दुलही भित्र्याएको थाहा पाएपछि आफू सौता भए पनि उनले ती तामाङ्नी सौताको बसोबासको पनि बन्दोबस्त मिलाइदिएको रोचक प्रसङ्ग यहाँ विषय बनेको स्थिति छ । तिनै पितामह अर्थात् बाजे पूर्णमान बिजुक्छेका नेवार्नी पट्टीका दुई छोराको सन्दर्भबाट रोहितको प्रसङ्ग अघि बढेको छ । पूर्णमानकी पत्नी नेवार्नीतर्फका गणेशमान र सूर्यमानका सन्ततिको विषय एकातर्फ मूल कथ्य बनेको छ भने पूर्णमानकी पत्नी धनियाँ तामाङनीतर्फका छोराको प्रसङ्ग चाहिँ यहाँ पटाक्षेप भएको छ । नेवार्नीतर्फका छोरा गणेशमान र सूर्यमानको शिक्षादीक्षा र बाल्यजीवन तथा किशोर जीवनको सन्दर्भ मात्र मूल कथ्य बनेको छ । भक्तपुरकै त्रिपद्म हाइस्कूलमा अध्ययन आरम्भ गरेका गणेशमान र सूर्यमान आफ्नै किसिमका थिए । गणेशमान कलिलै उमेरदेखि

ठेकापट्टा र व्यापार व्यवसायतर्फ लागेका र सूर्यमान लेखन, पठन र व्यावहारिक जीवनतर्फ आकर्षित बनेका थिए । यस सन्दर्भलाई नै यस उपप्रकरणको विषय बनाइएको छ ।

३. **रोहितको जीवनारम्भ** : यस उपप्रकरणमा गणेशमानको जेठो सन्तानका रूपमा जन्मेका रोहितको जन्म १९९६ सालमा भएको र बाल्यकालमा रुग्ण अवस्था रहेको स्थितिबाट विषयको उठान गरिएको छ । आफ्ना बुबाको भन्सारको जागिर आजको गौरमा भएको र त्यसै बेला रोहित पहिलोपल्ट त्यहाँ पुगेको स्थिति पनि यस कृतिको विषय बनेको छ । किशोर अवस्थातिर पुग्दा नपुग्दै विद्यार्थी रहेके बेला रोहित थानकोट चन्द्रागिरि, चित्लाङ र भीमफेदी हुँदै गौर गएको र होटेलमा भात खाएर पैदल यात्रा गरेको रमाइलो सन्दर्भ यहाँ विषयका रूपमा आएको छ । रोहितको जीवनयात्राको कथ्यमा डोकामा बोकिएर पहाडको बाटो यात्रा गरेको सन्दर्भ यहाँ जोडिएको छ । हिँड्न गाहारो परेका बेला उनलाई भरियाले डोकामा बोकेर ओरलो बाटो हिँडाएको र सजिलो भएका बेला आफैँ हिँडेको रोचक प्रसङ्ग पनि यहाँ वर्णित छ । रोहित रातो वर्णको भएका कारण उनलाई ह्याउँचा भन्ने गरिएको र उनका बाबु व्यापारीसमेत भएका कारण अनि आफन्तहरूको लहरो निकै विस्तार पनि भएका कारण काठमाडौँ, बनेपा, खोपासी, हेटौँडा र रौतहटको गौरसम्म पनि उनको आउजाउ बढेको सन्दर्भलाई जविनीकारले संयोजन गरेका छन् ।

रोहित रौतहटको जुद्धोदय विद्यालयमा भर्ना भएर अध्ययन गर्न लागेको र भारतीय शिक्षकबाट शिक्षा लिएको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । भारतीय स्वतन्त्रतालाई समर्थन गरेका कारण त्यहाँबाट निर्वासित बनेर नेपालमा बसेका चिन्ताहरण नामक शिक्षकको निर्देशनमा अध्ययन गरेको सन्दर्भ, गुरु चिन्ताहरणले साहित्यतर्फ विशेष गरी हिन्दी साहित्यतर्फ अनि गान्धी र विनोवा भावेको चिन्तनतर्फ

प्रेरित गराएको सन्दर्भ पनि यहाँ प्रसङ्ग बनेर आएको छ । फेरि गौरबाट भक्तपुर आएपछि त्यहाँको श्रीपद्म हाइस्कूलमा अध्ययन गर्न लागेको र केही राजनीतिक आचरणमा पनि प्रवृत्त भएको सन्दर्भ यहाँ विषयका रूपमा व्यवस्थित बनेको छ । रोहितलाई रौतहटमा रहदा नै राजनीतिक प्रेरणाले स्पर्श गरिसकेको र गौरबाट काठमाडौँ आएपछि सूर्यप्रताप राणा, तुलसीलाल अमात्य आदिसँग टचुसन पढ्न जाने गरेको कारण पनि उनमा परिवर्तनकारी राजनीतिको प्रभाव पर्न लागेको सन्दर्भ यहाँ आएको छ ।

राजनीतिक दृष्टिले सत्ता विरोधी मानिने यस प्रकारको गतिविधि उनका बाबुलाई मन नपरेको सन्दर्भ पनि यहाँ उठेको छ । उनका बाबु गणेशमानलाई यो विषय नरुचेका कारण छोरालाई 'तिनीहरू कम्युनिष्ट हुन्, तिनको सङ्गत नगर्नु' भनेर टचुसन छुटाएको सन्दर्भ पनि यहाँ उठेको छ । किशोर वय पार गर्दा नगर्दै रोहितलाई क्षय रोगले गाँजेको र त्यसको उपचारको उपाय सोच्नु परेको सन्दर्भ यहाँ विषय बनेको छ । बिमारीका कारण उपचारका निम्ति चिनको बेजिङ पुगेर लगभग एक वर्ष उपचारका क्रममा बस्नु परेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । रोहितले उपचारकै सिलसिलामा त्यहाँ रहँदा चिनको विभिन्न भागको भ्रमण गरेको र विभिन्न विषयको ज्ञान गर्न पाएको सन्दर्भ पनि चर्चा भएको छ । त्यहाँ विभिन्न देशबाट उपचारका निम्ति आएका व्यक्तिहरूसँग परिचित बन्न पाएको र उत्सव महोत्सवहरूमा कविपय विशिष्ट व्यक्तिहरूसँग साक्षात्कार भएको सन्दर्भ पनि यस उपप्रकरणको विषय बनेको छ ।

४. **रोहितको राजनीति प्रवेश** : रोहित किशोर उमेरमा प्रवेश गर्दा नगर्दै राजनीतिमा लागिसकेको सन्दर्भबाट यस उपप्रकरणको उठान भएको छ । गौरमा अध्ययन गरेकै समयमा भारतीय स्वतन्त्रता अभियान र द्वितीय विश्वयुद्धको उत्कर्ष अवस्था

आएको सन्दर्भ यहाँ वर्णित छ । मुक्ति चेतनाबाट प्रेरित बनेका युवाहरू क्रान्तिका निम्ति प्रेरित बन्ने र शोषणबाट समाज र जनतालाई मुक्त गर्न बलिदानी भावनाबाट प्रेरित हुने किसिमको स्थिति समाजमा आउँदै गरेको स्थिति यहाँ उपस्थित भएको छ । एकातिर समाजवादी भावनाबाट प्रेरित बन्दै गएका रोहितको चरित्र र अर्कातिर परम्परित छुवाछूतका कुसंस्कारको दशाबाट मुक्त बन्न नसकेको संस्करगत रूढि पनि उनका आचरणबाट प्रकट भएको छ । पुरातन यथास्थितिवादी संस्कारबाट ग्रसित व्यवहारलाई परिष्कार गर्न रौतहटमा रहँदा रोहितलाई लीलाराज उपाध्यायले दिएका सन्देशले महत्त्वपूर्ण परिवर्तन ल्याएको विषय पनि यहीं नै उल्लेख भएको छ । रौतहटमा रहँदा नै रोहितमा सांस्कृतिक चेतनामा परिवर्तनको सूत्रपात भएको छ ।

यसरी क्रमिक रूपमा आएका परिवर्तनलाई त्यहाँ उनका गुरु, अभिभावक र पुस्तकालयमा गएर पढेका पुस्तकहरूबाट प्राप्त ज्ञानले रोहितमा राम्रै परिवर्तन ल्याएको छ । पछि भक्तपुर आएपछि पनि यस विषयले उनलाई प्रेरणा दिइरहेको सन्दर्भ पनि यस उपप्रकरणको विषय बनेको छ । लोकजीवनले पालेका अन्धविश्वास र तिनले मान्छेमा पारेका कुप्रभावबाट मुक्त हुन प्रयत्न गरिनु पर्ने कुरा पनि यहाँ परीक्षणका विषय बनेका छन् । देवी देवता आएको र आफै प्रत्यक्ष देवी देवता हुँ भनेर अरूलाई भ्रमित बनाउने तर आफ्नै विषयमा भने अनभिज्ञ रहने एक कथित देवीको चप्पल लुकाएर परीक्षण गरेको अनि तिनको त्यो आडम्बर भ्रम मात्र हो भन्ने कुरा पनि सिद्ध गरिदिएको प्रसङ्ग यहाँ विषय बनेको छ । उपचारको क्रममा चिन पुगेको र त्यहाँ चिनियाँ युवाहरूको जागरण चेतना नजिकबाट देख्न र सहभागीसमेत बन्न पाएको प्रसङ्ग पनि यसै उपप्रकरणको विषय बनेको छ । उनले नेपालमै हाइस्कूलको अध्ययनका क्रममा बहुमुखी विषयको ज्ञान भएका गुरुसँग शिक्षा

लिन पाएका थिए र ती गुरुहरू भूगोल, इतिहास, साहित्य जस्ता विषयहरूलाई राजनीतिसँग सापेक्षित गरेर पढाउने गर्थे । यस प्रेरणाले रोहितमा मुखरित बनेको अन्त प्रेरणा उच्च अध्ययनका निम्ति कलेजमा प्रवेश भएपछि अझ मुखरित बन्न पुगेको सन्दर्भ यहाँ विषय बनेको छ ।

रोहितकै प्रयासबाट भक्तपुरमा स्थापना भएको 'प्रगतिशील साहित्य गोष्ठी' को सन्दर्भ पनि यहाँ चर्चामा आएको छ । त्यतिखेर २०१५ सालको आमनिर्वाचनको माहोल चलेको र उनले वामपन्थी उम्मेदवारहरूको समर्थनमा प्रचारप्रसार गरेको स्थिति पनि यहाँ वर्णन भएको छ । यस्तो मिहनेतका कारणले नै उनको स्वास्थ्यमा खराबी आएको र क्षयको बिरामी बनेर थलिने आवस्था आएपछि उपचारको निम्ति नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसनको सिफारिसमा उपचारको बन्दोबस्त भएको सन्दर्भ यहाँ वर्णित छ । चीनमा पुगेपछि आफूले पुस्तक तथा पत्रपत्रिकामा अध्ययन गरेको र गुरुमुखबाट सुनेको समाचार सार्थक भएको बोध गरेको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । त्यहाँ रहँदा चिनको ग्रेटहलमा भएका कार्यक्रमहरूमा सहभागी बन्ने अवसर पाएको र चाउ एन लाईजस्ता महान् नेतालाई भेट्ने र प्रेरणा लिनेसमेत मौका पाएको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । चीनमा रहँदा साथी बनेका चिनियाँ मित्र राजदूत बनेर नेपाल आएको र उनीसँग नेपालमै आकस्मिक भेट भएको सन्दर्भ पनि यहाँ आएको छ । नेपालको राजनीतिक वृत्तमा २०२० सालतिर आइपुग्दा रोहितको उपस्थिति गणना योग्य बनेको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ ।

५. **रोहितको शिक्षणसेवा** : प्रमाणपत्र स्तरको शिक्षा आर्जन गरेपछि उनले अध्यापन र अध्ययन दुवै पक्षलाई एकै साथ अघि बढाउने प्रयत्न गरेको सन्दर्भ आएको छ । २०१९ सालतिर शिक्षण

सेवामा प्रवृत्त बनेका रोहितले एउटै कक्षाका विद्यार्थी कोही नाङ्गो आङ र खाली खुट्टामा आएको र कोही चाहिँ सजिसजाउ भएर आएको देखेपछि निकै भावुक बनेर तिनका समस्या पहिल्याउन र समाधानको उपाय पनि सोच्न विवश बनेको सन्दर्भ उठेको छ । उनले बुर्जुवा र धनी किसानको शोषणमा परेको कारण गरिब किसान मजदुरका छोराछोरी त्यसरी विद्यालयमा आउनु परेको विद्यालयका अरू विद्यार्थीका सामु अपहेलित बन्नु परेको विषय रोहितले पत्ता लगाएको सन्दर्भ यहाँ विषय बनेको छ । तिनमाथिको शोषण अन्त हुनु पर्ने कुरा पनि आफ्ना कक्षाका पाठ्य विषयसँग सम्बद्ध बनाएर पढाउने काम गर्दै गए । परिणाम विद्यार्थीतर्फ सकारात्मक बन्दै गयो । समय मिलाएर किसानहरूलाई पनि सचेत बनाउँदै लगे । जनतामा चेतना विस्तार हुँदै गयो । सकारात्मक परिवर्तनका छेकछन्दहरू देखिन थाले ।

विद्यालय प्रशासनलाई र स्थानीय प्रशासनलाई यो विषय अप्रिय लागेपछि रोहितलई तल्लो तहका साना कक्षातिर मात्र अध्यापन गर्ने अनुमति दिने काम भयो । समाजमा चेतना विस्तार गर्ने काममा पनि प्रशासनले निगरानी राख्न थालेको स्थिति यहाँ विषय बनेको छ । यसरी रोहितलाई हतोत्साहित गरेर विद्यालयबाट बाहिर पार्ने योजना बनेको स्थितिमा उनी स्वयं सचिवालय विज्ञान अध्ययनका निम्ति सानोठिमी क्याम्पसमा भर्ना हुन पुगे । त्यहाँ पनि उनी साङ्गठनिक क्रियकलाप विस्तार गर्नतिर पनि प्रयत्नशील भएको कुरालाई सहन गर्न नसक्ने कलेज प्रशासनले अनेक आरोप लगाएका कारण प्रशासनले नख्खु जेलमा छ महिना राख्यो । कारामुक्त भएपछिको स्थितिमा पुन: आदर्श हाइस्कूलमा शिक्षणमा संलग्न भएको सन्दर्भ पनि निकै टिठ लाग्दो छ । त्यहाँ पनि समाज विज्ञानमा आउने राजनीतिक सन्दर्भलाई अध्ययनको विषय बनाएर शिक्षण गर्ने कामलाई उनले निरन्तरता नै दिएको प्रसङ्ग यहाँ आएको छ ।

यस प्रकारको उनको समर्पण भाव सहन नसक्ने प्रशासनले यहाँबाट पनि अनेक आरोप लगाएर निकालिएको सन्दर्भ यस प्रकरणको विषय बनेको छ ।

६. **रोहितको जनप्रतिनिधित्व** : राजनीतिमा नेता जनताको सुखदु:खमा सधैँ साथ रहनु पर्छ भन्ने उनको मान्यता छ भन्ने कुरा २०१७ सालमा पञ्चायतको आरम्भमा मुलुकका सबै वामपार्टीले राजनीतिक क्रियाकलापलाई बहिष्कार गरिरहँदा पनि रोहितले किसानका समस्याहरू समाधान गर्न पञ्चायत भित्रै बसेर सङ्घर्ष गर्नु पर्ने नीति अवलम्बन गरेको सन्दर्भ यहाँ विषय बनेको छ । पञ्चायतको कार्यकारी बनेर नै काम गरिरहेका समयमा एक दिन कार्यालयको पिउन ढोका खोल्न नआएको विषय पहिल्याउँदा उसले लुगा धोएका र फेर्ने लुगा नभएका कारण आउन नसकेको रहस्य खुलेपछि ग्लानि बोध गरेका रोहितले नगर पञ्चायतबाट पियन वा परिचरलाई लुगा भत्ताको व्यवस्था गर्नु पर्ने निर्णय गराएको सन्दर्भ यहाँ टिठलाग्दो पाराले प्रकट भएको छ । रोहितका यस्ता कामले लोकप्रियता आर्जन गरेका कारण २०२१ सालमा उनी नगर पञ्चायतमा पुन: निवार्चित बनेको सन्दर्भ यहाँ विषय बनेको छ । नगर पञ्चायतको प्रतिनिधि रहेकै बेला अमेरिकी साम्राज्यवादका विरुद्ध अभिव्यक्ति दिएको भनेर उनलाई फेरि अञ्चल प्रशासनले कारागार पठाएको सन्दर्भ पनि विषय बनेर आएको छ । कारागार जानु, जनप्रतिनिधिको पदमा पुग्नु, जनताको घर दैलोमा पुग्नु, किसानको बिउ र मलको समस्या समाधान गर्न सम्बन्धित निकायमा पुग्नु, श्रमिक तथा मजदुरहरूको समस्यामा अगुवा बनेर समाधानको बाटो पहिल्याउनु रोहितका निम्ति सामान्य विषय बनेको सन्दर्भ यस उपप्रकरणको कथ्य बनेको छ ।

७. **रोहितको जेलजीवन** : वामपन्थी चिन्तनबाट प्रेरित रोहितले आफ्नो विचारमा कहिल्यै पनि विचलन आउन दिएनन् । यसको

परिणाम सरकारबाट राजनीतिक दण्डका रूपमा पटक पटक कारावासको सजाय पाएको सन्दर्भलाई यस उपप्रकरणले आफ्नो विषय बनाएको छ । पहिलोपल्ट २०२२ सालमा जेल पुगेका रोहितको गतिविधि त्यहाँ पनि चर्को राजनीतिक भएका कारण एकपछि अर्को कारावासमा सरुवा गर्ने क्रम चलिरहेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । कारगारबाटै स्नातकको परीक्षा दिन चाहँदा जेल अधिकारीसँग गरिएको अनुरोधलाई बेवास्ता गरेर परीक्षा दिनबाट पनि वञ्चित गर्न गरिएका सन्दर्भलाई सशक्त प्रतिवाद गरेका कारण मात्र परीक्षामा सामेल हुन पाएको सन्दर्भ यहाँ आएको छ । परीक्षामा सामेल भए पनि परीक्षा चाहिँ सफल हुन नसकेको सन्दर्भ यहाँ विषय बनेको छ । त्यतिखेर जेलजीवनमा रहँदा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठहरूसँग पनि भेट भएको र कतिपय विषयमा सहमति र विमति पनि हुने गरेको सन्दर्भ यहाँ उल्लेख छ । यसरी रोहितको राजनीतिक जीवनमा उतार र चढाउ आइरहेका सन्दर्भहरूमा यस विषयले केन्द्र बनाएको स्थिति छ । जीवनको उत्तरार्द्ध चरणमा आइसक्दा पनि उनी राजनीतिक अभियोगमा पक्डा परि नै रहन्थे र २०४२ सालको सत्याग्रहमा पनि उनी नख्खु पुऱ्याइएका थिए । त्यहाँबाट पत्नी शोभालाई उनले लेखेको पत्र अत्यन्त गम्भीर विषयमा तयार भएको विवरणले पनि यसै सन्दर्भलाई पुष्टि गरेको छ ।

८. **रोहितको भूमिगत राजनीति** : रोहितका निम्ति एकपछि अर्को गरेर जेल र भूमिगत जीवनको शृङ्खला निरन्तर चलि नै रहने विषय बनेको छ । उनले नारायणमानबाट रोहित बन्नु परेको सन्दर्भ पनि राजनीति नै हो । यो पनि नामिक भूमिगतता नै हो । गरिब किसानका घरमा लुकेर बस्नु पर्दा उनीहरूकामा खान त समस्या छँदै थियो थप के पनि उनले बेहोर्नु परेको थियो भने रातमा ओढ्ने ओछ्याउनेको पनि समस्या थियो । त्यो सबै देख्दा रोहितको मनमा

तत्कालीन शासन व्यवस्थाप्रति अत्यन्त क्रोध जन्मिन्थ्यो । गरिब किसानहरूको जीवनशैली र व्यवहारका तौरतरिका पनि रोहितले त्यही भूमिगत जीवनको समयमा बोध गर्न पाए भन्ने सन्दर्भ यहाँ आएको छ । प्रशासनका आँखा छल्न र जनताको काल र फालमा सहभागी हुन उनले रुचाएका थिए । यस कारण भक्तपुर, पाटन, काठमाडौँ अनि उपत्यका बहिरका काभ्रेका विभिन्न स्थान र रौतहटका विभिन्न स्थानसम्म पनि उनले देशभित्र भूमिगत जीवन बिताएका सन्दर्भहरू यहाँ विषय बनेका छन् । विभिन्न स्थानमा पुग्दा पनि उनको पछिल्तिर सरकारी जासुस लागेकै हुन्थे । त्यस कारण उनलाई, साथीभाइ, समर्थक जनता र किसानले जोगाएर राखेका हुन्थे भन्ने कुरा यस उपप्रकरणको विषय बनेको छ ।

९. **रोहितको समाजवादी चिन्तन** : रोहितको चिन्तनदृष्टि समाजवादी किसिमको थियो भन्ने कुरा यस उपप्रकरणको विषय बनेको छ । समाजको आर्थिक तथा सामाजिक जीवनका स्थितिका प्रश्नहरू यहाँ विषय बनेर आएका देखिन्छन् । नेपाली समाजको अर्थव्यवस्था सामन्ती पद्धतिमा आधारित रहेको छ । समाजमा उपनिवेशवादी संस्कृति मौलाएर बसेको छ । यसले समाजको अर्थ व्यवस्थामा पनि जरा गाडेको छ । सामाजिक तथा सांस्कृतिक आधारमा पनि यस उपप्रकरणमा विशेष व्यवस्था भएको छ । नेपालमा सरकारले ल्याएको भए पनि भूमिसुधार कार्यक्रमले निर्धारित गरेको वँचोत उठाउने विषय राम्रो हुँदा हुँदै पनि जनताको विपक्षमा उपयोग हुन थालेकाले यसमा रोहितले रोक लागेको सन्दर्भ पनि यहाँ उपस्थापन गरिएको छ । भूमिसुधारको सक्रियताका सन्दर्भमा उठाएका विषयलाई लिएर किसानका हितमा हुने पक्षहरू पनि यहाँ समाहित भएकाले कतिपय पक्ष चाहिँ रोहितबाट समर्थित बनेका सन्दर्भ पनि यहाँ वर्णित छन् । । बचोट किसानका पक्षमा नै फिर्ता गरिनु पर्ने सन्दर्भमा रहेको अवस्था पनि यहाँ उपस्थापन गर्ने काम

भएको छ । समाजवादी अर्थ व्यवस्थाका चरित्रहरू पनि समाहित भएको भूमिसुधारलाई किसानका पक्षमा उपयोग गर्नु पर्ने धारणा यहाँ विषय बनेको छ । भूमि सन्दर्भमा देखिएका विकृति हटाएर किसानका हितमा उपयोग गर्नुपर्छ भन्ने अभिमत यस उपप्रकरणको विषय बनेको छ ।

१०. **रोहितको भूमिसम्बन्धी दृष्टिकोण** : राज्यले भूमिको उपयोग गर्ने योजना अलगै उपयोगमा ल्याउनु पर्छ भन्ने सिद्धान्तका अनुयायी बनेका रोहितको भूमिव्यवस्थाका चिन्तनहरू यसमा उपस्थापन भएका छन् । समाजवादी पक्षमा भूमिको उपयोग हुनु पर्छ भन्ने उनको धारणा छ । भूमिसुधारको व्यवस्था गरिरहँदा सरकारले किसानलाई मल, बिउ र सिचाइको व्यवस्थातर्फ पनि ध्यान दिने गर्नु पर्दछ र त्यस विषयसँग जोडिन आउने साहूको कुत र ठेकी बेठीको पनि व्यवस्थित योजना हुनु पर्छ । यस्ता विषयहरू किसानको पक्षमा हुनु पर्ने कुरा पनि यहाँ प्रस्तुत भएका छन् । गरिब किसानको पक्षमा भूमिसुधारलाई उपयोग गर्नु पर्ने सन्दर्भ यहाँ विषयका रूपमा आएको छ । यस्ता विषयहरू नेपालका निम्ति उपयोगी हुन सक्छन् भन्ने उनको धारणा रहेको छ । त्यतिखेर भक्तपुरमा रहेका भूमिसुधार अधिकारी वासु पासासँग रोहितको विवाद चलेको र रोहितको अडानले सही निष्कर्ष पाएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । एकै व्यक्तिले धेरै भूमिको स्वामित्व ओगट्ने र त्यस्तो अव्यवस्थित भूनीतिलाई भूमिपतिको पक्षबाट किसानको पक्षमा उपस्थापन गरिनु पर्ने विषयमा रोहितको प्रयास रहेको छ । यस सन्दर्भलाई प्रस्तुत उपप्रकरणमा लेखक प्रसाईले प्रतिपादन गरेका छन् ।

११. **रोहितको कम्युन विषयक धारणा** : विचार र उमेरको परिपक्वता विकसित र प्रौढ तथा प्रखर बन्दै गएका स्थितिहरू रोहितको कम्युन विषयक धारणाबाट प्रस्तुत भएका छन् ।

वामराजनीतिक धारणाहरूका केन्द्रमा रहेका विषयहरू पनि यहाँ विचारणीय रहेका छन् । साझा कृषिकर्म, साझा उद्योग तथा श्रमकर्म, सामूहिक आवास र भोजनका धारणाका स्थितिहरू पनि यहाँ उल्लेख्य रहेका छन् । परिवार, नारी पुरुष, समाज, राज्य र अर्थका नीतिहरू पनि सामूहिक स्थितिमा विकसित बन्नु पर्छ भन्ने उनको धारणा छ । यहाँ विषयका पक्षपक्षान्तर बनाएर लेखकले रोहितका धारणाहरू प्रस्तुत गरेका छन् । चिनको सामूहिक जीवन पद्धति, भियतनामको सामूहिक जीवन पद्धति र उत्तर कोरियाका जीवन पद्धतिहरूको सापेक्षित निरूपण गर्दै यहाँ लेखक प्रसाई मार्फत रोहितका धारणाहरू उपस्थापन भएका छन् । प्राकृतिक स्रोत र साधनको उपयोग व्यक्तिको नभएर राज्यको हुनु पर्ने कुरा पनि यहाँ विषयको सन्दर्भ बनेर आएको छ । नेपालको भूउपयोगको नीतिमा आमूल परिष्कार ल्याउनु पर्ने सन्दर्भ यहाँ विषय बनेको स्थिति छ । राष्ट्रका स्रोतप्रति जनताको स्वामित्व हुनु पर्ने सन्दर्भ पनि यहाँ उपस्थापन भएको देखिन्छ । प्रसाईको यस लेखनले रोहितको सामूहिक जीवन पद्धतिबाट नै नेपालको सर्वाङ्गीण विकास हुन सक्छ भन्ने रोहितको कम्युनपरक चिन्तन प्रस्तुत भएको छ ।

१२. **रोहितको नेपाल कम्युनिष्ट पार्टीप्रतिको मतान्तर** : नेपालको कम्युनिष्ट आन्दोलनका अनुयायी बनेका रोहित २०२५ सालपछिका वर्षहरूमा आफ्नै नयाँ दृष्टि विस्तार गर्दै गएका व्यक्तित्वका रूपमा देखिएका छन् । मत भिन्नता बन्दै गएका कारण पुष्पलालले नेपालमा विस्तारित बन्दै गएको रोहितको भिन्न मतको प्रभावलाई प्रभावहीन बनाउँदै लानु पर्ने निष्कर्ष निकालेका छन् । अन्यथा आफूले अँगाल्दै आएको नयाँ जनवादी नीति कमजोर बन्दै जाने र रोहितको श्रमिका किसानपरक नीति प्रभावकारी बन्दै जाने खतरा नजिक आएको स्थिति छ । यसलाई तुरुन्तै निस्तेज पानु पर्छ भन्ने ध्येयले उनलाई नेपाल बाहिर बनारस र दरभङ्गा कतैतिर बसेर काम गर्न खटाएको

स्थिति यहाँ विषय बनेको छ । यस कारण उनमा अऊ भिन्न दृष्टिकोण बन्दै गएको सन्दर्भ पनि यहाँ विषय बनेको अवस्था छ । रूसी संशोधनवादको र भारतीय हस्तक्षेपको विरुद्ध आवाज उच्च गर्दै गएका रोहितको वामचिन्तन निकै भिन्न देखिएका कारण रोहितले नेपाल मजदुर किसान पार्टी गठन गर्नु परेको प्रसङ्ग पनि यस प्रकरणको विषय बनेर आएको छ ।

मत भिन्नता र भिन्न दृष्टिकोणका आधारमा आफ्नै अस्तित्व कायम गर्ने सङ्घर्षमा जुटेका रोहित २०२६ देखि २०३६ को जनमत सङ्ग्रहसम्मको अधिकांश समय भारतकै विभिन्न ठाउमा र केही समय नेपालका पनि विभिन्न ठाउमा भूमिगत रहेको सन्दर्भ यहाँ विषय बनेको छ । आफ्नो विचारको रक्षाका निम्ति यस समयमा उनले निकै जटिल स्थिति बेहोरेको सन्दर्भ पनि यहाँ विषय बनेको अवस्था छ । यसै भूमिगत कालमा २०३१ सालमा नेपालका मजदुर र किसानको हकहित संस्क्षण गर्न सक्ने छुट्टै कम्युनिस्ट चरित्रको पार्टी गठन हुनु पर्ने अववस्थालाई आत्मसात् गरेर 'नेपाल मजदुर र किसान' नामको नयाँ पार्टी दर्ता भएको र २०३६ सालसम्म आउँदा मात्र जनताले यस पार्टीको सङ्गठक त्यही नायणमान नै रोहितको नामबाट प्रचलित बनेको सन्दर्भ प्रकटमा आएको थाहा पाएका छन् । यस स्थितिलाई विषयको केन्द्रका रूपमा स्विकार्दै प्रस्तुत उपप्रकरण तयार गरिएको छ ।

१३. **रोहितद्वारा नेपाल मजदूर किसान पार्टीको स्थापना** : नेपालका कम्युनिस्टहरूमा विभिन्न मतभेद बढ्दै गएका कारण आम जनताको हित गर्ने पार्टीहरू आफ्नो मूल सिद्धान्तबाट विचलित बन्दै गएको स्थितिलाई आत्मसात् गरेपछि रोहितकै पहलमा 'नेपाल मजदुर किसान पार्टी' गठन भएको सन्दर्भ अगिल्ला उपप्रकरणमा पनि चर्चा भइसकेको स्थिति रहेको छ । जनताको हक र हित संरक्षण नभएका कारण भक्तपुरको जमिन १० प्रतिशत पनि किसानको स्वामित्वमा

थिएन र भए पनि १० रोपनीभन्दा बढता सही किसानको अधिकारमा थिएन । त्यस कारण पनि भक्तपुरका किसानको स्थितिलाई एक आधार मानेर देशभरका किसानको नीतिको योजना निर्माण गर्न सकिन्छ भन्ने रोहितको मत रहेको सन्दर्भ यस उपप्रकरणले स्थापित गरेको छ । देशका विपन्न वर्गीय किसान र श्रमिक जनताको हित तथा आर्थिक स्तर उकास्नका निम्ति रोहितको पहलमा महाभारतकै सङ्घर्ष गर्नु परेको स्थिति प्रसाईले रोहितको जीवन चर्यामा प्रस्तुत गरेका छन् । बिस्तारै किसानहरू सामन्तका दास बन्दै जाने खतरा बढ्दै गरेका छन् । सन्दर्भ पनि यहाँ विषयका रूपमा प्रस्तुत गरेका छन् । राज्यका किसान तथा श्रमिक जनताका विरुद्धमा लादिएको राजनीति तथा अर्थनीति र हँसिया हतौडा भएको रातो झण्डाको चरित्र प्रतिक्रियावादतर्फ ढल्किँदै गएको र सर्वहारा श्रमिक तथा किसान जनताका विरुद्ध पनि उभिन लागेको हुँदा आफैँ भित्र लड्नु परेको सन्दर्भ पनि यस उपप्रकरणको विषयका रूपमा प्रस्तुत भएको छ ।

१४. **रोहितलाई ह्योजु हत्याको आरोप** : जनमत सङ्ग्रह पछिको स्थितिमा भक्तपुरको राजनीति निकै धमिलिएको सन्दर्भ यस उपप्रकरणको विषय बनेको छ । २०३८ को आम निर्वाचनमा रापंस बनेका कर्ण ह्योजुको राजनीतिक आचरणमा लागेको धब्बाका कारण २०४३ को निवार्चनमा भक्तपुरबाट गोविन्द दुवाल प्रतिनिधि बनेको सन्दर्भले यहाँ स्थान लिएको छ । २०४५ को भूकम्पले निम्त्याएका हानिको राहत वितरण गर्ने क्रममा आएको विवाद र पक्षपात भएको सन्दर्भलाई विषय बनाएर त्यहाँ किसान र प्रतिक्रियावादी नेताका बिचमा विवाद चलेको छ । यस विवादले सङ्घर्ष र हिंसात्मक रूप लिएको सन्दर्भ पनि यहाँ विषय बनेको छ । यस हिंसामा कर्ण ह्योजुको हत्या भएको स्थिति यहाँ निकै विकृतिको विषयका रूपमा प्रस्तुत भएको छ । यसै विषयलाई लिएर सरकारले भक्तपुरको राजनीतिमा नकारात्मक खेल खेल्ने र त्यस

खेलमा रोहितको नेतृत्वमा नै यो हिंसा भएको हो भन्ने कुरा अघि सारेर रोहित र उनका पक्षलाई कार्यवाही गर्ने, उनको समर्थकहरूको तेजोवध गर्ने र भक्तपुर नगर पञ्चायतको कार्यकारिणीसमेत भङ्ग गर्ने कुरा पनि यहाँ विषयका रूपमा समीक्षित बनेको छ । रोहितलाई फसाउन सरकारकै तर्फबाट भएको यो षड्यन्त्रको योजना थियो भन्ने कुरा विभिन्न राजनेता, चिन्तक र पत्रपत्रिकाले पनि सार्वजनिक गरेपछि सरकार नाङ्गिएको स्थिति यहाँ प्रस्तुत गरिएको छ । परिणाममा रोहित पक्ष निर्दोष रहेको सन्दर्भ पनि यस उपप्रकरणको विषय बनेको छ ।

१५. **रोहितको विदेश यात्रा** : राजनीतिका चिन्तक रोहितको वैदेशिक यात्रा र त्यसबाट आत्मसात् भएको अनुभव यस उपप्रकरणमा समीक्षित बनेको छ । रोहितले संसारका अधिकांश मुलुकको भ्रमण गरेर नयाँ अनुभव आत्मसात् गरेका छन् । एसिया, युरोप, अमेरिकाजस्ता महादेशको भ्रमण गरेका रोहित जुन जुन देशमा पुगे, त्यस त्यस देशको राजनीतिक व्यवस्था, श्रमिक तथा किसानको स्थिति र त्यहाँको आर्थिक नीति लगायतका पक्षहरूलाई नजिकबाट नियाल्ने काम गरेका सन्दर्भहरू यस प्रकरणका विषय बनेका छन् । कुन देशमा लैङ्गिक श्रमको कस्तो व्यवस्था छ ? कुन मुलुकको कर्मचारीतन्त्र कस्तो किसिमको छ ? कुन देशमा बाल, युवा र ज्येष्ठ नागरिकहरूको अधिकार र दायित्व कसरी व्यवस्थित गरिएको छ भन्ने जस्ता विषयलाई रोहितले नजिकबाट अनुभव गरेको सन्दर्भ पनि यहाँ समीक्षाको विषय बनेको छ । ती देशका सांस्कृतिक भाषिक र कलागत नीति, प्राकृतिक स्रोत र साधनको संरक्षण एवं उपयोगको नीति पनि उनले नजिकबाट ज्ञान गर्न पाएको सन्दर्भ यहाँ विषय बनेको छ । आन्तरिक राजनीति र बाह्य कूटनीतिका सन्दर्भ लगायतका विषयहरू रोहितले तत्तत् स्थानमा पुगेर प्रयोग भूमिबाटै आत्मसात् गरेका सन्दर्भहरू यस प्रकरणका विषय बनेका छन् । रोहित आफूले आर्जन गरेका ज्ञानलाई

प्रयोगमा उतार्ने चिन्तक हुन् भन्ने कुरा प्रस्तुत उपप्रकरणले साक्ष्य गरेको छ ।

१६. **रोहितको लेखन र पत्रकारिता प्रवेश** : रोहित जे ज्ञान आर्जन गर्ने व्यक्ति हुन् त्यस ज्ञानलाई लिपिबद्ध गरेर स्थायी रूप पनि दिने व्यक्ति हुन् भन्ने कुरा यस उपप्रकरणको विषय बनेको छ । शिक्षण सेवाबाट श्रमिक जीवन आरम्भ गर्न चाहेका रोहितको जीवनमा अनेक फेदी, भन्ज्याङ र चुलीहरूले छेक्ने, उचाल्ने काम पनि गरेका छन् भन्ने कुरा उनका जीवनवृत्तले प्रतिपादन गरेको छ । पहिले विभिन्न पत्रपत्रिकाको समाचारदाता भएका र केही समय बित्दै जाँदा **प्रतिध्वनि**, **समीक्षा**, **मातृभूमि**, **युगसंवाद**, **नयाँ समाज**जस्ता पत्रिकामा अनेक नामबाट स्तम्भ लेखन तथा समाचार प्रेषण गर्नेजस्ता काम गर्ने रोहित पत्रकारिता क्षेत्रका पनि पोख्त प्रतिभा हुन् भन्ने कुरा यस उपप्रकरणले सिद्ध गरेको छ । श्रमिक र सर्वसाधारण जनतालाई सचेत तुल्याउन उनले नेपालका विभिन्न पत्रिकामा पनि काम गरेका छन् । समाचार प्रेषण गर्ने काम पनि गरेका छन् । निर्वासनमा रहेका बेला भारतीय भूमिबाट **आधार** र **समाचार संसद्**जस्ता पत्रिका पनि प्रकाशित गर्ने काम गरेका सन्दर्भहरू पनि यहाँ विषयका रूपमा प्रस्तुत भएका छन् । यसरी पत्रकारितामा जोडिँदै र तोडिदै गएका रोहितले नेपाली किसान र श्रमिकको हितका निम्ति पछिल्लो चरणमा **श्रमिक** पत्रिका प्रकाशन गरेर आफ्नो नीतिलाई निरन्तरता दिइरहेको सन्दर्भ यहाँ विषयका रूपमा प्रस्तुत गरिएको छ ।

१७. **रोहितको नारी मित्रता** : यस उपप्रकरणले रोहितको जीवनमा आएका नारीहरूको विषय र उनको नारीसम्बन्धी निष्ठालाई विषय बनाएको छ । चिनको बसाइमा चिनियाँ भाषा सिकाउने महिला मेह सुनसँगको दिदी भाइको जस्तो सम्बन्धले रोहितको नारीप्रतिको आदर्श चिन्तनलाई प्रस्तुत गरेको छ । गौरमा रहँदा विष्णुबहादुर मानन्धरकी बहिनी शान्तासँग भएको अभिभावक र आश्रितको जस्तो

नारीमैत्री सम्बन्ध, चिनमा औषधी गरेकै समयमा भेट भएकी मङ्गोलियन युवती पाचिचिकासँगको सम्बन्ध पनि रोहितका निम्ति भगिनीवत् रहेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । त्यहीँ उपचारको क्रममा परिचय भएका बङ्गाली युवती धीरा र कणिकाको मैत्री पनि आदर्श भगिनीवत् रहेको सन्दर्भ यहाँ विषयका रूपमा उपयोग भएको छ । रोहितको नारीमैत्री, मर्यादित र भगिनीवत् रहेको अनि नारी सम्मानको स्थिति बौद्धिक तथा पवित्र सीमामा रहेको सन्दर्भ यहाँ विषय बनेको कुरा प्रकट भएको छ । विपरीत यौनमा रहने यौनिक आकर्षणलाई मर्यादित र भावनात्मक एवं बौद्धिक सीमामा राखेर निर्वाह गर्ने कि दुरुपयोग गर्ने भन्ने प्रश्न यहीँनिर उपस्थित हुन्छन् । रोहितको नारी सम्बन्धी चिन्तन मर्यादित र आदरणीय रहेको सन्दर्भ यहाँ समीक्षाको विषय बनाइएको छ ।

१८. **रोहितको दाम्पत्य जीवन** : राजनीतिक दौडादौडी र सामाजिक व्यस्तताले झन्डै बिहा गर्न बिर्सेका रोहितको विवाह उमेरको चुलीतिर पुग्दा मात्र भएको सन्दर्भ पनि यहाँ समीक्षाको विषय बनेको छ । रोहितको जीवनचर्या र राजनीतिक निष्ठालाई आत्मसात् गर्ने नारी सदस्यको उपस्थिति पनि निकै चुनौतीकै विषय थियो । कतिपय नारीका अभिभावकले दुलाहा चयन गरिदिने र कतिपय नारीले नै पति चयन गर्ने स्थिति समाजमा विद्यमान नै छ । त्यस कारण नारीका अभिभावकहरू समेतको सहमतिका आधारमा मात्र विवाह हुन सक्ने नेपाली समाजको प्रचलनलाई सम्मान गर्ने रोहितकी अर्द्धाङ्गिनी बन्ने समझदारी बनेकी महिलाको उपलब्धता पनि दुर्लभ्य विषय नै बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । उमेरको उत्तरार्द्धमा प्रवृत्त बनिसकेका व्यक्तिलाई वरण गर्ने हिम्मत बाहिरबाट होइन नारी सदस्यबाटै प्रकट हुन पर्छ भन्ने धारणा पनि यहाँ विषय बनेको छ । उमेरमा झन्डै दुई दशक कान्छी शोभासँग २०४० तिर आएर बिहा भएको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

२०२५ सालतिरै माधुरी श्रेष्ठसँग बिहाको सन्दर्भ आउँदा बाबा गणेशमानले काम केही छैन बिहा गर्ने भनेर घरबाट निकाला गरिदिएका कारण भड्किएको उनको बिहा १५ वर्ष पर धकलिएको सन्दर्भ यहाँ उल्लेख भएको छ । बिहा व्यक्तिको, परिवारको र समाजको पनि जिम्मेदारीमा पर्ने सार्वजनिक विषय भएको हुँदा यो एकातर्फ एकल निर्णयको विषय हो र अर्कातर्फ बहुल निर्णयको पनि विषय हो । यस्तो विषय हुँदा हुँदै पनि यहाँ पारिवारिक समझदारी नै पहिलो सर्त हो भन्ने कुरा विषयको रूपमा आएको छ । बिहा भएपछि शोभाको जीवनमा एउटा राजनीतिकर्मीकी श्रीमतीले बेहोर्नु पर्ने तनाव, एउटी शिक्षिका हुनाका कारण आएका समस्या र बिस्तारै आमा बनेका कारण बेहोर्नु परेका समस्या र परिवारकी बुहारी तथा छर्छिमेककी सदस्य नारी भएका नाताले बेहोर्नु पर्ने समस्याहरू शोभाले बेहोरेका सन्दर्भ रोहितको दाम्पत्य जीवनका विषय बनेर यहाँ प्रस्तुत भएका छन् । यस्ता विषयको बिचमा रोहितको दाम्पत्य जीवन सन्दर्भ यहाँ प्रकटमा आएको छ ।

१९. **रोहितको नाचगान र गीत सङ्गीतप्रतिको अभिरुचि** : भक्तपुर सांस्कृतिक दृष्टिले कला र सङ्गीत तथा नाचगान र स्थापत्य कलाको पुर हो र त्यसका प्रभावले संवेदनशील व्यक्तिको मस्तिष्क र हृदयलाई पुरै तरलित तुल्याइदिने काम गर्छ । यस प्रकारको चिन्तन अनुसार रोहितलाई पनि बाल्यकालदेखि नै कला र सङ्गीतले छोएको थियो भन्ने कुरा यहाँ विषयका रूपमा प्रकट भएको छ । व्यवहारका अनेक क्षेत्रमा रहँदा पनि कला र सङ्गीतमा रमाउने रोहित जेलमा पुगे पनि र भूमिगत भए पनि अनि निवार्सित भए पनि कलासम्बन्धी चिन्तनमा र कलाको पारखमा नै रमिरहने व्यक्तित्वका रूपमा देखिएका छन् । यस विषयलाई जीवनीकारले केन्द्रीय कथ्य बनाएर प्रस्तुत गरिएको कुरा यहाँ विषयका रूपमा प्रकट भएको छ । नेपाल विभिन्न जातजाति र तिनका सांस्कृतिक संवेदनाले सम्पन्न भएको

मुलुक हो । यस नाताले यहाँ कलाका र गीत सङ्गीतका अनेक सन्दर्भहरूको उपस्थिति छ । तिनले समग्र नेपालीको जीवनशैलीलाई कोमल र संवेदनायुक्त बनाएको छ भन्ने सन्दर्भ पनि यहाँ विषयका रूपमा प्रकट भएको छ । एउटा नेतामा रहने कठोर निर्णयात्मक विवेकलाई कलात्मक संवेदनाले तरल र कोमल पनि बनाएको हुन्छ भन्ने कुरा यस उपप्रकरणले सिद्ध गरेको छ ।

२०. **रोहितको साहित्यिक व्यक्तित्व** : रोहितमा साहित्य सृजना र समीक्षण चेतनाको व्यक्तित्व पनि थियो भन्ने कुराको निक्यौंल यस प्रकरणले गरेको छ । २०१२ सालतिर गौरमा रहँदा नै पढेका साहित्यिक कृति र शिक्षकहरूबाट सुनेका साहित्यिक चर्चाले रोहितमा साहित्यप्रतिको गहिरो अभिरुचि जगाइसकेको सन्दर्भ पनि यहाँ कथ्य बनेको छ। २०१६ सालमा भक्तपुरमा 'प्रगतिशील साहित्य गोष्ठी' को स्थापना भएपछि रोहितमा साहित्य र संस्कृति एवं कलाप्रतिको क्रियाशीलता बढेको हो । नेपाली तथा नेवारी भाषामा साहित्यिक रचना सृजना र समीक्षा गर्ने कलामा प्रवृत्त बनेका रोहित रौतहटमा रहँदा नै चिन्ताहरण सिंहबाट प्रभावित बनेका थिए भन्ने कुरा उनमा रहेको सृजना चेतले सिद्ध गरेको सन्दर्भ पनि यहाँ उल्लेख भएको छ । कहिले रोहित कहिले नारायणमान बिजुक्छे, कहिले हरिबहादुर श्रेष्ठ देश विदेशका विशिष्ट स्रष्टाका इमानदार पाठक थिए भन्ने कुरा यहाँ विषयका रूपमा स्थापित बनेको छ । राजनीतिमा लागेर पनि साहित्यको सशक्त सर्जक बन्न सकेका रोहित भाषा र साहित्यले नै जाति र त्यस जातिको परिचयलाई जीवन्त राख्न सक्छ भन्ने विषयमा दृढ रहेको कुरा यहाँ प्रकट भएको छ । संसारको सामाजिक बिम्ब र त्यसको प्रत्येक कालखण्डको इतिहास साहित्यमा अभिलिखित हुन्छ र शाश्वत रूपमा निरन्तर रहन्छ भन्ने कुरा बुझेका रोहितको साहित्य सृजना, समीक्षण र पठनको धारणा यस उपप्रकरणले साक्ष्य गरेको छ ।

२१. **रोहितका कृति** : ग्रन्थको अन्तिम उपप्रकरणमा रोहितका कृतिको विवरण प्रस्तुत भएको छ र रोहितको सृजन यात्रा सृजना, समीक्षा, निबन्ध र प्रबन्ध चेतनामा वितरित बनेको देखाइएको छ । सृजनामा कविता 'आकाश बाँधिएको छैन', कथामा 'हरिबहादुर श्रेष्ठका कथाहरू', निबन्धमा यात्रा र पत्रका विषय उनका विशेषता देखिएका छन् । त्यस्तै नाटकमा पनि उनको कलम क्रियाशील बनेको छ । जीवनी र समालोचनामा पनि रोहितको दृष्टि प्रक्षेपित बनेको सन्दर्भ यहाँ विषय बनेको छ । अन्तर्वार्ता र विविध विषयका अतिरिक्त राजनीति र विचारको प्रद्योतन गर्ने अनेक कृतिहरू पनि प्रबन्धात्मक रूपमा प्रस्तुत भएका छन् । प्रत्येक कृतिमा आफ्नो विचार र कलालाई समायोजन गरेर कृतिको रूप प्रदान गर्ने रोहितको सृजनाचेतलाई यहाँ सचेत ढङ्गले समीक्षण गरिएको छ । यसरी रोहितलाई साहित्य सृजनाका क्षेत्रमा पनि समीक्षणात्मक विवरण प्रस्तुत गरेपछि यस कृतिको अन्त भएको छ । एक व्यक्तिको समग्र जीवनवृत्तमा समेटिने विशिष्ट विषयहरू यहाँ समाहित भएका छन् र यहीं आएर ग्रन्थको अन्त भएको छ ।

### ३. राजनीतिक व्यक्तिको साहित्य सृजन कर्म :

प्रतिभाशाली मान्छे जीवनका अनेक सन्दर्भमा आफ्ना सृजनात्मक खुबी प्रस्तुत गर्दछ । प्रत्येक व्यक्तिमा केही न केही सृजनात्मक संवेदना हुन्छ तर त्यसको मात्रा चाहिँ कसैमा केही सीमित र कसैमा केही व्यापक पनि हुने गर्दछ । यो स्थिति चाहिँ व्यक्तिगत कुरा हो । यस्ता संवेदना र कल्पनाका क्षमताहरू, तार्किक र विवेचनात्मक शक्तिहरू, नयाँ दृष्टिकोण र नयाँ सम्भावनाका विस्तारहरू आफ्नो प्रत्येक व्यक्तिका वैयक्तिक गुणमा निहित हुन्छन् । कसैमा साहित्य, कला, राजनीति, अर्थचिन्तन, सांस्कृतिक संवेदना, चित्रकारिता, वक्तृता, नयाँ नयाँ आविष्कार चेतना लगायतका पक्षहरू एकल रूपमा पनि शून्य र निर्बल प्राय: रहन्छन् भने कसैमा ती

चेतना एकल भए पनि निकै सबल ढङ्गले उपस्थित भएका हुन्छन् । कसैमा एकभन्दा बढी पनि प्रकृति प्रदत्त सृजन चेतना मौलिक रूपमा विकसित बनेका हुन्छन् । त्यस्तो अवस्थामा व्यक्ति प्रतिभा बहुमुखी प्रतिभाका रूपमा पनि समाजमा स्थापित बन्न पुग्छ । यसरी सृजनाका बहुआयाममा सबल र सफल हुन सक्ने प्रतिभा भने न्यून रहन्छन् । त्यस्ता न्यूनता भित्र पर्ने प्रतिभा हुन्–बहुमुखी प्रतिभाका धनी रोहित ।

विश्वमा यस्ता प्रतिभा पाइन्छन् । सृजना चेत भएका भारतीय राजनेता जवाहरलाल नेहरू राजनीति र पत्रनिबन्ध चेतनाका धनी थिए । भारतीय राजनेता डक्टर सर्वपल्ली राधाकृष्णन् राजनीति र दर्शनको विशिष्ट प्रतिभा थिए । भारतीय राजनेता अब्दुल कलाम राजनीति र विज्ञानका विशिष्ट प्रतिभा थिए । जर्मन राजनेता हिटलर रानीतिमा पोख्त हुँदाहुदैं पनि विशिष्ट आत्मजीवनीकार पनि थिए । चिनका राजनेता माओ त्चे दोङ राजनीतिका विश्वविख्यात भएर पनि संस्कृति र साहित्यका विशिष्ट सर्जक र साधक पनि थिए । रूसी राजनेता लेनिन राजनीतिका जति उच्च चिन्तक र सङ्घर्षशील व्यक्ति थिए साहित्य कला र संस्कृतिका त्यत्तिकै गम्भीर साधक र स्रष्टा पनि थिए । अमेरिकी राजनेता हेन्री किसिन्जर स्वयम् राजनीतिका प्रणेता भएर पनि कूटनीति क्षेत्रका विशिष्ट प्रतिभा थिए । यसरी हेर्दा विश्वमा एकै व्यक्ति अनेक प्रतिभा सम्पन्न भएको स्थिति पनि प्राप्त हुन्छ । तर समान रूपमा बहुल प्रतिभालाई न्याय गर्ने चिन्तकहरू चाहिँ कमै मात्र रहन्छन् । यसो हुनुलाई अस्वाभाविक नै मान्न पनि मिल्दैन । यस्ता प्रतिभाको उपस्थिति नेपाली क्षितिजमा पनि उपलब्ध छन् ।

नेपाली समाजको अध्ययन गर्दा यस्ता प्रतिभाहरू पनि उपलब्ध छन् । राजा जयपृथ्वीबहादुर सिंहमा राजनीति र मानवतावादी चिन्तन, त्यसमाथि भाषा, साहित्य र शिक्षा तथा पत्रकारिताको

चिन्तन एकै व्यक्तिमा सबल थियो । शुक्रराज शास्त्रीमा राजनीति र समाज चिन्तन तथा धर्म र संस्कृतिको परिमार्जन चेतना एकै व्यक्तिमा तीव्र थियो । लक्ष्मीप्रसाद देवकोटामा पनि साहित्य सृजना, समाज चिन्तन राजनीतिक चेतना एकै प्रतिभामा तीव्र थियो । विश्वेश्वरप्रसाद कोइरालामा राजनीति साहित्य सृजना र समाज व्यवस्थाको चिन्तन प्रखर थियो । डाक्टर डिल्लीरमण रेग्मी पनि राजनीति तथा इतिहास र सामाजिक संस्कृतिका विशिष्ट चिन्तक थिए । डि. पि. अधिकारी पनि यसरी हेर्दा बहुमुखी प्रतिभा हुन् । राजनीतिमा क्रियाशील भएर पनि साहित्यमा त्यत्तिकै उच्च क्षमता राख्ने अधिकारी आख्यान सृजना र समालोचनामा विशिष्ट क्षमता राख्दछन् । यस्ता प्रतिभामा श्रीभद्रशर्मा, राजेश्वर देवकोटा, जगदीश समसेर राणा, कमलराज रेग्मी, यज्ञप्रसाद आचार्य, लोकेन्द्रबहादुर चन्द, महोन वैद्य, सि.पि.गजुरेल, मदन भण्डारी, ऋषिराज बराल प्रदीप ज्ञवालीजस्ता प्रतिभामा राजनीति, साहित्य र कलासम्बन्धी चिन्तन प्रबल रहेको छ । यिनीहरूमा कला, संस्कृति र साहित्यले राजनीतिलाई रचनात्मक दिशा निर्देश गर्न सक्छ भन्ने स्थिति प्रकट भएको छ ।

साहित्य र संस्कृतिले राजनीतिलाई दिशा निर्देश गर्छ नै । तर यस सत्यलाई पाइतालामुनि राखेर पार्टीको र पार्टीका पनि गुट उपगुटका कथित व्यक्ति नेताको तलुवा चाटेर हिँड्ने साहित्यकारका सृजनाले राजनीतिलाई होइन, अब त राजनीतिले नै साहित्य, कला, संस्कृति र समाज चिन्तनलाई निर्देशित गर्छ भनेर समग्र मान्यता नै फेरिन लागेको अवस्थामा प्रसाईले लेखेको यो रोहितका आकृतिले पहिलो मान्यताकै निरन्तरता प्रदान गरेको अवस्था छ । साहित्य संस्कृति र कलालाई राजनीतिको निर्देशक तत्त्व मान्ने प्रतिभा मध्ये रोहितलाई आफ्नो अध्ययनको विषय मानेका छन् र यो अध्ययनको पात्रता रोहितको व्यक्तित्वले पनि धानेको छ । एकै व्यक्तिमा सिद्धान्त

अथवा नीतिको प्रणयन गर्ने र त्यस नीतिलाई काला, संस्कृति र साहित्यमा पनि अकृत्रिम तवरले प्रस्तुत गर्ने तथा राजनीतिमा पनि त्यसलाई अनुकूलीकरण गरेर प्रयोग पनि गर्ने प्रतिभाका रूपमा रोहितको प्रतिभा र व्यक्तित्वलाई प्रस्तुत कृतिले सिद्ध गरेको छ ।

नेपालको राजनीतिक वृत्तमा आफ्नो विचारलाई सिद्धान्त र व्यवहारमा समान रूपमा अनुशरण गर्ने प्रतिभाहरूको अभाव बन्दै गएको आजका सन्दर्भमा रोहित एक प्रतिबद्ध, इमानदार र कर्मनिष्ठ व्यक्तित्वका रूपमा रहेको विषय यस ग्रन्थले प्रस्तुत गरेको छ । उनको राजनीतिक आचरणको केन्द्रमा तिनै निष्ठा अनुकूलको व्यवहार र त्यस व्यवहारको प्रयोग अवस्था उपयोग भएको छ । उनका आचार व्यवहारमा देखिने अनुशासन, व्यवहार कुशलता तथा त्यसलाई कार्यान्वयन गर्ने क्षमता पनि यहाँ कृतिको विषयका रूपमा प्रस्तुत भएको छ । कुरा कात्ने तर व्यवहार गर्नु पर्दा मुन्टो लुकाउने राजनीतिक बाउन्नेहरूका भिडमा रोहित यस कृति मार्फत परेबाट देखिने जत्रोसुकै आँधी आए पनि नहल्लिने सतिसालको अग्लो तरु झैँ छर्लङ्गै देखिएका छन् । सिङ्गै मुलुकको राजनीतिलाई प्रभाव पार्ने, मुलुकको अर्थनीतिलाई सकारात्मक दिशा दिने, साहित्य र संस्कृतिलाई आदर्श र अनुशरणीय मूल्य प्रदान गर्ने एवं संस्कृति र सामाजिक संवेदनालाई अलगै गति दिने क्षमता पनि उनमा देखिएको छ । यस दृष्टिले यस्ता बहुमुखी प्रतिभाहरू मध्ये रोहितको नाम पनि प्रथम पङ्क्तिमै पर्ने देखिन्छ ।

राजनीति र समाज चिन्तन, ज्ञान र विज्ञानका विषयमा, कला र साहित्यका विषयमा विश्वजनीन मान्यता राख्ने रोहितको दृष्टि अत्यन्त आदरणीय रहेको अवस्था उनका व्यवहारबाट प्रकट भएको छ । वर्तमान विश्वराजनीतिको स्थितिलाई अद्यावधिक ढङ्गले आत्मसात् गर्ने र जीवनचर्यामा पनि ढाल्ने क्षमताका धनी रोहित साँचै नै एकै व्यक्तिमा अनेक व्यक्तित्व भएका र एकै व्यक्तिमा

अनेक प्रतिभा समाहित भएका विशिष्ट प्रतिभा हुन् । त्यसै कारण रोहित बहुल प्रतिभा सम्पन्न चिन्तक हुन् । एक व्यक्तिमा निहित अनेक व्यक्तित्व, एकै याममा निहित अनेक आयाम र एकै प्रतिभामा निहित अनेक प्रतिभाका धनी हुन् भन्ने कुरा पनि यस ग्रन्थमा प्रस्तुत भएको छ । अनेक विषयमा उच्च समान चिन्तन तथा सृजन क्षमता भएका प्रतिभाहरूका पङ्क्तिमा स्थापित बन्न सक्ने, देशभरको सबै भेगमा महिमाको विषय बन्न सक्ने र अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गरियो भने गर्वले शिर उच्च बनाउन मिल्ने प्रतिभाका रूपमा रोहितको उपस्थिति यस कृतिको आधार भएको छ । अत: रोहितका योगदान देशको स्थानीय तहदेखि विश्वको तहसम्म पनि गणना योग्य रहेको छ भन्ने तथ्य यस सन्दर्भले प्रस्तुत गरेको छ । त्यस कारण रोहितको उपस्थिति अलग क्षमता र सम्मान धान्न सक्ने देखिन्छ । अत: उनको क्षमता देशको मर्यादा निर्वाह गर्ने किसिमको रहेको छ । देशभित्रको एउटा भेगमा मात्र पनि पूज्य ठानिएको उनको प्रप्ति गौरवको विषय बनेको छ ।

राजनीतिको भाटगिरी गरेर देशको कला, साहित्य, संस्कृति र ज्ञान, विज्ञान, सङ्गीत, नृत्य लगायतका विषयलाई पेट भर्ने र पुरस्कार पड्काउने साहित्यकारको स्रष्टाको सापेक्षतामा रोहितको सृजना आदरणीय र महनीय भएको कुरा पनि यस ग्रन्थका आधारमा सिद्ध भएको छ । नेपालको सहित्यिक भाटगिरीलाई र नाभी नओइलाइकन पार्टीका गुटको पुच्छर समातेर पार्टी प्राज्ञ बन्ने र राष्ट्रिय स्तरका प्रतिभा पुरस्कार जुठ्याउनेहरूले प्रस्तुत कृतिमा देखिने रोहितको मूल्यलाई धैर्यसाथ नियाल्नु पर्ने कुरा यहाँ प्रस्तुत भएको छ । यस्ता समग्र कोणहरू समेटिएका यस कृतिले नेपाली वाङ्मयको सेवामा अवश्य पनि प्रेरणाप्रद मूल्य थप्ने काम गरेको छ । यस्तो प्रतिभा प्रदर्शन गर्ने नारायणमान बिजुक्छे साँचै नै बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् भन्ने कुरा ग्रन्थले अघि सारेको छ ।

४. **समापन : रोहितको आकृति**मा रोहितको आभ्यान्तरिक तथा बाह्य आकृतिको आद्योपान्त आकलन गरिएको छ र त्यसलाई चार प्रकरणको विषयमा केन्द्रित गरेर निरूपण गरिएको छ । यस सङ्क्षिप्त आयतनका लेखमा प्रस्तुत ग्रन्थका बारेमा अन्य व्यक्तित्वहरूले लेखेको भूमिका स्वरूप मन्तव्य र लेखक स्वयम्को लेखकीय मन्तव्यले कृतिको विषयमा आफ्नो अभिमत प्रकट गरेको छ । ग्रन्थको मूल अङ्ग जम्मा एक्काइसओटा उपप्रकरणहरूमा तयार गरिएको छ र ती उपप्रकरणहरू पनि आवश्यकता अनुसार अनेक प्रखण्डहरूमा व्यवस्थापन गरिएका छन् । ती प्रखण्डका आधारमा रोहितको जीवनमा आएका अनेक उतार चढाउ र उनको जीवनमा आएका अनेक विषमता र उहापोहहरूको समुपस्थापन गरी कृतिको आकृति निर्धारण गरिएको छ । कृतिको आयतनमा रोहितको जीवनले प्राप्त गरेका विशेषताहरू पनि यहाँ समेटिएका छन् । तिनको योजना कृतिको तयारीमा विशेष ढङ्गबाट भएको सन्दर्भ पनि यहाँ उल्लेख भइसकेको छ । यसरी प्रस्तुत कृतिको विशेषतालाई सामान्य ढङ्गले निरूपण गरिएको प्रस्तुत रचना रोहितको बहुआयामिक व्यक्तित्व अन्य तत्सदृश व्यक्तित्वको सापेक्षित निरूपण गरिएको स्थितिमा पुगेर विराम लिएको छ । सम्मानित आकृतिका धनी रोहितलाई र रोहितको त्यस्तो बहुआयामिक आकृतिलाई कृतिमा समेट्ने कृतिकारलााई पनि एकै साथ सलाम गरेर यो सन्दर्भ अन्त गरिएको छ ।

# नेपाली साहित्यका
# विश्व नारी रत्न : वानीरा गिरी

नेपाली जीवनी साहित्यका क्षेत्रमा देखिएका सर्जक र समीक्षकहरू मध्ये नरेन्द्रराज प्रसााई (२०१२) को नयाँ जीवनी कृति **नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी** प्रकाशमा आएको छ । प्रसाई नेपाली साहित्यको निबन्ध र गीतका सर्जक र जीवनीका लेखक पनि रहेका कारण उनको जीवनीमा निबन्धात्मक समालोचना चेत पनि प्रकटमा आएको देखिन्छ । उनका लेखन तथा सहलेखन तथा सम्पादनका क्षेत्रमा धेरै कृतिहरू प्रकाशमा आएका छन् । तिनमा प्रसाईको लेखनको मौलिक पहिचान आफैमा कायम भएको देखिन्छ ।




प्रसाईका प्रकाशित कृतिहरूमा लेखन र सम्पादन दुई कित्ताका सामग्रीहरू प्रकाशमा आएका देखिन्छन् । सृजना क्षेत्रमा गीत र निबन्धका दुई विधा प्रबल रहेका छन् भने समालोचनामा जीवनी प्रमुख क्षेत्र रहेको छ । उनका गीत सङ्ग्रहरूमा **मेरो मनको देउरालीमा** (२०४६), **पुग्नु पर्ने टाढा**

**थियो** (२०५४) दुईओटा कृतिहरू प्रकाशमा आएका छन् । त्यस्तै उनका निबन्ध सृजनामा **मेरो प्यारो कञ्चन जङ्घा** (२०४८), **मेरो मोती पुरस्कार** (२०४९), **जनप्रियताको नाप** (२०५३), **अक्षरको प्रदर्शनी** (२०५५), **नमस्कार** (२०५८), **ठाँगे उक्लेपछि** (२०६०), **रेलको रमाइलो** (२०६१), **सहोदरी ठुङ** (२०६२) र **प्रिय इन्दिरा** (२०६२) समेत जम्मा नौओटा निबन्ध सङ्ग्रह पनि प्रकाशमा आएका छन् । त्यसरी नै उनका समीक्षात्मक जीवनीहरूमा व्यक्तिकेन्द्रित सिङ्गै ग्रन्थ र अनेक व्यक्तिका बारेमा लेखिएका लघु जीवनीका अनेक सङ्ग्रहहरू प्रकाशमा आएका छन् । त्यस्ता कृतिहरूमा **नेपाली साहित्यका प्रमुख समालोचक** (२०५४) निकै उल्लेख्य ग्रन्थका रूपमा प्रकाशित भएको छ । यस्ता जीवनी प्रधान कृतिहरूमा **अठतीस अनौठा अनुहारहरू** (२०४१), **केही चर्चित अनुहारहरू** (२०४२), **समाजका केही चिन्तक** (२०४७), **नेपाली भाषाका प्रमुख समालोचक** (२०५४), **पारिजातको जीवनकथा** (२०५७), **नेपाली सङ्गीतका शिखर** (२०५९), **बाङ्देलको जीवनयात्रा** (२०५९), **The Glory of Nepal** (2003), **The Legend of Literature** (2003), **आदिगायक सेतुराम** (२०६०), **दौलतविक्रम विष्टको परिक्रमा** (२०६०), **कोइलीदेवीको जिन्दगानी** (२०६१), **नारीचुली** (२०६३), **प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी** (२०६४), **कीर्तिबाबु** (२०६६), **देवकोटाको जीवनशैली** (२०६६), **महाकवि देवकोटा** (२०६६), **त्रिमूर्ति** (२०६९), **रोहितको आकृति** (२०६९), **नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी** (२०७०), **त्रिनारी रत्न** (२०७१), **विश्व नारी नेपाली स्रष्टाकोश** (२०७१), **भानुभक्त आचार्यको जीवनवृत्त** (२०७१), **शताब्दी पुरुष : सत्यमोहन जोशी** (२०७२) र **सूधपा** (२०७३) विभिन्न प्रतिभाका रचनाका प्रणेता बनेका छन् ।

नेपाली साहित्यका विशिष्ट साधकहरूका प्रतिमा, स्मारक र समालोचना ग्रन्थहरू निर्माण र प्रकाशन गर्ने क्रममा नेपाली

समीक्षात्मक ग्रन्थहरू सम्पादन गर्ने क्रममा प्रसाई दम्पत्तिको महत्त्वपूर्ण रहेको छ । **चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश** (२०४३), **चाादनी शाहका रचना** (२०४३), **ज्ञानज्योति** (२०४९), **अरुणा लामा : कथा र व्यथा** (२०५०), **भारती खरेल : सृजना र समीक्षा** (२०५२), **पौरखी पुरुष** (२०५२), **एउटा अमर प्राज्ञ : बालकृष्ण सम** (२०५४), **रुद्रराज पाण्डे : सृष्टि र दृष्टि** (२०५४), **गणेश गुरु : साधनादेखि समाधिसम्म** (२०५४), **भूपाल अर्चना** (२०५५), **उकाली ओरालीहरूमा तारादेवी** (२०५६), **ईश्वर बराल : कृति र कीर्ति** (२०५७), **श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व** (२०५७), **सङ्गीतशिरोभूषण : नातिकाजी** (२०५८), **ईश्वरवल्लभ : आयाम र आकृति** (२०५९), **कालो अक्षरदेखि सग्लो अक्षरसम्म** (२०६०), **मिश्रका कृति : कविका दृष्टि** (२०६०), **शरदचन्द्र भट्टराईको इतिवृत्त** (२०६२), **The Summit of Women Writers (2007), महाकवि देवकोटा शताब्दी निबन्ध** (२०६६), **नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार** (२०६७), **विश्व नारी नेपाली साहित्यको रेखाङ्कन** (२०७१), **चौध अञ्चलमा नारी साहित्य** (२०७१), **वानीरा गिरीको कृतिस्तम्भ** (२०७१), **कवितामा वानीरा** (२०७१), **विश्व नारी नेपाली साहित्यको समीक्षा** (२०७२) र **भानु विमर्श** (२०७२) लगायतका सन्दर्भहरू पनि प्रकाशमा आएका छन् । यिनका अतिरिक्त सामाजिक, राजनीतिक, कूटनीतिक तथा सांस्कृतिक क्षेत्रका पुस्तक तथा पत्रपत्रिका सम्पादनमा पनि क्रियाशील देखिएका प्रसाईको समालोचकीय महत्त्व र द्रष्टाचेता प्रकाशमा आएको देखिन्छ । यी कृतिहरूमा प्रसाईका समीक्षात्मक, संस्मरणात्मक, जीवनीमूलक समालोचना तथा निबन्धकार र समालोचना गत व्यक्तित्व प्रकटमा आएका छन् ।

## २. जीवनीका सन्दर्भमा प्रसाईको उपस्थिति

जीवनी स्वकीय र परकीय दुवै किसिमको लेखन भएको देखिन्छ । जीवनीको स्वकीय लेखनमा आत्मपरक प्रवृत्ति आख्यानात्मक

ढङ्गले प्रस्तुत गरिन्छ भने परकीय लेखनमा परकीय लेखनमा परात्मक प्रस्तुति र निबन्धभन्दा आख्यानात्मक चेतना प्रबल रहने कुरा काव्यिक सन्दर्भमा प्रबल रूपमा उपस्थित भएको देखिन्छ । परकीय जीवनीमा संस्मरणभन्दा तथ्यका बुँदाहरू प्रस्तुत भएका हुन्छन् । नेपाली भाषा साहित्यका सन्दर्भमा जीवनी लेखनका उत्कृष्ट नमुनाहरू उपलब्ध बनेका छन् । जीवनी लेखन र तिनका तथ्य र सन्दर्भहरू, प्रस्तुतिका क्रममा कम आख्यानीकरण र अधिक संवेदनाजन्य अनुभूति गरिएका आत्मजीवनी बन्दछ । प्रसाईले जीवनीका काव्यिक सन्दर्भ र जीवन भोगका यथातथ्य सन्दर्भहरू पनि उपस्थित देखिएका छन् । यथार्थ भोगका कथ्यहरू र रचनाका संवेगजन्य अनुभूतिका पक्षहरू प्रत्यक्ष आत्मकथनका प्रस्तुत भएमा आत्मकथा बन्छ । त्यसै कथ्यले यथातथ्य प्रस्तुति प्राप्त गरेमा परकीय जविनीको रूप प्राप्त गर्दछ । यही काम चाहिँ प्रसाईले जीवनी लेखनका क्रममा प्रस्तुत गरेका छन् ।

नेपाली समालोचनाका इतिहासमा र गीत/निबन्ध सृजनाको इतिहासमा समीक्षा र सृजनाचेत खर्च गर्ने प्रसाईको जीवनी लेखन पनि निबन्ध तथा गीत सृजनाचेत मार्फत बढी प्रभावित बनेका सन्दर्भहरू पनि यहाँ प्रस्तुत भएका छन् । यसै क्रममा पछिल्लोपल्ट प्रकाशनमा आएको ग्रन्थ **नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी**को जीवन वृत्तमा प्रस्तुत कृति प्रसाईद्वारा लेखिएका जीवनीहरूको नयाँ कडी बनेर प्रकाशमा आएको छ । त्रिमूर्ति निकेतनको प्रकाशन व्यवस्थामा सार्वजनिक भएको प्रस्तुत कृति नेपाली जीवनी साहित्यको थप सामग्रीको रूपमा प्रस्तुत भएको छ । **नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी** (२०७०) शीर्षकमा प्रकाशित प्रस्तुत कृति औपन्यासिकता र निबन्धात्मकतामा मिश्रित बनेर तयार भएको छ । यस कृतिको संरचनात्मक वैशिष्टच आफैमा थप महत्त्व राख्ने विषय बनेको छ । दश पृष्ठमा लेखिएको पूर्व सन्दर्भ, ६२ पृष्ठमा

लेखिएको मूल पाठको प्रसङ्ग र आठ पृष्ठमा लेखिएको उत्तर सन्दर्भसमेत जम्मा ८० पृष्ठको आयतनमा वितरित बनेको प्रस्तुत कृतिको आयतन जम्मा ९२ पृष्ठमा वितरित बनेको छ । यस कृतिलाई मूल रूपमा जम्मा तिन खण्डमा विभाजन गरिएमध्ये पखिलो खण्ड 'झुक्तै नझुक्ने नेपाली शिर' शीर्षकमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । **नेपाली साहित्यका विश्वनारी रत्न : वानीरा गिरी** शीर्षकको मूल खण्डलाई जम्मा पन्ध्रओटा उपखण्डको प्रस्तुतिमा तयार गरिएको छ । कृतिको उत्तर खण्ड 'वानीराप्रति नारी काव्यधारा' शीर्षकको एकै प्रकरणमा जम्मा ४६ जना नारी सर्जकहरूको वानीरा सम्मानका कवितात्मक प्रसङ्गहरू प्रस्तुत गरेर कृतिलाई अन्तिम रूप प्रदान गरिएको छ । यस कृतिमा सन्निवेश भएका विशेषताहरूको आफैमा महत्ता रहेको कुरा पनि पुष्टि हुन आएको छ ।

नौओटा प्रकरणमा विभाजित भूमिका खण्डमा प्रसाईले गिरीको जीवनका व्यक्तिवृत्त र सृजन व्यक्तित्वका पक्षहरू आफैमा विशिष्टता प्रतिपादन गर्ने विषयका रूपमा प्रस्तुत भएका छन् । यस कृतिमा काव्यिक आभास र प्रसाद गुणका भाषामा गिरीका सृजनात्मक र व्यक्तिवृत्तात्मक व्यक्तित्व तथा काव्यिक संवेदनायुक्त प्रस्तुतिमा काव्यकारिता र आख्यानकारिताका प्रस्तुतिहरू यस भूमिकामा प्रसाईले आफ्नै ढङ्गले प्रस्तुत गरेका छन् । वानीरा गिरीसँगको परिचय र आफ्नै सृजन यात्राको सहभावको प्रस्तुति यहाँ प्रसाईले अगि सारेका छन् । आख्यान संवेदना, नाटकयि शिल्पमा संयोजनमा गरिएको भूमिकाको अन्तमा जीवनीको आगामी पक्ष नयाँ संशक्तिको स्थापनामा पुगेर समापन भएको छ । प्रसाईको लेखनामा देखिने सिर्जनात्मक पहिचान पनि यहीँ प्रस्तुत भएको छ ।

### ३. जीवनीको मूल सन्दर्भ

दुई प्रकरणमा व्यवस्थित पहिलो उपखण्डमा 'वानीराका पुर्खा' शीर्षकको व्यवस्था गरिएको छ । नेपालको काभ्रे जिल्लाको ग्रमीण

भेगमा गिरीका पुर्ख्यौली परिवार रहेको कुरा पनि यहाँ सङ्केत गरिएको छ । वानीराका पितामह देवराज तथा देवकला गिरीको जीवनका चर्चा घरको रुग्ण आर्थिक, दुर्दशा, खेतीपाती र पशुपालन आदिमा आएको आधोगतिको अवस्था पनि यहाँ प्रस्तुत भएको छ । देवकलाको असामयिक निधनपछि पिता देवराजको पुनर्विवाहका कारण घरमा आएका असङ्गत व्यवहारका कारण घरमा बस्न नसकेका देवराजका १०/१२ वर्षका छोरा श्रीराम र इन्द्रराज गिरी दुवै भाई बेपत्ता भएर ५ महिनापछि दार्जिलिङको खर्साङ भन्ने बजारमा पुगेर एकजना मारबाडी महाजनको घरका घरेलु कामदार बनेर बस्न थाले । यस प्रकरणमा दु:खान्त रङ्गको सम्प्रेषण भएका सन्दर्भहरू पनि प्रस्तुत भएका छन् । श्रीराम र इन्द्रराजका विमाता रुष्ट र रुखो व्यवहारका कारण घरमा आएका पक्षहरू पनि श्रीराम र इन्द्रराज पीडित भएको सन्दर्भमा पहिलो उपखण्ड समाप्त भएको छ र यही नै वानीराको प्राग्भूमिको स्थिति सङ्केत भएको छ ।

एउटै प्रकरणमा सम्पन्न भएका दोस्रो उपखण्डमा वानीराका पिताको हेरदेखको अपर्याप्तता, मातृवियोग र सौतेनीआमाका प्रताडना आदिका कारण श्रीराम र इन्द्रराज घरबाट अनायासै भागेर दार्जिलिङ पुगेको सन्दर्भ, दु:खले गाँस र वास जोरेका प्रसङ्ग पनि यहाँ प्रस्तुत भएका छन् । खर्साङ पुगेका गिरी बन्धु एक मारबाडीको घरमा घरेलु कामदार बनेर प्रस्तुत भए । परिणाम के भयो भने बिस्तारै विश्वास र जीवनका इमानदारी स्वभावका आर्जन गर्दै आएका गिरी किशोर किशोरलाई मारबाडीले पसलको कारोबारमा पनि विश्वस्त बनेका कारण कपडा उधारोमा लिएर गाउँ गाउँसम्म पुगेर कपडा बिक्री गर्ने काम गिरी किशोरहरूबाट सम्पन्न हुँदै गएको छ । काव्यिक संवेदना र मानवीय जीवनका भाव संयोजनमा उनिएका यस प्रकरणमा गिरी किशोरको मनोभाव, व्यवहार कुशलता र हिसाब किताबको दक्षतासमेतले जीवनमा नयाँ र सिर्जनात्मक

मोड किसिमको रूप प्रतिपादन भएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ ।

जीवनीको तेस्रो उपखण्ड 'बानीराको बाबु आमाको विवाह' शीर्षकमा तयार गरिएको छ । इलामका कृष्णबहादुर र नैनकला कार्की दम्पत्तिकी सन्तति जानुकाका साथ भएको प्रसङ्ग, बिहाका संयोगमा जोडिएको रोचक प्रसङ्ग बिहापछि इन्द्रराज गिरीको व्यापारिक कारोबारमा आएको उन्नति, इन्द्रराज र नैनकलाको दाम्पत्य जीवनको सुखद प्रसङ्ग, जानुकादेवीको व्यवहारकुशलता र कार्यक्रमका सन्दर्भको ज्ञानजन्य परिणामहरूको चर्चा पनि उल्लेख्य रहेको छ । श्रीराम गिरीको पहिलो विवाह भएको पत्नीबाट जन्मेका एक छोरा र एक छोरी शैशवमै रहेका बेला पत्नीको देहावसान भएका कारण दोस्रो र तेस्रो विवाह भयो । यसरी विवाह भएका पत्नीहरूको पनि मृत्युका कारण चौथो विवाह गर्ने प्रयत्न पनि गरेनन् । आफ्ना तथा भाइका छोराछोरीलाई नै आधार मानेर जीवन बिताउने वाचा गरेर जीवन बिताउने समर्पण भाव प्रकट गरे । श्रीराम र इन्द्रराजका परिवारको एउटै चुलामा चलेको जीवन एक उदाहरणीय आदर्श परिवार बनेको देखिन्छ । यस उपखण्डको अन्तिम उपप्रकरणमा श्रीराम गिरीका छोरा परमानन्द गिरी इन्जिनियर भएर नेपाली इन्जिनियरले दार्जिलिङका सडक र जग्गा जमिन नापेको प्रसङ्ग यहाँ वर्णित बनेको छ । सातओटा प्रकरणमा विभक्त भएको यो दोस्रो उपखण्ड पनि निकै विशिष्ट प्रस्तुतिमा उपस्थित भएको छ । इन्द्रराज र जानुकाका चार छोरी र एक छोराको जन्म भएको सन्दर्भमा पुगेर जीवनीको यो तेस्रो उपखण्डमा समाप्त भएको छ ।

प्रस्तुत ग्रन्थको चौथो उपखण्ड जम्मा पाँचओटा प्रकरणमा 'वानीराका बाबुको परिवार' शीर्षकमा लेखिएको छ । यस उपखण्डको पहिलो उपप्रकरणमा वानीराकी ठुली दिदी वासन्ती गिरीको जन्म उनका शिक्षा दीक्षाका क्रमका साथीहरूसँगको उनको सम्बन्ध,

खड्गबहादुर सैनिक सुबेदारसँग भएको वासन्तीको प्रेम विवाह, वासन्तीका चार भाइ छोराहरूको जन्म, तिनको बाल्यकाल र शिक्षा दीक्षा बाल व्यवहार पहिलो प्रकरणमा प्रस्तुत भएको छ । इन्द्रराज गिरीका सन्तानमध्ये पहिलो छोराको पृथ्वीराज नाम रहेको छ । र उनको विवाहको प्रसङ्ग पनि यहाँ प्रस्तुत भएको छ । छोरीहरूमध्ये माहिली शीला, साहिली सरस्वती, कान्छी सत्यदेवी अर्थात् वानीरा जन्मको प्रसङ्ग पनि यसै प्रकरणमा उल्लेख भएको छ । प्रत्येक प्रकरणमा एक/एक मात्र उपस्थित बनेका काव्यात्मक उपन्यासको ढाचा प्रस्तुत भएको देखिन्छ ।

'वानीरा गिरीको बाल्यकाल' शीर्षकको उपखण्ड यस खण्डको छैटौँ उपखण्ड हो । यस खण्डमा जम्मा दुईओटा मात्र उपखण्ड प्रस्तुत भएका छन् । २००२ साल चैत्र २९ गते भएको र उनको बाल्यकाल, शिक्षा दीक्षा, कला, साहित्य सृजना र साधनाका प्रसङ्गहरू, औपन्यासिक ढङ्गले प्रस्तुत भएका छन् । वानीरा सात वर्षको उमेरमा पुग्दा उनकी आमाको असामयियक निधन भएको प्रङ्ग पनि यसै उपखण्डको दोस्रो उपप्रकरणमा प्रस्तुत भएको छ । वानीरा आई एस्सीको तहको अध्ययन गर्दै गर्दा उनका बाबाको पनि निधन भएको चोटका कारण उनको मनमा निकै गहिरो चोट परेको स्थिति पनि यहाँ प्रकट भएको देखिन्छ । वानीराको शैक्षिक यात्रामा आउन सक्ने व्यवधानसम्बन्धी प्रश्नहरू यसै उपखण्डमा प्रस्तुत भएका छन् ।

'वानीराको शिक्षा' शीर्षकको छैटौँ उपखण्डमा एकै मात्र प्रकरणको व्यवस्था गरिएको छ । यस प्रकरणमा वानीराको शिक्षाको यात्रा, विद्यार्थी जीवनका गतिविधि, कविता लेखन र वाचनका क्रम, नाटक अभिनय र प्रवचनमा सक्रिय बनेका प्रसङ्गहरू, म्याट्रिक परीक्षा उत्तीर्ण भएका सन्दर्भहरू, आई एस्सीको अध्ययन सँगसँगै साहित्यको अध्ययन र लेखनतर्फ पनि आकर्षित बनेका प्रसङ्गहरू पनि प्रस्तुत भएका छन् । स्नातक अध्ययनका सन्दर्भहरू पनि यसै

प्रकरणमा प्रस्तुत भएका छन् । वानीराको चरित्र विकासको अवस्था र स्थितिको विपर्यको सन्दर्भ पनि यसै प्रकरणमा प्रस्तुत गरिएको छ । दार्जिलिङका परिवेशमा आफ्नो व्यक्तित्व निर्माण गरेकी वानीराको स्नातकोत्तर तहको अध्ययन, कविता लेखन र कविता वाचनका यात्राले आफ्नो परिवेशको साँघुरो घेरा नाघेर फराकिलो क्षितिज पहिल्याउन लागेको सन्दर्भ पनि यसै उपखण्डमा प्रस्तुत भएको छ ।

'वानीराको नेपाल आगमन र उच्च शिक्षा' शीर्षकको उपखण्डमा नेपाली साहित्यका कवि सिद्धिचरण श्रेष्ठले कविता प्रतियोगितामा सहभागी बन्न नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान मार्फत दिएको कविता प्रतियोगितामा सहभागी हुन दिएको निम्तोका कारण नेपाल आएकी वानीराको जीवनमा आएको नयाँ मोडले अलग्गै आयाम थपेको छ । यस सातौँ उपखण्ड हो र यसमा तीनओटा प्रकरणको व्यवस्था गरिएको छ । यसको पहिलो प्रकरण काठमाडौँ आएर प्रतियोगितामा प्राप्त गरेको दोस्रो पुरस्कार र राजासँगको दर्शन भेट र सम्मान प्राप्त गरेको अनुभूति, प्रमिला गिरीसँगको मैत्री र आश्रयको प्राप्ति पनि यसै प्रकरणमा भेटिएको छ । नेपालीमा एम. ए. पढ्ने धोको पुरा गर्ने र त्यसको अवसर प्राप्त गरेपछिको, प्रसङ्ग पनि यहाँ वर्णन भएको छ । गीतको गायन, रेडियो नेपालमा भएको जागिर आदिको प्रसङ्ग पनि यहाँ वर्णित छ । जीवनको महत्त्वपूर्ण यात्रा उच्च शिक्षाका प्रकरणलाई पनि यसै उपखण्डमा प्रस्तुत भएको देखिन्छ ।

ग्रन्थको यसै दोस्रो खण्डको आठौँ उपखण्डमा 'वानीराको प्राध्यापक पेसा' रहेको छ । यो प्रकरण पाँच भागमा विभाजन गरिएको छ । ललितकला क्याम्पसमा सहायक प्राध्यापकको रूपमा सेवा प्रवेश भएको सन्दर्भ, कविता लेखनको यात्रा, विद्यावारिधिको अध्ययनको यात्रा, राजनीतिक खिचातानी, अध्ययन अनुसन्धान, व्यावहारिक कला आदिका चापमा विकास भएको उनका जीवनका अनेक विषमताहरू निकै जटिल ढङ्गले प्रस्तुत भएका प्रसङ्गहरू

यहाँ उपस्थित भएका छन् । जीवनका बाङ्गाटिङ्गा मोडहरूको प्रसङ्ग पनि यस उपखण्डमा वर्णित रहेको छ । वानीराले प्राध्यापक पदमा बढुवा हुन नपाएका प्रसङ्गहरू पनि यहाँ उपस्थापन गरिएको छ । नेपाली विषयमा पहिलो विद्यावारिधि गर्ने महिलाका रूपमा परिचित गिरीको प्राध्यापकीय जीवनको इतिवृत्त यस उपखण्डमाका प्रकरणहरूमा प्रस्तुत भएको छ ।

नवौँ उपखण्डको शीर्षक 'वानीराको काव्यात्मक व्यक्तित्व' रहेको छ । यस उपखण्डमा जम्मा एउटै मात्र प्रकरण रहेको छ । यस प्रकरणमा वानीराको काव्य/कविता लेखनको यात्रालाई विषय बनाइएको छ र यहाँ वानीराको काव्यशिल्पका सन्दर्भहरू विषय बनेका छन् । वानीराका कवितामा रहेका विचार, कला र सौन्दर्यगत संवेदना यहाँ विषय बनेका छन् । स्वच्छन्दता, प्रयोग र बौद्धिक शिल्पको त्रिकोणात्मक समन्वयमा नेपाली कवितालाई गति दिने काव्य स्रष्टा नारी प्रतिभाका रूपमा वानीराको काव्योत्कर्षलाई विषय बनाएर प्रस्तुत गरिएका पक्षहरू यहाँ प्रतिपादन भएका छन् ।

'वानीराका कृति' शीर्षक ग्रन्थमा दसौँ खण्डमा तयार भएको छ । यस उपखण्डमा जम्मा चौधओटा प्रकरणहरूको योजना तयार भएको छ । उनको विधागत सृजना यात्राको क्रममा उनका चारओटा कविता सङ्ग्रह र तीनओटा उपन्यास कृतिको चर्चा गरिएको छ । त्यस्तै उनका निबन्ध सङ्ग्रह र अङ्ग्रेजीमा अनूदित कृतिहरूको विवरण स्रोत र तिनको प्रकाशनको सन्दर्भ पनि यसै उपखण्डमा प्रस्तुत गरिएको छ । गिरीका कविता निबन्ध, उपन्यास सृजनाले उनलाई उच्च प्रतिष्ठा पनि सन्दर्भहरू प्रदान गरेको सन्दर्भ प्रस्तुत भएको देखिन्छ । यस उपखण्डमा गिरीका सृजनात्मक प्राप्तिको निरूपण गर्ने काम भएको छ ।

ग्रन्थको एघारौँ उपखण्ड 'वानीराको अन्तर्राष्ट्रिय भ्रमण' शीर्षकमा प्रस्तुत भएका छन् । उनको भ्रमण विभिन्न उद्देश्यबाट

भएको र नेपाली भाषा, साहित्य, कला, संस्कृतिलाई काव्यिक पहिचान प्रक्षेपण गर्ने नारी व्यक्तित्वका रूपमा उनको परिचय प्रस्तुत भएको र उनका प्रयत्नबाट नेपालको परिचय विश्वस्तरमा प्रक्षेपित भएको कुरा पनि यस उपखण्डमा प्रक्षेपित भएको देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा भएका सभा, सम्मेलनमा नेपाली प्रतिनिधिका रूपमा एसिया, युरोप र अमेरिकाका विभिन्न मुलुकमा उनले नेपालको प्रतिनिधिमूलक भ्रमणले नेपालको गौरव बढाएको सन्दर्भ यसै प्रकरणमा प्रस्तुत भएको छ ।

'वानीराको प्रेम र विवाह' शीर्षकको ग्रन्थको बाह्रौँ उपखण्ड प्रस्तुत भएको छ । सातओटा प्रकरणमा व्यवस्थित यस उपखण्डमा वानीराको रूपको वयान, वानीराको प्रणय प्रकरणमा वानीराप्रति युवकहरूको आकर्षण, वानीराको विवाहको प्रसङ्ग, उनको विवाह शङ्कर गिरीसँग भएको प्रसङ्ग र इन्जिनियर शङ्कर र साहित्य साधक वानीरा गिरीको दाम्पत्य जीवनको सन्दर्भ यस खण्डको प्रकरणमा वर्णित भएको छ । वानीरामा दम्पत्तिको जीवन यात्रा र उनीहरूका व्यवहारका प्रसङ्गहरू विन्यास भएका सातओटा प्रकरणहरू यहाँ प्रस्तुत भएका छन् । यहाँ एक मान्छेका आन्तरिक तथा बाह्य सन्दर्भहरू पनि यहाँ विषय बनेका छन् ।

'वानीराका सन्तान' शीर्षकको तेह्रौँ उपखण्ड एकै प्रकरणमा प्रस्तुत भएको छ । एक छोरा र छोरीकी आमा बनेकी वानीराका सन्तानहरू अध्ययनपछि जीवन निर्वाहका क्रममा अमेरिका पुगेर उतै घरजम गर्न लागेको सन्दर्भको चर्चा छ । छोरी अपराजिता र छोरो अपूर्वको जीवन यात्रा अमेरिकामै गुज्रिरहेको र बाबा आमाको रामकहानी नेपालमै गुज्रिरहेको सन्दर्भ पनि यसै प्रकरणमा प्रस्तुत भएको छ ।

ग्रन्थको चौधौँ उपखण्ड 'वानीरा गृह' शीर्षकमा रहेको छ । यसमा एकै मात्र प्रकरणको योजना छ र प्रस्तुत प्रकरणले वानीराको

व्यवहार कुशलता, आर्थिक व्यवस्थापनको कुशलता, घर, घडेरीको व्यवस्था, जीवन शैली, पोष्यपुत्रको व्यवस्था लगायतको व्यवस्थापनका सूचनाहरू सम्प्रेषित बनेका छन् । वानीराको जीवन चर्याको यो पछिल्लो चरण यहाँ व्याख्या भएको छ ।

यस दोस्रो खण्डको अन्तिम र पन्ध्रौँ उपखण्ड 'वानीराको सम्मान' शीर्षकमा लेखिएको छ । एकै प्रकरणका यस उपखण्डमा वानीराले विभिन्न सन्दर्भमा विभिन्न क्षेत्रबाट पाएका सम्मानको व्याख्या गरिएको छ । वानीराले आफ्नो सृजना र साधनाका अनुष्ठानबाट प्राप्त विशिष्टतालाई उच्च आदर गर्दै त्रिमूर्ति निवेदनले विश्वनारीहरू मध्ये नेपाली साहित्य विश्व नारीरत्न उपाधिको सम्मान प्रदान गरिएको सन्दर्भ यहाँ विषय बनेको छ । यस ग्रन्थको दोस्रो खण्ड जम्मा १५ ओटा उपखण्डको व्यवस्थापनमा पँगेर टुङ्गिएको छ ।

**४. जीवनी ग्रन्थको उत्तर सन्दर्भ**

'वानीराप्रतिको काव्यधारा' शीर्षकको एउटै मात्र उपखण्ड प्रस्तुत भएको पछिल्लो पाठमा जम्मा छयालीस जना महिला काव्यिक अभिव्यञ्जना प्रस्तुत भएका छन् । वानीरालाई विषय सन्दर्भ बनाएर लेखिएका काव्यिक अभिव्यञ्जनामा वानीराको प्राप्तिको उपस्थापन गरिएको छ । त्यस्ता नारी स्रष्टाका काव्यात्मक शुभशंसा वर्णानुक्रिमिक क्रममा जम्माजम्मी बढीमा चार पङ्क्तिदेखि घटीमा दुई पङ्क्तिसम्मका लयात्मक गद्य कवितांशका एक/एक पद्य समूह यहाँ प्रस्तुत भएका छन् । यहाँ प्रस्तुत कविताहरूमा वानीराका प्राप्तिको महिमा गान गरिएको छ ।

अनुपम रोशी, आस्था कोपिला राई, इन्दिरा प्रसाई, उषा शेरचन, एलिना सङ्ग्रैंलाले कविता मार्फत सम्मान प्रकट गरेका छन् । कल्पना गिरी, गङ्गा पौडेल, कृष्णदेवी श्रेष्ठ, गायत्री घर्ती मगर, गीता कार्की, गीता खत्री, छन्दिका घिमिरे, जया राई लगायतका स्रष्टाका कविताहरूमा पनि वानीराको महीयसी प्रतिष्ठाको सम्मान

प्रकट भएको छ । त्यस्तै दीपा राई, दीप्त शाह, निर्मला खड्का, पीताम्बरा 'पीयूष', पुष्पलता आचार्य, पूर्णिमा जी शाह, बाबा बस्नेत, भगवती बस्नेत, मीरा मन थापा, मुना श्रेष्ठ र मोमिलासमेतका कविताहरूले गिरीका प्राप्तिको वर्णन गरेका छन् । त्यस्तै राधिका गुरागाईं, रुमु न्यौपाने, ललिता दोषी, वसुधा नेपाल, विष्णुमाया विभु, शशि थापा, शान्तिकुमारी राई, शान्ति रिसाल, शोभा खतिवडा, कवितांशले पनि, गिरीका सिर्जनात्मक प्राप्तिलाई सम्मान प्रकट गरेका छन् । साथै सन्तु श्रेष्ठ, सन्ध्या रेग्मी, सपना गौतम, सरला घिमिरे, सरस्वती प्रतीक्षा, सविता श्रेष्ठ 'बेह्रोसी', सरस्वती श्रेष्ठ 'सरु', सानु घिमिरे, सुचित्रा खनियाँ, सुमन वर्षा र सुमित्रा पौडेल 'आँचल' समेत नारी स्रष्टाका रचनाहरूले वानीरा गिरीको महिमा गान गरेका छन् । गिरीका प्राप्तिको वैशिष्टच काव्यिक संवेदनामा प्रस्तुत गर्ने प्रयत्नमा यो उपखण्ड तयार भएको छ ।

नारी स्राष्टाका कवितात्मक पङ्क्तिका रूपमा प्रस्तुत भएका यस सन्दर्भमा समग्र रूपमा गिरीको व्यक्तित्वको विशिष्ट सम्मानका गायन गरेका छन् । देशभित्र र देशबाहिर समेत रहेका अनेकानेक स्रष्टाको भावसंवेदनामा प्रतीक बनेर बसेकी बानीराको वैशिष्टचलाई गद्यका बढीमा चार पङ्क्तिका कवितामा प्रस्तुत गरेको पाइन्छ । यस्ता प्राप्तिका कारण गिरीले उत्कर्षता आर्जन गरेको ठहर नारी कविहरूले गरेका छन् ।

## ५. निष्कर्ष

जीवनीकार प्रसाईको लेखनमा प्रस्तुत भएका फुटकर तहका लघु जीवनी, लघु ग्रन्थ स्तरका जीवनी, मध्यम स्तरका जीवनी, र बृहत् ग्रन्थ स्तरका जीवनीका कृतिहरू पनि प्रकाशमा आएका छन् । तीमध्ये वानीराको जीवनीमा केन्द्रित प्रस्तुत ग्रन्थ मध्यम स्तरको जीवनी बनेको छ । यसमा वानीराको जीवनवृत्तको पूर्व सन्दर्भ, जन्म र बाल्यकाल, शिक्षादीक्षा, सृजना तथा आजीविकाको उपाय, गिरीबाट

भएको विभिन्न विधाका कृतिहरूको सृजना, पारिवारिक इतिवृत्त, सामाजिक र सांस्कृतिक संवेदना, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठा आर्जन लगायतका पक्षहरू पनि आफ्नै विशिष्टता बनेको देखाइएको छ । यस किसिमको स्थिति निरूपण भएको प्रसाईको यस कृतिको लेखन नेपाली जीवनी ग्रन्थको लेखन परम्परामा एक थप ग्रन्थ बनेर प्रकाशमा आएको छ ।

प्रस्तुत ग्रन्थले नेपाली जीवनका विविध आयाम र तिनका प्राप्तिको विशेषता अवलम्बन गर्दै एक मौलिक स्वरूप उपस्थापन गरेको छ । निबन्धात्मक भाव संवेग र काव्यात्मक भावशिल्पको औपन्यासिक आख्यान संयोजन लगायतका विषय संवेगमा तयार भएको यो परकीय जीवनी आफैमा एक विशिष्ट पनि प्रस्तुत भएको छ । यस कृतिमा असहज हुने किसिमका विशिष्टतालाई जीवनीका कृतिमा पनि प्रस्तुत गरिएको छ । यिनै विशेषताहरू नै प्रसाईका प्रस्तुत कृतिका प्राप्ति बनेका छन् ।